# आर्थिक वर्ष २०७२/०७३ मा भएका
# महत्वपूर्ण आदेशहरु


## राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

# आर्थिक बर्ष २०७२/०७३ मा भएका
# महत्वपूर्ण आदेशहरु

## राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

२०७३ भदौ

आर्थिक बर्ष २०७२/०७३ मा भएका महत्वपूर्ण आदेशहरु

**प्रकाशक : राष्ट्रिय सूचना आयोग**
**काठमाडौं, नेपाल ।**

फोन नं : ०१-४४६४४१२
०१-४४९६५४४
फ्याक्स : ०१-४४९६५४५
ईमेल : info@nic.gov.np
वेबसाईट : www.nic.gov.np
प्रकाशन मिति : २०७३ भदौ ३ गते
राष्ट्रिय सूचना दिवस, २०७३
प्रति : ५००
मुद्रक :

## महत्वपूर्ण आदेशहरुको संगालो सम्बन्धी मन्तव्य

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग गर्ने र पाउने हक प्रदान गरिएको छ । यो नागरिकको मौलिक हक हो । यस हकको प्रचलनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भएको छ । यस ऐनको दफा ११ मा सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने व्यवस्था छ । साथै उक्त ऐनको दफा १९ मा विस्तृत रुपमा आयोगको काम, कर्तव्य र अधिकार तोकिएको छ । यस अतिरिक्त ऐनको दफा १० बमोजिम आयोगमा परेको पुनरावेदन उपर आदेश जारी गर्ने, दफा ८, २९ र ३१ बमोजिम क्रमश: दस्तुर बढी लिएकोमा, सूचनादाता उपर कारवाही गरिएकोमा र सूचना दुरुपयोग भएको विषयमा आयोगमा उजुरी पर्दछ र आयोगले आदेश जारी गर्दछ । यसैगरी ऐनको दफा २७ र ३३ बमोजिम आयोगमा सूचनाको बर्गिकरणमा चित्त नबुझेमा र सूचना नपाएको कारण पुग्न गएको क्षतिको क्षतिपूर्ति मागको निवेदन आयोगमा परेमा आयोगले आदेश जारी गर्दछ । साथै ऐनको दफा २० अनुसार आयोगले आफ्ना अधिकार प्रत्यायोजन गर्न सक्दछ । गत आर्थिक वर्ष २०७२/०७३ मा आयोगमा यिनै क्षेत्राधिकार भित्र रही जारी भएका महत्वपूर्ण आदेशहरु यस संग्रहमा समेटिएका छन् । प्रस्तुत प्रस्तावलाई अनावश्यक भद्दा नतुल्याई पठनीय तुल्याउने ध्येयले एकै प्रकारका आदेशलाई एकीकृत गरी राखिएको छ ।

प्रस्तुत आदेशहरुको संगालोद्वारा आयोगले सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनमा स्थापित गर्न खोजेको मान्यता, के कस्ता निकायसँग नागरिकले कुन बिषयमा बढी सूचना माग गरिरहेका छन् र सार्वजनिक निकायको दायित्व के हो भन्ने कुरा बुझ्न र जान्न सहज हुने अपेक्षा गरेको छु । पछिल्ला दिनमा आयोगको क्रियाशीलता सँगै मुलुकमा सूचना लिने दिने संस्कृतिले बढावा पाएको महसुस भएको छ । एकातिर नागरिकले आफ्नो अधिकारको प्रयोग गर्न थालेका छन् भने अर्कोतिर सार्वजनिक निकायहरुले सूचनाको हकको सम्मान गर्न थालेका छन् । अन्त्यमा, प्रस्तुत संगालो प्रकाशन गर्न आयोगका सचिव लगायतका राष्ट्रसेवक कर्मचारीहरुको मिहेनतको प्रशंसा गर्न चाहान्छु । साथै, आयोगलाई सबै पक्ष र क्षेत्रबाट निरन्तर सहयोग प्राप्त भईरहेको छ । यसका लागि आभार व्यक्त गर्दछु । राष्ट्रिय सूचना आयोग संविधान र कानूनले नागरिकलाई प्रदान गरेको हकको अधिकतम उपयोगमा दृढताका साथ लागि परेको छ । यस अभियानमा आयोगबाट जारी भएका र हुने आदेशहरुको सम्बन्धित निकायबाट पूर्ण पालना हुने अपेक्षा गरेका छौं ।

कृष्णहरि बाँस्कोटा
प्रमुख सूचना आयुक्त

| कसं | मुद्दा नं | निवेदक | विपक्षी | विवरण | आदेश मिति | पेज नं. |
|---|---|---|---|---|---|---|
| १. | २४/०७१/७२ | गोविन्द प्रसाद दाहाल | नेपाल बैक लिमिटेड | उत्तरपुस्तिका एवं प्राप्तांक सम्बन्धी सूचना उपलब्ध गराउनू | २०७२।०४।१३ | १ |
| २. | ३३१/०७१/७२ | विनोद कुमार कार्की | घरेलु तथा साना उद्योग विकास समिति काठमाडौ | बढुवा सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७२।०४।१३ | २ |
| ३. | ४१६/०७१/७२ | रविन्द्र शाह | महिला तथा बालबालिका कार्यालय, रौतहट | बजेट, खर्च र लेखापरीक्षण प्रतिवेदन विवरणहरु उपलब्ध गराउनू | २०७२।०४।१५ | ३ |
| ४. | ४१०/०७१/७२ | महमद इद्रीस मुसलमान | कपिलवस्तु नगरपालिकाको कार्यालय | जग्गाको नाप नक्सा सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७२।०४।१५ | ४ |
| ५. | १४९/०७०/७१ | संजेश प्रसाद यादव | श्री माध्यामिक विद्यालय रौतहट | शिक्षक नियुक्ति लगायतका विवरण उपलब्ध गराउनू | २०७२।०४।१८ | ५ |
| ६. | २९४/०७२/७३ | राजिव खत्री समेत | नेपाल स्काउट, काठमाडौं | बैठकको निर्णय माईन्यूट उपलब्ध गराउनू | २०७२।०४।२५ | ६ |
| ७. | ६/०६९/७० | केशव प्रसाई | लोकसेवा आयोग, काठमाडौं | उजुरी सुन्ने अधिकारी लोकसेवा आयोगमा को रहने व्यवस्था छ सोको विवरण उपलब्ध गराउनू | २०७२।०४।२५ | ७ |
| ८. | २९५/०७२/७३ | निरञ्जन कुमार शाह | मझरीया गाविस, बारा | गाउँपरिषदको निर्णय लगायतका विवरण उपलब्ध गराउनू | २०७२।०४।२५ | ९ |
| ९. | २९३/०७२/७३ | सागर जोशी | त्रि वि वि, काठमाडौं | उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध गराउनू | २०७२।०४।२५ | १० |
| १०. | पचहत्तर वटै जिल्ला प्रशासन कार्यालयहरु | सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा २५ मा रहेको नागरिक वडापत्र राख्नु पर्ने र ऐ. नियमावली, २०६५ को नियम १४ मा रहेको नागरिक वडापत्र सम्वन्धी व्यवस्था अनुरुप जिल्लास्तरीय कार्यालयहरुको नागरिक वडापत्र संकलन र एकीकरण गरी आफ्नो जिल्ला भित्रका सबै ग.वि.स.को कार्यालयसम्म वितरण गर्ने व्यवस्था मिलाउनू | | | २०७२।०४।२५ | ११ |
| ११. | ३८०/०७१/७२ | बल ब चन्द | नेपालगञ्ज उपमहानगरपालिका, बाँके | स्वास्थ्य केन्द्र निर्माणको विवरण उपलब्ध गराउनू | २०७२।०४।२९ | १४ |
| १२. | ३७९/०७१/७२ | अर्जुनप्रसाद जैसी | नेपालगञ्ज उपमहानगरपालिका, बाँके | स्वास्थ्य केन्द्र निर्माणको विवरण उपलब्ध गराउनू | २०७२।०४।२९ | १५ |
| १३. | ४५९/०७१/७२ | नारायणपाल गडरीया | जयमंगल सिमेन्ट उद्योग, बाँके समेत ५ वटा उद्योग | उद्योग सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७२।०४।२९ | १६ |
| १४. | ३८१/०७१/७२ | सुरजसिंह ठाकुर | मंगलप्रसाद उमावि बाँके | विद्यालयको बजेट लगायतका विवरण उपलब्ध गराउनू | २०७२।०४।२९ | १७ |
| १५. | ३७०/०७१/७२ | मुक्तिनाथ भुसाल | पश्चिमाञ्चल सडक डिभिजन नं ५,कपिलवस्तु | सडक विस्तारको बजेट, खर्च लगायतका विवरण उपलब्ध गराउनू | २०७२।०४।२९ | १८ |
| १६. | २६५/०७१/७२ | परमेश्वर धरिकार | श्री जनता निमावि नवलपरासि | शिक्षक नियुक्ति सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७२।०४।२९ | १९ |
| १७. | ३७०/०७०/७१ | राजकिशोर शाह | जनता उमावि महोत्तरी | विद्यालय सम्वन्धी माग भएका विवरण उपलब्ध गराउनू | २०७२।०४।२९ | २० |
| १८. | ४६०/०७१/७२ | नारायणपाल गडरीया | आदर्श उमावि बाँके | विद्यालयको बजेट, विद्यार्थी लगायतका विवरण उपलब्ध गराउनू | २०७२।०४।२९ | २२ |
| १९. | ४६२/०७१/७२ | शैलेन्द्र झा | जिविस रौतहट | बजेट र खर्च विवरण उपलब्ध गराउनू | २०७२।०४।२९ | २३ |
| २०. | ३३३/०७१/७२ | सञ्जय देव महर्जन | चन्द्रागीरी नगरपालिका । | खरिद विवरण उपलब्ध गराउनू | २०७२।०४।२९ | २४ |
| २१. | ३०१/०७१/७२ | निवेश कुमार तिमिल्सिना | जिल्ला जनस्वास्थ्य कार्यालय, बारा | सूचना प्रकाशन सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७२।०४।२९ | २५ |
| २२. | २९९/०७१/७२ | विश्वनिति प्रकाशमान सिंह | खानेपानी तथा ढल निकास विभाग, काठमाडौं | आम्दानी, खर्च, खरिद विवरण उपलब्ध गराउनू | २०७२।०४।२९ | २६ |
| २३. | ३५६/०७१/७२ | विष्णुप्रसाद ढकाल | इटहरी उपमहानगरपालिका | पेश्की रकम, लेखापरीक्षण लगायतका सूचना उपलब्ध गराउनू | २०७२।०४।२९ | २७ |
| २४. | २७१/०७१/७२ | रतन भण्डारी | पञ्चेश्वर बहुउद्देश्य आयोजना | पञ्चेश्वरको विधान र वातावरणीय प्रभाव मूल्यांकन अध्ययन प्रतिवेदन उपलब्ध गराउनू | २०७२।०५।३ | २८ |
| २५. | ३०५/०७२/७३ | मुकेश कुमार कुशवाह समेत | श्री नेपाल राष्ट्रिय नमुना मा वि, समेत ३ वटा उ/मा.बि. | विद्यालयको आम्दानी, खर्च, छात्रवृति सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७२।०५।९ | ३२ |
| २६. | २७२/०७१/७२ | रतन भण्डारी | लगानी बोर्डको कार्यालय, काठमाडौं | माथिल्लो कर्णाली विकास परियोजनाको पिडीए सम्झौता आवश्यक प्रक्रिया पुरा गरी दिनू | २०७२।०५।११ | ३३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २७. | ४५/०७१/७२ | शारदा भुषाल झा | निर्वाचन आयोग, काठमाडौं | दल दर्ता गर्न पेश भएको दशहजार मतदाताको समर्थनयुक्त हस्ताक्षर सम्वन्धी कागजात उपलब्ध गराउनू | २०७२।०५।११ | ३८ |
| २८. | ३१२/०७१/७२ | दृष्टि शाही | उच्च माध्यमिक शिक्षा परिषद्, भक्तपुर | परीक्षाको प्राप्ताङ्क पत्र उपलब्ध गराउनू | २०७२।०५।१६ | ४२ |
| २९. | ३००/०७२/७३ | सागर जोशी | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौं | औषधि सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७२।०५।१८ | ४३ |
| ३०. | ६४/०७१/७२ | नोदनाथ त्रिताल | जिल्ला प्रशासन कार्यालय, सुनसरी | प्रमुख जिल्ला अधिकारी सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७२।०५।२१ | ४४ |
| ३१. | ३७१/०७१/७२ | सञ्जय अधिकारी समेत | पशुपती क्षेत्र विकास कोष, काठमाडौं | आम्दानी, खर्च र दान सम्वन्धी विवरण दिनू | २०७२।०५।२१ | ४५ |
| ३२. | ३७३/०७१/७२ | विष्णु चौलागाँई | नेपाल खानेपानी संस्थान धरान शाखा | खानेपानी बापतको महशुल, सहयोग, खर्चको विवरणहरु दिनू | २०७२।०५।२४ | ४६ |
| ३३. | ३१०/०७२/७३ | शैलेन्द्र झा | अभियान नेपाल, रौतहट | आम्दानी र खर्च विवरण उपलब्ध गराउनू | २०७२।०५।२४ | ४७ |
| ३४. | ३१९/०७२/७३ | विश्वजित तिवारी | कटकुइया गा.वि.स.को कार्यालय, बाँके समेत ९ वटा गा. बि. स. कार्यालय | विद्युतिकरणमा गाविसको लगानी विवरण उपलब्ध गराउनू | २०७२।०५।२८ | ४८ |
| ३५. | ३३४/०७२/७३ | सविन पाखेल | कृषि अनुसन्धान केन्द्र, पाख्रिबन-४, धनकुटा | आम्दानी, खर्च लगायतका विवरण उपलब्ध गराउनू | २०७२।०६।१९ | ४९ |
| ३६. | ३३५/०७२/७३ | मुक्तिनाथ भुषाल | जिल्ला विकास समितिको कार्यालय, अर्घाखाँची | गोष्ठी सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७२।०६।१९ | ५० |
| ३७. | ३६३/०७२/७३ | तारानाथ दाहाल समेत | जिल्ला विकास समितिको कार्यालय, सुनसरी समेत ४७ वटा जि. बि. स. | सूचनाको हक सम्वन्धी तालिमको विवरण उपलब्ध गराउनू | २०७२।०६।२१ | ५१ |
| ३८. | ४१८/०७१/७२ | विश्वजित तिवारी | नेपालगन्ज उ. म.न. पा. कार्यालय बाँके | स्वास्थ्य केन्द्र निर्माणको बजेट सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७२।०६।२४ | ५२ |
| ३९. | ३१२/०७२/७३ | दृष्टी शाही | उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुर | परीक्षाको प्राप्ताङ्क सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७२।०६।२१ | ५३ |
| ४०. | ३९०/०७२/७३ | तारानाथ दाहाल समेत | जिल्ला स्वास्थ्य कार्यालय, महोत्तरी समेत ५० वटा जि. स्वा. का. | सूर्तिजन्य पदार्थको विवरण उपलब्ध गराउनू | २०७२।०६।२७ | ५४ |
| ४१. | २४/०७२/७३ | गोविन्द प्रसाद दाहाल | नेपाल बैंक लिमिटेड प्रधान कार्यालय, काठमाडौं | परीक्षाको प्रप्ताङक उपलब्ध गराउनू | २०७२।०६।२८ | ५५ |
| ४२. | ४५२/०७२/७३ | तारानाथ दाहाल समेत | म्याङ्लुङ्ग नगरपालिकाको कार्यालय, तेह्रथुम समेत ११७ वटा उपमहा/नगरपालिका | सूचनाको हक सम्वन्धी तालिमको विवरण उपलब्ध गराउनू | २०७२।०७।१७ | ६० |
| ४३. | ४४७/०७२/७३ | सविन पोखेल | विजयपुर अस्पताल धरान | सूचना अधिकारी र कर्मचारी विवरण उपलब्ध गराउनू | २०७२।०७।१७ | ६२ |
| ४४. | ४४८/०७२/७३ | सविन पोखेल | विजयपुर अस्पताल धरान | खरिद सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७२।०७।१७ | ६३ |
| ४५. | ३३२/०७२/७३ | निरु श्रेष्ठ | पशुपती क्षेत्र विकास कोष, काठमाडौं | बजेट, परियोजना, प्रतिवेन लगायतका विवरण उपलब्ध गराउनू | २०७२।०७।२९ | ६४ |
| ४६. | ५७०/०७२/७३ | स्थिरप्रसाद भट्टराई | श्री चतुर्भुजेश्वर जनता उच्च मा वि, सर्लाही | छात्रवृत्ति लगायतका विवरण उपलब्ध गराउनू | २०७२।०७।२९ | ६५ |
| ४७. | ५८२/०७१/०७२ | मनोज कुमार श्रेष्ठ | कार्यालय प्रमुख, नापी कार्यालय, कलंकी, काठमाडौं | उद्योगले बाटो मिचेको विवरण उपलब्ध गराउनू | २०७२।०८।२१ | ६६ |
| ४८. | ५९३/०७२/७३ | तारानाथ दाहाल समेत | स्था. वि. अ. जुम्ला समेत ७ वटा जि.वि.स. | सभासद विकास कोषको रकम सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७२।०८।२७ | ६७ |
| ४९. | ६/२०६९/०७० | केशव प्रसाई | श्री लोकसेवा आयोग, काठमाडौं | उत्तरपुस्तिकाको विवरण उपलब्ध गराउनू | २०७२।०९।९ | ६८ |
| ५०. | १८० वटा राजनीतिक दल | सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम नियमितरुपमा त्यस निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी नियमितरुपमा प्रकाशन गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ बमोजिम सूचना अधिकारीको व्यवस्था गर्न र त्यस निकाय एवं मातहत निकायमा सूचना मागका लागि परेका निवेदन उपर भएको कारवाहीको विवरण छुट्टै अभिलेखमा अद्यावधिक गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९(ग), (छ) र (ख) बमोजिम गर्नू । | | | २०७२।०९।१९ | ७८ |
| ५१. | ५८४/०७२/७३ | गोविन्दप्रसाद दाहाल | कृषि विकास बैक लिमिटेड काठमाडौ | परीक्षाको परिणाम सम्वन्धी विवरण उपलब्ध गराउनु, उपलब्ध गराउन नसकिने भएमा सोको कारण सहित जवाफ पठाउनू | २०७२।१०।०३ | ८६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५२. | ५८७/०७२/७३ | नोदनाथ त्रिताल समेत | जिल्ला विकास समितिको कार्यालय रसुवा | सभासद विकास कोषको रकम सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७२।१०।०३ | ८७ |
| ५३. | ७५ वटा जि. वि. स. कार्यालयहरु | जि.वि.स. नगरपालिका र गाउँविकास समितिको बार्षिक कार्यक्रम र बजेट पारित भएको १५ दिन भित्र सार्वजनिक गर्नू गराउनू | | | २०७२।१०।२८ | ८८ |
| ५४. | ५९९/०७२/७३ | नोदनाथ त्रिताल | मौनाबुधुक गाविसको कार्यालय, बोधे गाविसको कार्यालय धनकुटा | कम्प्युटर जडान सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७२।११।९ | ९२ |
| ५५. | ५९५/०७२/७३ | जयप्रकाश शाह समेत | गाविस औरिया, रौतहट | लेखापरीक्षण सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७२।१२।८ | ९३ |
| ५६. | ६१९/०७२/७३ | प्रविणकुमार शर्मा | महालेखा नियन्त्रण कार्यालय, काठमाडौ | दरवन्दी सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७२।१२।११ | ९४ |
| ५७. | ६१७/०७२/७३ | शैलेन्द्र झा | श्री नेमधारी बासुदेव उमावि, रौतहट | खर्चको विवरण उपलब्ध गराउनू | २०७२।१२।११ | ९५ |
| ५८. | ६१८/०७२/७३ | नोदनाथ त्रिताल | वन विभाग, काठमाडौ | आयोजना निमार्ण गर्दा हस्तान्तरण गरिएको वन सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७२।१२।२३ | ९६ |
| ५९. | ६१६/०७२/७३ | राम एकवाल शाह | जिल्ला जनस्वास्थ्य कार्यालय, रौतहट | निःशुल्क औषधी सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०१।०५ | ९७ |
| ६०. | ६२२/०७२/७३ | राजन कुमार सिंह | जिल्ला प्रशासन कार्यालय, धनुषा | बील, भर्पाई सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०१।०५ | ९८ |
| ६१. | ६२३/०७२/७३ | राजन कुमार सिंह | जिल्ला प्रहरी कार्यालय, धनुषा | सवारी साधन र ईन्धन सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०१।०५ | ९९ |
| ६२. | ६१३/०७२/७३ | मुकुन्द पहरी | पथ प्रदर्शक प्रस्तावित मा.वि., गोदावरी, ललितपुर | स्टेटमेन्ट, वील भर्पाइ सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०१।०५ | १०० |
| ६३. | ६३५/०७२/७३ | इन्द्रदेव प्रसाद यादव | पन्नादेवी कन्या उ.मा.वि., कलैया, बारा | आय, व्याय, स्टेटमेन्ट सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०१।२२ | १०१ |
| ६४. | ६४२/०७२/७३ | तारानाथ दाहाल समेत | प्रम तथा मपको कार्यालय र व्यवस्थापिका सं. सचिवालय | सिंहदरवारमा नागरिकको सहज पहुँचको लागि व्यवस्था मिलाउनू | २०७३।०२।३१ | १०२ |
| ६५. | ६३६/०७२/७३ | राजु ढकाल | नेपाल नागरिक उड्डयन कार्यालय | भाडा, होर्डिडबोर्ड, खर्च विवरण उपलब्ध गराउनू | २०७३।०२।०२ | १०४ |
| ६६. | ६०९/०७२/७३ | बद्रीप्रसाद ढुंगाना | जिल्ला शिक्षा कार्यालय | बैठकका निर्णय उपलब्ध गराउनू | २०७३।०२।०२ | १०५ |
| ६७. | ६२४/०७२/७३ | राजन कुमार सिंह | जिल्ला कृषि विकास कार्यालय, धनुषा | खरिद लगायतका विवरण उपलब्ध गराउनू | २०७३।०२।०२ | १०६ |
| ६८. | ६३४/०७२/७३ | हर्ष नारायण चौधरी | श्री जनता निमावि, सप्तरी | आय, व्याय, स्टेटमेन्ट सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०२।०२ | १०७ |
| ६९. | ६२९/०७२/७३ | शैलेन्द्र झा | गाविस पिपरीया, रौतहट | आय, व्याय सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०२।०२ | १०८ |
| ७०. | ६२८/०७२/७३ | पंचमदेवी राजवंशी | श्रम कार्यालय, विराटनगर | हाजिरी गराउने व्यवस्थाको विषय उपलब्ध गराउनू | २०७३।०२।०५ | १०९ |
| ७१. | ६३०/०७२/७३ | शैलेन्द्र झा | गाविस रौतहट, रौतहट | आय, व्याय सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०२।०५ | ११० |
| ७२. | ५७८/०७२/७३ | विजय कुशवाह | प्रेस काउन्सिल, काठमाडौं | उजुरी , वर्गिकरण सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०२।०७ | १११ |
| ७३. | ६४६/०७२/७३ | राजु ढकाल | सडक डिभिजन नं २, काठमाडौं | भुक्तानी सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०२।०९ | ११२ |
| ७४. | ६४४/०७२/७३ | राजु ढकाल | काठमाडौ महानगरपालिका | घर निर्माण सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०२।०९ | ११३ |
| ७५. | ६४५/०७२/७३ | राजु ढकाल | नेपाल नागरिक उड्डयन प्राधिकरण | विमानस्थल भित्र भएका निर्माण सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०२।०९ | ११४ |
| ७६. | २३८/०७१/७२ | दिवस अगस्ती | नेपाल चार्टड एकाउन्टेन्ट्स संस्था, काठमाडौं | उत्तरपुस्तिकाको प्रतिलिपी सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०२।१८ | ११५ |
| ७७. | १५७/०७०/७१ | रीताकुमारी साह | शिक्षक सेवा आयोग, काठमाडौं | उत्तरपुस्तिकाको प्रतिलिपी सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०२।१८ | ११७ |
| ७८. | ६२५/०७२/७३ | राजु ढकाल | काठमाडौ भक्तपुर सडक आयोजना | विज्ञापन बोर्ड सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०२।२३ | १२२ |
| ७९. | ६५१/०७२/७३ | तारानाथ दाहाल समेत | निर्वाचन आयोग | कसुर लागेका व्यक्ति राजनीति दलका सदस्य बन्न पाउने वा नपाउने सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०२।२३ | १२३ |
| ८०. | ६५०/०७२/७३ | विश्वजित तिवारी | सवरिजनल ट्रान्सपोर्ट ईन्हान्समेण्ट प्रोजेक्ट, बाँके | बजेट, आयोजना सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०२।२३ | १२४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८१. | २३७ वटा बित्तिय संस्थाहरु | सूचनाको हक सम्वन्धि ऐन २०६४, र नियमावली २०६५ बमोजिम तीन तीन महिनामा स्वत: प्रकाशन गर्नु, सूचना अधिकारी तोक्नु, सूचना माग र प्रवाहको छुट्टै अभिलेख राख्नू | | | २०७३।०२।२५ | १२५ |
| ८२. | नेपाल राष्ट्र बैंक | सूचनाको हक सम्वन्धि ऐन २०६४, र नियमावली २०६५ बमोजिम तीन तीन महिनामा स्वत: प्रकाशन गर्नु, सूचना अधिकारी तोक्नु, सूचना माग र प्रवाहको छुट्टै अभिलेख राख्नू | | | २०७३।०२।२५ | १३४ |
| ८३. | २७ वटा वीमा कम्पनीहरु | सूचनाको हक सम्वन्धि ऐन २०६४, र नियमावली २०६५ बमोजिम तीन तीन महिनामा स्वत: प्रकाशन गर्नु, सूचना अधिकारी तोक्नु, सूचना माग र प्रवाहको छुट्टै अभिलेख राख्नू | | | २०७३।०२।३१ | १३८ |
| ८४. | वीमा समिति | सूचनाको हक सम्वन्धि ऐन २०६४, र नियमावली २०६५ बमोजिम तीन तीन महिनामा स्वत: प्रकाशन गर्नु, सूचना अधिकारी तोक्नु, सूचना माग र प्रवाहको छुट्टै अभिलेख राख्नू | | | २०७३।०२।३१ | १४२ |
| ८५. | ६६४/०७२/७३ | विकास पौडेल | खैरहनी नगरपालिका, चितवन | योजना, प्रगति सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०३।१२ | १४६ |
| ८६. | ५९५/०७२/७३ | जयप्रकाश साह समेत | औरया गाविस रौतहट | लेखापरीक्षण, गाउँपरिषद् सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०३।१२ | १४७ |
| ८७. | ६५६/०७२/७३ | उग्रकान्त झा | जिल्ला शिक्षा कार्यालय, सर्लाही | लेखापरीक्षण सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०३।१२ | १४८ |
| ८८. | ६५५/०७१/७२ | अरुणकुमार तिवारी | हुलाकी राजमार्ग योजना, बाँके | योजना, लागत सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०३।१९ | १४९ |
| ८९. | ६५९/०७१/७२ | ठाकुर प्रसाद बराल | धनकुटा बहुमुखी क्याम्पस, धनकुटा | आय, व्याय सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०३।१९ | १५० |
| ९०. | ६५३/०७१/७२ | शैलेन्द्र झा | गरुणा नगरपालिका, रौतहट | आय, व्याय सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०३।१९ | १५१ |
| ९१. | ५८४/०७२/७३ | गोविन्दप्रसाद दाहाल | कृषि विकास बैंक लिमिटेड, काठमाडौं | उत्तरपुस्तिकाको प्रतिलिपी सम्वन्धी विवरण उपलब्ध गराउनू | | १५२ |
| ९२. | ६६३/०७२/७३ | राम लखन यादव | जल उत्पन्न व्यवस्थापन विभाग, पुल्चोक | टेण्डरका कागजात सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०३।२१ | १५३ |
| ९३. | ६६२/०७२/७३ | तारा शिवाकोटी | राष्ट्रिय सहकारी बैक लिमिटेड | कर्जाको साँवा व्याज सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०३।२१ | १५४ |
| ९४. | ६४३/०७२/७३ | राजु ढकाल | संस्कृति पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय, काठमाडौं | नेपाल र चीन सरकार विच भएका सम्झौता सम्बन्धी विवरण उपलब्ध गराउनू | २०७३।०३।२४ | १५५ |
| ९५. | ४४४/०७१/७२ | प्रविणकुमार शर्मा | जिल्ला विकास समितिको कार्यालय रौतहट | के कति कारणले सूचना उपलब्ध नगराएको हो ? दफा ३२ बमोजिम कारवाह किन नगर्ने जवाफ पठाउनू । | २०७३।०३।२६ | १५८ |
| ९६. | ४४५/०७१/७२ | प्रविणकुमार शर्मा | जिल्ला विकास समितिको कार्यालय रौतहट | के कति कारणले सूचना उपलब्ध नगराएको हो ? दफा ३२ बमोजिम कारवाह किन नगर्ने जवाफ पठाउनू । | २०७३।०३।२६ | १५९ |
| ९७. | ४४६/०७१/७२ | प्रविणकुमार शर्मा | जिल्ला विकास समितिको कार्यालय रौतहट | के कति कारणले सूचना उपलब्ध नगराएको हो ? दफा ३२ बमोजिम कारवाह किन नगर्ने जवाफ पठाउनू । | २०७३।०३।२६ | १६० |
| ९८. | ६६८/०७२/७३ | लक्ष्मण प्रसाद सराफ | गाविस गम्हरीया, पर्सा | आय, व्याय सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०३।२६ | १६१ |
| ९९. | ६६७/०७२/७३ | अम्विरकाजी श्रेष्ठ | मध्यपुर बचत तथा ऋण सहकारी संस्था लि. भक्तपुर | संचालक समितिको बैठकको निर्णय सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०३।२६ | १६२ |
| १००. | ६६६/०७२/७३ | रीता भट्टराई | त्रि. वि. वि काठमाडौं | उत्तरपुस्तिकाको प्रतिलिपी सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०३।२६ | १६३ |
| १०१. | ६७९/०७२/७३ | गिरिजा अधिकारी | जि.वि.स. मकवानपुर | कर लगायतको विवरण उपलब्ध गराउनू | २०७३।०३।२८ | १६४ |
| १०२. | ६०२/०७२/७३ | कमल सिंह ऐर | सिद्धनाथ बहुमुखी क्याम्पस, कञ्चनपुर | पारिश्रमिक सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०३।२९ | १६८ |
| १०३. | ६७५/०७२/७३ | राजु ढकाल | नेपाल आयल निगम, काठमाडौं | गाडी, ईन्धन वितरण सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०३।२९ | १६९ |
| १०४. | ६७४/०७२/७३ | राजु ढकाल | नेपाल नागरिक उडड्यन प्राधिकरण, काठमाडौं | गाडी, ईन्धन वितरण सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०३।२९ | १७० |
| १०५. | ४५३/०७२/७३ | नारायणपाल गडरीया | खनाल रोजिन एण्ड टरपिनटाईन उद्योग, बाँके | उद्योग सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०३।३० | १७१ |
| १०६. | ३२९/०७२/७३ | बालकृष्ण भट्ट | नेपाली प्राविधिक सहयोग समूह, काठमाडौं | आय, व्याय सम्वन्धी विवरण उपलब्ध गराउनू | २०७३।०३।३० | १७२ |
| १०७. | ६८१/०७२/७३ | विश्वजीत तिवारी | आई.सि.टि.प्रा.लि., बाँके | सडक निर्माणको विवरण उपलब्ध गराउनू | २०७३।०३।३१ | १७३ |
| १०८. | ७५ वटै जिल्ला प्र. का.हरु | पचहत्तरै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुलाई सूचनाको हकसम्बन्धी ऐन र नियमावलीमा उल्लेखित विभिन्न प्रावधान र व्यवस्थाको सूव्यवस्थित कार्यान्वयन गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २० बमोजिम अधिकार प्रत्यायोजन गर्ने । | | | २०७३।०१।३१ | १७४ |

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

## मु.नं. २४/२०७१/०७२
## निर्णय नं. १

दोलखा जिल्ला, सुन्द्रावती ५ बस्ने गोविन्दप्रसाद दाहाल ........................................................१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख, नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, काठमाडौं .............................................१ विपक्षी
सूचना अधिकारी, नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, काठमाडौं .........................................१

**विषय :- उत्तरपुस्तिका एवं प्राप्तांक सम्बन्धी सूचना सम्बन्धमा ।**

दोलखा जिल्ला, सुन्द्रावती ५ बस्ने गोविन्दप्रसाद दाहालले नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।६।३ मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ ।ऐनको दफा ३(३) ले केही सूचना प्रवाह नगरी संरक्षण गर्ने व्यवस्था गरेको छ ।

निवेदकले माग गरेको छैठौं तहको सहायक प्रबन्धक पदको खुला प्रतियोगिताको मिति २०७०।०४।३२ र मिति २०७०।०५।०१ गते संचालित लिखित परीक्षा र मिति २०७०।०९।०८ गते संचालित अन्तर्वार्ताको तपसिलको सूचना दिन मिल्ने भए दिनू र नमिल्ने भए उचित र पर्याप्त कारण सहित निवेदकलाई ७ (सात) दिन भित्र माग अनुसारको सूचना उपलब्ध गराई सोको जानकारी यस आयोगलाई दिनू भनी नेपाल बैंक लिमिटेड, प्रधान कार्यालयका प्रमुख र सूचना अधिकारीको नाममा यस पूर्व विभिन्न मितिमा आदेश भई कार्यान्वयनका लागि तहाँ कार्यालयमा पठाएको । पछिल्लो पटक मिति २०७२।०३।३१, च.नं. १५५६ को पत्रबाट निवेदकलाई चौबीस (२४) घण्टा भित्र सूचना उपलब्ध गराई आयोगलाई जानकारी दिनू भन्ने पत्राचारको सम्बन्धमा तहाँको मिति २०७२।०३।३१, च.नं. २८३२ को पत्र मार्फत आदेश कार्यान्वयन गर्न नसकिने भन्ने व्यहोरा समेत प्राप्त हुन आयो । सो पत्रमा "बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ९१ ले दिएको अधिकार प्रयोग गरी यस बैंकको व्यस्थापन समितिले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बनाएको नेपाल बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६८ को विनियम ९ मा अधिकृत तथा सहायक स्तरको रिक्त पदमा नयाँ नियुक्ति र बढुवाद्वारा पूर्ती गर्नको लागि संचालक समितिले पदपूर्ति समिति गठन गर्न सक्ने व्यवस्था रहेको र ऐ. विनियमावलीको विनियम १०, ११, १२, १३, १४, १५, १६ र १७ समेतमा परीक्षा सम्बन्धी प्रक्रिया बारेमा व्यवस्था रहेकाले उक्त विनियमावलीको व्यवस्था तथा तत् सम्बन्धी प्रक्रियाहरुमा कही कतै निवेदकले मागेको विवरण उपलब्ध गराउने सम्बन्धमा कुनै व्यवस्था नभएको नरहेको" भन्ने व्यहोरा उल्लेख भएको ।

आफू र सार्वजनिक महत्वको सूचना माग्ने र प्राप्त गर्ने नेपाली नागरिकको मौलिक हकलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ ले प्रत्याभूत गरेको र सो हकको कार्यान्वयनका लागि बनेको सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा तीन (३) ले हरेक सार्वजनिक निकायले कुन सूचना प्रवाह गर्ने र कुन सूचना प्रवाह नगरी संरक्षण गर्ने भन्ने प्रष्ट व्यवस्था गरेको र विपक्षी बैंकले दावी गरे अनुसारको सूचना सूचनाको हकसम्बन्धी ऐनको दफा ३ बमोजिम मागकर्ताले माग गरेको सूचना प्रवाह गर्न रोक लगाएको नदेखिएकोले विपक्षी बैंकको उल्लेखित दावीसंग आयोग सहमत हुन सकेन ।

अत: यस आयोगबाट भएको आदेश अटेर गरी कार्यान्वयन नगर्ने विपक्षी बैंकका कार्यालय प्रमुखलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम किन सजाय गर्न नपर्ने हो ? सजाय गर्न नपर्ने कुनै कारण र सबुत प्रमाण भए त्यस्तो कारण र सबुत प्रमाण सात (७) दिन भित्र यस आयोगमा पठाउनू भनी विपक्षी बैंकका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । आदेशको प्रतिलिपि साथै राखी पठाउनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल श्रावण १३ गते रोज ४ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ३३१/२०७१/०७२**

**निर्णय नं. २**

घरेलु तथा साना उद्योग विकास समितिका निर्देशक विनोद कुमार कार्की ........................१ निवेदक

**विरूद्ध**

कार्यकारी निर्देशक, घरेलु तथा साना उद्योग विकास समिति, प्रधान कार्यालय, काठमाडौं ......१ विपक्षी

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

घरेलु तथा साना उद्योग विकास समितिका निर्देशक विनोद कुमार कार्कीले घरेलु तथा साना उद्योग विकास समिति, प्रधान कार्यालय, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१२।०५ मा निवेदन गरेको । सो सम्बन्धमा निवेदकले माग गरेको सूचना के कति कारणले उपलब्ध नगराएको हो ? सात (७) दिन भित्र जानकारी पठाउनू भनी यस आयोगबाट मिति २०७१।१२।१९, च.नं ७४८ को पत्रबाट लेखी पठाएकोमा सो को कुनै जानकारी यस आयोगमा प्राप्त नभएको । सो सम्बन्धी सूचना हालसम्म पनि उपलब्ध नगराएकोले उपलब्ध गराउन आदेश गरी पाउँ भनी निवेदकले मिति २०७२।०४।१३ मा यस आयोगमा पुन: निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिँदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी घरेलु तथा साना उद्योग विकास समिति, प्रधान कार्यालय, काठमाडौंका कार्यकारी निर्देशकको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. समितिमा कार्यरत सुरेन्द्र कुमार थापा मगरलाई कुन मितिमा प्रकाशित सूचना बमोजिम तह ८ उप निर्देशक (प्र) पदमा बढुवा गरियो सो सूचनाको प्रतिलिपि ।

२. निजलाई कुन मितिको पदपूर्ती समितिको निर्णयानुसार कहिले देखि लागु हुने गरी तह ७ बरिष्ठ अधिकृत (प्र) बाट तह ८ उप निर्देशक (प्र) पदमा बढुवा गरियो सो सम्बन्धी प्रक्रिया तथा निर्णयको प्रतिलिपि ।

३. निजको उक्त बढुवा भएको सूचना घरेलु तथा साना उद्योग विकास समितिको कर्मचारी सेवा शर्त नियमावली २०५५ (शंसोधनसहित) को दफा ४.११ (क) बमोजिम न्यूनतम प्राप्ताङ्क समेत उल्लेख गरी सार्वजनिक सूचना प्रकाशित गर्नुपर्ने व्यवस्था रहेकोमा सो सूचना कहिले कुन मितिको पत्रिकामा प्रकाशित भयो सो सूचनाको प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल श्रावण १३ गते रोज ४ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

**मु.नं. ४१६/२०७१/०७२**

**निर्णय नं. ३**

रौतहट जिल्ला, गौर नगरपालिका वडा नं. १२ बस्ने रविन्द्र शाह ..................................१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख, महिला तथा बालबालिका कार्यालय, १ रौतहट, गौर ..............................१ विपक्षी
सूचना अधिकारी, महिला तथा बालबालिका कार्यालय, १ रौतहट, गौर

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

रौतहट जिल्ला, गौर नगरपालिका वडा नं. १२ बस्ने रविन्द्र शाहले महिला तथा बालबालिका कार्यालय, १ रौतहट, गौर समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०२।०५ मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी महिला तथा बालबालिका कार्यालय, १ रौतहट, गौरका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. २०७०।०७१ को विनियोजन वजेटको कूल रकम ।
२. यस कार्यालयको आ.व. २०७०/०७१ को बार्षिक लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।
३. यस कार्यालयमा आ.व. २०७१/०७२ को लागि आएको अख्तियारी पत्रको प्रमाणित प्रतिलिपि ।
४. यस कार्यालयको २०७१।७२ को खर्च मासिक फाँटवारी ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल श्रावण १५ गते रोज ६ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ४१०/२०७१/०७२**

**निर्णय नं. ४**

महमद इद्रीस मुलमान कपिलवस्तु न.पा. ९, महुवा कपिलवस्तु ..................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, कपिलवस्तु नगरपालिकाको कार्यालय ................................................१ विपक्षी
सूचना अधिकारी, कपिलवस्तु नगरपालिकाको कार्यालय ................................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

महमद इद्रीस मुलमान कपिलवस्तु न.पा. ९, महुवा कपिलवस्तुले कपिलवस्तु नगरपालिकाको कार्यालय समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०३।०७ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी कपिलवस्तु नगरपालिकाको कार्यालयका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. पुनरावेदक महमद इद्रीस मुलमानले तहाँ कार्यालयमा कपिलवस्तु जिल्ला साविक पिपरी गा.वि.स. वडा नं. १ हाल कपिलवस्तु नगरपालिका वडा नं. ७ ब्लक नं.६१६ को लगायतका जग्गामा २०६८ सालमा नापी भएको यी पुनरावेदकको जग्गामा बाटो निमार्ण कार्य रोक्का गर्ने सम्बन्धमा पुनरावेदकले दर्ता गराएको द.नं. ३२८२, मिति २०६९।०९।१९ को निवेदनमा कारवाही भयो भएन सो को जानकारी ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल श्रावण १५ गते रोज ५ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. १४९/२०७०/०७१**

**निर्णय नं. ५**

रौतहट जिल्ला वरियापूर गाउँ विकास समिति वार्ड नं. ३ विरनगरा वस्ने संजेश प्रसाद यादव ....१ निवेदक

**विरूद्ध**

प्रधानाध्यापक, श्री माध्यमिक विद्यालय विरनगरा वरियापुर ३, रौतहट ..............................१ विपक्षी
सूचना अधिकारी, श्री माध्यमिक विद्यालय, विरनगरा वरियापुर ३, रौतहट ..........................१

**विषय :- सूचना उपलव्ध नगराउने व्यक्ति उपर कारवाही गरी सूचना उपलव्ध गराई पाउँ ।**

रौतहट जिल्ला वरियापूर गाउँ विकास समिति वार्ड नं. ३ विरनगरा वस्ने संजेश प्रसाद यादवले श्री माध्यमिक विद्यालय विरनगरा वरियापुर ३, रौतहट समक्ष तपसिल बमोजिमका सूचना माग गर्दा सूचना उपलव्ध नगराएकोले सूचना उपलव्ध गराइपाउँ भनी यस आयोगमा मिति २०७२।०२।३२ मा पुन: निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलमा उल्लेखित सूचनाहरू निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई सोको जानकारी यस आयोगलाई दिनू भनी श्री माध्यमिक विद्यालय विरनगरा वरियापुर ३, रौतहटका प्रधानाध्यापक र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. विद्यालयले आ.व. २०६९।०७० मा नियुक्ति गरेको शिक्षक तथा अन्य कर्मचारीको नियुक्ति विवरणहरू एवं नियुक्ति पत्रहरूको प्रतिलिपि ।
२. नियुक्तिमा कुन विधि (प्रतिस्पर्धात्मक वा अन्य) को अवलम्वलन गरिएको थियो ? सो को प्रमाणित जानकारी ।
३. नियुक्तिका लागि आवेदन कुन पत्रिका मार्फत कुन मितिमा आह्वान गरिएको थियो ? सो विज्ञापनको प्रमाणित प्रतिलिपि ।
४. विद्यालय भवन निर्माणका लागि जुटाएको आर्थिक श्रोत एवं सो को खर्चको प्रमाणित विवरण ।
५. विद्यालयले आ.व. २०६९।०७० मा उपलब्ध गराएको छात्रवृत्तिको पूर्ण विवरण ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल श्रावण १८ गते रोज २ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. २९४/२०७२/०७३**

**निर्णय नं. ८**

काठमाडौं जिल्ला ज्ञानेश्वर-३३ बस्ने राजिव खत्री समेत ..................................................१ निवेदक

**विरूद्ध**

प्रमुख आयुक्त, नेपाल स्काउट, राष्ट्रिय प्रधान कार्यालय, लैनचौर काठमाडौं .............................१ विपक्षी
सूचना अधिकारी (निर्देशक), नेपाल स्काउट, राष्ट्रिय प्रधान कार्यालय, लैनचौर काठमाडौं ............१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

काठमाडौं जिल्ला ज्ञानेश्वर-३३ बस्ने राजिव खत्री समेतले नेपाल स्काउट, राष्ट्रिय प्रधान कार्यालय, लैनचौर काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०४।१८ मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी नेपाल स्काउट, राष्ट्रिय प्रधान कार्यालय, लैनचौर काठमाडौंका प्रमुख आयुक्त र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. २०७१/९/२१ मा बसेको नेपाल स्काउट राष्ट्रिय परिषद्को बैठकले निर्णय गरेको निर्णय कपीको प्रतिलिपि ।
२. २०७१/९/२१ देखि हालसम्म नेपाल स्काउट राष्ट्रिय कार्य समितिले निर्णय गरेको माइन्युटको प्रतिलिपि ।

३. नेपाल स्काउट नियमावली, २०६४ को परिच्छेद १४ को १४.१ बमोजिम २०७२ असार ३ गते राष्ट्रिय, क्षेत्रीय र जिल्ला परिषद् एवं कार्यकारी समितिका सदस्यहरुको पदावधी समाप्त भएको हुँदा सोही नियमावलीको परिच्छेद १४ को १४.२ बमोजिम राष्ट्रिय कार्यकारी समिति, क्षेत्रीय कार्यकारी समिति र जिल्ला कार्यकारी समितिको प्रक्रियागत तवरले कार्यावधि थप गरिएको निर्णयको प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना)<br>सूचना आयुक्त | (किरणकुमार पोखरेल)<br>सूचना आयुक्त | (कृष्णहरि बाँस्कोटा)<br>प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २५ गते रोज २ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६/२०६९/०७०**

**निर्णय नं.९**

केशव प्रसाई, नयाँ बानेश्वर काठमाण्डौं..........................................................१ निवेदक

**विरुद्ध**

सचिव, लोक सेवा आयोग, अनामनगर, काठमाण्डौं..............................................१ विपक्षी

विषय: **अन्तर्वार्तामा उपस्थित सम्पूर्ण उम्मेदवारहरुको जम्मा प्राप्ताङ्क सम्बन्धी सूचना माग भएको सम्बन्धमा ।**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ अन्तर्गत यस आयोग समक्ष पर्न आएको निवेदन र तत्सम्बन्धी यस आयोगबाट भएको कारवाहीको संक्षिप्त तथ्य निम्नानुसार छ ।

१. सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ बमोजिम विज्ञापन नं. ९७२-०६२/६३ कृषि सेवा, बाली संरक्षण समूहको बाली संरक्षण अधिकृत पदमा अन्तर्वार्तामा उपस्थित सम्पूर्ण सात जना उम्मेदवारको जम्मा प्राप्ताङ्क उपलब्ध गराई पाउँ भन्ने केशव प्रसाईको मिति २०६७।११।०२ को निवेदन ।

२. यस आयोगबाट मिति २०६७।११।३०, २०६८।५।१५, २०६८।१०।१८ र २०६८।११।५ मा माग बमोजिमको सूचना दिनु भनी आदेश/निर्णय गरी लोक सेवा आयोगका सचिवको नाममा लेखी पठाएको ।

३. विभिन्न  मितिमा लोक सेवा आयोगका सचिवसँग छलफल भएको ।

४. यस आयोगबाट मिति २०६८।८।९ गते 'निवेदकको माग बमोजिम तपाईलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारवाही किन गर्न नपर्ने हो । सोको लिखित जवाफसहित पत्र प्राप्त भएको मितिले ७ ( सात) दिनभित्र यस आयोगमा उपस्थित हुन लोक सेवा आयोगका सचिवका नाममा आदेश भएको ।

५. तत्पश्चात लोक सेवा आयोगका सचिवले मिति २०६८।८।१८ को पत्रद्वारा 'तहाँ आयोगबाट भएको निर्देशन कार्यान्वयन गर्ने सन्दर्भमा ऐन बमोजिम गोप्य रहने सूचना लोक सेवा आयोग ऐन, २०६६ को दफा ४५ को विपरित सचिव आफैले निर्णय गरी उपलब्ध गराउन सक्ने अवस्था नरहेको' व्यहोरा यस आयोगमा प्राप्त भएको ।

६. लोक सेवा आयोगका सचिवले 'आयोगबाट भएको उक्त आदेश कार्यान्वयन गर्ने सम्बन्धमा लोक सेवा आयोग ऐन, २०६६ को दफा ४५ मा भएको प्रावधान अनुसार सचिव आफैले निर्णय गरी उपलब्ध गराउन सक्ने व्यवस्था नरहेको हुँदा अनुमतिको लागि लोक सेवा आयोगमा प्रस्ताव पेश भएकोमा आयोगबाट मिति २०६८।१०।२३ मा निर्णय भएकोले तहाँ अयोगबाट यस आयोगका सचिवको नाममा आदेश जारी नहुने व्यवस्थाको लागि अनुरोध गरी मिति २०६८।१०।२७ मा लोक सेवा आयोगका सचिवबाट यस आयोगलाई लेखिएको पत्र फाईल संलग्न रहेको ।

७. लोक सेवा आयोगको मिति २०६७।१२।०९, २०६८।८।१८, २०६८।९।१८ र २०६८।१०।२७ पत्रबाट लोक सेवा आयोग ऐन, २०६६ को दफा ४५(१) बमोजिम माग अनुसारको सूचना दिन नमिल्ने भन्ने लगायतको जवाफ प्राप्त भएको ।

८. सो सम्बन्धमा लोक सेवा आयोगका सचिवसँग मिति २०७१।१२।१८ मा छलफल समेत भै लोक सेवा आयोगबाट लिखित जवाफ समेत माग गरिएको ।

९. लोक सेवा आयोग ऐन, २०६६ को दफा ४५ को उपदफा २ बमोजिम आयोगले तोके बमोजिमका परीक्षा सम्बन्धी कागजात वा विवरण सम्बन्धित व्यक्तिलाई दिन वा सार्वजनिक गर्न सक्ने व्यवस्था रहेकोले क्रमश: पारदर्शी बनाउँदै लैजाने प्रयासमा छ । आयोगबाट भूमिका निर्वाह गर्दा आर्जन गरेको जनविश्वास र संस्थाको पवित्रता (Sancity) मा कमी नआउने गरी कुन हदसम्म सूचना सम्बन्धित वा सर्वसाधारण सबैलाई उपलब्ध गराउने भन्नेमा समयानुकूल

निर्णय गर्न आयोग आफै सक्षम भएको भन्ने समेत व्यहोराको च.नं. ९१, मिति २०७२।०२।१० को लोक सेवा आयोगको यस आयोगमा प्राप्त भएको पत्र ।

**आयोगको ठहर/निर्णय**

प्रस्तुत विषयमा 'लोक सेवा आयोग ऐन, २०६६ को दफा ४५(१) बमोजिम परीक्षासँग सम्बन्धित कागजात गोप्य रहन्छ। सूचनाको हकलाई नेपालको अन्तरिम संविधान, २०६३ ले निरपेक्ष मौलिक अधिकारको रुपमा व्यवस्था गरेको देखिदैंन । कानुनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन भन्ने संविधानमा बचाउको प्रावधान छ । आफ्नो संवैधानिक भूमिका निर्वाह गर्दा आर्जन गरेको जनविश्वास र संस्थाको पवित्रतामा कमी नआउने गरी कुन हदसम्मको सूचना सम्बन्धित व्यक्तिलाई वा सर्वसाधारण सबैलाई उपलब्ध गराउने भन्नेमा समयानुकूल निर्णय गर्न आयोग आफै सक्षम छ' भन्ने लोक सेवा आयोगको जवाफप्रति यस आयोगको गंभिर ध्यानाकर्षण भएको छ ।

प्रस्तुत विषयमा संक्षिप्त रुपमा विश्लेषण गर्दा निवेदक सूचनाको हकसम्बन्धी ऐन, २०६४ अन्तर्गत सूचना माग गर्न आएको देखिँदा यस स्थितिमा लोक सेवा आयोग ऐन, २०६६ आकर्षित हुने देखिँदैन । संविधानमा 'तर, कानुनद्वारा गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन' भन्नाले सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले सूचना प्रवाहमा बाध्य नगरेका प्राबधानलाई इंगित गरेको प्रष्ट हुन्छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३(३) ले कुन सूचना संरक्षण गरी राख्ने भन्ने प्रष्ट व्यवस्था गरेको सन्दर्भमा निवेदकले माग गरेको उक्त सूचना ऐनको ३(३) अन्तर्गत प्रवाह नगरिने सूचना भित्र नपर्ने पनि प्रष्ट छ । जहाँसम्म कुन सूचना सार्वजनिक गर्ने र कुन सूचना संरक्षण गर्ने भन्ने विषयमा अन्तिम निर्णय गर्ने अधिकार क्षेत्र राष्ट्रिय सूचना आयोगमा रहने ऐनको उद्देश्य समेत रहेको हुँदा विपक्षी लोक सेवा आयोगले निवेदकले माग गरेअनुसार सूचना दिन सकिदैन भन्ने जवाफसँग यो आयोग सहमत हुन सकेन ।

नागरिकको सूचना माग्ने र पाउने संवैधानिक हकको प्रचलन गराउन यस आयोग दृढ छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सार्वजनिक निकायमा रहेको सूचनामा नागरिकको पहुँच सुनिश्चित गरिएको सन्दर्भमा निवेदकको माग बमोजिम सूचना दिनु भनी संविधान, कानुन, प्रचलन, पूर्व फैसला, स्थापित मान्यता, तर्क र कारणका आधारमा यो आयोग लोक सेवा आयोगका उपयुक्त पदाधिकारीको नाममा अतिरिक्त आदेश जारी गर्ने अवस्थामा पुगेको छ । तर, लोक सेवा आयोगका सचिवले आफूले निर्णय गर्न सक्ने पदीय हैसियतमा नरहेको जवाफ पठाउनु भएकाले लोक सेवा आयोगसंग माग गरिएको सूचनाको सम्बन्धमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ९ को उपदफा (१) बमोजिम सूचना उपलब्ध नगराउने सूचना अधिकारी उपर उजुरी गर्ने 'प्रमुख' लोक सेवा आयोगको हकमा कुन पदाधिकारीलाई बुझाउँछ ? सो को जवाफ सात (७) दिन भित्र यस आयोगमा पठाउनू भनी लोक सेवा आयोगको सचिवको नाममा यो आदेश गरिएको छ । यस आदेशको प्रतिलिपि लोक सेवा आयोगका सचिवलाई पठाउनू ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २५ गते रोज २ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. २९५/२०७२/०७३**

**निर्णय नं. १०**

बारा जिल्ला मझरीया-४ बस्ने निरन्जन कुमार शाह ..............................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, गाउँ विकास समितिको कार्यालय, मझरीया, बारा .................................१ विपक्षी
सूचना अधिकारी, गाउँ विकास समितिको कार्यालय, मझरीया, बारा ................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

बारा जिल्ला मझरीया-४ बस्ने निरन्जन कुमार शाहले गाउँ विकास समितिको कार्यालय, मझरीया, बारा समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०४।१८ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी गाउँ विकास समितिको कार्यालय, मझरीया, बाराका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. आ.व. २०७१/०७२ को गा.वि.स. परिषद्को निर्णयको प्रमाणित प्रतिलिपि ।
२. आ.व. २०७१/०७२ मा वितरण गरिएको सामाजिक सुरक्षा भत्ता प्रमाणिति प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल श्रावण २५ गते रोज २ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. २९३/२०७२/०७३**

**निर्णय नं.११**

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं २१ बस्ने वर्ष ३० को सागर जोशी ......१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, इन्सटिच्युड अफ मेडिसिन (IOM) , महाराजगन्ज, काठमाडौं ....................१ विपक्षी
सूचना अधिकारी, इन्सटिच्युड अफ मेडिसिन (IOM) , महाराजगन्ज, काठमाडौं ...................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं २१ बस्ने वर्ष ३० को सागर जोशीले इन्सटिच्युड अफ मेडिसिन (IOM), महाराजगन्ज, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०४।१८ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी इन्सटिच्युड अफ मेडिसिन (IOM) , महाराजगन्ज, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. यस निकाय अन्तर्गत रहेर विभिन्न परीक्षाहरुमा संलग्न रहेका विद्यार्थीहरुले परीक्षामा सामेल भएको आफ्नो नामको उत्तरपुस्तिका हेर्ने प्रावधान त्रिभुवन विश्वविद्यालयले उत्तरपुस्तिका हेर्न सम्बन्धी गरेको निर्णय अन्तर्गतको रहेर हेर्न पाउने नपाउने के प्रावधान छ सो प्रावधानको प्रमाणित प्रतिलिपि ।

२. यस निकाय अन्तर्गतको परीक्षामा सामेल भएका विद्यार्थीले आफ्नो परीक्षामा सामेल भएको उत्तरपुस्तिका हेर्न पहल गर्दा प्रति उत्तरपुस्तिका जम्मा रु १८,०००।- लाग्ने भनियो, यदि लाग्ने नै भए कुन निर्णयको आधारमा यतिका रकम तोकियो सो निर्णय प्रतिको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २५ गते रोज २ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

श्री प्रमुख जिल्ला अधिकारी, इलाम ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, झापा ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, पाँचथर ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, ताप्लेजुङ्ग ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, मोरङ्ग ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, सुनसरी ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, धनकुटा ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, भोजपुर ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, तेह्रथुम ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, संखुवासभा ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, सप्तरी ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, सिराहा ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, उदयपुर ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, खोटाङ ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, ओखलढुँगा ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, सोलुखुम्बु ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, दोलखा ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, रामेछाप ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, सिन्धुली ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, धनुषा ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, महोत्तरी ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, सर्लाही ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, रसुवा ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, नुवाकोट ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, धादिङ ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, सिन्धुपाल्चोक ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, काभ्रेपलाञ्चोक ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, ललितपुर ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, भक्तपुर ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, काठमाडौं ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, रौतहट ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, बारा ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, पर्सा ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, मकवानपुर ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, चितवन ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, गोरखा ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, लमजुङ ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, तनहुँ ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, कास्की ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, स्याङ्जा ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, मनाङ ........................................ १
श्री प्रमुख जिल्ला अधिकारी, नवलपरासी ........................................ १

| | | |
|---|---|---|
| श्री प्रमुख जिल्ला अधिकारी, कपिलवस्तु | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, रुपन्देही | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, गुल्मी | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, पाल्पा | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, अर्घाखाँची | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, मुस्ताङ | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, म्याग्दी | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, पर्वत | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, वाग्लुङ्ग | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, हुम्ला | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, जुम्ला | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, डोल्पा | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, मुगू | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, कालिकोट | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, रुकुम | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, रोल्पा प्युठान | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, सल्यान | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, दाङ | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, जाजरकोट | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, दैलेख | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, सुर्खेत | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, बर्दिया | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, बाँके | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, अछाम | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, बभाङ बाजुरा | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, कैलाली | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, डोटी | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, कञ्चनपुर | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, डडेलधुरा | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, बैतडी | ........................................................ | १ |
| श्री प्रमुख जिल्ला अधिकारी, दार्चुला | ........................................................ | १ |

बिषय:- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा २५ मा रहेको नागरिक बडापत्र राख्नु पर्ने र ऐ. नियमावली, २०६५ को नियम नं. १४ मा रहेको नागरिक वडापत्र सम्बन्धी व्यवस्था अनुरुप जिल्लास्तरीय कार्यालयहरुको नागरिक वडापत्र संकलन र एकीकरण गरी आफ्नो जिल्ला भित्रका सबै गाउँ विकास समितिको कार्यालयसम्म वितरण गर्ने व्यवस्था मिलाउन सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९(छ) बमोजिम जारी भएको आदेश ।

नेपालको अन्तरिम संविधान, २०६३ को भाग-३ मौलिक हक अन्तर्गत धारा २७ मा 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ' भन्ने व्यवस्था रहेको छ । संविधान मुलुकको कानूनमध्ये मूल कानून भएकाले यस कानूनको परिपालना गर्नु गराउनु सबैको प्रथम कर्तव्य हुन आउँछ । विश्वव्यापीरुपमा लोकतन्त्रको मापन गर्ने एउटा सशक्त माध्यम सूचनाको हक हो । सुशासन, पारदर्शिता जवाफदेही शासन प्रणाली, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र नागरिक सशक्तिकरण जस्ता लोकतन्त्रका आधारभूत स्तम्भको प्राप्तिका लागि संविधानले निर्दिष्ट गरेको भावनालाई आत्मसात् गरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भएको प्रष्ट हुन्छ । उक्त ऐनको दफा ३ को उपदफा (२) मा 'प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहूँच हुनेछ' भन्ने व्यवस्था गरिएको छ । यसको प्रभावकारी प्रचलनबाटै मुलुकमा लोकतन्त्र सुदृढ हुँदै जाने र सुशासनको जग मजबूत हुँदै जाने कुरामा कुनै शंका छैन ।

मुलुकको विद्यमान संविधान र सूचनाको हकसम्बन्धी कानूनले नागरिकलाई प्रदान गरेको सूचनाको हकसम्बन्धी मौलिक हकको प्रभावकारी कार्यान्वयनका लागि राज्यभित्र विविध कानूनी औजारको व्यवस्था गरिएको छ । यस मध्ये सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ एउटा सशक्त कानूनी औजार हो । 'मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी जवाफदेही, पारदर्शि, समावेशी तथा जनसहभागितामूलक बनाई यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन,

कानूनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढंगबाट पाउने अवस्था श्रृजना गर्न, सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन र प्रशासन संयन्त्रलाई सेवाप्रदायक संयन्त्र तथा सहजकर्ताको रुपमा रुपान्तरण गरी मुलुकमा सुशासनको प्रत्याभूति दिने सम्बन्धमा कानुनी व्यवस्था गर्न वान्छनीय भएकाले, व्यवस्थापिका संसदले यो कानून बनाएको छ' भनी सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को प्रस्तावनामा उल्लेख भएको छ। ऐनको उल्लेखित प्रस्तावनाको भावना बमोजिम यस ऐनको विभिन्न परिच्छेद र दफामा सुशासन प्रबर्द्धन सम्बन्धी विविध व्यवस्था भएको पाईन्छ। यस ऐनको दफा २५ मा 'सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी कार्यालयले सबैले देख्ने ठाउँमा तोकिए बमोजिम नागरिक बडापत्र राख्नुपर्ने' कानूनी व्यवस्था छ। सोही ऐनमा नागरिक बडापत्रमा खुलाउनु पर्ने व्यहोरा, नागरिक बडापत्र बमोजिम काम गर्नु कार्यालय प्रमुख र कर्मचारीको कर्तव्य हुने, यस अनुसार काम नगर्ने उपर विभागीय कारबाही हुन सक्ने र यस बमोजिम काम नभई सेवाग्राहीलाई हानी नोक्सानी पुगेमा क्षतिपूर्ति समेत दिनुपर्ने कानूनी प्रावधानले नागरिक बडापत्रलाई दिईएको महत्व स्वत: मुखरित भएको छ। ऐ. नियमावलीको नियम नं. १४ मा नागरिक बडापत्रसम्बन्धी व्यवस्थामा क्षतिपूर्ति निर्धारण गर्ने समिति समेतको व्यवस्था गरिएको छ। यसै अनुरुप नेपाल सरकारले विभिन्न सरकारी निकायमा क्षतिपूर्ति सहितको नागरिक बडापत्र जारी गरेको कुरा पत्र-पत्रिकामा समाचारको रुपमा आएका छन्। यसरी विभिन्न सरकारी कार्यालयहरुले जारी गरेका नागरिक बडापत्रको एकीकृत संगालो प्रकाशन गरी प्रभावकारी ढंगले काम गर्नु पर्ने तर्फ प्रशासन सुधार सुझाव समितिको प्रतिवेदन, २०७० र प्रशासन सुधार कार्यान्वयन तथा अनुगमन समितिको प्रतिवेदन, २०७१ ले पनि इंगित गरेको पाईन्छ। केही जिल्लामा जिल्ला प्रशासन कार्यालय र प्रमुख जिल्ला अधिकारीहरुको स्वफूर्त प्रयासबाट यस्तो नागरिक बडापत्रको संगालो प्रकाशित भैरहेको समाचार पनि बेला बखतमा सार्वजनिक भैरहेको पाईएको छ। यसस्थितिमा प्रस्तुत कार्यलाई नेपालभरिका पचहत्तरै जिल्लामा एकरुपता र एकसाथ कार्यान्वयनमा ल्याउँदा नागरिकको सूचनाको हकको प्रचलनमा प्रभावकारिता आउने र सुशासन प्रबर्द्धन हुने महशुस गरिएको छ।

माथि उल्लेखित पृष्ठभूमि र विश्लेषणका आधारमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को मूल भावना र मर्मलाई आत्मसात गरी नागरिकलाई संविधान र कानुनले प्रदान गरेको सूचनाको हकको प्रभावकारी प्रचलनका लागि स्थानीय प्रशासन ऐन, २०२८ को दफा ५ मा 'जिल्लाको सामान्य प्रशासन संचालन गर्नको लागि प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहनेछ। नेपाल सरकारले सो कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रुपमा काम समेत गर्ने गरी प्रत्येक जिल्लामा एकजना प्रमुख जिल्ला अधिकारीको नियुक्ति गर्नेछ' भन्ने व्यवस्था बमोजिम सो कार्यालय र यस पदको प्रतिष्ठा र गरिमालाई मध्येनजर गर्दा जिल्ला स्तरीय कार्यालयबाट सूचना संकलन गर्न र उपलब्ध श्रोतको समन्वयात्मक परिचालन गरी जनतामा अधिकतम लाभ पुऱ्याउन प्रमुख जिल्ला अधिकारीको क्रियाशीलता सर्वाधिक महत्वपूर्ण हुने महशुस गरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ (छ) बमोजिम प्रमुख जिल्ला अधिकारी/जिल्ला प्रशासन कार्यालयहरुको नाममा तपसिल बमोजिमको आदेश गरिएको छ। साथै उक्त कार्यको लागि आवश्यक श्रोत, साधन र समन्वय गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामान्य प्रशासन मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, गृह मन्त्रालय र अर्थ मन्त्रालयका सचिवहरुको नाममा समेत आदेश गरिएको हुँदा आदेशको कार्यान्वयनको लागि आदेशको प्रतिलिपि सहित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामान्य प्रशासन मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, गृह मन्त्रालय र अर्थ मन्त्रालयका सचिव तथा पचहत्तरै जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारीलाई पठाउनू।

**तपसिल**

१. पचहत्तरै जिल्लाका प्रमुख जिल्ला अधिकारी/जिल्ला प्रशासन कार्यालयले आफ्नो जिल्लामा कार्यरत जिल्लास्तरीय सरकारी कार्यालयको आगामी ३ महिना भित्रमा अद्यावधिक गरिएको नागरिक बडापत्र संकलन गरी सोको संगालो प्रकाशित गर्नू। यस्तो संगालो आवश्यकतानुसार प्रत्येक आर्थिक वर्षमा परिमार्जित गरी निरन्तर प्रकाशित गर्ने प्रबन्ध गर्नू गराउनू।

२. यस्तो नागरिक बडापत्रको संगालो जिल्लाभित्रका सबै गाउँ विकास समितिको कार्यालय, नगरपालिका कार्यालय लगायत सर्वसाधारण नागरिकको सहज पहूँच पुग्ने पुस्तकालय, सामुदायिक भवन, गैर सरकारी संस्था र अन्य सार्वजनिक स्थानमा सर्वसाधारण नागरिकमा उपलब्ध हुने व्यवस्था गर्नू गराउनू।

३. यस्तो नागरिक बडापत्रको संगालो सबै जिल्लास्तरीय कार्यालयको वेभसाईटमा समेत राख्ने व्यवस्था मिलाउनू।

४. यस्तो नागरिक बडापत्र प्रकाशित भएपछि यस आयोगलाई पनि जानकारी दिनू।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २५ गते रोज २ शुभम्।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ३८०/२०७१/०७२**

**निर्णय नं.१२**

बाँके जिल्ला नेपालगन्ज उपमहानगरपालिका वार्ड नं.-२४ बस्ने बलबहादुर चन्द ..................१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख, नेपालगन्ज उपमहानगरपालिका कार्यालय, बाँके .......................................१ विपक्षी
सूचना अधिकारी, नेपालगन्ज उपमहानगरपालिका कार्यालय, बाँके ...................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

बाँके जिल्ला नेपालगन्ज उपमहानगरपालिका वार्ड नं.-२४ बस्ने बलबहादुर चन्दले नेपालगन्ज उपमहानगरपालिका कार्यालय, बाँके समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०१।२० मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी नेपालगन्ज उपमहानगरपालिका कार्यालय, बाँकेका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. यस उपमहानगरापालिका वार्ड नं. १ धम्बोभ्कीस्थित चन्द्रनाथ टोलमा निमार्णाधिन स्वास्थ्य केन्द्र निर्माणका लागि कति बजेट छुट्टाईएर खर्च गरिएको छ ? त्यसको लागत स्टिमेट कागजको प्रमाणित प्रतिलिपि र सो भवन निमार्णको लागि कहिले कसलाई ठेक्का दिइएको छ ? सो सम्झौता पत्रको प्रमाणित प्रतिलिपि ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २९ गते रोज ६ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ३७९/२०७१/०७२**

**निर्णय नं.१३**

बाँके जिल्ला नेपालगन्ज उपमहानगरपालिका वार्ड नं.-१६ बस्ने अर्जुनप्रसाद जेसी ..................१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख, नेपालगन्ज उपमहानरपालिका कार्यालय, बाँके .......................................१ विपक्षी
सूचना अधिकारी, नेपालगन्ज उपमहानरपालिका कार्यालय, बाँके .......................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

बाँके जिल्ला नेपालगन्ज उपमहानगरपालिका वार्ड नं.-१६ बस्ने अर्जुनप्रसाद जेसीले नेपालगन्ज उपमहानरपालिका कार्यालय, बाँके समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०१।२० मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी नेपालगन्ज उपमहानरपालिका कार्यालय, बाँकेका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. यस उप-महानगरपालिकाको धम्बोजिकस्थित चन्द्रनाथ टोलमा निर्माणाधिन स्वास्थ्य केन्द्र निर्माणका लागि कति बजेट खर्च गरेको छ ? त्यसको लागत स्टिमेट कागजको प्रमाणित प्रतिलिपि र सो भवन निर्माणको लागि कहिले कसलाई ठेक्का दिइएको छ ? सो सम्झौता पत्रको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २९ गते रोज ६ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

## मु.नं. ४५९/२०७१/०७२
## निर्णय नं.१४, १६-१९

बाँके जिल्ला गनापुर गा.वि.स. वार्ड नं. २ बस्ने नारायण पाल गडरिया ............................ १ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख, ............................................................................................. १ विपक्षी
सूचना अधिकारी, ........................................................................................... १
जयमंगल सिमेन्ट उद्योग कार्यालय गनापुर, बाँके
बाला जी कत्था उद्योग गनापुर, बाँके
वागेश्वरी आईरन स्टिल प्रा.लि. गनापुर, बाँके
खनाल रोजिन एण्ड टरपिनटाईन उद्योग गनापुर, बाँके
के एल दुगड ग्रुप उद्योग पार्वतीपुर, बाँके

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

बाँके जिल्ला गनापुर गा.वि.स. वार्ड नं. २ बस्ने नारायण पाल गडरियाले जयमंगल सिमेन्ट उद्योग कार्यालय गनापुर, बाँके समेत समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०३।२१ मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जयमंगल सिमेन्ट उद्योग कार्यालय गनापुर, बाँके समेतका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. यस उद्योगको जग्गाको क्षेत्रफल कति छ ? र यस उद्योगले उद्योग संचालन गर्दा कच्चा पदार्थ कहाँबाट ल्याउने गरेको छ ?
२. यो उद्योग कुन मितिमा दर्ता भएको हो ?
३. यस उद्योगमा मजदूर र कर्मचारी के कति जना छन् ? र कति तलब स्केलमा काम ज्याला तोकिएको छ ?
४. यस उद्योगबाट नेपाल सरकारको आन्तरिक राजश्व कर कुन कुन मितिमा चुक्ता गरिन्छ के के तिर्नु भएको छ ?
५. यस उद्योगबाट के कति ब्राण्डको सामाग्री उत्पादन हुन्छ र कुन दररेटमा बिक्री हुन्छ ?
६. यस उद्योगबाट फोहोर (वेष्टेज) पानी कहाँ र कसरी व्यवस्थापन गरिन्छ ?
७. यस उद्योगले के कति स्थानीय विकास निर्माणका कार्यमा सहयोग गरेको छ कि छैन ? छ भने कसलाई सहयोग गरेको छ ?
८. यस उद्योगबाट भविष्यका कर्णाधार स्थानीय युवाहरुले के कति धार्मिक, सांस्कृतिक जस्ता चेतनामूलक कार्यक्रममा सहयोग प्राप्त गरेका छन् वा छैनन् ?
९. यस उद्योगमा कार्यरत सि. एम. मैनेजर कानून ऐन बमोजिम कार्य गर्दै आएका छन् वा छैनन् ?

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २९ गते रोज ६ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ३८१/२०७१/०७२**
**निर्णय नं.१५**

बाँके जिल्ला नेपालगन्ज उपमहानगरपालिका वार्ड नं.-२२ बस्ने सुरजसिंह ठाकुर ..................१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख, मंगल प्रसाद उच्च माध्यमिक विद्यालय, नेपालगन्ज, बाँके ..........................१ विपक्षी

सूचना अधिकारी, मंगल प्रसाद उच्च माध्यमिक विद्यालय, नेपालगन्ज, बाँके .........................१

**विषय :- सूचना उपलब्ध गराउनू ।**

बाँके जिल्ला नेपालगन्ज उपमहानगरपालिका वार्ड नं.-२२ बस्ने सुरजसिंह ठाकुरले मंगल प्रसाद उच्च माध्यमिक विद्यालय, नेपालगन्ज, बाँके समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०१।२० मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी मंगल प्रसाद उच्च माध्यमिक विद्यालय, नेपालगन्ज, बाँकेका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. विद्यालयको मासिक आन्तरिक बजेट कति छ र सो बजेट कुन कुन ठाउँमा खर्च भएको छ ? सो को विवरण ।

२. यस विद्यालयबाट अपाङ्ग, दलित, जनजाति विद्यार्थी मध्ये कति जनालाई छात्रवृत्ति उपलब्ध भएको र एक जनालाई कति छात्रवृत्ति उपलब्ध भएको सो को विवरण ।

३. यो विद्यालयमा के सरकारी नियमानुसार कक्षा १ देखि १० सम्म विद्यार्थीहरुलाई प्राप्त हुने सेवासुविधाहरु नि:शुल्क छन् ?

४. यस विद्यालयको कार्यसमितिको नामावलीको विवरण ।

५. विद्यालयमा विद्यार्थीहरुका लागि शैक्षिक भ्रमणका लागि एक वर्षमा कति रकम आएको हुन्छ । सो को लिखित विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २९ गते रोज ६ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ३७०/२०७१/०७२**

**निर्णय नं.२०**

सन्धिखर्क नगरपालिका वार्ड नं.१, अर्घाखाची बस्ने मुक्तिनाथ भुसाल ..............................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, पश्चिमाञ्चल सडक डिभीजन कार्यालय नं. ५ शिवपुर, कपिलबस्तु ................१ विपक्षी

सूचना अधिकारी, पश्चिमाञ्चल सडक डिभीजन कार्यालय नं. ५ शिवपुर, कपिलबस्तु ..............१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

सन्धिखर्क नगरपालिका वार्ड नं. १, अर्घाखाची बस्ने मुक्तिनाथ भुसालले पश्चिमाञ्चल सडक डिभीजन कार्यालय नं. ५ शिवपुर, कपिलबस्तु समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०२।२० मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी पश्चिमाञ्चल सडक डिभीजन कार्यालय नं. ५ शिवपुर, कपिलबस्तुका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. गत आ.ब. २०७०।०७१ मा गोरुसिङे सन्धिखर्क सडकका लागि कति बजेट कुन प्रयोजनका लाग प्राप्त भएको थियो र कति रकम बराबरको काम सम्पन्न भएको थियो ? सो को प्रमाणित प्रतिलिपि ।

२. आ.ब. २०७०।०७१ मा डिभिजन प्रमख सहित कर्मचारीहरुको भ्रमण र अनुगमनमा कति कति रकम खर्च गरिएको थियो ? सो को प्रमाणित प्रतिलिपि ।

३. आ.ब २०७०।०७१ का उक्त कार्यालयेका स्टेशनरी, बिज्ञापन र पत्रपत्रिकामा कति रकम खर्च गरिएको थियो ? सोको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २९ गते रोज ६ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

## मु.नं. २६५/२०७१/०७२

## निर्णय नं. २२

नवलपरासी जिल्ला रामग्राम नगरपालिका ९ बस्ने परमेश्वर धरिकार ..............................१ निवेदक

**विरूद्ध**

प्रधानाध्यापक, श्री जनता निम्न माध्यमिक विद्यालय, रामग्राम न.पा, ९ जोकवार, नवलपरासी .....१ विपक्षी

**विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।**

नवलपरासी जिल्ला रामग्राम नगरपालिका ९ बस्ने परमेश्वर धरिकारले श्री जनता निम्न माध्यमिक विद्यालय, रामग्राम नगरपालिका, ९ जोकवार, नवलपरासी समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०१।०७ मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी श्री जनता निम्न माध्यमिक विद्यालय, रामग्राम नगरपालिका, ९ जोकवार, नवलपरासीका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. २०६६।११।१० मा शिक्षक पदपूर्तिको लागि गरिएको सूचनाको प्रतिलिपि ।
२. नियुक्ति भएका शिक्षकहरुको नियुक्ति पत्रको प्रतिलिपि ।
३. नियुक्ति पाउँ भनी निवेदक परमेश्वर धरिकारले दिएको प्रतिलिपि ।
४. आदेदन फारमसाथ निवेदकले दिएको निवेदनको प्रतिलिपि ।
५. पी.सी.एफ. कोटा प्राप्त भएको प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत २०७२ साल साउन २९ गते रोज ६ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ३७०/२०७०/०७१**

**निर्णय नं. २३**

महोत्तरी जिल्ला, सुन्दरपूर गा.वि.स. वडा नं. ४ बस्ने राज किशोर शाह ..........................१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख, श्री जनता उच्च मा.वि.सुन्दरपुर, महोत्तरी ........................................१ प्रत्यर्थी
सूचना अधिकारी, श्री जनता उच्च मा.वि.सुन्दरपुर, महोत्तरी ........................................१

**विषय :- सूचना उपलब्ध नगराउने व्यक्ति उपर कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।**

महोत्तरी जिल्ला, सुन्दरपूर गा.वि.स. वडा नं. ४ बस्ने राज किशोर शाहले श्री जनता उच्च मा.वि.सुन्दरपुर, महोत्तरी समक्ष तपसिल बमोजिमका सूचना माग गर्दा सूचना उपलब्ध नगराएकोले सूचना उपलब्ध गराइपाउँ भनी यस आयोगमा मिति २०७०।१२।२१ मा निवेदन गरेकोमा सूचना उपलब्ध नगराएको भनी पुन: मिति २०७१।०५।०३ मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलमा उल्लेखित सूचनाहरू निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई सोको जानकारी यस आयोगलाई दिनू भनी श्री जनता उच्च मा.वि.सुन्दरपुर, महोत्तरीका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । साथै यस पूर्व आयोगबाट जारी भएको आदेश कार्यान्वयन नहुनुको कारण समेत पेश गर्न आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. त्यस श्री जनता मा.वि.ले पछिल्लो पटक कहिले विद्यालय व्यवस्थापन समिति गठन गरेको थियो ? विद्यालय व्यवस्थापन समिति गठन गरेको मिति, पदाधिकारी एवं उक्त व्यवस्थापन समिति निर्वाचनबाट चयन गरिएको भए सोको प्रमाण देखिने सम्पूर्ण कागजातहरुको प्रमाणित प्रतिलिपि ।

२. श्री जनता मा.वि. को साविकको साखु काठ र खपडाको छाना भएको भवन भत्काई सोही स्थानमा अर्को ४ कोठाको पक्की घर निमार्ण गरिएकोमा उक्त साविकको घर भत्काउँदा त्यसबाट प्राप्त खपडा र काठ के गरियो? सोको प्रमाणित जानकारी । यदि विक्रि गरेको भए सोका लागि आह्वान भएको टेण्डर एवं डाँक बढाबढको प्रमाणित प्रतिलिपि ।

३. त्यस जनता मा.वि. परिसरका २५ वटा भिक्सका रुखहरु पनि कटान गरिएकोमा उक्त रुखबाट प्राप्त काठ के गरियो ? सोको प्रमाणित जानकारी । यदि विक्री गरेको भए सोका लागि आह्वान भएको टेण्डर एवं डाँक बढाबढको प्रमाणित प्रतिलिपि ।

४. तपसिलको २ बमोजिम पक्की घर निर्माण गर्दा त्यस विद्यालयबाट आह्वान भएको टेण्डर एवं डाँक बढाबढको प्रमाणित प्रतिलिपि ।

५. त्यस विद्यालयमा विरेन्द्र यादव, अजय यादव लगायत जम्मा जना ६ शिक्षकको एकैपटक भएको नियुक्तिका प्रक्रियामा अवलम्बन गरिएको सूचना प्रकाशन, आवेदन फारम, निज शिक्षकहरुको अन्तर्वार्ता तथा अन्य परीक्षणमा प्राप्त

गरेको प्राप्तांक लगायत निजहरुले त्यस विद्यालयमा पेश गरेको शिक्षक अनुमतिपत्र (लाइसेन्स)को प्रमाणित प्रतिलिपिका साथै निजहरुले उक्त लाइसेन्स त्यस विद्यालयमा दाखिला गर्नुभएको मिति सम्बन्धी प्रमाणित विवरण ।

६. त्यस जनता मा.वि. को स्वामित्वमा रहेको पोखरी आ.व. २०६९/०७० मा ठेक्कामा दिएको पट्टा कागजको प्रमाणित प्रतिलिपि ।

७. त्यस जनता मा.वि. को चर्पी निर्माण गर्दा त्यस विद्यालयबाट आह्वान भएको टेण्डर एवं डाँक बढाबढको प्रमाणित प्रतिलिपि ।

८. त्यस जनता मा.वि. ले आ.व. २०६६/०६७ मा विद्यालयमा उच्च मा.वि. सञ्चालन गर्ने भनी सुन्दरपूर गा.वि.स. को कार्यालयबाट रु. १०,००,०००।- (दस लाख रुपैँया मात्र) लिएको भन्ने थाहा हुन आएकाले उच्च मा.वि. सञ्चालनका लागि सम्बन्धित महोत्तरी जिल्ला शिक्षा कार्यालय एवं उच्च माध्यमिक शिक्षा परिषद्बाट लिएको स्वीकृति पत्र एवं सम्बन्धन पत्रको प्रमाणित प्रतिलिपि विवरण ।

९. त्यस जनता मा.वि. ले विगत तीन आ.व. मा त्यस विद्यालयमा अध्ययन गर्ने दलित छात्र छात्राहरुलाई वितरण गरेको छात्रवृत्ति रकमको कूल रकमको प्रमाणित विवरणका साथै उक्त छात्रवृत्ति बुझिलिएका छात्र, छात्राको विवरण ।

१०. तपसिलको २ बमोजिम पक्की घर निर्माण गर्दा प्रयोग भएको इँटा, सिमेन्ट लगायतको सामाग्रीको गुणस्तर प्रमाणित भएको कागजातहरुको प्रमाणित प्रतिलिपि ।

११. त्यस जनता मा.वि. का प्रधानाध्यापक शिवशरण यादवको कार्यकालमा त्यस विद्यालयलाई प्राप्त अनुदान एवं आयस्रोत रकमसम्बन्धी विवरण एवं सोसँग सम्बन्धित कागजातहरुको प्रमाणित प्रतिलिपि ।

१२. त्यस जनता मा. वि. का सबै प्रचलित बैंक खाताको विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २९ गते रोज ६ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ४६०/२०७१/०७२**

**निर्णय नं २५**

बाँके जिल्ला गनापुर गा.वि.स. वार्ड नं. २ बस्ने नारायण पाल गडरिया ............................१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख, आर्दश उच्च मा.वि. राँझा बाँके ..................................................१ विपक्षी

सूचना अधिकारी, आर्दश उच्च मा.वि. राँझा बाँके ..................................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

बाँके जिल्ला गनापुर गा.वि.स. वार्ड नं. २ बस्ने नारायण पाल गडरियाले आर्दश उच्च मा.वि. राँझा बाँके समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०३।२१ मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी आर्दश उच्च मा.वि. राँझा बाँकेका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. त्यस विद्यालयको कति वटा सटर भाडामा दिइएको छ, कसरी दिइएको त्यसको सम्झौताको प्रमाणित प्रतिलिपि ।

२. त्यस विद्यालयको नाममा कति जग्गा छ, कहाँ छ त्यसबाट केही आम्दानी भएको छ छैन ? छ भने हालसम्म कति भएको सो को विवरण ।

३. त्यस विद्यालयको भाडामा रहेको सटरबाट आर्थिक वर्ष २०७०।०७१ मा कति रकम संकलन भएको छ ? सो को प्रमाणित प्रतिलिपि ।

४. सो विद्यालयमा जम्मा कति जना शिक्षक र विद्यार्थी संख्या छ सो को विवरण पाउँ ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २९ गते रोज ६ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ४६२/२०७१/०७२**

**निर्णय नम्बर २६**

रौतहट जिल्ला पचरुखी गा.वि.स. वडा नं. ८ हाल गौर नगरपालिका वडा नं. ४ बस्ने वर्ष ४४ को शैलेन्द्र झा ..................................................................................१ पुनरावेदक

**विरूद्ध**

स्थानीय विकास अधिकारी, जिल्ला विकास अधिकारी, रौतहट .....................................१ विपक्षी

सूचना अधिकारी, जिल्ला विकास अधिकारी, रौतहट ..................................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

रौतहट जिल्ला पचरुखी गा.वि.स. वडा नं. ८ हाल गौर नगरपालिका वडा नं. ४ बस्ने वर्ष ४४ को शैलेन्द्र झाले जिल्ला विकास अधिकारी, रौतहट समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०३।३१ मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला विकास अधिकारी, रौतहटका स्थानीय विकास अधिकारी र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. आ.व. २०७१।९७२ को विकास बजेट कुन कुन योजनामा कति खर्च भएको वा सम्झौता भएको सूचना ।
२. आ.व. २०७१।०७२ मा प्रशासनिक खर्च शीर्षकमा के कति खर्च भएको हो सो को विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल श्रावण २९ गते रोज ६ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ३३३/२०७१/०७२**
**निर्णय नं. २७**

जिल्ला काठमाडौं नगरपालिका चन्द्रागिरी वडा नं. १७ बलम्बु बस्ने वर्ष ३८ को सञ्जय देव महर्जन .........१ निवेदक

**विरूद्ध**

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), चन्द्रागिरी नगरपालिकाको कार्यालय, बलम्बु, काठमाडौं ....१ विपक्षी

सूचना अधिकारी, चन्द्रागिरी नगरपालिकाको कार्यालय, बलम्बु, काठमाडौं ...........................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला काठमाडौं नगरपालिका चन्द्रागिरी वडा नं. १७ बलम्बु बस्ने वर्ष ३८ को सञ्जय देव महर्जनले चन्द्रागिरी नगरपालिकाको कार्यालय, बलम्बु, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१२।०८ मा निवेदन गरेकोमा माग बमोजिमको सूचना उपलब्ध नगराएको भनी पुन: मिति २०७२।०४।२० मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी चन्द्रागिरी नगरपालिकाको कार्यालय, बलम्बु, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. नगरपालिका घोषणा भएर कार्यालय स्थापनार्थ अहिलेसम्म कार्यालय प्रयोजनको लागि के  कस्ता कुन कुन सामग्री खरिद गरिएको छ ? भन्ने विवरणको प्रमाणित प्रतिलिपि ।

२. यदि सामान गरिएको छ  भने त्यसको लागको विवरण बील भैचरको फोटोकपीसहितको प्रमाणित प्रतिलिपि ।

३. कार्यालय प्रयोजनको लागि विभिन्न आवश्यक सामानहरु छापिएको भए कुन मितिको टेण्डर आव्हानबाट र टेण्डर कुन संस्था वा व्यक्तिलाई परेर छपाईएको हो ? सोको जानकारी सहितको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २९ गते रोज ६ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ३०१/२०७१/०७२**

**निर्णय नं. २८**

बारा जिल्ला, कलैया नगरपालिका वडा नं. १० बस्ने निवेश कुमार तिमिल्सिना .................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, श्री जिल्ला जनस्वास्थ्य कार्यालय, बारा ..............................................१ विपक्षी

सूचना अधिकारी, श्री जिल्ला जनस्वास्थ्य कार्यालय, बारा ............................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

बारा जिल्ला, कलैया नगरपालिका वडा नं. १० बस्ने निवेश कुमार तिमिल्सिनाले श्री जिल्ला जनस्वास्थ्य कार्यालय, बारा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।४।२४ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी श्री जिल्ला जनस्वास्थ्य कार्यालय, बाराका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. जिल्ला जनस्वास्थ्य कार्यालय बाराले २०७१ साउनदेखि २०७२ असार १५ गतेसम्म सूचना प्रकाशन गर्न सूचना दिएको बिवरण ।

२. सूचनाको विषय, सूचना प्रकाशन मिति, सूचना प्रकाशन वापत भुक्तानी गरेको रकम भुक्तानी मिति ।

३. सूचना प्रकाशन गर्न आदेश दिन अधिकारीको नाम ।

४. आर्थिक वर्ष २०७१/२०७२ मा सूचना प्रकाशनका लागि छुट्टायाइएको कुल बजेट रकम कति रहेको र सो मा खर्च भई असार १५ गतेसम्ममा कति बाँकी रहेको ?

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २९ गते रोज ६ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. २९९/२०७२/०७३**
**निर्णय नं. २९**

दोलखा जिल्ला जिरी नगरपालिका-९ साविक ठूलोपातल गाउँ विकास समिति वडा नं. ३ बस्ने

विश्वनीति प्रकाशमान सिंह पाखिन ........................................................................१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख, खानेपानी तथा ढल निकास विभाग पानीपोखरी, काठमाडौं ..............................१ विपक्षी

सूचना अधिकारी, खानेपानी तथा ढल निकास विभाग पानीपोखरी, काठमाडौं ......................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

दोलखा जिल्ला जिरी नगरपालिका-९ साविक ठूलोपातल गाउँ विकास समिति वडा नं. ३ बस्ने विश्वनीति प्रकाशमान सिंह पाखिनले खानेपानी तथा ढल निकास विभाग पानीपोखरी, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०४।१८ मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी खानेपानी तथा ढल निकास विभाग पानीपोखरी, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. नेपाल सरकारको खरिद विक्रि ऐन अनुसार आ.व. ०७१।०७२ को वार्षिक कार्यक्रमले खानेपानी विभागको जिन्सी एवम् अन्य सामान खरिद कार्य के कति भएको छ ? सो को विवरण ।
२. आ.व. ०६६।०६७ देखि आ.व. ०७१।०७२ सम्मको म.ले.प. र आ.ले.प. प्रतिवेदन ।
३. मिति २०६८ देखि २०७१ सम्मको सवारी लकबुक विवरण ।
४. मिति २०६८ देखि २०७१ सम्मको मासिक र वार्षिक खर्च फाँटवारी विवरण ।
५. खानेपानी डिभिजन कार्यालय दोलखा मार्फत प्रक्रिया पुरा गरी गत आ.व. ०७१।०७२ मा भीमेश्वर चरिकोट बजारमा खानेपानी आपूर्ति गर्ने गरी सहलगानी आयोजना स्वीकृत गरी पाऊँ भनी पेश गरेको परियोजना बारे हालसम्म कार्यान्वयन प्रक्रियामा के कति प्रगति भएको छ, सो को जानकारी ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २९ गते रोज ६ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

## मु.नं. ३५६/२०७१/०७२
## निर्णय नं. ३०

सुनसरी जिल्ला इटहरी वडा नं. ५ बस्ने विष्णु प्रसाद ढकाल ........................................१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख, इटहरी उप-महानगरपालिका ........................................................१ विपक्षी

सूचना अधिकारी, इटहरी उप-महानगरपालिका ........................................................१

**विषय :- माग बमोजिमको सूचना दिनू ।**

सुनसरी जिल्ला इटहरी वडा नं. ५ बस्ने विष्णु प्रसाद ढकालले इटहरी उप-महानगरपालिका समक्ष तपसिल बमोजिमका सूचना माग गर्दा सूचना उपलब्ध नगराएकोले सूचना उपलब्ध गराइपाउँ भनी यस आयोगमा मिति २०७०।१२।२१ मा निवेदन गरेकोमा सूचना उपलब्ध नगराएको भनी पुन: मिति २०७२।०४।१८ मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलमा उल्लेखित सूचनाहरू निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई सोको जानकारी यस आयोगलाई दिनू भनी इटहरी उप-महानगरपालिकाका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. आ.ब. २०५०।०५१ सालदेखि चालु आ.ब. २०७१।०७२ को माघ मसान्तसम्ममा त्यस कार्यालयबाट कुन-कुन संघ संस्था संघ संस्था, फर्म, व्यक्ति, राजनैतिक दलहरुले कुन-कुन कार्यक्रम वा प्रयोजनका लागि पेश्की वा रकम निकासा पाएका थिए सो को प्रमाणित विवरण ।

२. आ.ब. २०७०।०७१ को अन्तिम लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।

३. आ.ब. २०५०।५१ देखि चालु आ.ब. २०७१।०७२ को माघ मसान्त सम्ममा त्यस कार्यालयबाट पेश्की लाने व्यक्ति, फर्म, संघ संस्था, राजनैतिक दलले पेश्की फछ्र्यौट गरे सो को नामावली सहितको विवरण तथा हाल सम्म पनि पेश्की फछ्र्यौट नगर्ने संघ संस्था, फर्म, व्यक्ति, राजनैतिक दलको पेश्की रकम सहितको प्रमाणित विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २९ गते रोज ६ शुभम्

# राष्ट्रिय सूचना आयोग
## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना
## आदेश
## मु.नं. २७१/२०७१/०७२
## निर्णय नं.३२

बझाङ्ग जिल्ला रायल गा.वि.स. वाड नं. २ चौडाम घर भई हाल काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका वडा नं. १३ बस्ने वर्ष ३५ को रतन भण्डारी ......................................१ पुनरावेदक

**विरुद्ध**

काठमाडौं जिल्ला महानगरपालिका वडा नं. १० बिजुलीबजारस्थित नेपाल सरकार, ऊर्जा मन्त्रालय, विद्युत विकास विभाग, पञ्चेश्वर बहुउद्देश्य आयोजनाका आयोजना प्रमुख ..........................१ विपक्षी

**विषय: पञ्चेश्वर विकास प्राधिकरणको विधान उपलब्ध गराउनू ।**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० बमोजिम यस आयोगमा दायर भएको प्रस्तुत पुनरावेदनको तथ्य तथा यस आयोगको ठहर/निर्णय यस प्रकार छ ।

१. निवेदक रतन भण्डारीले पञ्चेश्वर विकास प्राधिकरणको विधान र वातावरणीय प्रभाव मूल्यांकन अध्ययन प्रतिवेदनको प्रमाणित प्रतिलिपि पाउन पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाका सूचना अधिकारीसँग मिति २०७१/०९/२८ मा सूचना माग गरेको ।

२. पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाबाट सो सूचना उपलब्ध गराउने सम्बन्धमा पञ्चेश्वर विकास प्राधिकरणको विधान दुई देश बीचको सहमति विना सार्वजनिक गर्न नमिल्ने कुरा उक्त विधानमा नै उल्लेख भएकोले प्रतिलिपि उपलब्ध गराउन नसकिने र आयोजनाको बातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनको प्रमाणित प्रतिलिपि दस्तुर दाखिला गरे पश्चात् उपलब्ध गराइने भन्ने जवाफ स्वयं आयोजना प्रमुखले मिति २०७१/१०/०४ मा निवेदकलाई दिईएको ।

३. पुनरावेदक रतन भण्डारीले म पुनरावेदक सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ बमोजिम सूचना नदिएका कारण सो उपर चित्त नबुझेर यो पुनरावेदन लिई उपस्थित भएको छु भनी आयोगमा २०७१/१०/०६ मा पुनरावेदन दर्ता भएको ।

४. पुनरावेदकले आफ्नो पुनरावेदनमा निम्न जिकिर लिएको देखिन्छ :

(क) सर्वप्रथम म पुनरावेदक नेपालको प्राकृतिक स्रोत र जलसम्पदाको उपयोग राष्ट्र र जनताको हितमा हुनुपर्दछ भन्ने मान्यता सहित विगत डेढदशकदेखि यस अभियानमा सक्रिय रहँदै आएको सचेत नेपाली नागरिक हुँ । यसै सन्दर्भमा मैले नेपाल तथा भारत सरकारबीच पछिल्लो पटक हस्ताक्षर भएको पञ्चेश्वर विकास प्राधिकरणको विधानका साथै पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको आधिकारिक प्रतिलिपि अध्ययन अनुसन्धानका लागि उपलब्ध गराइ पाउँ भनी मिति २०७१ पुस २८ गतेका दिन निवेदन गरेको थिए ।

(ख) तर विपक्षी आयोजना प्रमुखले माग गरेको सूचना मध्ये वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन आवश्यक दस्तुर दाखिला गरी प्रतिलिपि उपलब्ध गराउने भने पनि पञ्चेश्वर विकास प्राधिकरणको विधानको प्रतिलिपि 'दुई देशबीचको सहमति विना' सार्वजनिक गर्न नमिल्ने भन्दै मलाई मिति २०७१/१०/०४ गते च.नं. १२२ को पत्रद्वारा जानकारी गराएकोले उक्त पत्र नै सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ९ को विरुद्ध भएको हुँदा ऐ.९(१) को म्यादभित्र यो पुनरावेदन-पत्र लिइ सम्मानित आयोगमा उपस्थित भएको छु । मेरा तथ्य र जीकिर बमोजिम इन्साफ पाउँ ।

(ग) नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३,४ र ऐ. नियमावली, २०६५ बमोजिम पञ्चेश्वर विकास प्राधिकरणको विधान सार्वजनिक गर्न नमिल्ने भन्नु संविधान र ऐन प्रदत्त नेपाली नागरिकको मौलिक हकको ठांडो उल्लंघन हो । एउटा राज्यको जिम्मेवार निकायले दुई देशबीच भएको कुनै पनि कागजात उपलब्ध गराउन सकिंदैन भन्न मिल्दैन, कानुनले तोकिदिएको दायित्व निर्वाह गर्नु विपक्षीको कर्तव्य हो ।

(घ) नेपाल-भारतबीच भएका जलस्रोत विकाससम्बन्धी सन्धि, सम्झौता तथा सहमति सम्बन्धी विगतमा सर्वोच्च अदालतमा परेको टनकपुर सम्झौतासम्बन्धी मुद्दामा अदालतको विशेष इजलाशबाट (बालकृष्ण न्यौपानेसमेत विरुद्ध प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासमेत ने. का. प. २०५४ अङ्क २, नि.नं. ६३१३ पृष्ठ ७८-७९) भएको फैसलामा

देशको प्राकृतिक स्रोत राष्ट्रिय सम्पदा भएको र यसको विकासका लागि कुनै अन्य देशसँग सन्धि वा सम्झौता गरेर वा कुनै सहमतिमा पुगेर श्री ५ को सरकारले कुनै अन्य दायित्व ग्रहण गर्न कबुल गर्छ भने त्यो दायित्व श्री ५ को सरकारको सम्बन्धित पदाधिकारी वा कुनै व्यक्ति विशेषको नभएर राष्ट्रिय दायित्व हुने र त्यसबाट पर्ने अनुकूल-प्रतिकूल असर र त्यसको लाभ वा हानी पूरै देशले बेहोर्नु पर्ने भएकोले राष्ट्रिय हक वा दायित्वको सिर्जना हुने यस्तो कुनै व्यवहारका सम्बन्धमा श्री ५ को सरकारसँग आवश्यक जानकारी माग्ने अधिकार नागरिकसँग रहेको भनी प्रष्टरुपमा व्याख्या भएको छ । त्यसैगरी गर्न नहुने तथा सरकारबाट गरिने सबै काम कारवाहीहरु, जसबाट पूरै राष्ट्रलाई वा सर्वसाधारण जनताको कुनै वर्ग वा समुदायलाई प्रत्यक्ष वा अप्रत्यक्षरुपमा असर पर्न सक्ने सार्वजनिक महत्वका विषयमा सरकारले अपनाएको नीति गरेका निर्णय र कामहरुको सम्बन्धमा जानकारी दिने सरकारको कर्तव्य भएको एवं त्यस्तो सूचना माग्ने र पाउने नागरिकको अधिकार हो भनी सर्वोच्च अदालतको मिति २०४९ कात्तिक १८ गतेको विशेष इजलाशले नेपाल-भारत संयुक्त आयोगको सहमति अभिलेखलाई गोप्य राख्नु पर्ने कुनै औचित्य छैन भन्ने ठहर गरी निवेदकले चाहेमा निजलाई सो अभिलेखको प्रतिलिपि दिन आदेश जारी गरेको छ । तर पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाका हकमा नेपाल-भारतबीच हस्ताक्षर भएको पञ्चेश्वर प्राधिकरणको विधान दुई देशको सहमति विना सार्वजनिक गर्न नमिल्ने विपक्षीको भनाईबाट विपक्षीले संविधान, प्रचलित कानुन तथा सर्वोच्च अदालतका यस अघिका फैसलाद्वारा स्थापित मूल्य, मान्यता र नजीरहरुको समेत उल्लंघन गरेको हुँदा विपक्षीका नाममा तुरुन्त पुनरावेदकलाई निवेदनमा माग गरेबमोजिमको कागजातको पूर्ण एवं आधिकारिक प्रतिलिपि उपलब्ध गराउनु भन्ने आदेश गरी पाउँ ।

५. पुनरावेदकको पुनरावेदन आयोगमा प्राप्त भएपछि आयोगले पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाका आयोजना प्रमुखलाई मिति २०७१/१२/०८ मा बोलाई छलफल गरेको र उक्त आयोजनाका प्रमुखलाई मिति २०७१/१२/१७ को पत्रद्वारा निवेदकले माग गरेको सूचनाका सम्बन्धमा दुई देश बीचको सहमति विना सार्वजनिक गर्न नमिल्ने भन्ने सम्बन्धमा उक्त सूचना किन दिन नमिल्ने सो को लिखित जवाफ ७ दिन भित्र आयोगमा पठाउन लेखी गएको ।

६. शारदा बराज, टनकपुर बराज तथा पञ्चेश्वर बहुउद्देश्यीय आयोजना लगायत महाकाली नदीको एकीकृत विकासका सम्बन्धमा नेपाल-भारत बीच २०५२/१०/२ (Feb. 12,1996) मा सन्धि सम्पन्न भएको थियो । सो सन्धिको धारा १० मा रहेको "Both the parties may form project specific joint entities for the development, execution and operation of new projects including pancheshwar Multipurpose project in the mahakali River for their mutual benefit ." भन्ने व्यवस्था बमोजिम August 03,2014 मा दुई देशका अधिकार प्राप्त अधिकारीहरुबाट पञ्चेश्वर विकास प्राधिकरण (Pancheshwar Development Authority, PDA) को Terms या Reference स्वीकृत भएको हो । यसरी स्वीकृत भई पञ्चेश्वर विकास प्राधिकरणको गठन भएको हो भने 22-23 September,2014 मा Authority काठमाडौंमा सम्पन्न PDA को Governing Body को पहिलो बैठकबाट PDA को विधान स्वीकृत भएको हो । स्वीकृत विधानको धारा ६.५ मा Authority ले आफूसँग भएको कुनै पनि प्रकारका सूचनाहरु कुनै पनि प्रयोजनका लागि दुई देशको सहमति विना तेस्रो पक्षलाई उपलब्ध नगराउने भनी व्यवस्था गरेको र पञ्चेश्वर विकास प्राधिकरण नेपाल-भारत दुई देशको द्वि-पक्षीय स्वतन्त्र स्वायत्त निकाय (Entity) हो । यस अर्थमा धारा ६.५ को प्रावधान कार्यान्वयनमा आईसकेको अवस्थामा PDA को विधान स्वत: उक्त निकायको स्वामित्व भित्र परिसकेको हुँदा यस सम्बन्धमा कुनै एउटा देशको मात्र कानुनी व्यवस्था आकर्षित नहुने हुँदा अर्को देशको सहमति बेगर निवेदकको माग बमोजिमको कागजात उपलब्ध गराउन नसकिने भन्ने समेत व्यहोराको विपक्षी पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको मिति २०७१/१२/३०, च.नं २०२ को पत्रद्वारा यस आयोगमा पेश गरेको लिखित जवाफ ।

**आयोगको ठहर**

अब निर्णयतर्फ विचार गर्दा उपरोक्त बमोजिम तथ्यहरु भएको प्रस्तुत विवादमा निम्न प्रश्नहरु निरुपण हुनुपर्ने देखिन्छ :

(क) पञ्चेश्वर विकास प्राधिकरणको विधान दूई देशबीचको सहमति विना सार्वजनिक गर्न नमिल्ने विपक्षीको जिकिर नेपालको अन्तरिम संविधान र प्रचलित कानुनी व्यवस्था अनुकूल वा प्रतिकुल के छ ?

(ख) दूई देश बीचको बैठकबाट स्वीकृत पञ्चेश्वर विकास प्राधिकरणको विधानको धारा ६.५ मा प्राधिकरणले आफूसँग भएको कुनै पनि प्रकारका सूचनाहरु कुनै पनि प्रयोजनका लागि दुई देशको सहमति विना तेश्रो पक्षलाई उपलब्ध नगराउने भनी व्यवस्था गरेको भन्ने विपक्षीको भनाईले विधानको प्रतिलिपि पनि दिन नमिल्ने भन्ने बुझिन्छ वा बुझिन्न ?

(ग) नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ र सूचनाको हकसम्बन्धी ऐनको दफा ३ र ४ बमोजिम सूचना पाउनु पर्ने पुनरावेदकको दावी उपयुक्त छ छैन ?

(घ) एउटा राज्यको जिम्मेवार निकायले दुई देशबीच भएको कुनै पनि कागजात उपलब्ध गराउन सकिदैन भन्न मिल्दैन भन्ने पुनरावेदकको प्रतिवाद सत्य हो होईन ?

(ङ) दुई देशबीच हुने संन्धी संझौताको दायित्व राष्ट्रमा पर्ने र त्यसको असर नागरिकमा पर्ने हुँदा ती सूचनामा नागरिकको पहूँच हुनुपर्छ भन्ने पुनरावेदकको जिकिर कानुन सम्मत छ छैन ?

माथि प्रकरण (क) मा उल्लेखित विधान दूई देशबीचको सहमति विना सार्वजनिक गर्न सकिन्न भन्ने विषय सामान्यत: ठीकै जस्तो अनुभूति हुन्छ । तर दुवै देशको संविधान र कानूनको व्यवस्था के छ भनी गहिरिएर अध्ययन गरेपछि मात्रै कुनै टुङ्गोमा पुग्न सकिने हुन्छ । नेपालको अन्तरिम संविधानको भाग-३ को मौलिक हकको धारा २७ मा 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ' भन्ने व्यवस्था छ । संविधान मूलुकको मूल कानुन हो । यससँग बाझिएका कानुनहरु बाझिएको हदसम्म अमान्य हुने संवैधानिक व्यवस्था छ । यसमा विपक्षी आयोजनाले प्रस्तुत विषय सार्वजनिक सरोकारको विषय होइन भन्न सकेको देखिदैन । साथै यसरी दूई देशबीचको सहमतिविना सार्वजनिक गर्न नमिल्ने प्रावधान नेपालको कुन कानुन अनुसार समावेश गरिएको हो भन्ने कुरा पनि विपक्षी आयोजनाले प्रस्तुत गर्न सकेको छैन । यस हिसाबले सूचना दिन कानुनले बाधा पुऱ्याएको देखिएन ।

प्रकरण (ख) मा उल्लेखित विधानको ६.५ मा प्राधिकरणले आफूसँग भएको कुनै पनि प्रकारको सूचना तेश्रो पक्षलाई उपलब्ध गराउन नमिल्ने व्यवस्था गरिएको भन्ने सन्दर्भमा विश्लेषण गर्दा के कस्ता सूचना दिन मिल्ने र के कस्ता सूचना दिन नमिल्ने भनी यकिन गरेको बुझिन आएन । सामान्यत: कुनै पनि सूचना सार्वजनिक नगर्ने भन्ने हुनै सक्तैन । तत् निकाय सम्बन्धी सार्वजनिक सूचना, तत् निकायले गर्ने पत्राचार, तत् निकायले तेश्रो पक्षसँग गर्ने सहकार्य जस्ता विषय गोप्य रहन सक्ने विषय होइन । यसर्थ विषय-वस्तुको गंभिरतालाई समेत मनन् गरी केही दस्तावेज केही समयका लागि वा कुनै विषय निर्णयमा नपुगुन्जेल प्रक्रियामै रहेका बखत वा केही सूचना निश्चित उच्च पदाधिकारीको मात्रै पहुँचमा रहने गरी खास समयका लागि संरक्षण गर्नुपर्ने हुन सक्तछ । तर शतप्रतिशत विवरण नै गोप्य हुने कुरामा कुनै पनि किसिमले सहमत हुन सकिन्न । अर्को ढंगले हेर्दा विधान स्वंयमा गोप्य रहने दस्तावेज होईन । निजी क्षेत्रले विधान कै आधारमा कम्पनी दर्ता गर्नुपर्ने हुन्छ । विधानबाटै कुनै पनि संस्थाले समाजमा आफ्नो पहिचान स्थापित गर्छ । यसर्थ सम्पूर्ण सूचना गोप्य रहन्छ र त्यो अन्तर्गत विधान पनि पर्छ भन्ने तर्कसँग सहमत हुने ठाँउ नै छैन ।

प्रकरण (ग) मा उल्लेखित नेपालको संविधानको धारा २७ को प्रत्येक नागरिकलाई सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ भन्ने संवैधानिक हकका अगाडि कुनै दस्तावेजमा गोपनीयताको दफा राख्दैमा नागरिकको मौलिक हक निस्तेज हुने कुरा कल्पनासम्म पनि गर्न सकिन्न । सार्वभौम मुलुकका सार्वभौम नागरिकले आफू सार्वभौम नागरिक हुँ भन्ने अनुभूति गर्न पाउने हक सूचनाको हकले प्रदान गरेकाले संविधान बमोजिम मागकर्ताले सूचना पाउने नै देखिन्छ । साथै सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई सूचनाको हक हुने व्यवस्था छ । ऐ. दफाको उपदफा (२) मा प्रत्येक नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहूँच हुनेछ भन्ने व्यवस्था छ । ऐ. दफाको उपदफा (३) मा विभिन्न ५ वटा विषयका सूचना प्रवाह गरिने छैन भनिएकोमा विपक्षी आयोजनाले मैले सूचना दिन इन्कार गरेको विषय सोही उपदफा भित्र पर्छ भन्ने जिकिर गरेको पनि देखिदैन । सो आयोजनाबाट यसको जिकिर लिइएको भएता पनि आयोगबाट विधानको प्रतिलिपि निवेदकलाई उपलब्ध गराउँदैमा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पर्छ भन्ने कुरामा आयोग सहमत हुन सकेन ।

प्रकरण (घ) मा दुईदेश बीचको सन्धि संझौता नागरिकलाई उपलब्ध गराउन सकिएन भन्ने विपक्षी आयोजनाको जिकिर तर्फ विश्लेषण गर्दा नेपालको अन्तरिम संविधानको धारा १५६ को सन्धि वा संझौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन कानुनद्वारा निर्धारण भए बमोजिम हुने छ । सो धारामा शान्ति र मैत्री, सुरक्षा एवं सामाजिक सम्बन्ध, नेपालको सिमाना र प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाड सम्बन्धी सन्धि वा संझौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनको व्यवस्था गर्ने कानुन निर्माण गर्दा व्यवस्थापिका संसदको दुई तिहाई बहुमतले पारित गर्ने प्रावधान राख्नु पर्ने कुरा संविधानमा स्पष्ट गरिएको छ । साथै संविधानको यसै धाराको उपधारा (३) मा 'यो संविधान प्रारम्भ भएपछि हुने कुनै सन्धि वा सम्झौता यस धारा बमोजिम अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन नभएसम्म नेपाल सरकार वा नेपाल राज्यको हकमा लागू भएको मानिने छैन' भन्ने व्यवस्था छ । यसर्थ प्रस्तुत दूई देशबीचको ...22-23 September, 2014 मा काठमाडौंमा सम्पन्न PDA को Governing Body को पहिलो बैठकबाट विधान स्वीकृत भएको हो' भनी विपक्षी आयोजनाले आयोगमा लिखित जानकारी गराएको पत्रका आधारमा यो विषय सार्वभौम जनताको प्रतिनिधि रहेको व्यवस्थापिका संसद र सो मार्फत आम नेपालीले जानकारी पाउने विषय भएको स्वत: सिद्ध हुन आउँछ । साथै नेपाल सन्धि ऐन, २०४७ को दफा २ को खण्ड 'क' मा 'सन्धि' भन्नाले दुई वा दुई भन्दा बढी राज्यहरु वा कुनै राज्य अन्तर सरकारी संगठनवीच लिखित रुपमा सम्पन्न भएको सम्झौता सम्झनु पर्छ र सो शव्दले यसै प्रकृतिको जुनसुकै नामाकरण गरिएको लिखत समेतलाई जनाउँछ भन्ने लेखिएको छ । साथै उक्त ऐनको, दफा १० मा नेपाल सरकारले स्वीकार गरी लागू गरेको सन्धिहरुको सूचना संविधानसभा व्यवस्थापिका-संसद बसेको एक महिना भित्र जानकारीको लागि

संविधानसभा व्यवस्थापिका-संसदमा पेश गर्नुपर्ने व्यवस्था उल्लेख रहेको छ । यसरी सन्धि ऐनका प्रावधानहरुलाई विश्लेषण गर्दा पनि स्वत: जनताको जानकारीमा पुग्ने दस्तावेज भन्ने बुझिन्छ ।

प्रकरण (ङ) मा दुई देशबीच हुने सन्धि संझौताको दायित्व राष्ट्रमा पर्ने र त्यसको असर नागरिकमा पर्ने हुँदा ती सूचनामा नागरिकको पहुँच हुनुपर्छ भन्ने पुनरावेदन जिकिर कानून सम्मत छ छैन भन्ने तर्फ विचार गर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ ले प्रत्येक नेपाली नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्न पाउने छ भनी सबै नागरिकलाई सार्वजनिक सरोकारको सूचनामा पहुँच हुने कुरालाई सुनिश्चितता प्रदान गरी मौलिक हकको रुपमा स्वीकार गरेको छ । त्यसैगरी धारा १५६ ले सन्धि वा सम्झौताको अनुमोदन, स्वीकृति वा समर्थन सम्बन्धी व्यवस्था गरेको र राज्यको तर्फबाट गरिने सन्धि सम्झौतामा जनताका प्रतिनिधिहरुबाट स्वीकृत हुनुपर्ने व्यवस्थाको समेत सुनिश्चितता गरेको छ । त्यसैगरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) मा प्रवाह नगरिने पाँच वटा सूचनाहरु बाहेक अन्य सबै सूचनाहरुमा नेपाली नागरिकहरुको पहुँच हुने कुरा सुनिश्चित गरेको छ । यी संवैधानिक तथा कानूनी व्यवस्थाले सार्वजनिक सरोकारको विषयको सूचनामा नेपाली नागरिकको पहुँच हुने र राज्यले पक्ष भई गरेको कुनै पनि सन्धि सम्झौताको पालना गर्नु नागरिकको दायित्व समेत हुने हुँदा उक्त दायित्व वहन गर्नेले के दायित्व मेरो काँधमा आई परेको छ भन्ने जान्ने र थाहाँ पाउने हकबाट वञ्चित भएर सो दायित्व निर्वाह गर्न सक्ने अवस्था देखिदैन । नागरिकले आफ्नो कर्तव्य तथा दायित्व वहन गर्न राज्य पक्ष भई गरेका सन्धि सम्झौताको बारेमा जानकारी लिन पाउने कुराको हक सम्मानित सर्वोच्च अदालतबाट रिट निवेदक बालकृष्ण न्यौपाने विरुद्ध तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला समेत भएको टनकपुर सम्झौताको सम्बन्धमा गरिएको फैसला लगायत अन्य कैयौ फैसलाबाट पनि स्थापित भएका छन् । यसर्थ, प्रस्तुत निवेदकले माग गरेको सूचनाबाट निजलाई बञ्चित गर्न सकने अवस्था देखिदैन ।

अत: माथि गरिएका विश्लेषण र विवेचनाका आधारमा नागरिकले सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम माग गरेको सूचना दिनु नपर्ने कुनै आधार र कारण देखिदैन । राज्यले नेपालको प्रचलित संविधान र कानुनको अध्ययन गर्दा नेपाली नागरिकको पहूँच बाहिर हुने गरी अन्य मुलकसँग सन्धि संझौता गर्न सक्ने स्थिति नै छैन । यसर्थ जुनसुकै सन्धि संझौताको जानकारी राख्ने हक नेपाली नागरिकमा रहेको प्रष्टै हुन्छ । यस्तो नागरिकको नैसर्गिक हकको प्रचलन गराउनु यस आयोगको दायित्व भित्र पर्ने देखिन्छ । तथापी आयोजनाको तर्फबाट पटक पटक दुई देशबीचको सहमतिबाट धारा ६.५ मा निर्मित प्राधिकरणले आफूसँग भएको कुनै पनि प्रकारका सूचनाहरु कुनै पनि प्रयोजनका लागि दुई देशको सहमतिविना तेश्रो पक्षलाई उपलब्ध गराउन नसकिने प्राबधान रहेको जिकिर लिएकोलाई पनि विचार गर्दै तथा सूचनाका हकसम्बन्धी ऐन, २०६४ को दफा ३ र दफा १० बमोजिम निवेदकको माग अनुसार आवश्यक प्रक्रिया पूरा गरी पंचेश्वर विकास प्राधिकरणको विधान उपलब्ध गराउनु भनी पंचेश्वर बहुउद्देश्यीय आयोजनाका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । सो बमोजिम गर्न गराउन यो आदेशको प्रतिलिपि पंचेश्वर बहुउद्देश्यीय आयोजनाका आयोजना प्रमुख कहाँ पठाउनू र निवेदकलाई जानकारी गराउनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना)<br>सूचना आयुक्त | (किरणकुमार पोखरेल)<br>सूचना आयुक्त | (कृष्णहरि बाँस्कोटा)<br>प्रमुख सूचना आयुक्त |

इति सम्बत् २०७२ साल भदौ ३ गते रोज ५ शुभम ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ३०५/२०७२/०७३**
**निर्णय नं. ३३-३४, ४६**

बारा जिल्ला कलैया नगरपालिका वडा नं. १४ बस्ने मुकेश कुमार कुशवाहा समेत...........१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, श्री नेपाल राष्ट्रिय नमुना माध्यमिक विद्यालय, कलैया १, बारा ................१ विपक्षी
सूचना अधिकारी, श्री नेपाल राष्ट्रिय नमुना माध्यमिक विद्यालय, कलैया १, बारा ..............१

कार्यालय प्रमुख, श्री जनता माध्यमिक विद्यालय, कलैया, बारा ....................................१
सूचना अधिकारी, श्री जनता माध्यमिक विद्यालय, कलैया, बारा ................................ १

कार्यालय प्रमुख, श्री ३ चन्द्र उच्च माध्यमिक विद्यालय, कलैया १, बारा ................ १
सूचना अधिकारी, श्री ३ चन्द्र उच्च माध्यमिक विद्यालय, कलैया १, बारा .............. १

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

बारा जिल्ला कलैया नगरपालिका वडा नं. १४ बस्ने मुकेश कुमार कुशवाहा समेतले कार्यालय प्रमुख, श्री नेपाल राष्ट्रिय नमुना माध्यमिक विद्यालय, कलैया १, बारा समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०४।२५ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी कार्यालय प्रमुख, श्री नेपाल राष्ट्रिय नमुना माध्यमिक विद्यालय, कलैया १, बारा समेतका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. यस विद्यालयको आन्तरिक स्रोतहरु के के हुन् ? उक्त स्रोतहरुबाट वार्षिक के कति आम्दानी हुन्छ सो विवरणको प्रमाणित प्रतिलिपि ।

२. यस विद्यालयमा आ.व. २०७०।०७१ मा छात्रवृत्तिको लागि कति रकम प्राप्त भएको थियो ? उक्त रकमबाट कति जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको थियो, छात्रवृत्ति पाउने विद्यार्थीहरुको नाम, ठेगाना, कक्षा, अभिभावकको नाम र छात्रवृत्ति रकम सहितको विवरणको प्रमाणित प्रतिलिपि ।

३. यस कार्यालयको सूचना अधिकारीको नाम, पद, फाँट र सम्पर्क नं. समेतको विवरणको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल भदौ ९ गते रोज ४ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. २७२/२०७१/०७२**

**निर्णय नं.३५**

बझाङ्ग जिल्ला रायल गा.वि.स. वाड नं. २ चौडाम घर भई हाल काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका वडा नं. १३ बस्ने वर्ष ३५ को रतन भण्डारी ......................................................१ पुनरावेदक

**विरुद्ध**

काठमाडौं जिल्ला महानगरपालिका वडा नं. ३४ अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र परिसर, नयाँ बानेश्वरस्थित नेपाल सरकार, लगानी वोर्डको कार्यालयका प्रमुख कार्यकारी अधिकृत...............................१ विपक्षी

विषय: **माथिल्लो कर्णाली जलविद्युत परियोजना विकास संझौता (पीडीए) उपलब्ध गराउनू ।**

बझाङ्ग जिल्ला रायल गाविस निवासी रतन भण्डारीले सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम मिति २०७१।१०।०६ मा आयोगमा पुनरावेदन दर्ता गराएको पुनरावेदनको तथ्य तथा यस आयोगको ठहर/निर्णय यस प्रकार छ ।

१. निवेदक रतन भण्डारीले म कर्णाली जलाधार क्षेत्रको बासिन्दा तथा माथिल्लो कर्णाली जलविद्युत् परियोजनासँग चासो र सरोकार राख्ने नागरिकका हैसियतले नेपाल सरकारको २०७१ असोज २ गतेको निर्णयअनुसार लगानी वोर्ड र भारतीय जीएमआर कम्पनी बीच २०७१ असोज ३ गते सम्पन्न माथिल्लो कर्णाली जलविद्युत परियोजनाको 'आयोजना विकास संझौता (Project Development Agreement (PDA) को अंग्रेजीमा रहेको पूर्ण संझौता (सार संक्षेप होईन) को आधिकारिक प्रतिलिपि नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा भएको व्यवस्थाअनुसार उपलब्ध गराई पाउँ भनी लगानी वोर्डको प्रमुख समक्ष मिति २०७१।०७।२४ मा निवेदन दर्ता गराएको ।

२. नेपाल सरकार, लगानी वोर्डको कार्यालय र माथिल्लो कर्णाली जलविद्युत आयोजना विकासकर्ता GMR Upper Karnali Hydropower Ltd. तथा Karnali Transmission Company बीच मिति २०७१/६/३ मा हस्ताक्षर भएको परियोजना विकास संझौता (PDA) एउटा व्यापारिक प्रकृतिको करार (Commercial Agreement) भएकोले उक्त संझौता दुवै पक्षको सहमति विना एक पक्षले सार्वजनिक गर्न नसक्ने व्यहोरा PDA को दफा १७.१ को Disclosure या Confidential Information मा उल्लेख गरिएको छ । सो सम्बन्धमा PDA सार्वजनिक गर्न सहमति उपलब्ध गराईदिन अनुरोध गर्दै विकासकर्तालाई यस कार्यालयबाट अनुरोध गरी E-mail पठाइएकोमा हालको अवस्थामा सार्वजनिक गर्न नमिल्ने भन्ने व्यहोराको जवाफ प्राप्त भएको छ । साथै, यसै सम्बन्धमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा PDA सार्वजनिक गर्नु भन्ने आदेश गरेको वा मुद्दा किनारा लागेको अवस्थामा बाहेक अहिले नै PDA सार्वजनिक गर्नु उपयुक्त हुने देखिँदैन । नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ तथा सो अन्तर्गत बनेको सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक सरोकारको सूचना माग्ने वा पाउने अधिकार दिएको भए तापनि गोप्य राख्नुपर्ने सूचना जानकारी दिन कर नलाग्ने प्रतिबन्धात्मक वाक्यांशको व्यवस्थालाई पनि विचार गर्नुपर्ने हुन्छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) खण्ड (ग) मा आर्थिक तथा व्यापारिक गोपनीयतामा असर पार्ने सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था अनुसार लगानी वोर्डले यस्तै प्रकृतिका अन्य आयोजना विकासको सन्दर्भमा लगानीकर्ताहरुसँग वार्ता तथा छलफल गरिरहेकाले अहिले नै PDA सार्वजनिक गर्दा भविष्यमा यस्तै प्रकृतिका आयोजनाको संझौतामा प्रभाव पर्न सक्ने संभावना रहन्छ । तसर्थ, पछि सम्मानित सर्वोच्च अदालत वा अन्य न्यायिक निकायबाट आदेश भएको खण्डमा वा विकासकर्ता (अर्को पक्ष) ले सहमति दिएको अवस्थामा पुनर्विचार गर्ने गरी हाललाई निवेदकको माग बमोजिम PDA को प्रतिलिपि उपलब्ध गराउन नसकिने भन्ने समेत व्यहोराको विपक्षी लगानी वोर्डले पुनरावेदकलाई जानकारी गराएको पत्र ।

३. लगानी वोर्डको कार्यालयको पत्र उपर चित्त नबुझाई निज निवेदक रतन भण्डारीले मिति २०७१।१०।९ मा आयोगमा पुनरावेदन दर्ता गराएको । सो पुनरावेदनमा निजले निम्न जिकिर लिएको :

(क) सर्वप्रथम म पुनरावेदक नेपालको प्राकृतिक स्रोतको उपयोग राष्ट्र र जनताको हितमा हुनुपर्दछ भन्ने मान्यतासहित विगत डेढ दशकदेखि यस अभियानमा सक्रिय रहँदै आएको सचेत नेपाली नागरिक हुँ । यसै सर्न्दभमा मैले नेपाल सरकार, लगानी वोर्ड र माथिल्लो कर्णाली जलविद्युत आयोजना विकासकर्ता GMR-Upper Karnali Hydropower Ltd. र Karnali Transmission Company बीच मिति २०७१ असोज ३ गतेका दिन हस्ताक्षर भएको 'माथिल्लो कर्णाली जलविद्युत परियोजना विकास संझौता "(Project Development Agreement-PDA)"को अंग्रेजीमा रहेको पूर्ण एवं आधिकारिक प्रतिलिपि अध्ययन-अनुसन्धानका लागि उपलब्ध गराई पाउँ भनी लगानी वोर्डको कार्यालयमा मिति २०७१ कात्तिक १८ गतेका दिन निवेदन गरेको थिए ।

(ख) तर विपक्षी लगानी वोर्डले लगानी वोर्डको र माथिल्लो कर्णाली जलविद्युत आयोजनााका विकासकर्ता GMR-Upper Karnali Hydropower Ltd. तथा Karnali Transmission Company बीच हस्ताक्षर भएको परियोजना विकास संझौता PDA "व्यापारिक करार (Commercial Agreement)" भएकोले उक्त संझौता दुवै पक्षको सहमति विना एक पक्षले सार्वजनिक गर्न नमिल्ने व्यहोराको जवाफ प्राप्त भएको र PDA सार्वजनिक गर्न उपयुक्त नभएको भन्दै मलाई निवेदन दर्ता भएको ७० दिनपछि अर्थात् मिति २०७१ पुस २८ गते च.नं २४९ को पत्रमार्फत जानकारी गराएको छ । विपक्षीको उक्त पत्रमार्फत आएको जानकारी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ९ को विरुद्ध भएको हुँदा ऐ. ९(१) को म्यादभित्र यो पुनरावेदन-पत्र लिइ सम्मानित आयोगमा उपस्थित भएको छु । मेरो तथ्य र जीकिरबमोजिम इन्साफ पाउँ ।

(ग) नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३,४ र ऐ. नियमावली, २०६५ बमोजिम माथिल्लो कर्णालीको परियोजना विकास संझौता PDA सार्वजनिक गर्न नमिल्ने भन्नु नेपालको अन्तरिम संविधान, २०६३ तथा ऐन प्रदत्त नेपाली नागरिकको मौलिक हकको ठाडै उल्लंघन हो । एउटा राज्यको जिम्मेवार निकायले सार्वजनिक महत्वको विषयसँग सम्बन्धित कुनै पनि कागजात दिन मिल्दैन भन्न मिल्दैन । कानुनले तोकिदिएको दायित्व निर्वाह गर्नु विपक्षीको कर्तव्य हो ।

(घ) देशको जलसम्पदा र यसको विकासका लागि नेपाल सरकार र देशी-विदेशी कम्पनी, लगानीकर्ता तथा सरकारबीच भएका करार, सहमति तथा सन्धि-संझौता सम्बन्धमा विगतमा सर्वोच्च अदालतमा दायर अरुण ३ जलविद्युत परियोजनासम्बन्धी मुद्दामा अदालतबाट भएको फैसलामा (ने.का.प. ०५१ अध्याय ४, नि.नं. ४८९५ पृष्ठ २२५) परियोजनासँग सम्बन्धित सम्पूर्ण सूचना तथा जानकारी सार्वजनिक गर्नु भन्ने आदेश भएको तथा सर्वोच्च अदालतबाटै (बालकृष्ण न्यौपानेसमेत विरुद्ध प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासमेत ने.का. प. २०५४ अङ्क २, नि.नं. ६३१३ पृष्ठ ७८-७९) सरकारबाट गरिने सबैकाम अप्रत्यक्ष रुपमा असर पर्न सक्ने सार्वजनिक महत्वका विषयमा सरकारले अपनाएको नीति र गरेका निर्णय र कामहरुको सम्बन्धमा जानकारी दिने सरकारको कर्तव्य भएको र त्यस्तो सूचना माग्ने र पाउने नागरिकको अधिकार हो भनी व्याख्या भई उक्त व्यवस्था नजीरको रुपमा स्थापित हुनुका साथै पछिल्लो पटक यस्ता सार्वजनिक महत्व तथा सरोकारको विषयको सूचना आम नागरिकले पाउने तथा माग्ने व्यवस्था नेपालको अन्तरिम संविधानको धारा २७ तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा सुनिश्चित भएको अवस्थामा माथिल्लो कर्णालीजस्तो सार्वजनिक महत्वको परियोजनाको PDA लगायतका कुनै पनि सूचना, लिखत, संझौता तथा करार कुनै पनि बहानामा गोप्य राख्न मिल्दैन । तसर्थ माथिल्लो कर्णाली जलविद्युत परियोजनाको PDA सार्वजनिक गर्न नमिल्ने विपक्षीको भनाईबाट विपक्षीले नेपालको संविधान, प्रचलित कानुन तथा सर्वोच्च अदालतका यस अधिका फैसलाद्वारा स्थापित मूल्य, मान्यता र नजीरहरूको समेत उल्लंघन गरेको हुँदा विपक्षीका नाममा तुरुन्त पुनरावेदकलाई निवेदनमा माग गरे बमोजिमको PDA उपलब्ध गराउनु भन्ने आदेश गरी पाउँ ।

(ङ) विपक्षी लगानी वोर्डले माथिल्लो कर्णाली प्रकृतिका अन्य आयोजना विकासको सन्दर्भमा लगानीकर्ताहरूसँग वार्ता तथा छलफल गरिरहेकोले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) खण्ड (ग) मा आर्थिक तथा व्यापारिक गोपनीयतामा असर पार्ने सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्थाअनुसार अहिले नै माथिल्लो कर्णालीको PDA सार्वजनिक गर्न नमिल्ने भन्दै लगानी वोर्डले सूचनाको हकसम्बन्धी ऐन, २०६४

को दफा ३ को उपदफा ३ खण्ड (ग) मा भएको व्यवस्थाको अपव्याख्या गर्ने दुस्प्रयास गरेको छ । जबकि राष्ट्रिय सूचना आयोगद्वारा प्रकाशित सूचनाको हकसम्बन्धी निर्देशिका, २०७० निवेदनमाथि कारबाहीको ९, पृष्ठ ३१ मा उक्त बुँदाको आशयमा "यदि कुनै कम्पनीले नयाँ सामान उत्पादन गर्दछ भने प्रतिद्वन्दी कम्पनीले नक्कल नगरोस् भनी त्यसको विस्तृत विवरण सार्वजनिक नगर्नु स्वभाविक मानेको र औषधी, खाद्य र वस्तुको सूत्र आदि आर्थिक हितसँग सम्बन्धित सूचनाहरु सम्बन्धित उत्पादकको सहमति विना सार्वजनिक गर्नु हुँदैन" भनेर परिभाषित गरेको छ । जहाँ सिद्धान्तमा सूचनाको हकले कानुनसम्मत व्यावसायिक प्रतिस्पर्धामा हस्तक्षेप गर्नु हुँदैन भनेको छ । जबकि नेपाल, सरकार लगानी वोर्ड र माथिल्लो कर्णाली जलविद्युत आयोजनाका विकासकर्ता GMR-Upper Karnali Hydropower Ltd. tyf Karnali Transmission Company ले माथिल्लो कर्णालीको PDA को आधारमा त्यस्तो कुनै सामान उत्पादन गर्दै छैनन्, जसको कुनै प्रतिद्वन्दीले नक्कल गरोस । तसर्थ लगानी वोर्डको उक्त झूठो दाबी राष्ट्रिय सूचना आयोगद्वारा प्रकाशित सूचनाको हक कार्यान्वयन निर्देशिकामा परिभाषित आसय र सिद्धान्तविपरीत समेत रहेको छ । तसर्थ माथिल्लो कर्णाली परियोजनालाई कसरी विकास गर्ने भनी नेपाल सरकार र प्रबर्द्धक कम्पनीहरुबीच भएको परियोजनाको विकास संझौता PDA लाई व्यापारिक कुराको नाम दिएर लुकाउनुका पछाडि प्रस्टरूपमा बदनियत देखिन्छ । सञ्चारमाध्यममा आाएको जानकारीअनुसार देश र जनताको भविष्यसँग प्रत्यक्ष सरोकार राख्ने माथिल्लो कर्णाली जलविद्युत् परियोजनामा लगानी वोर्डका केही अख्तियार प्राप्त कर्मचारीले व्यक्तिगत स्वार्थका कारण प्रलोभनमा परी आयोजना विकासकर्ता GMR-Upper Karnali Hydropower Ltd. तथा Karnali Transmission Company सँग नेपालको हितप्रतिकूलका प्रावधानमा हस्ताक्षर गरेको सुन्न र पढ्नमा आएको छ । सोही कारण उक्त संझौतामा विद्यमान कमी-कमजोरी ढाकछोप गर्न लगानी वार्डले माथिल्लो कर्णालीको PDA सार्वजनिक नगरी विभिन्न बहानामा गोप्य राख्ने दुष्प्रयत्न गर्दैआएको छ । लगानी वोर्डको यस निर्णयले माथिल्लो कर्णाली PDA मा मात्र नभइ लगानी वोर्डको समग्र कार्यशैलीमाथि आशङ्का उब्जाएको छ । त्यसैले सार्वजनिक महत्वको विषयको संविधान तथा ऐन प्रदत्त आम नागरिकले सूचना पाउने अधिकारलाई कुण्ठित गर्दै लगानी वोर्डबाट नागरिक अधिकारको अपमान गर्ने, लोकतान्त्रिक शासन पद्दति, पारदर्शी राज्य व्यवस्थाको धज्जी उडाउने तथा कानुनलाई आफ्नो हातमा लिइ विधि तथा कानुनी शासनलाई चुनौती दिने काम भएको छ । पञ्चायत कालरात्रीलाई माथ खुवाउने लगानी वोर्डको यस्तो गैरसंवैधानिक कार्यशैलीले राज्य व्यवस्था तथा सरकार देश र जनताप्रति उत्तरदायी नभइ विदेशी कम्पनीप्रति वफादार रहन खोजेको गलत सन्देश प्रवाह भएको हुँदा माथिल्लो कर्णाली परियोजनाको PDA मा के कस्ता शर्तनामा अख्तियार गरिएको छ, सो कुराको जानकारी आमनागरिक सबैले थाहा पाउनु आवश्यक भएकोले निवेदनको मागअनुसार विपक्षीको नाममा PDA संझौता उपलब्ध गराउनु भन्ने आदेश गरी पाउँ ।

(च) कानुनद्वारा निर्देशित प्रक्रियाको थालनी समेत नगरी तोकेको दायित्वको पालना नगरेको हुँदा विपक्षी नेपाल सरकार, लगानी वोर्डका प्रमुख र सूचना अधिकारीलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ (१) बमोजिम हदैसम्मको सजायसमेत गरी पाउँ ।

४. निवेदकले माग गरेको सूचनाका सम्बन्धमा लगानी वोर्डका प्रमुख कार्यकारी अधिकृतसँग आयोगमा २०७१।१२।८ मा छलफल भएको ।

५. पुनरावेदक रतन भण्डारीले यस कार्यालयसंग माथिल्लो कर्णाली जलविद्युत आयोजनाको Project Development Agreement (PDA) को पूर्ण सम्झौता माग गर्नुभएकोमा उक्त PDA को दफा १७.१ को Disclosure या Cofidential Informmation मा दुवै पक्षको सहमति विना एक पक्षले सार्वजनिक गर्न नसक्ने व्यहोरा उल्लेख भएकोले विकासकर्तासँग पत्राचार गर्दा सार्वजनिक नगर्ने जवाफ प्राप्त भएको । साथै, सम्मानित सर्वोच्च अदालतमा समेत सोही विषयमा मुद्दा विचाराधीन रहेको तथा सूचनाको हकसम्बधी ऐन, २०६४ को दफा ३ उपदफा (३) खण्ड (ग) मा आर्थिक तथा व्यापारिक गोपनियतामा असर पर्ने सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था समेत भएको उल्लेख गरी सर्वोच्च अदालतबाट वा अन्य न्यायिक निकायबाट आदेश भएको खण्डमा वा विकासकर्ताले सहमति दिएको अवस्थामा सोही बमोजिम हुने गरी हाललाई PDA को प्रतिलिपि उपलब्ध गर्न नमिल्ने व्यहोरा खुलाई निजलाई मिति २०७१।९।२८ मा जवाफ दिइएको भन्ने समेत व्यहोराको विपक्षी लगानी वोर्डका कार्यकारी अधिकृतले यस आयोगलाई लेखेको पत्र ।

**आयोगको ठहर**

अब निर्णयतर्फ विचार गर्दा उपरोक्त बमोजिम तथ्यहरू भएको प्रस्तुत विवादमा निम्न प्रश्नहरू निरुपण हुनुपर्ने देखिन्छ :

(क) लगानी वोर्ड र माथिल्लो कर्णाली जलविद्युत आयोजना विकासकर्ता GMR-Upper Karnali Hydropower Ltd. तथा Karnali Transmission Company बीचको संझौता एउटा व्यापारिक प्रकृतिको करार भएकाले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३(३) (ग) बमोजिम सूचना प्रवाह गर्नु नपर्ने लगानी वोर्डको जिकिर सत्य हो वा होईन ?

(ख) यो संझौता दुवै पक्षको सहमतिविना एक पक्षले सार्वजनिक गर्न नसक्ने व्यहोरा PDA को दफा १७.१ को Disclosure of Confidentail Information मा उल्लेख गरेको छ भन्ने वोर्डको भनाईलाई प्रचलित संविधान र कानुनका हकका सन्दर्भमा कसरी परिभाषित र व्याख्या गर्ने ?

(ग) प्रस्तुत विषयको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेकोले सर्वोच्च अदालत वा अन्य न्यायिक निकायबाट आदेश भएको खण्ड सोही बमोजिम हुनेछ भन्ने लगानी वोर्डको भनाईलाई यस आयोगले कुन रुपमा व्याख्या गर्ने ?

(घ) "लगानी वोर्डले प्रचलित कानुनको अपव्याख्या गर्ने दुस्प्रयास गरेको छ । लगानी वोर्डले झुठो दावी लिएको छ । वोर्डले वदनियत राखेको छ । तहाँ कार्यरत कर्मचारीले व्यक्तिगत स्वार्थ र प्रलोभनका कारण र आफ्नो कमी-कमजोरी लुकाउन सूचना नदिएका हुन" भन्ने पुनरावेदकको जिकीरलाई कसरी हेर्ने ?

माथि प्रकरण (क) मा उल्लेख भएअनुसार प्रस्तुत संझौता व्यापारिक प्रकृतिको करार हो होईन र सूचनाको हकसम्बन्धी ऐनको दफा ३ को उपदफा (३) को खण्ड (ग) मा उल्लेखित 'आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा वैद्धिक सम्पत्तिको संरक्षण वा बैकिङ्ग वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने' विषय हो होइन भन्ने सन्दर्भमा विश्लेषण गर्दा लगानी वोर्ड नेपाल सरकारको निकाय हो । यो निकाय नेपालमा लगानी प्रबर्द्धन गर्न स्थापना भएको निकाय हो । यो कुनै व्यापारिक निकाय होईन । यसर्थ पूर्ण सरकारी निकायले गरेको संझौतालाई व्यापारिक संझौताको रुपमा व्याख्या गर्न मिल्ने स्थिति देखिन्न । संझौताको पक्षका रुपमा रहेको विकासकर्ताले कर्णाली नदीबाट जलविद्युत उत्पादन गर्ने र प्रशारण लाईनद्वारा सो विद्युत शक्ति तोकिएको स्थानमा लिएर गई वितरण गर्ने वा उपयोग गर्ने हो । यसर्थ उक्त विकासकर्तालाई पनि सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) को खण्ड (ग) बमोजिमको गंभीर आघात पुग्ने कुरा पुष्टी गर्न सकिने स्थिति छैन । लगानी वोर्डले पनि यसरी आघात पुग्छ भनी भन्न सकेको देखिन्न । यसर्थ बोर्डको यो दावीको औचित्य पुष्टी हुने आधार देखिन्न ।

प्रकरण (ख) मा उल्लेखित प्रस्तुत संझौता दुवै पक्षको सहमति विना सार्वजनिक गर्न सकिन्न भन्ने विषयका सम्बन्धमा विचार गर्दा प्रचलित संविधान र कानुनको व्यवस्था हेर्नु पर्ने हुन्छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको विषयमा सूचना माग्ने र पाउने हकको व्यवस्था गरिएको छ । यो नागरिकको मौलिक हक हो । यस्तै संविधानको धारा १५६ को सन्धि वा संझौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन कानुनद्वारा निर्धारण भए बमोजिम हुने व्यवस्था छ । साथै यस्ता सन्धि संझौता व्यवस्थापिका संसद्बाट पारित हुनुपर्ने व्यवस्था छ । यसैगरी नेपाल सन्धि ऐन, २०४७ अनुसार सबै सन्धी संझौताहरु व्यवस्थापिका संसद्मा जानकारीका लागि पेश गर्नुपर्ने प्रावधान छ । यसरी व्यवस्थापिका संसद्मा प्रस्तुत गर्ने विषय गोप्य रहन्छ भन्न मिल्दैन । व्यवस्थापिका संसद्मा प्रस्तुत नभएका सन्धि संझौता लागू नै नहुने कुरा संविधानमै लेखिएको छ । यो नै मुलुकको मूल कानुन हो र यससँग बांझिएका कानुन र सन्धि संझौता स्वत: बांझिएको हदसम्म अमान्य हुने कुरा संविधानमै लेखिएको छ । त्यस्तै सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (२) मा 'प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने' व्यवस्था छ । लगानी वोर्ड सार्वजनिक निकाय भएकाले नागरिकलाई सूचना प्रवाह नगर्ने गरी सन्धि संझौता गर्ने कुनै कानुनी आधार वोर्डलाई कहि कतैबाट प्राप्त भएको पाईदैन । यसर्थ पुनरावेदकले माग गरेको सूचना विपक्षी वोर्डले उपलब्ध गराउनुपर्ने नै देखिन्छ ।

प्रकरण (ग) मा उल्लेखित लगानी वोर्डको मिति २०७१।९।२८ र २०७१।१२।९ को पत्रमा 'सर्वोच्च अदालतबाट वा अन्य न्यायिक निकायबाट आदेश भएको खण्डमा' सोही बमोजिम हुने कुरा लेखिएकोलाई विचार गर्दा अदालतको मुद्दामा आयोग पक्ष विपक्ष रहेको स्थिति छैन । साथै लगानी वोर्डबाट पनि अदालतबाट कुनै विशेष

आदेश भएको कुरा उल्लेख भएको छैन । यस स्थितिमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्दा परेको पुनरावेदनबाट सृजित दायित्वबाट यो आयोग अलग रहन सक्ने स्थिति भएन । विपक्षी लगानी वोर्डले सम्मानित सर्वोच्च अदालतमा समेत मुद्दा विचाराधिन रहेको भनी पत्रमा उल्लेख गरेतापनि सूचना माग सम्बन्धी रिट निवेदन हो वा अन्य विषयमा निवेदन परेको हो स्पष्ट खुलाउनु भएको छैन । पत्रसाथ संलग्न पत्रको प्रतिलिपि हेर्दा उत्प्रेषण रिट निवेदन भन्ने देखिन्छ । यदि सूचना मागसम्बन्धी निवेदन नै भए सम्मानित सर्वोच्च अदालतबाट निर्णय भएका बखत सोही अनुसार हुने गरी सूचनाको हकसम्बन्धी ऐन बमोजिम सूचना मागकर्ताको आग्रह अनुसार सूचना दिनु भन्ने आदेश जारी गर्नुको विकल्प यस आयोग सँग छैन ।

प्रकरण (घ) मा पुनरावेदकले लिएका दावीहरूको सत्य असत्य प्रमाणित गर्ने विषय आयोगको प्रत्यक्ष कार्यक्षेत्र भित्र पर्दैन । तथापी संविधान र कानुनले नेपाली नागरिकलाई प्रदान गरेको सूचना माग्ने र पाउने हकको प्रभावकारी प्रचलन गराउने कार्य क्षेत्र यस आयोगको भएकोले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (३) को खण्ड (क) तथा दफा ११ को उपदफा (१) समेतलाई विचार गरी नागरिकले माग गरेको सूचना दिलाउने निष्कर्षमा आयोग पुगेको छ । अत: माथि विश्लेषण गरिएको आधार र कारण समेतबाट नेपालको अन्तरिम संविधान, २०६३ ले नागरिकलाई प्रदान गरेको मौलिक हक पुनरावेदकले माग गरेको विषय सार्वजनिक सरोकारको विषय भई प्रत्येक नेपाली नागरिकको मौलिक अधिकार भित्रको विषय भएको नेपाल सरकार वा कुनै सार्वजनिक निकाय पक्ष भएको कुनै सन्धि संझौताको विषय सार्वजनिक चासो र सरोकारको विषय भई उक्त सार्वजनिक सरोकारको विषयमा नागरिकको पहुँच हुने सुनिश्चितता संविधानको धारा २७ ले गरेको र उक्त सुनिश्चितता प्राप्तिको प्रक्रिया र ग्यारेन्टी सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ तथा दफा १०(३)(क) ले यस आयोगलाई प्रचलन गराउने अधिकार क्षेत्र प्रदान गरेको हुदा पुनरावेदन माग बमोजिमको माथिल्लो कर्णाली विकास परियोजना (PDA) संझौता आवश्यक प्रक्रिया पुरा गर्नुपर्ने भए पुरा गरी पुनरावेदकलाई दिनु भनी विपक्षी लगानी वोर्डका प्रमुख कार्यकारी अधिकृतको नाममा यो आदेश गरिएको छ । आदेश र निवेदनको प्रतिलिपि साथै राखी आदेश कार्यान्वयनका लागि पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल भदौ ११ गते रोज ६ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

**मु.नं. ४५/२०७१/०७२**

**निर्णय नं.३६**

महोत्तरी जिल्ला बनौली दनौली स्थायी घर भई हाल लोकन्थली, कोटेश्वर बस्ने
शारदा भुषाल (झा) ..........................................................................................१ पुनरावेदक

**विरुद्ध**

कार्यालय प्रमुख (सचिव), निर्वाचन आयोग, काठमाडौं ..................................................१ विपक्षी
सूचना अधिकारी, निर्वाचन आयोग, काठमाडौं ..........................................................................१

**बिषय: दल दर्ता गर्न पेश भएको दशहजार मतदाताको समर्थनयुक्त हस्ताक्षरको कागजात उपलब्ध गराउन आदेश भएको ।**

महोत्तरी जिल्ला बनौली दनौली गा.वि.स. घर भई हाल लोकन्थली, कोटेश्वर बस्ने शारदा भूषाल (झा) ले दल दर्ता गर्दा मतदाताहरुले हस्ताक्षर गरेको र निर्वाचन आयोगले गरेको Verified Copy को प्रमाणित प्रतिलिपि सहितका विवरण सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम माग गर्दा उपलब्ध नभएकोले आयोगमा मिति २०७१।०८।१८ मा पुनरावेदन दर्ता गराएको सम्बन्धमा सत्य तथ्य व्यहोरा निम्नानुसार छ :

१. निवेदक शारदा भूषाल (झा) ले सूचनाको हकसम्बन्धी ऐन बमोजिम माग गरेको सूचना नपाएको, कानुनले तोकेको अवधि भित्र सम्बन्धित निकायबाट सूचना नपाएकोले पुनरावेदनमा आएको, सूचना नपाउँदा निवेदकको सुचना प्राप्त गर्ने हकको हनन भएको, यसरी सूचना उपलब्ध नगराउँदा निवेदकलाई आघात पुगेकोले जिम्मेवार व्यक्तिहरु माथि कारवाही गरी माग गरेको सूचना उपलब्ध गराई पाउँ भनी मिति २०७१।८।१८ मा आयोगमा पुनरावेदन दर्ता गराएको । निजले निम्न सूचना माग गरेको :

   (क) नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम दल दर्ता गरेका पार्टीहरुले दल दर्ता गर्दा दशहजार मतदाताहरुले हस्ताक्षर गरेको र निर्वाचन आयोगले गरेको Verified Copy को प्रमाणित प्रतिलिपि ।

   (ख) हालसम्म नेपालमा दर्ता रहेका दलहरुको दर्ता नं., मिति र नामावली सहितको प्रमाणित प्रतिलिपि ।

   (ग) २०६३ देखि हालसम्मको हरेक पार्टीहरुको आय व्यय विवरण र वार्षिक प्रगति प्रतिवेदनको प्रकाशित प्रतिलिपिहरु ।

२. यस आयोगबाट मिति २०७१।९।१० गते निवेदकको माग बमोजिम सूचना उपलब्ध गराउनु भनी निर्वाचन आयोगका सचिव र सूचना अधिकारीको नाममा आदेश जारी भएको ।

३. निर्वाचन आयोगको मिति २०७१।१०।०२ को पत्रद्वारा निवेदकलाई दल दर्ता, लेखापरीक्षण प्रतिवेदन र आय व्यय सम्बन्धी विवरण उपलब्ध गराएको ।

४. Verified Copy को सन्दर्भमा संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०७० को दफा ७०(४) तथा ऐ.ऐन २०७० को दफा ७१(४) बमोजिम निर्वाचनमा प्रयोग भएका कागजातहरुमध्ये मुद्दा परेकोमा मुद्दाको अन्तिम टुङ्गो लागेको मितिले र मुद्दा नपरेकोमा उजुरी गर्ने म्याद भुक्तान भएको मितिले ३ महिनासम्म मात्र सुरक्षित राख्नुपर्ने कानुनी व्यवस्था भएकोमा निर्वाचन आयोगले कानुनबमोजिम दल दर्ता प्रक्रिया सम्पन्न गरी सोको सूचना नेपाल राजपत्रमा समेत प्रकाशित गरेको र सोको वैधानिकताको विषयमा कहिं कतै उजुर बाजुर परेको अवस्था नभई संविधानसभा सदस्यको निर्वाचन समेत सम्पन्न भएर निर्वाचित निकाय संविधानसभाले आफ्नो काम गरिरहेको अवस्थामा निर्वाचन प्रयोजनको लागि दल दर्ता गर्न दिएको निवेदनसाथ संलग्न समर्थनयुक्त हस्ताक्षरहरुको प्रयोजन

समाप्त भइसकेकाले माग बमोजिम उक्त हस्ताक्षरको Verified Copy निवेदकलाई उपलब्ध गराउन सकिने अवस्था नरहेको भनी  निर्वाचन आयोगले मिति २०७१।१०।२० मा पत्र पठाएको ।

५. पुन: निवेदकले मिति २०७१।१०।२६ मा आशिंक मात्रै सूचना उपलब्ध भएकाले जानाजान सूचना उपलब्ध नगराउनेलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम दण्ड गरी सूचना उपलब्ध गराई पाउँ भनी आयोगमा उजुरी गरेको ।

६. मिति २०७२।१।२ मा निर्वाचन आयोगका तत्कालीन सचिव श्री मधुप्रसाद रेग्मी सहित आयोगमा आई छलफल भएको ।

**आयोगको ठहर**

प्रस्तुत पुनरावेदनमाथि निम्न विषयहरु निरुपण हुनुपर्ने देखिन्छ :

(क) निवेदकले माग गरेको दशहजार मतदाताको हस्ताक्षरयुक्त कागजात नागरिकको सूचना माग्ने र पाउने हकभित्र पर्छ वा पर्दैन ?

(ख) दल दर्ता गर्दा समर्थनमा दस्तखत गर्ने मतदाताको बारेमा जान्ने हक लोकतान्त्रिक मान्यता अनुकूल वा प्रतिकूल के हो ?

(ग) दल दर्ता गर्न दशहजार मतदाताको हस्ताक्षरयुक्त समर्थन निर्वाचन आयोगमा पेश गर्नु पर्नाको मूल उद्देश्य के होला ?

(घ) दल दर्ता गर्न दशहजार मतदाताको हस्ताक्षरयुक्त समर्थनको कागजात आम  नागरिक र भावी पुस्ताका लागि कति महत्वपूर्ण सामाग्री हुन् ?

(ङ) दल दर्ता गर्न दशहजार मतदाताको समर्थनयुक्त कागजात सुरक्षित राख्नु पर्ने वा नपर्ने कुन प्रकृतिको कागजात हो ?

(च) निर्वाचन आयोगले कुन हदसम्मको पारदर्शिता अवलम्बन गरी सूचना दिनुले आयोगको विश्वसनीयता अभिवृद्धि गर्न सहयोगी होला ?

माथि प्रकरण (क) मा उल्लेख भएको नागरिकको सूचनाको हकको विषयलाई हेर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ मा कुनै पनि नेपाली नागरिकलाई सार्वजनिक सरोकारको सूचना माग्ने र प्राप्त गर्ने हक हुने मौलिक हकको व्यवस्था भई नागारिकको मौलिक हक प्रत्याभूत गर्न बनेको सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ३(३) मा सूचना दिन बाध्य नहुने ५ वटा विषय अन्तर्गत दल दर्ता गर्दा दिइने निवेदनसाथ संलग्न समर्थनयुक्त दशहजार मतदाताको हस्ताक्षरसम्बन्धी कागजात नपर्ने देखिन्छ । अर्थात् सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले निर्दिष्ट गरेको नागरिकले प्राप्त गर्ने सूचना अन्तर्गत नै माग भएको सूचना पर्ने देखिन्छ । कानुनले आधिकतम् ३० वर्षसम्म संरक्षण गर्नुपर्ने सम्वेदनशील सूचनाको सूचीमा माग भएको सूचना नपर्ने हुँदा माग बमोजिम सूचना उपलब्ध गराउनु पर्ने प्रष्टै छ ।

माथि प्रकरण (ख) मा दशहजार मतदाताको हस्ताक्षरयुक्त कागजात लोकतान्त्रिक पद्धतिमा नागरिकको सूचना माग्ने र पाउने हक अन्तर्गत पर्छ कि पर्दैन भनी विश्लेषण गर्दा लोकतन्त्रमा खुल्ने कुनै पनि दलको रोजाई, छनौट वा त्यसप्रति समर्थन गर्दा नागरिकले त्यस दलको विचार, सिद्धान्त, नीति र त्यसलाई समर्थन गर्नेहरुको बाहुल्यता सु-स्पष्ट बुझ्ने भएकाले लोकतान्त्रिक शासन प्रणाली भएको मुलुकमा कुनै पनि नागरिकले कुनै दलको बिचार  सिद्धान्त, नेतृत्व र त्यसलाई हस्ताक्षर गरी समर्थन गर्ने व्यक्तिहरुको नाम जान्ने हक नागरिकमा छैन भन्नु लोकतान्त्रिक मान्यता अनुरुप हुन सक्तैन । लोकतान्त्रिक पद्दतिमा संविधानमै स्वतन्त्रताको हक र सूचनाको हकलाई प्रत्याभूत गरिएको हुन्छ जुनकुरा नेपालको अन्तरिम संविधान, २०६३ मा पनि मौलिक हकको रुपमा समावेश गरिएको छ । यसर्थ दशहजार मतदातको हस्ताक्षरयुक्त कागजातबारे सूचना माग्ने र पाउने हक नागरिकमा सुरक्षित रहेकाले माग भएको सूचना दिनू पर्ने देखिन्छ ।

माथि प्रकरण (ग) मा कुन उद्देश्यले दल दर्ता गर्न दशहजार मतदाताको समर्थनयुक्त हस्ताक्षरको व्यवस्था गरिएको होला भन्नेतर्फ विचार गर्दा विगत आम निर्वाचनहरुमा निर्वाचन प्रयोजनका लागि दल दर्ता गरी निर्वाचनका बेला उनीहरुलाई दल दर्ता भएवापत् प्राप्त सुविधा लिई त्यसको अत्याधिक दुरुपयोग गर्ने गरेको र दल दर्ताको कुनै औचित्य पुष्टी गर्न नसेकेको सन्दर्भमा निर्वाचनको स्वच्छता र निश्पक्षता कायम गर्दै त्यसलाई धाँधलीरहित बनाउन

निश्चित मतदाताहरुको समर्थन नै प्राप्त नगर्ने तथा दल दर्ता गरेर सुविधाको दुरुपयोग मात्र गर्ने गलत परिपाटी रोक्ने स्वच्छ मनसायबाट नेपालको अन्तरिम संविधान, २०६३ मा दल दर्ता निवेदनसाथ दशहजार मतदाताको समर्थनयुक्त हस्ताक्षरको व्यवस्था गरिएको देखिन्छ । यसर्थ ती दशहजार हस्ताक्षर पारदर्शी नहुने र गोप्य राख्ने अवस्थाले अन्तरिम संविधान, २०६३ को स्वच्छ मनसाय, भावना र मर्ममाथि पुरै आघात पुग्ने देखिएको छ । यसर्थ जुन उद्देश्यले दशहजार मतदाताको हस्ताक्षरयुक्त समर्थन सहितको कागजात निर्वाचन आयोगमा प्रस्तुत गर्नुपर्ने र निर्वाचन आयोगले ती कागजात मिलाउनु पर्ने व्यवस्था राखिएको सन्दर्भमा यस कार्यको विश्वसनीयता पुष्टी गर्न पनि सूचना मागकर्तालाई यी सूचना दिनूको विकल्प देखिन्न ।

माथि प्रकरण (घ) मा उल्लेख भएबमोजिम राजनीतिक दल दर्ता गर्दा दशहजार मतदातको समर्थनयुक्त हस्ताक्षरयुक्त कागजात आम नागरिक र भावी पुस्ताका लागि कति महत्वपूर्ण सामाग्री हो भनी विश्लेषण गर्दा राजनीतिक दलहरू लोकतन्त्रका आधार स्तम्भ हुन् । जनतका प्रतिनिधिपात्रका रुपमा सम्पूर्ण शासन प्रणालीमा राजनीतिक दलहरुकै भूमिका सर्वोपरी हुने भएकाले लोकतन्त्रलाई विश्वमा बहुदलीय व्यवस्था पनि भन्ने गरिएको छ । अर्थात् जनताले रुचाएका दलहरुले सञ्चालन गर्ने प्रणाली नै लोकतन्त्र हो । त्यसैले दलहरुको स्वच्छता, पारदर्शीता, सुदृढीकरण र जवाफदेहीताले शासन प्रणालीको स्वच्छता पारदर्शीता, सुदृढीकरण, जवाफदेहीता र जनउत्तरदायीत्वपूर्ण क्रियाकलापलाई निर्धारण  गर्दछ । यसले नै लोकतन्त्रको सुदृढीकरणलाई प्रभावित पारेको हुन्छ । अन्तरिम संविधानमा दल दर्ताको निवेदनसाथ समर्थनयुक्त दशहजार मतदाताको हस्ताक्षरको व्यवस्था यहि मर्म र भावना अनुसार गरिएको पाईन्छ । यसर्थ सो हस्ताक्षरको प्रयोजनको कुनै निर्वाचन विशेषमा उम्मेदवार बनेको व्यक्ति वा निज विरुद्ध पर्ने मुद्दा वा कुनै अमुक विषयमा पर्ने उजुर-बाजुरका लागि तोकिएको मितिसम्म सिमित हुन सक्तैन । लोकतन्त्रमा राजनीतिक दलको स्वच्छता र विश्वसनीयता एवं कुन दललाई, कस्ता व्यक्तिले, कहिले-कहिले समर्थन गरेका रहेछन् भनेर भावी सन्ततीले समेत जान्ने र बुझ्ने विषय भएकाले भावी सन्ततीले जान्न र बुझ्न पाउने यो हक सुरक्षित गर्न हामी कोही पनि आफ्नो कर्तव्यबाट चुक्नु हुँदैन । यसर्थ प्रस्तुत पुनरावेदनमा माग भएको सूचना मागकर्तालाई उपलब्ध गराउनुपर्ने कुनै द्विविधा  छैन ।

माथि प्रकरण (ङ) मा उल्लेखित दल दर्ता गर्न पेश गरिने दशहजार मतदातको हस्ताक्षरयुक्त कागजात सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (२) बमोजिम २० वर्षसम्म सुरक्षित राख्नुपर्ने अर्थात् संरक्षित गरी राख्नुपर्ने महत्वपूर्ण दस्तावेज हो होईन भनी विश्लेषण गर्दा यो आम नागरिक सरोकारको सूचना भएकाले मुद्दा परेकोमा मुद्दाको अन्तिम टुंगो लागेको मितिले र मुद्दा नपरेकोमा उजूरी गर्ने म्याद भुक्तान भएको मितिले ३ महिनासम्म मात्र सुरक्षित राख्नुपर्ने भनी सुरक्षित राख्नु नपर्ने कागजात हो भन्न सकिने स्थिति छैन । प्रत्येक मुलुकमा पुस्तकालय, म्यूजियम, अभिलेखालय लगायत ऐतिहासिक सामाग्री सुरक्षित गर्ने विविध पद्दति अवलम्बन गर्ने गरिन्छ । यसर्थ कैयौं विषयलाई कोरा कानुनको कुनै दफा उपदफा टेकेर सिमित दायराको व्याख्या गर्न मिल्ने देखिँदैन । यसर्थ दल दर्ता गर्न दश हजार मतदाताले समर्थनयुक्त हस्ताक्षर तत् दल, निर्वाचन आयोग र आम नेपाली नागरिकका लागि ऐतिहासिक सामाग्री सरह प्रयोग हुने सामाग्री हुन् । यस्ता सामाग्री सुरक्षित राख्नु पर्छ र सुरक्षित राखिएको सामाग्री सूचना मागकर्तालाई उपलब्ध गराउनु पर्ने प्रष्ट हुन्छ ।

माथि प्रकरण (च) मा उल्लेखित निर्वाचन आयोगले कुन हदसम्मको पारदर्शिता अवलम्बन गरेमा आयोगले थप जनविश्वास आर्जन गर्न सक्तछ भन्ने विषयमा विश्लेषण गर्नु जरुरी भएको छ । नेपालको अन्तरिम संविधान, २०६३ को भाग १४ मा निर्वाचन आयोगको व्यवस्था छ । सो भागको धारा १२९ मा निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था छ । सो धारामा कुनै पनि उम्मेदवारको अयोग्यताको विषयमा प्रश्न उठेमा अन्तिम निर्णय निर्वाचन आयोगले गर्ने अधिकार क्षेत्र तोकिएको छ । यसबाट आयोगले अप्रत्यक्ष रुपमा दलको अयोग्यता पनि हेर्नु, जाँच्नु पर्ने र अन्तिम निर्णय दिनुपर्ने कानुनको अभ्यास रहेको पाइन्छ । यसर्थ आयोगमा रहेका यस किसिमको विशिष्ट अधिकार उपयोगमा कसैले पनि आयोगमाथि प्रश्न उठाउन नसक्ने गरी निर्दिष्टढंगले काम गर्नुपर्ने स्वत: बुझिन्छ । यसका लागि आयोगले सम्पादन गर्ने काम कारवाहीको पारदर्शिताले यस कुरालाई प्रमाणित गर्न मद्दत पुग्ने हुन्छ । यसका अतिरिक्त राजनीतिक दल सम्बन्धी ऐन, २०५८ ले निर्वाचन अयोगलाई दल दर्ता गर्न र दल दर्ता गर्न इन्कार गर्न सक्ने अधिकार क्षेत्र निर्धारण गरेको  छ । बहुदलीय लोकतान्त्रिक पद्दति अवलम्बन गरेको मुलकको यस्तो विशिष्ट अधिकार क्षेत्र रहेको निर्वाचन आयोगका काम कारवाही अधिक भन्दा अधिक पारदर्शी हुनुको विकल्प देखिन्न । यसैगरी निर्वाचन आयोग ऐन, २०६३ ले आयोगमा राजनीतिक दलको मान्यता सम्बन्धी विवादको टुङ्गो लगाउन आयोगले सुनुवाई गर्ने, इजलास खडा गर्ने, आचारसंहिता पालना गराउने, निर्वाचन खर्चको सीमा तोक्ने लगायतको स्वच्छता कायम गर्न महत्वपूर्ण कार्यसम्पादन गर्ने कानुनी व्यवस्था छ । साथै

निर्वाचन कसुर र सजाय ऐन, २०६३ र मतदाता नामालवली सम्बन्धी ऐन, २०६३ ले पनि निर्वाचन आयोगलाई ज्यादै महत्पूर्ण अधिकार क्षेत्र प्रदान गरेको छ । विश्वव्यापी प्रचलनलाई नियाल्दा जुन निकायसँग महत्वपूर्ण र अधिक अधिकार क्षेत्र हुन्छ, सो निकायले आफ्ना काम कारवाही अझ बढी पारदर्शी, विश्वसनीय र जवाफदेहीपूर्णढंगले सम्पादन हुनुपर्ने हुन्छ । यसर्थ यस्तो विशिष्ट कार्यक्षेत्र भएको निर्वाचन आयोगले आफूसँग रहेको दशहजार मतदाताको हस्ताक्षरयुक्त विवरण कुनैपनि बाहानामा उपलब्ध नगराउन खोज्दा निर्वाचन आयोग माथिको भरोसा र विश्वसनीयतामै प्रश्नचिन्ह खडा हुन सक्ने स्थिति आउँछ । यसर्थ, निर्वाचन आयोगले निवेदकको माग अनुसारको सूचना दिनुपर्ने देखिन्छ ।

अत: माथि गरिएका विश्लेषण र विवेचनका आधारमा नागरिकले सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम माग गरेको सूचना दिनु नपर्ने कुनै आधार र कारण देखिएन । यसर्थ नेपालको अन्तरिम संविधान, २०६३, सूचनाको हकसम्बन्धी ऐन, २०६४ सूचनाको हकसम्बन्धी नियमावली, २०६५ बमोजिम लोकतान्त्रिक शासन प्रणालीको सबलीकरण र जनताप्रतिको जवाफदेहीतालाई कायम गर्दै लोकतन्त्रका आधारस्तम्भका रुपमा रहेका राजनीतिक दलहरुको स्वच्छता र विश्वसनीयता कायम गर्न निज निवेदकले माग गरे बमोजिमको दल दर्ता गर्न पेश भएको दशहजार मतदाताको समर्थनयुक्त हस्ताक्षरको कागजात उपलब्ध गराउनुका साथै उप्रान्त लोकतन्त्रको मूल मर्म सँग सिधै जोडिएको र भावी सन्ततीले समेत जान्न र बुझ्न पाउनुपर्ने राजनीतिक दल दर्ता सम्बन्धी यस्ता ऐतिहासिक पृष्ठभूमि भएका महत्वपूर्ण सूचना/विवरणहरु सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले तोके बमोजिम कम्तिमा २० वर्षसम्म अभिलेखीकरण गरेर सुरक्षित राख्नू भनी निर्वाचन आयोगका प्रमुख (सचिव) को नाममा यो आदेश जारी गरिएको छ । सो बमोजिम गर्न गराउन यो आदेशको प्रतिलिपि आयोगका प्रमुख (सचिव) र सूचना अधिकारी कहाँ पठाउनू र निवेदकलाई जानकारी गराउनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल भदौ ११ गते रोज ६ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ३१२/२०७२/०७३**

**निर्णय नं.३९**

ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. १८ बस्ने दृष्टी शाही .......................१ पुनरावेदक

**विरूद्ध**

परीक्षा नियन्त्रक, उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुर .................................१ विपक्षी

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. १८ बस्ने दृष्टी शाहीले उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरका परीक्षा नियन्त्रक समक्ष मिति २०७२।०४।०३ मा कक्षा ११ को परीक्षामा सम्मिलित भएको प्राप्ताङ्क पत्र सम्बन्धी सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०५।१५ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

प्रस्तुत विषयमा पुनरावेदकबाट आयोगमा पेश गरेको कागजातमा निजले ११ कक्षाको परीक्षा दिन आवश्यक पर्ने प्रवेश पत्र प्राप्त गरेको देखिन्छ । यसर्थ पुनरावेदकले माग गरे अनुसारको मिति २०७१ साल फागुन महिनामा उच्च माध्यमिक शिक्षा परिषद्बाट लिइएको Computer Science को परीक्षामा निज सामेल भएको भए र यस्तो परीक्षामा सहभागी भई निजको उत्तरपुस्तिका समेत परीक्षण भएको अवस्था रहेको भए निजले सो परीक्षाको प्राप्ताङ्क (Marksheet) नपाउने अवस्था नै रहदैन । यसर्थ निजले पुनरावेदनमा माग गरे अनुसारको प्राप्ताङ्क पत्र (Marksheet) पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरका परीक्षा नियन्त्रकको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल भदौ १६ गते रोज ४ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ३००/२०७२/०७३**

**निर्णय नं.४०**

काठमाडौं जिल्ला काठमाडौं नगरपालिका वडा नं. २१ बस्ने वर्ष ३० को सागर जोशी ......१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं .........................१ विपक्षी
सूचना अधिकारी, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं ........................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

काठमाडौं जिल्ला काठमाडौं नगरपालिका वडा नं. २१ बस्ने वर्ष ३० को सागर जोशीले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०५।२४ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. बृद्ध बृद्धा जो क्रमिक रुपमा श्रवण शक्ति गुमाउदै गएका छन् तिनका लागि सरकारले सस्तो र सुलभ रुपमा प्राप्त गर्न सक्ने गरी श्रवण सामाग्रि उपलब्ध गराउने व्यवस्था गरेको छ कि छैन ?

२. सरकारले उपलब्ध गराउदै आएको नि:शुल्क औषधीहरुको नामावली साथै ती औषधीको साथै ती औषधीको ब्राण्ड नाम, कम्पनीको नाम र कुन देशमा निर्मित भएका हुन् त्यस सम्बन्धी विवरणको प्रतिलिपि ।

३. यस्ता नि:शुल्क औषधीहरु कहाँबाट प्राप्त गर्न सकिन्छ ? यो कार्यक्रम काठमाडौंमा पनि सक्रिय छ ? यी औषधीहरु डाक्टरको लेखाइ पश्चात प्राप्त गर्न सकिन्छ कि बिना प्रेशक्रिप्सन प्राप्त गर्न सकिन्छ ?

४. सरकारले नि:शुल्क औषधीहरुको गुणस्तर कसरी प्रमाणित गर्छ ?

५. कुनै पनि विषेश ब्राण्डको औषधी नि:शुल्क वितरण गर्नलाई कुन मापदण्ड अनुसार छनौट गरिन्छ सो सम्बन्धी विवरणको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल भदौ १८ गते रोज ६ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

## मु.नं. ६४/२०७१/०७२

## निर्णय नं.४२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल .....................................................१ निवेदक

**विरूद्ध**

प्रमुख जिल्ला अधिकारी (कार्यालय प्रमुख), जिल्ला प्रशासन कार्यालय, सुनसरी .......................................१ विपक्षी
सूचना अधिकारी, जिल्ला प्रशासन कार्यालय, सुनसरी .......................................................................१

**विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।**

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने नोदनाथ त्रितालले जिल्ला प्रशासन कार्यालय, सुनसरी समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।१९ मा निवेदन गरेकोमा यस आयोगबाट मिति २०७१।०९।०१ मा निवेदकको माग बमोजिम सूचना दिनू भनी आदेश गरेकोमा सूचना उपलब्ध नगराएको भनी पुन: मिति २०७१।१०।०५ र मिति २०७१।१२।२३ मा सूचना नदिने पदाधिकारी उपर कारवाही समेतको माग गरी निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला प्रशासन कार्यालय, सुनसरीका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ। साथै आयोगको यस पूर्वको आदेश के कति कारणले पालना नभएको हो ? सो समेत खुलाई पठाउन पनि आदेश जारी भएको छ। निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. त्यस जिल्लामा रहेका कुन कुन सरकारी कार्यालयहरु अन्तर्गतमा रहेका समिति तथा उपसमितिहरुमा प्रमुख जिल्ला अधिकारी पदेन अध्यक्ष वा पदेन संयोजक हुने कानूनी प्रावधान रहेको छ ? कुन कुन सरकारी कार्यालयहरुमा रहेका समितिहरुमा प्रमुख जिल्ला अधिकारीले अध्यक्षता गरेर मात्र बैठक बस्ने गरेको छ ? भन्ने विवरणको निम्न अनुसारको विवरणको प्रमाणित प्रतिलिपि ।

| क्र.सं. | सरकारी कार्यालय वा निकायको नाम | समिति वा उपसमितिको नाम | कुन ऐन नियम वा कानून अन्तर्गत | कैफियत |
|---|---|---|---|---|
| | | | | |

२. त्यस जिल्लामा रहेका कुन कुन सरकारी कार्यालयहरु अन्तर्गतमा रहेका समिति तथा उपसमितिहरुमा सहायक प्रमुख जिल्ला अधिकारी पदेन अध्यक्ष वा पदेन संयोजक हुने कानूनी प्रावधान रहेको छ ? कुन कुन सरकारी कार्यालयहरुमा रहेका समितिरुमा सहायक प्रमुख जिल्ला अधिकारीले अध्यक्षता गरेर मात्र बैठक बस्ने गरेको छ ? भन्ने विवरणको निम्न अनुसारको प्रमाणित प्रतिलिपि ।

| क्र.सं. | कार्यालयको नाम | समितिको नाम | कुन ऐन नियम वा कानून अन्तरर्गत | कैफियत |
|---|---|---|---|---|
| | | | | |

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल भदौ २१ गते रोज २ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ३७१/२०७१/०७२**

**निर्णय नं. ४५**

ललितपुर जिल्ला इमाडोल बस्ने सञ्जय अधिकारी समेत ..........................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, पशुपति क्षेत्र विकास कोष, देउपाटन, काठमाडौं .....................................१ विपक्षी
सूचना अधिकारी, पशुपति क्षेत्र विकास कोष, देउपाटन, काठमाडौं ....................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

ललितपुर जिल्ला इमाडोल बस्ने सञ्जय अधिकारी समेतले पशुपति क्षेत्र विकास कोष, देउपाटन, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०१।०२ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी पशुपति क्षेत्र विकास कोष, देउपाटन, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. मुल मन्दिरको पछिल्लो त्रैमासिक आय व्यय ।
२. गत महिनामा पञ्चामृतमा खर्च भएको विलको विवरण/प्रतिलिपि ।
३. भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दिएको चन्दनको विवरण ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल भदौ २१ गते रोज २ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ३७३/२०७१/०७२**

**निर्णय नं. ५१**

धरान १३ सुनसरी बस्ने विष्णु चौलागाँई ..............................................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, नेपाल खानेपानी संस्थान धरान शाखा .................................................१ विपक्षी
सूचना अधिकारी, नेपाल खानेपानी संस्थान धरान शाखा ..............................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

धरान १३ सुनसरी बस्ने विष्णु चौलागाँइले नेपाल खानेपानी संस्थान धरान शाखा समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०१।०२ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी नेपाल खानेपानी संस्थान धरान शाखाका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. आ.व. २०६९।०७० र २०७०।७१ सम्मको त्यस कार्यालयमा खानेपानी महशुल बापत प्राप्त भएको रकमको प्रमाणित विवरण ।

२. त्यस संस्थानले स्थानीय निकायहरु वा नेपाल सरकार र नेपाल सरकारका अन्य निकायबाट अथवा कुनै दातृ निकायबाट आ.व. २०६९।०७० र २०७०।०७१ सम्म कुनै आर्थिक सहायता प्राप्त भएको भए सो को प्रमाणित विवरण ।

३. आ.व. २०६९।७० र २०७०।७१ सम्मको त्यस खानेपानी संस्थान धरानले केन्द्रमा पठाएको रकम सहितको प्रमाणित विवरण तथा आ.व. २०६९।०७० र २०७०।७१ खानेपानी संस्थान धरान शाखाले लाईन विस्तार मर्मत तथा धरानको खानेपानीका लागि गरेको खर्चको प्रमाणित विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल भदौ २४ गते रोज ५ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ३१०/२०७२/०७३**

**निर्णय नं.५२**

रौतहट जिल्ला पचरुखी गा.वि.स. वडा नं. ८ हाल गौर नगरपालिका वडा नं. ४ बस्ने वर्ष ४४ को शैलेन्द्र झा ..........................................................................................१ पुनरावेदक

**विरूद्ध**

अध्यक्ष, अभियान नेपाल, तेजापाकड, रौतहट ....................................................१ विपक्षी
सूचना अधिकारी, अभियान नेपाल, तेजापाकड, रौतहट ................................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

रौतहट जिल्ला पचरुखी गा.वि.स. वडा नं. ८ हाल गौर नगरपालिका वडा नं. ४ बस्ने वर्ष ४४ को शैलेन्द्र झाले रौतहट नेपाल, तेजापाकड, रौतहट समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०५।०८ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी रौतहट नेपाल, तेजापाकड, रौतहटका अध्यक्ष र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. अभियान नेपाल नामक संस्थाले स्थापना कालदेखि हालसम्म कुन कुन निकायबाट कति रकम लिई कुन कुन गा.वि.स. मा कुन कार्यक्रम संचालन गरेको छ सो को विवरण र अभियान नेपालको प्रशासननिक खर्च अलग अलग शीर्षकमा के कति खर्च भएको छ सो को विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल भदौ २४ गते रोज ५ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ३१९/२०७२/०७३**
**निर्णय नं.६२-७०**

बाके जिल्ला नेपालगञ्ज उपमहानगरपालिका वार्ड नं.-८ बस्ने अधिवक्ता विश्वजीत तिवारी ...१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, ..........................................................................१ विपक्षी
कटकुइया गा.वि.स.को कार्यालय, बाँके
लक्ष्मणपुर गा.वि.स. को कार्यालय बाँके
नरैनापुर गा.वि.स.को कार्यालय, बाँके
गंगापुर गा.वि.स.को कार्यालय, बाँके
मटेहिया गा.वि.स.को कार्यालय, बाँके
कालाफाटा गा.वि.स.को कार्यालय, बाँके
बैजापुर गा.वि.स.को कार्यालय, बाँके
विनौना गा.वि.स.को कार्यालय, बाँके
फतेपुर गा.वि.स.को कार्यालय, बाँके

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

बाके जिल्ला नेपालगञ्ज उपमहानगरपालिका वार्ड नं.-८ बस्ने अधिवक्ता विश्वजीत तिवारीले कटकुइया गा.वि.स.को कार्यालय, बाँकेसमेत समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०५।२३ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी कटकुइया गा.वि.स.को कार्यालय, बाँकेसमेतका कार्यालय प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. बाँकेमा बधौडा सोनारी विद्युतीकरणको शुरुवात कहिले भएको र सो को लागि यस गा.वि.स.बाट के कति रकम दिएको छ सो को पूर्ण विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल भदौ २८ गते रोज २ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ३३४/२०७२/०७३**

**निर्णय नं.७५**

सुनसरी जिल्ला, धरान न.पा.-१३, उदयमार्ग बस्ने सविन पोखेल ........................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, कृषि अनुसन्धान केन्द्र, पाखिबास-४, धनकुटा ........................................१ विपक्षी
सूचना अधिकारी, कृषि अनुसन्धान केन्द्र, पाखिबास-४, धनकुटा ........................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

सुनसरी जिल्ला, धरान न.पा.-१३, उदयमार्ग बस्ने सविन पोखेलले कृषि अनुसन्धान केन्द्र, पाखिबास-४, धनकुटा समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०६।०१ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी कृषि अनुसन्धान केन्द्र, पाखिबास-४, धनकुटाका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. त्यस कार्यालयको सूचना अधिकारीको नाम, ठेगाना, सम्पर्क सहितको विवरण ।
२. त्यस कार्यालयको कर्मचारीको विवरण (नाम, ठेगाना, पद र फोन नं.) ।
३. आ.व. २०७०।०७१ र २०७१।०७२ मा कृषक लक्षित के कस्ता कार्यक्रम सम्पन्न भयो सो कार्यक्रममा के कति बजेट खर्च भयो सो को विवरण ।
४. तपसिलको ३ नं. मा उल्लेखित कार्यक्रममा स्टेशनरी खर्च शीर्षकमा आ.ब २०७१।०७२ मा के कति रकम आई कुन कुन उपशीर्षकमा कति कित खर्च भयो सोको शीर्षकगत विवरण ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल असोज १९ गते रोज ३ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ३३५/२०७२/०७३**

**निर्णय नं.७६**

अर्घाखाँची जिल्ला सन्धिखर्क न.पा-१, अर्घाखाँची बस्ने मुक्तिनाथ भुषाल .......................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला विकास समितिको कार्यालय, अर्घाखाँची .............................१ विपक्षी
सूचना अधिकारी, जिल्ला विकास समितिको कार्यालय, अर्घाखाँची ....................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

अर्घाखाँची जिल्ला सन्धिखर्क न.पा-१, अर्घाखाँची बस्ने मुक्तिनाथ भुषालले जिल्ला विकास समितिको कार्यालय, अर्घाखाँची समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०६।१२ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला विकास समितिको कार्यालय, अर्घाखाँचीका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. त्यस कार्यालयबाट गत आ.व. ०७०।०७१ र चालु आर्थिक वर्ष (०७१।०७२) को बैशाख मसान्तसम्म यो कार्यालयले सेमिनार, गोष्ठी र तालिमहरु कुन प्रयोजनका लागि कुन कुन मितिमा र कुन स्थानमा सम्पन्न गरेको थियो ? सो को लिखित जानकारी ।

२. आर्थिक वर्ष ०७०।०७१ र चालु आर्थिक वर्ष (०७१।०७२) को बैशाख मसान्त सम्म सम्पन्न भईसकेका सेमिनार, गोष्ठी र तालिममा सहभागीहरु र संचालनकर्ताको नामावली सहित उपस्थिति हस्ताक्षरको प्रमाणित प्रतिलिपि ।

३. आर्थिक वर्ष ०७०।०७१ र चालु आर्थिक वर्ष (०७१।०७२) को बैशाख मसान्त सम्म सम्पन्न भईसकेका सेमिनार, गोष्ठी र तालिमका लागि कुन शीर्षकको, कति रकम के मा खर्च गरिएको थियो ? विस्तृत जान्न सकिने खालको प्रमाणित प्रतिलिपि ।

४. आर्थिक वर्ष ०७०।०७१ र चालु आर्थिक वर्ष (०७१।०७२) को बैशाख मसान्त सम्म सम्पन्न भईसकेका सेमिनार, गोष्ठी र तालिमका सहभागीहरुलाई भत्ता उपलब्ध गराईएको थियो वा थिएन ? यदि थियो भने कुन व्यक्तिले कहिले र कति रकम प्राप्त गरेका थिए । सो को लिखित जानकारी

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असोज १९ गते रोज ३ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ३६३/२०७२/०७३**
**निर्णय नं. ७७-८१, ८३-१२४**

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत .................................२ पुनरावेदक

**विरूद्ध**

स्थानीय विकास अधिकारी (कार्यालय प्रमुख), जिल्ला विकास समितिको कार्यालय, ...... १ विपक्षी
सूचना अधिकारी, जिल्ला विकास समितिको कार्यालय,
सुनसरी, सिराहा, ओखलढुङ्गा, महोत्तरी, धनुषा, सप्तरी, पाँचथर, धनकुटा, डोटी, डोल्पा, अछाम, बझाङ्ग, बाजुरा, दार्चुला, डडेलधुरा, बैतडी, कालिकोट, मुगु, जुम्ला, हुम्ला, सोलुखुम्बु, उदयपुर, सिन्धुली, सिन्धुपाल्चोक, धादिङ्ग, लमजुङ्ग, गोर्खा, गुल्मी, कपिलवस्तु, नवलपरासी, पाल्पा, रुकुम, रोल्पा, दाङ्ग, बर्दिया, सुर्खेत, जाजरकोट, कञ्चनपुर, तेह्रथुम, सर्लाही, दोलखा, काभ्रेपलाञ्चोक, रौतहट, बारा, पर्सा, प्युठान, ईलाम

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले जिल्ला विकास समितिको कार्यालय, उदयपुर समेत समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०६।१२ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिँदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला विकास समितिको कार्यालय, उदयपुर समेतका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

आ.व. २०७१।७२ मा एलजीसिडिपी कार्यक्रम अन्तर्गत सञ्चालित सूचनाको हकसम्बन्धी तालिम त्यस कार्यालयमा सञ्चालन भयो कि भएन ? यदि सञ्चालन भएको थियो भने सो तालिमसँग सम्बन्धित निम्न सूचनाहरु पाऊँ :

- सूचनाको हकसम्बन्धी प्रशिक्षण कहिले आयोजना गरियो ? र सो प्रशिक्षणमा कति र को को सहभागी भए ? सो कार्यक्रमको हाजिरी पुस्तिकाको प्रतिलिपि सहितको विवरणहरु ।
- उक्त प्रशिक्षणका लागि श्रोतव्यक्ति को थिए ? कसरी श्रोतव्यक्ति छानिए ? छनौटको आधार के के थिए ? सो को विवरण ।
- उक्त तालिममा कुन कुन श्रोत सामग्री प्रयोग गरिएको थियो ?
- उक्त तालिमको लागि कति बजेट विनियोजन भएको थियो ? के के शीर्षकमा कति कति खर्च भयो ? सो खर्चको शीर्षकगत बिल भरपाईसहितको विवरणको प्रमाणित प्रतिलिपि र विवरणहरु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असोज २१ गते रोज ५ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

## मु.नं. ४१८/२०७२/०७३

## निर्णय नं.८२

बाँके जिल्ला नेपालगन्ज उपमहानगरपालिका वार्ड नं.८ बस्ने अधिवक्ता विश्वजीत तिवारी .........१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, नेपालगन्ज उपमहानगरपालिका कार्यालय, बाँके ......................................१ विपक्षी
सूचना अधिकारी, नेपालगन्ज उपमहानगरपालिका कार्यालय, बाँके ................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

बाँके जिल्ला नेपालगन्ज उपमहानगरपालिका वार्ड नं.८ बस्ने अधिवक्ता विश्वजीत तिवारीले नेपालगन्ज उपमहानगरपालिका कार्यालय, बाँके समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०६।१८ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी नेपालगन्ज उपमहानगरपालिका कार्यालय, बाँकेका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. त्यस उपमहानगरपालिका वार्ड नं. १ धम्बोझीस्थित चन्दनाथ टोलमा निर्माणाधिन स्वास्थ्य केन्द्र निमार्णका लागि कति बजेट छुट्टाइएर खर्च गरिएको छ ? त्यसको लागत स्टिमेट कागजको प्रमाणित प्रतिलिपि र ती भवन निमार्णको लागि कहिले कसलाई ठेक्का दिइएको छ ? सो सम्झौता पत्रको प्रमाणित प्रतिलिपि ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असोज २४ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ३१२/२०७२/०७३**

**निर्णय नं.१३१**

ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. १८ बस्ने दृष्टी शाही ..............१ पुनरावेदक

**विरूद्ध**

परीक्षा संचालक समिति, उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुर .....................१ विपक्षी

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. १८ बस्ने दृष्टी शाहीले उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरका परीक्षा नियन्त्रक समक्ष मिति २०७२।०४।०३ मा कक्षा ११ को परीक्षामा सम्मिलित भएको प्राप्ताङ्क पत्र सम्बन्धी सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०५।१५ मा पुनरावेदन गरेको ।

सो सम्बन्धमा यस आयोगबाट मिति २०७२।०५।१६ गते परीक्षा नियन्त्रकको नाममा सूचना उपलब्ध गराउनू भनी आदेश भई कार्यान्वयनको लागि पठाइएकोमा तहाँको च.नं. ०७३, मिति २०७२।०५।३१ को पत्रसाथ यस आयोगमा प्राप्त आदेश कार्यान्वयन गर्न कठिनाई पर्ने मुख्य कारणहरु: अन्तर्गत प्रकरण नं. ४ मा उच्च माध्यमिक शिक्षा परिषद् सम्बन्धी विनियमहरु खण्ड 'क' २०५५ को परिच्छेद २ विनियम ३ मा परीक्षा संचालक समितिको व्यवस्था र विनियम ४ मा परीक्षा संचालक सम्बन्धी काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था भई परीक्षा नियन्त्रकले मात्रै यस आयोगबाट भएको उल्लेखित आदेश कार्यान्वयन गर्न नसक्ने भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ। साथै प्रस्तुत विषयका सम्बन्धमा सम्मानीत सर्वोच्च अदालतमा उत्प्रेषण समेत (०७२-WO-०१९७) मुद्दा दायर भई विचाराधिन रहेको भन्ने सम्बन्धमा सम्मानीत अदालतबाट अन्तरिम आदेश जारी नभएको र विपक्षी यस राष्ट्रिय सूचना आयोगका नाममा कारण देखाउ आदेश जारी भएको छ। यसमा सम्मानित अदालतबाट आदेश भएका बखत सोही अनुसार हुने नै छ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ। ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ। तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन।

प्रस्तुत विषयमा पुनरावेदकबाट आयोगमा पेश गरेको कागजातमा निजले ११ कक्षाको परीक्षा दिन आवश्यक पर्ने प्रवेश पत्र प्राप्त गरेको देखिन्छ। यसर्थ पुनरावेदकले माग गरे अनुसारको मिति २०७१ साल फागुन महिनामा उच्च माध्यमिक शिक्षा परिषद्बाट लिइएको Computer Science को परीक्षामा निज सामेल भएको भए र यस्तो परीक्षामा सहभागी भई निजको उत्तरपुस्तिका समेत परीक्षण भएको अवस्था रहेको भए निजले सो परीक्षाको प्राप्ताङ्क (Marksheet) नपाउने अवस्था नै रहदैन । यसर्थ निजले पुनरावेदनमा माग गरे अनुसारको प्राप्ताङ्क पत्र (Marksheet) पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरको परीक्षा संचालक समितिको नाममा यो आदेश गरिएको छ। पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू। यसको जानकारी पुनरावेदकलाई दिनू।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असोज २१ गते रोज ५ शुभम्।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ३९०/२०७२/०७३**
**निर्णय नं.१३२-१८१**

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ..........................................२ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय, ........................................................................१ विपक्षी
सूचना अधिकारी, जिल्ला स्वास्थ्य कार्यालय, ....................................................................१
महोत्तरी, सिन्धुली, दोलखा, सिन्धुपाल्चोक, खोटाङ, रौतहट, बारा, पर्सा, गोर्खा, मनाङ्ग,
लमजुङ्ग, काठमाडौं, नवलपरासी, कपिलवस्तु, बाग्लुङ्ग, मकवानपुर, डोल्पा, दैलेख, बाजुरा,
मुस्ताङ्ग, रुकुम, जुम्ला, हुम्ला, जाजरकोट, कालिकोट, मुगु, बर्दिया, बझाङ्ग, डोटी, दार्चुला,
डडेलधुरा, प्युठान, तनहूँ, स्याङजा, कास्की, पर्वत, म्याग्दी, रुपन्देही, रोल्पा, धनकुटा,
संखुवासभा, भोजपुर, तेह्रथुम, सुनसरी, ओखलढुंगा, उदयपुर, सप्तरी, सिराहा, धनुषा, सर्लाही

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले जिल्ला स्वास्थ्य कार्यालय, महोत्तरी समेत समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०६।१२ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिँदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला स्वास्थ्य कार्यालय, महोत्तरी समेतका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. आ.व. २०६८ सालदेखि लागू भएको सूर्तिजन्य पदार्थ नियन्त्रण नियमन सम्बन्धी ऐन, २०६८ कार्यान्वयनको लागि त्यस जिल्लामा हाल कति जना स्वास्थ्य निरीक्षक (सूर्ति नियन्त्रण इन्स्पेक्टर) नियुक्त भई कार्यरत रहनुभएको छ ? उहाँहरुको नाम र सम्पर्क नम्बर सहितको विवरण र उहाँहरुले गत आ.व. २०७१।०७२ मा गर्नुभएको कार्य प्रगति प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।

२. आ.व. २०७०।०७१ र आ.व.२०७१।०७२ मा सूर्तिजन्य पदार्थ नियन्त्रण नियमन सम्बन्धी ऐन, २०६८ कार्यान्वयनको लागि त्यस जिल्लामा स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको विवरण, सो बजेट के के शीर्षकमा खर्च भयो ? भन्ने विस्तृत विवरण र त्यो कार्यक्रम अन्तरगत के कस्ता विषयमा खर्च गरियो ? सो को शीर्षकगत विवरण तथा खर्च फछ्र्यौट प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असोज २७ गते रोज ४ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

## मु.नं. २४/२०७१/०७२

## निर्णय नं.१८२

दोलखा जिल्ला, सुन्द्रावती ५ बस्ने गोविन्द प्रसाद दाहाल ........................................१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख (प्रमुख कार्यकारी अधिकृत), नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, काठमाडौं .१ विपक्षी

**विषय :- माग बमोजिमको उत्तरपुस्तिका एवं प्राप्ताङ्क सम्बन्धी सूचना दिनू ।**

दोलखा जिल्ला, सुन्द्रावती ५ बस्ने गोविन्द प्रसाद दाहालले नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, काठमाडौं समक्ष सूचना माग गरेको सम्बन्धी संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

१. नेपाल बैंक लि.को विज्ञापन नं. २०६९।०७०।९७ को सहायक प्रबन्धक ६ तहको प्रतियोगितात्मक परीक्षामा सम्मिलित भएकोले आफ्नो जानकारीका लागि मिति २०७०।०४।३२ र २०७०।०५।०१ गतेको लिखित परीक्षा र मिति २०७०।०९।०८ गतेको अन्तरर्वार्ताको प्राप्ताङ्क सम्बन्धी सूचना पाउँ भनी गोविन्द प्रसाद दाहालले मिति २०७०।०९।१५ मा सूचना अधिकारी समक्ष र २०७१।०५।२६ मा कार्यालय प्रमुख समक्ष क्रमश: निवेदन र उजूरी गरेको ।

२. नेपाल बैंक लि.ले माग गरेको सूचना दिएन भनी निज दाहालले राष्ट्रिय सूचना आयोगमा मिति २०७१।०६।०३ मा पुनरावेदन गरेको ।

३. आयोगबाट मिति २०७१।५।२६ को निर्णयानुसार माग बमोजिमको सूचना उपलब्ध गराउन आदेश भै लेखी गएको ।

४. नेपाल बैंक लि. ले मिति २०७१।०७।२६ को पत्रद्वारा माग गरेको सूचना सार्वजनिक महत्वको नभई नितान्त व्यक्तिगत विषयसंग सम्बन्धित भएकोले उपलब्ध गराउन नमिल्ने व्यहोरा जानकारी गराईएको ।

५. यस वीच निवेदकबाट उजूरी गर्ने र पत्राचार गर्ने कार्य भएको ।

६. आयोगको मिति २०७१।११।०४ को निर्णयमा नेपाल बैंक लि. ले निवेदकले माग गरेको सूचना सार्वजनिक महत्वको नभई नितान्त व्यक्तिगत रहेको भनी लिएको जिकीरमा आयोग सहमत हुन नसकेकोले माग बमोजिमको सूचना दिनू भन्ने आदेश जारी भएको ।

७. यस वीचमा निवेदक अनशनमा वसेको, निजले उजूरी गरेको र आयोगबाट पत्राचार भएको ।

८. नेपाल बैंक लि. को मिति २०७२।०३।३१ को पत्रबाट निम्न ५ कुरा आयोगमा लेखी आएको :

क) यस नेपाल बैंक लिमिटेड हाल बैक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम संचालनमा रहेको र उक्त ऐनको दफा ९२ अनुसार यस ऐन र अन्तर्गत जारी गरिएका आदेश निर्देशनमा लेखिएका कुरामा यसै ऐन र आदेश वा निर्देशन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ भन्ने व्यवस्था रहेकोले यो ऐन विशेष रहेको व्यहोरा अनुरोध गर्दछौं ।

ख) बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ९१ ले दिएको अधिकार प्रयोग गरी यस बैंकको व्यवस्थापन समितिले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बनाइएको नेपाल बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६८ को विनियम ९ मा अधिकृत तथा सहायक स्तरको रिक्त पदमा नयाँ नियुक्ति तथा बढुवाद्वारा पूर्ति गर्नको लागि संचालक समितिले पदपूर्ति समितिको गठन गर्न सक्ने व्यवस्था रहेको र ऐ. विनियमावलीको विनियम १०,११,१२,१३,१४,१५,१६,१७ समेतमा परीक्षा सम्बन्धी प्रक्रियाका बारेमा व्यवस्था रहेकोले उक्त विनियमावलीको व्यवस्था तथा तत् सम्बन्धी प्रक्रियाहरुमा कहि कतै निवेदकले मागेको विवरण उपलब्ध गराउने सम्बन्धमा कुनै कानूनी व्यवस्था नभएको नरहेको व्यहोरा अनुरोध गर्दछौं ।

ग) निवेदकले माग गरेको सूचनाहरु सम्बन्धमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३(१) र ३(२) बमोजिम आफुले माग गरेको सूचना यस बैंकबाट प्राप्त गर्नु पर्ने दावी लिनु भएको छ । उल्लेखित ऐनको उल्लेखित उपदफाहरुमा लेखिएको सूचनाको परिभाषा दफा २(ख) मा गरिएको छ । जस अनुसार सूचना भन्नाले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कारवाही वा निर्णयसंग सम्बन्धित कुनै लिखत, सामाग्री वा जानकारी सम्झनु पर्दछ भनिएको छ । निवेदकले माग गरेको सूचना सार्वजनिक महत्वको नभई निजको नितान्त व्यक्तिगत जाँचमा पास, फेल भएको विषयसंग सम्वन्धित भएकोले उल्लेखित कानूनको दायरा भित्र निवेदकले माग गरेको कागजात सूचनामा नपर्ने भएकाले माग बमोजिमका लिखत उपलब्ध गराउन कानूनत: वाध्यात्मक अवस्था नरहेको व्यहोरा अनुरोध गर्दछौ ।

घ) निवेदकले सर्वोच्च अदालतमा परीक्षाको उत्तरपुस्तिका उपलब्ध गराउन भएको आदेशको प्रतिलिपि समेत पेश गर्नु भएको सम्बन्धमा सर्वोच्च अदालतबाट भएको आदेश प्रतिस्पर्धात्मक परीक्षाको उत्तरपुस्तिका नभई शैक्षिक योग्यता निर्धारण गर्ने परीक्षाको उत्तरपुस्तिकाको सम्बन्धमा आदेश भएको देखिएकोले प्रतिस्पर्धात्मक परीक्षाको उत्तर पुस्तिका, लब्धाङ्कका सम्बन्धमा लोक सेवा आयोग तथा यस्तै प्रकृतिका अन्य संस्थाहरु समेतले उपलब्ध गराउने नगरिएकोले सम्बन्धित व्यक्तिलाई जानकारी दिने स्पष्ट कानूनी व्यवस्था नभएको अवस्थामा उपरोक्त आदेशको कार्यान्वयन गर्न बाधा परेको व्यहोरा अनुरोध छ ।

ङ) अत: माथि लेखिए बमोजिमका कानूनी व्यवस्थाहरुबाट तहाँबाट भएको आदेशको कार्यान्वयन गर्न नसकिने भएकोले उल्लेखित व्यहोरालाई मनन गरी उपयुक्त आदेश हुन सादर अनुरोध गर्दछौ ।

९. नेपाल बैंक लि.ले मिति २०७२।०३।३१, च.नं. २८३२ को पत्र मार्फत आयोगको आदेश कार्यान्वयन गर्न नसकिने भनी लेखी आएको सन्दर्भमा आयोगबाट मिति २०७२।०४।१३ गते आदेश भै निम्न व्यहोरा लेखी गरेको ।

आयोगबाट निवेदकले माग गरेको छैठौं तहको सहायक प्रबन्धक पदको खुला प्रतियोगिताको मिति २०७०।०४।३२ र मिति २०७०।०५।०१ गते संचालित लिखित परीक्षा र मिति २०७०।०९।०८ गते संचालित अन्तर्वार्ताको तपसिलको सूचना दिन मिल्ने भए दिनू र नमिल्ने भए उचित र पर्याप्त कारण सहित निवेदकलाई ७ (सात) दिन भित्र माग अनुसारको सूचना उपलब्ध गराई सो को जानकारी यस आयोगलाई दिनू भनी नेपाल बैंक लिमिटेड, प्रधान कार्यलयका प्रमुख र सूचना अधिकारीको नाममा यस पूर्व विभिन्न मितिमा आदेश भई कार्यान्वयनका लागि तहाँ कार्यलयमा पठाएको । पछिल्लो पटक मिति २०७२।०३।३१ , च.नं.१५५६ को पत्रबाट निवेदकलाई चौवीस (२४) घण्टा भित्र सूचना उपलब्ध गराई आयोगलाई जानकारी दिनू भन्ने पत्राचारको सम्बन्धमा तहाँको मिति २०७२।०३।३१, च.नं. २८३२ को पत्र मार्फत आदेश कार्यान्वयन गर्न नसकिने भन्ने व्यहोरा समेत प्राप्त हुन आयो । सो पत्रमा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ९१ ले दिएको अधिकार प्रयोग गरी यस बैंकको व्यवस्थापन समितिले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बनाएको नेपाल बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६८ को विनियम ९ मा अधिकृत तथा सहायक स्तरको रिक्त पदमा नयाँ नियुक्ति र बढुवाद्वारा पूर्ती गर्नको लागि संचालक समितिले पदपूर्ति समिति गठन गर्न सक्ने व्यवस्था रहेको र ऐं. विनियमावलीको विनियम १०, ११, १२, १३, १४, १५, १६ र १७ समेतमा परीक्षा सम्बन्धी प्रक्रिया बारेमा व्यवस्था रहेकाले उक्त विनियमावलीको व्यवस्था तथा तत् सम्बन्धी प्रक्रियाहरुमा कही कतै निवेदकले मागेको विवरण उपलब्ध गराउने सम्बन्धमा कुनै व्यवस्था नभएको नरहेको भन्ने व्यहोरा उल्लेख भएको ।

आफू र सार्वजनिक महत्वको सूचना माग्ने र प्राप्त गर्ने नेपाली नागरिकको मौलिक हकलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ ले प्रत्याभूत गरेको र सो हकको कार्यान्वयनका लागि बनेको सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ ले हरेक सार्वजनिक निकायले कुन सूचना प्रवाह गर्ने र कुन सूचना प्रवाह नगरी संरक्षण गर्ने भन्ने प्रष्ट व्यवस्था गरेको र विपक्षी बैंकले दावी गरे अनुसारको सूचना सूचनाको हकसम्बन्धी ऐनको दफा ३ बमोजिम मागकर्ताले माग गरेको सूचना प्रवाह गर्न रोक लगाएको नदेखिएकोले विपक्षी बैंकको उल्लेखित दावीसँग आयोग सहमत हुन सकेन ।

अत: यस आयोगबाट भएको आदेश अटेर गरी कार्यान्वयन नगर्ने विपक्षी बैंकका कार्यालय प्रमुखलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को ३२ बमोजिम किन सजाय गर्न नपर्ने हो ? सजाय गर्न नपर्ने कुनै कारण र सवुत भए त्यस्तो कारण र सवुत प्रमाण सात (७) दिन भित्र यस आयोगमा पठाउनु भनी विपक्षी बैंकका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा आयोगबाट मिति २०७२।०४।१५ गते आदेश भै लेखी गएको ।

१०.आयोगको २०७२।०४।१३ को आदेश पश्चात नेपाल बैंक लि.का प्रमुख कार्यकारी अधिकृतले निम्न ७ बुदामा मुख्य जिकिर लिई आफूलाई व्यक्तिगत फाईदा र संस्थालाई हानी पुग्ने कुनै कार्य नगरेको हुँदा कुनै पनि सजाय हुनु नपर्ने व्यहोरा लेखी पठाउनु भएको :

क) यस नेपाल बैंक लिमिटेड हाल बैक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम संचालनमा रहेको र उक्त ऐनको दफा ९२ अनुसार यस ऐन र अन्तर्गत जारी गरिएका आदेश निर्देशनमा लेखिएका कुरामा यसै ऐन र आदेश वा निर्देशन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ भन्ने व्यवस्था रहेकोले यो ऐन विशेष रहेको व्यहोरा निवेदन गर्दछौं ।

ख) बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ९१ ले दिएको अधिकार प्रयोग गरी यस बैंकको व्यवस्थापन समितिले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बनाइएको नेपाल बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६८ को विनियम ९ मा अधिकृत तथा सहायक स्तरको रिक्त पदमा नयाँ नियुक्ति तथा बढुवाद्वारा पूर्ति गर्नको लागि संचालक समितिले पदपूर्ति समितिको गठन गर्न सक्ने व्यवस्था रहेको र ऐ. विनियमावलीको विनियम १०, ११, १२, १३, १४, १५, १६, १७ समेतमा परीक्षा सम्बन्धी प्रक्रियाका बारेमा व्यवस्था रहेकोले उक्त विनियमावलीको व्यवस्था तथा तत् सम्बन्धी प्रक्रियाहरुमा कहि कतै निवेदकले मागेको विवरण उपलब्ध गराउने सम्बन्धमा कुनै कानूनी व्यवस्था नभएको नरहेको व्यहोरा निवेदन गर्दछौं ।

ग) निवेदकले माग गरेको सूचनाहरु सम्बन्धमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३(१) र ३(२) बमोजिम आफुले माग गरेको सूचना यस बैंकबाट प्राप्त गर्नु पर्ने दावी लिनु भएको छ । ऐनको उल्लेखित उपदफाहरुमा लेखिएको सूचनाको परिभाषा दफा २(ख) मा गरिएका छ । जस अनुसार सूचना भन्नाले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कारवाही वा निर्णयसंग सम्बन्धित कुनै लिखत, सामाग्री वा जानकारी सम्झनु पर्दछ भनिएको छ । निवेदकले माग गरेको सूचना सार्वजनिक महत्वको नभई निजको नितान्त व्यक्तिगत जाँचमा पास, फेल भएको विषयसंग सम्वन्धित भएकोले उल्लेखित कानूनको दायरा भित्र निवेदकले माग गरेको कागजात सूचनामा नपर्ने भएकाले माग बमोजिमका लिखत उपलब्ध गराउन नसकिएको व्यहोरा निवेदन गर्दछौ ।

घ) निवेदकले अन्तरवार्ता समेतको परिणाम माग गरेको अवस्थामा परीक्षकले परीक्षार्थीको जवाफका आधारमा तत्काल विबेक प्रयोग गरी दिएको नम्बर सार्वजनिक गर्दा त्यसले उत्पन्न गर्ने दुष्परिणमका कारण मौखिक परीक्षक समेत पाउन नसकिने अवस्था तर्फ समेत आयोगको ध्यान आकर्षण गर्दछौ ।

ङ) विपक्षीले जुन दफाको हवाला दिई सूचना माग्नु भएको हो सो दफा सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कारवाही वा निर्णयसंग सम्बन्धित कुनै लिखत, सामाग्री वा जानकारी सम्झनु पर्दछ भनी कानूनले स्पष्ट व्यवस्था गरेको विषयमा प्रतिस्पर्धात्मक परीक्षाको विषयलाई जोडी सो सम्बन्धी सूचना माग्नु नितान्त गैह्र कानूनी छ । कुन सूचना प्रवाह गर्ने, कुन सूचना प्रवाह नगर्ने भनी ऐनको परिधि भित्र रहि निर्णय गर्ने अधिकार सम्बन्धित संस्थाको हक भएकोले सो कुरालाई सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ ले कानूनी मान्यता दिएको छ ।

च) प्रतिस्पर्धात्मक परीक्षाको संचालन नेपाल बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली अनुसार एक निश्चित मापदण्ड अपनाई गरिने भएकोले यसको शुद्धता र पारदर्शिता कायम राख्न लोकसेवा आयोगमा कार्यरत विज्ञ समेत सम्मिलित विशेषज्ञहरु रहेको परीक्षा संचालन समितिबाट परीक्षा संचालन, उत्तरपुस्तिका परीक्षण तथा नतिजा प्रकाशन हुने भएकोले यस्तो परीक्षा सम्बन्धी सूचना माग्ने अधिकार परीक्षार्थीलाई हुदैन । यस्तो परीक्षाको सूचना प्रदान गर्ने हो भने त्यसबाट निस्कने दुष्परिणमले परीक्षाको गोपनियताको बैद्यतामानै आच आउने हुन जान्छ । त्यसै कारणले यस्ता परीक्षा सम्बन्धी सूचना लोकसेवा आयोग समेतले दिने गरेको छैन ।

छ) कुनै पनि सार्वजनिक संस्थामा हुने काम कारवाही कानून सम्मत र पारदर्शिरुपमा हुनुपर्छ । त्यस्तो काम भए नभएको सूचना माग्ने अधिकार सम्बन्धित पक्षलाई हुने व्यवस्था संविधानले गरे पनि त्यस मध्ये केही सूचनाहरु सम्बन्धित पक्षलाई प्रवाह नगरिने भनी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को अनुसार केही सूचनाहरुलाई सम्बन्धित पक्षको पहुच बाहिर राख्ने व्यवस्था गरेकाले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३(ग) अनुसार बैंकिङ गोपनियता तथा परीक्षाको कार्य संचालनमा गम्भीर आधात पर्ने भएकोले सो

सम्वन्धी सूचना ऐ. ऐनको दफा ३ (४) वमोजिम प्रवाह गरी उपलब्ध गराउन नसकिने भनी यस बैंकबाट तहाँलाई यस अघि निवेदन गरी सकेका छौं ।

## आयोगको ठहर तथा आदेश

माथि प्रस्तुत भएको तथ्यहरुका सन्दर्भमा निम्न विषय वस्तु निक्यौल हुनुपर्ने देखिन्छ::

१. बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०६३ विशेष ऐन भएकाले सो ऐनका अधिनमा रही सूचना माग कर्ताले माग गरेको सूचना दिन सकिएन भन्ने तर्क कानून सम्मत छ छैन ?

२. नेपाल बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६८ मा कहि कतै पनि निवेदकले माग गरेको विवरण दिने व्यहोरा उल्लेख नभएकोले सूचना दिन सकिएन भन्ने भनाइमा कति सत्यता छ ?

३. निवेदकले माग गरेको सूचना दिदा यसबाट दुष्परिणाम उत्पन्न हुने भनाई तर्क संगत हो होईन ?

४. कुन सूचना प्रवाह गर्ने, कुन सूचना प्रवाह नगर्ने भनी सम्वन्धित संस्थाले निर्णय गर्न सक्छ वा सक्दैन ?

५. माग भएको सूचना सूचनाको हकसम्बन्धी ऐनले प्रतिवन्ध लगाएको सूचना भित्र पर्छ वा पर्दैन ?

६. परीक्षा सम्बन्धी जानकारी प्रवाह गर्दा बैंकलाई गंभीर आघात पर्ने बैंकको दाबी सँग सहमत हुन सकिन्छ सकिन्न । र आफूलाई व्यक्तिगत फाइदा तथा संस्थालाई हानी पुग्ने कार्य नगरेकाले दण्डित हुनु नपर्ने जिकिरलाई कसरी व्याख्या गर्ने ?

माथि बुँदा नं १ मा उल्लेखित बैक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०६३ विशेष ऐन भएकाले सो ऐनका अधिनमा रही सूचना दिन सकिएन भन्ने भनाई तर्फ विवेचना गर्दा नेपालको संविधानले व्यवस्था गरेको नागरिकको सूचनाको हकको प्रचलनका लागि निर्मित सूचनाको हकसम्बन्धी ऐन बमोजिम माग भएको सूचनामा सम्बन्धित सरोकारवाला निकायले आफ्नो क्षेत्रगत कानून देखाएर सूचना दिन इन्कार गर्ने कुरा सरासर नै मिल्ने देखिदैन । आफ्नो क्षेत्रगत कानूनले प्रष्ट शब्दमा गोप्य राख्नु भन्ने व्यवस्था गरेकोमा समेत सम्मानित सर्वोच्च अदालतबाट सूचनाको हकसम्बन्धी ऐन बमोजिम माग भएको सूचना दिनु भन्ने आदेश भएकै कारण विद्यार्थीहरुले उत्तरपुस्तिका हेर्न पाउने अवस्था श्रृजना भएको छ । यसर्थ नेपाल बैंक लिमिटेडको यस दावीलाई तर्क र न्याय संगत मान्न सकिने स्थिति देखिदैन ।

यसैगरी माथि बूदा नं. २ मा बैंकको विनियमावलीमा निवेदकले माग गरे अनुसार परीक्षाको प्राप्ताङ्क दिने लगायतको प्रावधान नभएकोले सूचना दिन सकिन्न भन्ने भनाई तर्फ विचार गर्दा विपक्षी नेपाल बैंक लि. ले आफ्नो कर्मचारी सेवा विनियमावलीको यति नम्बर बुँदामा प्राप्ताङ्क लगायतका विवरण दिन नमिल्ने गरी गोप्य राख्नु पर्ने प्रावधान छ भनी जिकिर लिन सकेको देखिन्न । हुनत् यस्तो प्रावधान राखिएता पनि सूचनाको हकसम्बन्धी ऐन बमोजिम त्यस्ता प्रावधान मै सिमित भएर सार्वभौम नागरिकले माग गरेको सूचना नदिनु भन्न सकिने हुदैन । कानून सदैव गतिशील हुन्छ । यसर्थ संविधानले नागरिकलाई सूचनाको हक प्रदान गरेको र २०६४ सालमा निर्मित सूचनाको हकसम्बन्धी ऐनले खुला र पारदर्शिता अवलम्वन गर्न निर्देश गरेको स्थितिमा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०६३ मा सम-सामयिक परिमार्जन गर्नु पर्छ । तर, प्रस्तुत केशमा निवेदकले माग गरेको सूचना उपलब्ध गराउन उक्त ऐनको कुनै पनि प्रावधानले नरोकेकोले सूचना दिन बाधा पर्ने देखिदैन ।

माथि बुँदा नं. ३ मा निवेदकले माग गरेको सूचना दिएमा यसबाट दुष्परिणाम उत्पन्न हुने बैंकको तर्क विश्लेषण गर्दा प्रस्तुत केशमा बैंकले आफुलाई आवश्यक भएको जनशक्ति प्राप्तिका लागि विज्ञापन प्रकाशित गर्नु, परीक्षा लिनु, परीक्षाफल प्रकाशित गर्नु र योग्य उम्मेदवारको छनौट गर्नु स्वभाविक कार्य प्रक्रिया हो । तर प्रतिस्पर्धी उम्मेदवारको तर्फबाट हेर्दा विना प्राप्ताङ्क परीक्षाफल प्रकाशित गर्दा परीक्षामा सहभागीहरु महत्वपूर्ण सूचनाबाट बञ्चित हुन पुग्छन् । यस्ता परीक्षाको प्राप्ताङ्क प्रकाशित गर्ने प्रचलन अन्य मुलुकमा पनि छ । यसर्थ नेपाल बैंक लि. आफुले सम्पादन गरेको परीक्षाको प्राप्ताङ्क सहितको परीक्षाफल प्रकाशित गर्ने तर्फ उन्मुख हुँदा दुष्परिणाम होईन बैकको निश्पक्षता, पारदर्शिता र विश्वसनियता बृद्धि हुनेछ ।

यसैगरी माथि बुँदा नं. ४ मा कुन सूचना प्रवाह गर्ने र नगर्ने भन्ने तत् निकायका प्रमखको स्वविवेकी अधिकार हो भनी बैंकबाट गर्न खोजिएको व्याख्या सूचनाको हकसम्बन्धी ऐनको अध्ययनबाट मिल्ने देखिदैन । यस ऐनमा सूचना वर्गिकरण गर्न सकिने व्यवस्था छ । प्रस्तुत सन्दर्भमा दावी लिइरहेको विषय सूचना वर्गिकरण

भित्र समावेस भएको छैन । सूचनाको हकसम्बन्धी ऐन बमोजिम नागरिकले माग गरेको सूचना तत् निकायले उपलब्ध नगराएमा आयोगमा पुनरावेदन पर्न सक्ने र आयोगले आदेश दिने कानूनी व्यवस्था रहेको छ । साथै आयोगको आदेशको पालन गर्नु तत् बैंकको कानूनी कर्तव्य भएको व्यहोरा समेत प्रष्ट नै छ ।

बुँदा नं. ५ मा उल्लेखित प्रस्तुत विषयमा माग भएको सूचना सूचनाको हकसम्बन्धी ऐन बमोजिम प्रवाह नगरिने सूचना भित्र पर्ने हो होईन भन्ने तर्फ विश्लेषण गर्दा ऐनको दफा ३ को उपदफा (३) (ग) मा उल्लेखित आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पतीको संरक्षण वा बैंकिङ्ग वा व्यापारिक गोपनियतामा गम्भीर आघात पार्ने सूचना भित्र बैंकले आफूलाई आवश्यक परेको योग्य उम्मेदवारको छनौट गर्न लिएको परीक्षा सम्बन्धी सूचना पनि पर्छ भनी स्वीकार गर्न सकिने ठाउनै छैन । यो नितान्त प्रशासनिक र सामान्य काम हो । यस्ता सूचना सार्वजनिक गर्दा बैकिङ्ग कारोवारमा कुनै आघात पुग्ने हुँदैन ।

बुँदा नं. ६ मा प्रस्तुत निकायमा माग भएको सूचना प्रवाह गर्दा बैंकलाई गम्भिर आघात पर्ने बैंकका प्रमुख कार्यकारी अधिकृतको दावीलाई विश्लेषण गर्दा निजले यो विषय बैंकको संचालक समितिमा पेश गरेको, छलफल भएको र तहाँबाट निर्णय भएको अवस्था देखिन्न । साथै निज प्रमुख कार्यकारी अधिकृतले यस विषयलाई नेपाल राष्ट्र बैंक समक्ष पनि पुऱ्याएको कुनै पनि कागजातबाट खुल्दैन । यसर्थ आफुले सम्पन्न गरेको प्रशासनिक कार्यको परिणाम पनि आफै भित्र सिमित गरी सूचना दिन इन्कार गरेको विषयसंग आयोग सहमत हुन सकेन । यसर्थ यी प्रमुखले आफ्नो तालुक निकाय संचालक समिति र नेपाल राष्ट्र बैंकमा सूचना दिने विषयको प्रस्ताव प्रस्तुत गर्नुपर्छ । यसबाट निज स्वयं नै सूचना प्रवाहमा बाधक होइनन भनी प्रष्ट हुन आउँछ । यस स्थितिमा निजले व्यक्त गरेको आफुलाई व्यक्तिगत फाईदा र संस्थालाई हानी पुग्ने कार्य नगरेकोले दण्डित हुनु नपर्ने जिकिरतर्फ प्रवेश गर्न सकिने हुन्छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच सुनिश्चित गरेको, सूचना प्रवाह नगरिने ५ वटा क्षेत्रमा प्रस्तुत माग गरेको सूचना नपरेको, आयोगले सूचना दिनु भनी भएको आदेशको कार्यान्वयन गर्ने प्रयास गर्नुको सट्टा सूचना दिनु नपर्ने कारण र तर्क के के हुन सक्छन् भनी सूचना नदिने मनसायले पत्राचारका लागि आधार तयार गर्ने तर सूचना दिने तर्फ सकारात्मक प्रयास नगरुन्जेल आयोगबाट सजाय गर्न प्रस्तावित आदेशमा विचार गर्न सकिने स्थिति देखिएन ।

यसर्थ माथि गरिएको विश्लेषण र विवेचानाका आधारमा पुनरावेदकले माग गरेको सूचना दिने तर्फ सकारात्मक प्रस्ताव सहित बैंकको संचालक समितिमा प्रस्ताव प्रस्तुत गर्ने, नेपाल राष्ट्र बैंकसंग समन्वय गर्ने र आवश्यकता अनुसार कानून र विनियम नै संशोधन गरी माग बमोजिमको सूचना दिनू भनी नेपाल बैंक लि. का प्रमुख कार्यकारी अधिकृतको नाममा यो आदेश जारी गरिएको छ । यो आदेशको प्रतिलिपि नेपाल बैंकका प्रमुख कार्यकारी अधिकृतलाई पठाउनु र पुनरावेदकलाई पनि जानकारी दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना)<br>सूचना आयुक्त | (किरणकुमार पोखरेल)<br>सूचना आयुक्त | (कृष्णहरि बाँस्कोटा)<br>प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असोज २८ गते रोज ५ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

## मु.नं. ४५२/२०७२/०७३
## निर्णय नं. १८३-२९९

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ..................................२ पुनरावेदक

**विरूद्ध**

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), ........................................................१ विपक्षी
सूचना अधिकारी, ...................................................................................१

म्याङ्लुङ्ग नगरपालिकाको कार्यालय, तेह्रथुम
कुश्मा नगरपालिका, पर्वत
चाँदनी दोधरा नगरपालिका, कञ्चनपुर
पुनर्वास नगरपालिका, कञ्चनपुर
भजनी त्रिशक्ति नगरपालिका, कैलाली
मंगलसेन नगरपालिका, अछाम
नेपालगञ्ज उपमहानगरपालिका, बाँके
भेरीगंगा नगरपालिका, सुर्खेत
बाँसगढी नगरपालिका बर्दिया
रामधुनी भासी नगरपालिका, सुनसरी
दमक नगरपालिका, झापा
दुहवी भलुवा नगरपालिका, सुनसरी
सर्बैला नगरपालिका धनुषा
लालबन्दी नगरपालिका सर्लाही
इटहरी उपमहानगरपालिका सुनसरी
मेचीनगर नगरपालिका, झापा
उर्लाबारी नगरपालिका, मोरङ्ग
लिवाङ नगरपालिका रोल्पा
घोडाघोडी नगरपालिका कञ्चनपुर
झलारी पिपलाडी नगरपालिका, कञ्चनपुर
दुल्लु नगरपालिका, दैलेख
चन्द्रननाथ नगरपालिका, जुम्ला
बढिमालिका नगरपालिका, बाजुरा
जयपृथ्वी नगरपालिका, बझाङ्ग
कावासोती नगरपालिका, नवलपरासी
रामग्राम नगरपालिका, नवलपरासी
बाग्लुङ नगरपालिका, बाग्लुङ
साँफेबगर नगरपालिका,, अछाम
लम्कीचुहा नगरपालिका, कैलाली
राजपुर नगरपालिका, बर्दिया
गुलरीया नगरपालिका, बर्दिया
सोनाश्री राराताल नगरपालिका, बर्दिया
मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक
मलंगवा नगरपालिका, सर्लाही
वालिङ नगरपालिका, स्याङजा
दशरथचन्द नगरपालिका, बैतडी
पर्शुराम नगरपालिका, डडेलधुरा
बन्दीपुर नगरपालिका, तनहूँ
सुन्दरबजार नगरपालिका, लम्जुङ
अपी नगरपालिका, दार्चुला
कन्काई नगरपालिका, झापा
सूर्योदय नगरपालिका, इलाम
बेलबारी नगरपालिका, मोरङ
निजगढ नगरपालिका, बारा
ताप्लेजुङ नगरपालिका, ताप्लेजुङ
पोखरीया नगरपालिका, पर्सा
पालुङटार नगरपालिका, गोर्खा
चित्रवन नगरपालिका, चितवन
लेटाङ भोगटेनी नगरपालिका, मोरङ
मादी नगरपालिका, संखुवासभा
गोलबजार नगरपालिका, सिरहा
ईश्वरपुर नगरपालिका, सर्लाही
दुधौली नगरपालिका, सिन्धुली
लाहान नगरपालिका, सिरहा
गौशाला नगरपालिका, महोत्तरी
जलेश्वर नगरपालिका, महोत्तरी
गणेशमान चारनाथ नगरपालिका, धनुषा
मिथिला नगरपालिका, धनुषा
पाखीबास नगरपालिका, धनकुटा
खाँदबारी नगरपालिका, संखुवासभा
दुधकुण्ड नगरपालिका, सोलुखुम्बु
राजबिराज नगरपालिका, सप्तरी
निलकण्ठ नगरपालिका, धादिङ्ग
त्रियुगा नगरपालिका, उदयपुर
सुन्दरदुलारी नगरपालिका, मोरङ
कोशी हरैचा नगरपालिका, मोरङ
पथरी शनिश्चरे नगरपालिका, मोरङ
पनौती नगरपालिका, काभ्रे
किर्तिपुर नगरपालिका, किर्तिपुर
शंखरापुर नगरपालिका, काठमाडौं
दक्षिणकाली नगरपालिका, काठमाडौं
सिरहा नगरपालिका, सिरहा
कमलामाई नगरपालिका, सिन्धुली
मुसिकोट नगरपालिका, रुकुम

कञ्चनपुर रुप नगरपालिका, सप्तरी
मिर्चैया नगरपालिका, सिरहा
बेलटार बसाहा नगरपालिका, उदयपुर
सप्तकोशी नगरपालिका, सप्तरी
शम्भुनाथ नगरपालिका, सप्तरी
कटारी नगरपालिका, उदयपुर
कोल्हवी नगरपालिका, बारा
सिम्रौनगढ नगरपालिका, बारा
बर्दघाट नगरपालिका, नवलपरासी
सैनामैना नगरपालिका, रुपन्देही
माडी नगरपालिका, चितवन
बेशीशहर नगरपालिका, लम्जुङ
रत्ननगर नगरपालिका, चितवन
नारायण नगरपालिका, दैलेख
नारायणी नगरपालिका, चितवन
शिवसतासी नगरपालिका, झापा
शारदा नगरपालिका, सल्यान
पाँचखाल नगरपालिका, काभ्रे
गरुडा नगरपालिका, रौतहट
जनकपुर उपमहानगरपालिका, धनुषा
नागार्जुन नगरपालिका, काठमाडौं
वीरगंज उपमहानगरपालिका, पर्सा
षडानन्द नगरपालिका, भोजपुर
अनन्तलिङ्गेश्वर नगरपालिका, भक्तपुर
चन्द्रपुर नगरपालिका, रौतहट
गढिमाई नगरपालिका, बारा
कलैया नगरपालिका, बारा
देबदह नगरपालिका, रुपन्देही
रामपुर नगरपालिका, पाल्पा
कृष्णनगर नगरपालिका, कपिलवस्तु
शिवराज नगरपालिका, कपिलवस्तु
बाणगंगा नगरपालिका, कपिलवस्तु
कपिलवस्तु नगरपालिका, कपिलवस्तु
बुद्धबाटिका नगरपालिका, कपिलवस्तु
बर्दिबास नगरपालिका, महोत्तरी
बुढानिलकण्ठ नगरपालिका, काठमाडौं
थाहा नगरपालिका, मकवानपुर
महागढीमाई नगरपालिका, बारा
गौर नगरपालिका, रौतहट
छिरेश्वरनाथ नगरपालिका, धनुषा
धनुषाधाम नगरपालिका, धनुषा
हरीवन नगरपालिका, सर्लाही
लुम्बिनी साँस्कृतिक नगरपालिका, रुपन्देही

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले म्याङ्लुङ्ग नगरपालिकाको कार्यालय, तेह्रथुम समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी म्याङ्लुङ्ग नगरपालिकाको कार्यालय, तेह्रथुमका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

आ.व. २०७१।७२ मा एलजीसिडिपी कार्यक्रम अन्तर्गत सञ्चालित सूचनाको हकसम्बन्धी तालिम त्यस कार्यालयमा सञ्चालन भयो कि भएन ? यदि सञ्चालन भएको थियो भने सो तालिमसँग सम्बन्धित निम्न सूचनाहरु पाऊँ :

- सूचनाको हकसम्बन्धी प्रशिक्षण कहिले आयोजना गरियो ? र सो प्रशिक्षणमा कति र को को सहभागी भए ? सो कार्यक्रमको हाजिरी पुस्तिकाको प्रतिलिपि सहितको विवरणहरु ।
- उक्त प्रशिक्षणका लागि श्रोतव्यक्ति को थिए ? कसरी श्रोतव्यक्ति छानिए ? छनौटको आधार के के थिए ? सो को विवरण ।
- उक्त तालिममा कुन कुन श्रोत सामग्री प्रयोग गरिएको थियो ?
- उक्त तालिमको लागि कति बजेट विनियोजन भएको थियो ? के के शीर्षकमा कति कति खर्च भयो ? सो खर्चको शीर्षकगत बील भरपाईसहितको विवरणको प्रमाणित प्रतिलिपि र विवरणहरु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल कार्तिक १७ गते रोज ३ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ४४७/२०७२/०७३**

**निर्णय नं.३०९**

सुनसरी जिल्ला धरान न.पा. १३ उदयमार्ग बस्ने सबिन पोखेल .................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, विजयपुर अस्पताल प्रा.लि, धरान ....................................................१ विपक्षी
सूचना अधिकारी, विजयपुर अस्पताल प्रा.लि, धरान ...................................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

सुनसरी जिल्ला धरान न.पा. १३ उदयमार्ग बस्ने सबिन पोखेलले विजयपुर अस्पताल प्रा.लि, धरान समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०६।१८ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी विजयपुर अस्पताल प्रा.लि, धरानका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. त्यस कार्यालयको सूचना अधिकारीको नाम, ठेगाना, सम्पर्क सहितको पूर्ण विवरण ।
२. त्यस कार्यालयमा कति कर्मचारी कार्यरत छन् सो को सम्पूर्ण विवरण ।
३. त्यस हस्पिटल स्थापना भएदेखि हालसम्म के कति सञ्चार माध्यमलाई विज्ञापन/प्रचार प्रसार वापत कति रकम कसलाई भुक्तानी दिइएको छ, सो को प्रमाणित प्रतिलिपि ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल कार्तिक १७ गते रोज ३ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ४४८/२०७२/०७३**

**निर्णय नं.३१०**

सुनसरी जिल्ला धरान न.पा. १३ उदयमार्ग बस्ने सबिन पोखेल ..........................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, विजयपुर अस्पताल प्रा.लि, धरान .......................................................१ विपक्षी

सूचना अधिकारी, विजयपुर अस्पताल प्रा.लि, धरान ...................................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

सुनसरी जिल्ला धरान न.पा. १३ उदयमार्ग बस्ने सबिन पोखेलले विजयपुर अस्पताल प्रा.लि, धरान समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०६।१८ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी विजयपुर अस्पताल प्रा.लि, धरानका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. स्थापनाकालदेखि यहाँ कतिवटा एम्बुलेन्स खरिद भएको छ र सो खरिद दर्ता कहिले, के, कति भन्सार छुटमा ल्याइएको हो सो को प्रमाणित विवरण ।

२. यहाँ उपलब्ध X-RAY Machine के कति भन्सार छुटमा खरिद भएको सो को प्रमाणित विवरण ।

३. यहाँ उपलब्ध कुन कुन सेवाहरु कुन कुन डाक्टरद्वारा उपलब्ध गराईन्छ सो को विवरण ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल कार्तिक १७ गते रोज ३ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ३३२/२०७२/०७३**
**निर्णय नं.३११**

काठमाडौं जिल्ला बलम्बु वडा नं. ७ बस्ने निरु श्रेष्ठ ...............................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, पशुपति क्षेत्र विकास कोष कार्यालय, गौशाला, काठमाडौं ........................१ विपक्षी
सूचना अधिकारी, पशुपति क्षेत्र विकास कोष कार्यालय, गौशाला, काठमाडौं .........................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

काठमाडौं जिल्ला बलम्बु वडा नं. ७ बस्ने निरु श्रेष्ठले पशुपति क्षेत्र विकास कोष कार्यालय, गौशाला, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०५।३० मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी पशुपति क्षेत्र विकास कोष कार्यालय, गौशाला, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. इलेक्ट्रीक कृमेतोरियमको सम्भाव्यता अध्ययन, परियोजनाका योजनाहरु, सम्झौता पत्र, बार्षिक प्रतिवेदन मुल्यांकन प्रतिवेदन, बजेट ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल कार्तिक २९ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ५६८/२०७२/०७३**
**निर्णय नं.३१२**

जिल्ला सर्लाही, हरिवन न.पा.१०, सखेपोखरीस्थित
श्री चतुर्भुजेश्वर जनता उच्च माध्यमिक विद्यालयका शिक्षक स्थिरप्रसाद भट्टराई .....................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, श्री चतुर्भुजेश्वर जनता उच्च माध्यमिक विद्यालय, सखेपोखरी, सर्लाही .........१ विपक्षी
सूचना अधिकारी, श्री चतुर्भुजेश्वर जनता उच्च माध्यमिक विद्यालय, सखेपोखरी, सर्लाही ........१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला सर्लाही, हरिवन न.पा.१०, सखेपोखरीस्थित श्री चतुर्भुजेश्वर जनता उच्च माध्यमिक विद्यालयका शिक्षक स्थिरप्रसाद भट्टराईले श्री चतुर्भुजेश्वर जनता उच्च माध्यमिक विद्यालय, सखेपोखरी, सर्लाही समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी श्री चतुर्भुजेश्वर जनता उच्च माध्यमिक विद्यालय, सखेपोखरी, सर्लाहीका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. त्यस विद्यालयमा जिल्ला शिक्षा कार्यालय सर्लाहिबाट आ.ब २०७१।०७२ मा कुन कुन शीर्षक अन्तर्गत कति-कति बजेट रकम निकासा प्राप्त भयो र सो रकम कुन-कुन शीर्षक अन्तर्गत कति-कति खर्च भयो ? सम्पूर्णको विलभरपाई सहितको प्रमाणित प्रतिलिपिका साथै त्यस विद्यालयको आ.व.२०७१।०७२ को आन्तरिक आय-व्यय विवरणको प्रमाणित प्रतिलिपि ।

२. त्यस विद्यालयमा आ.ब २०७१।०७२ मा छात्रा तथा दलित विद्यार्थीका नाममा कति छात्रवृति रकम प्राप्त भयो, को-को विद्यार्थीले कति कति छात्रवृति रकम प्राप्त गरे, प्राप्त गर्ने सम्पूर्णको नामावली र प्राप्त गरेको रकम विवरणको प्रमाणित प्रतिलिपि ।

३. त्यस विद्यालयको आ.ब २०७१।०७२ मा निजी स्रोतबाट प्राप्त सम्पूर्ण आय वापतको रकम र सो रकम वापत भएएको आय-व्यय विवरण प्रमाणित प्रतिलिपि ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल कार्तिक २९ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**आदेश**
**मु.नं.५८२/२०७१/०७२**
**निर्णय नं.३२७**

काठमाडौं जिल्ला चन्द्रागिरी नगरपालिका वडा नं. १६ बस्ने वर्ष ३७ को मनोज कुमार श्रेष्ठ .......१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, नापी कार्यालय, कलंकी, काठमाडौं ........................................................१ विपक्षी
सूचना अधिकारी, नापी कार्यालय, कलंकी, काठमाडौं ......................................................१

**विषय :- सूचना उपलब्ध गराउनू ।**

काठमाडौं जिल्ला चन्द्रागिरी नगरपालिका वडा नं. १६ बस्ने वर्ष ३७ को मनोज कुमार श्रेष्ठले नापी कार्यालय, कलंकी, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।०८ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिँदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी नापी कार्यालय, कलंकी, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. नापी कार्यालयको च.नं.४४, मिति २०७१।०८।२८ गतेको मिसिल एपोलो स्टिल इण्डस्ट्रिज प्रा.लि.को पूर्वपट्टि रहेको १०० फिट बाटो सो प्रा.लि.ले नै मासेको भन्ने विषयमा रहेको छ । यो मिसिल बाटो मासेको भन्ने विषयमा रहेकोले धेरै जनासँग सरोकार रहन गई सार्वजनिक महत्व रहेकोले सो कपी अध्ययन गर्नको लागि आवश्यक भएको हो ।

२. एपोलो स्टल ई. प्रा. लि. को मिति २०७२।०५।२९ गते च.नं. उल्लेख नभएको पत्रले समेत कानूनी उपचार पाउन तथा कारवाही अगाडि बढाउन म निवेदकलाई बाटो खुल्ला गरेको छु भनी व्यहोरा उल्लेख गरी दिएको र सो पत्र अनुसारले पनि म निवेदक सो बाटोको विषयमा सरोकार रहेको भन्ने जनाउ दिन्छ र सोही कारणले पनि कानूनी प्रक्रियाको लागि अध्ययन गर्न समेत आवश्यक भएकोले सो पत्र पाउँ भनी नागरिकताको फोटो कपी सहित संलग्न राखि निवेदन पेश गर्दछु ।

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल मंसिर २१ गते रोज २ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ५९३/२०७२/०७३**
**निर्णय नं.३२९-३३५**

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ..............................................२ पुनरावेदक

**विरूद्ध**

स्थानीय विकास अधिकारी (कार्यालय प्रमुख), जिल्ला विकास समितिको कार्यालय ............................१ विपक्षी
सूचना अधिकारी, जिल्ला विकास समितिको कार्यालय ...................................................................१
जुम्ला, रौतहट, सुनसरी, मुगु, नवलपरासी, रुकुम, धादिङ्ग

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले जिल्ला विकास समितिको कार्यालय, जुम्ला समेत समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०८।१८ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला विकास समितिको कार्यालय, जुम्ला समेतका स्थानीय विकास अधिकारी (कार्यालय प्रमुख) र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. त्यस जिल्लाका संविधानसभा तथा व्यवस्थापिका संसदमा प्रतिनितित्व गर्ने माननीय सभासद्ज्यूहरूले गत आर्थिक वर्ष २०७१/७२ का लागि निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत प्राप्त गर्नुभएको रु. १५ लाखको बजेट कसरी बिनियोजन भयो ? सो रकम विनियोजन गर्ने सम्बन्धी निर्णय प्रक्रियामा को को सहभागी भए वा कुन प्रतिनिधि मार्फत यस्तो विनियोजन सम्वन्धी निर्णय भयो ? बिनियोजन गर्ने सो निर्णय सम्बन्धी कागजात तथा हरेक सभासद्ले प्राप्त गरेको बजेटको कार्यक्रमगत विनियोजनको बेग्लाबेग्लै विवरण ।
२. गत आर्थिक वर्षका लागि हरेक निर्वाचन क्षेत्रमा माननीय सभासद्ज्यूहरुको सिफरिसमा कार्यान्वयन हुने गरी पुर्वाधार विकासका लागि विनियोजित रु. १ करोडको बजेटको विनियोजन सन्दर्भमा योजना छनोट र कार्यान्वयनका लागि यस जिल्लाका कुन कुन निर्वाचन क्षेत्रमा कहिले-कहिले कस-कसको उपस्थितिमा बैठक सम्पन्न भयो ? सो सम्बन्धी जानकारी विवरण, बैठकको माईन्यूटको प्रमाणित प्रतिलिपि एवं सो कार्यक्रम अन्तर्गत निर्वाचन क्षेत्रगत आधारमा छनोट गरिएको कार्यक्रम र विनियोजित बजेट रकमको बेग्लाबेग्लै विवरणको प्रमाणित प्रतिलिपि ।
३. निर्वाचन क्षेत्र विकास कार्यक्रम तथा निर्वाचन क्षेत्रको माननीय सभासद्हरुको सिफरिसमा सञ्चालन हुने योजनाहरु कुन कुन स्थानीय निकायको परिषद्बाट पारित गरी प्रस्तावित गरिएका थिए ? सोको जानकारी खुल्ने विवरणको सूची सम्बन्धी कागजातको प्रमाणित प्रतिलिपि ।
४. निर्वाचन क्षेत्र विकास कार्यक्रम तथा निर्वाचन क्षेत्रको माननीय सभासद्हरुको सिफरिसमा सञ्चालन हुने योजनाहरु कस-कसले सञ्चालन गरेका थिए ? कायक्रम सञ्चालनको लागि गरिएको सम्झौता पत्र र कार्यक्रम सम्पन्न भएको प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल मंसिर २७ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त श्री किरणकुमार पोखरेल**
**सूचना आयुक्त श्री यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६/२०६९/०७०**

**निर्णय नं. ३३६**

केशव प्रसाई, नयाँ बानेश्वर काठमाण्डौं ............................................................................. १ पुनरावेदक

**विरुद्ध**

श्री लोक सेवा आयोग .......................................................................................................... १ विपक्षी

**विषय :- <u>माग बमोजिमको सूचना उपलब्ध गराउनू ।</u>**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ अन्तर्गत यस आयोग समक्ष पर्न आएको निवेदन र तत्सम्बन्धमा यस आयोगबाट भएको कारवाहीको संक्षिप्त तथ्य निम्नानुसार छ ।

(१) लोक सेवा आयोगको विज्ञापन नं. ९७२-०६२/०६३ कृषि सेवा, वाली संरक्षण समूहको वाली संरक्षण अधिकृत पदमा म सहित अन्तर्वार्तामा उपस्थिति सम्पूर्ण सात जना उम्मेदवारको जम्मा प्राप्ताङ्क, जसको आधारमा सिफारिस भएको थियो, सो सूचना मैले उक्त निकायबाट हासिल गर्न नसकेकोले मलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ ले प्रत्याभूत गरेकोले सो सूचना उपलब्ध गराई पाउँ भन्ने केशव प्रसाईको मिति २०६७।११।२५ को निवेदन ।

(२) माथिको प्रकरण नं. (१) बमोजिमको निवेदन प्राप्त भएपछि मिति २०६७।११।३० गते आयोगबाट 'निवेदकले माग गरेको सूचनाहरु ७ (सात) दिनभित्र उपलब्ध गराई यस आयोगलाई जानकारी दिनु, सूचना उपलब्ध गराउन नमिल्ने भए कारण सहितको लिखित जवाफ ७ (सात) दिनभित्र यस आयोगमा पेश गर्न लोक सेवा आयोगका सचिवको नाउँमा आदेश जारी' भएको ।

(३) माथिको प्रकरण नं. (२) बमोजिमको आयोगको आदेश बमोजिम लोक सेवा आयोगका तत्कालिन निमित्त सचिव श्री अनिलकुमार पाण्डेद्वारा 'नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ को प्रतिबन्धात्मक वाक्यांशमा "तर कानूनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन" भन्ने उल्लेख भएको एवं लोक सेवा आयोग ऐन, २०६६ को दफा ४५ को उपदफा (१) मा आयोगको परीक्षासँग सम्बन्धित लिखत र कागजात गोप्य रहनेछन् भन्ने उल्लेख भएको र लोक सेवा आयोग नियमावली, २०६७ को नियम ४३ को उपनियम (२) मा आयोगले गोप्य राख्नुपर्ने ठहऱ्याएको कागजातको नक्कल उपलब्ध गराईने छैन भन्ने उल्लेख भएकोले पुनरावेदक केशव प्रसाईले माग गरेको आयोगको परीक्षासँग सम्बन्धित कागजात भएको र कानून बमोजिम गोप्य रहने भएकोले उल्लेखित कागजातका प्रतिलिपि एवं सूचना उपलब्ध गराउन नसकिने व्यहोरा निर्णयानुसार अनुरोध छ भनी मिति २०६७।१२।०९ मा लेखी आएको ।

(४) माथि प्रकरण नं. (३) बमोजिमको आयोगमा सो पत्र प्राप्त भएपछि लोक सेवा आयोगको 'तत् पत्रका सम्बन्धमा छलफल गर्नुपर्ने भएकोले पत्र प्राप्त भएको मितिले ७ (सात) दिनभित्र यस आयोगमा लोक सेवा आयोगका सचिव आफै वा प्रतिनिधि झिकाउन' आयोगबाट मिति २०६७।१२।२७ गते आदेश भएको ।

(५) माथि प्रकरण (४) बमोजिमको आयोगको उल्लेखित आदेश बमोजिम लोक सेवा आयोगका तर्फबाट उपसचिव ( कानुन) श्री दिपक खनाल आयोगका उपस्थित भै मिति २०६८।१।१९ मा छलफलमा सहभागी भएको ।

(६) आयोगमा लोक सेवा आयोगका प्रतिनिधिसँग छलफल भए पश्चात आयोगले मिसिलबाट देखिएका तथ्य, विवादमा निरुपण हुनुपर्ने विषयहरु र केशको विवेचना सहित मिति २०६८।५।१५ गते 'विज्ञापन नं. ९७२-०६२/०६३ कृषि सेवा, वाली संरक्षण समूहको वाली संरक्षण अधिकृत पदमा अन्तर्वार्तामा उपस्थित सम्पूर्ण सात जना उम्मेदवारको जम्मा प्राप्ताङ्क' उपलब्ध गराउनु भनी आदेश जारी गरेको । सो आदेशमा आयोगले 'प्रस्तुत निवेदन र ऐनको व्यवस्थालाई हेर्दा निज निवेदकले माग गरेको सूचना दफा ३(३) बमोजिम प्राप्त नगर्ने सूचना भित्र परेको देखिदैन । साथै वर्गिकरणको सूचीमा लोक सेवा आयोगको शीर्षकमा 'आयोगले लिने परीक्षासँग सम्बन्धित सबै प्रकारका अभिलेखहरु कानुनले तोकेको अवधिसम्म गोप्य' रहने भन्ने रहेको छ । लोक सेवा आयोग ऐन, २०६६ को दफा ४५ को उपदफा (१) र लोक सेवा आयोग नियमावली, २०६७ को नियम ४३ को उपनियम (२) परीक्षासँग

सम्बन्धित लिखित कागजात गोप्य रहनेछन् भनी व्यवस्था गरेको सन्दर्भलाई समेत मध्यनजर गर्दा परीक्षा सम्पन्न भएपछि प्राप्त गर्ने प्राप्ताङ्क कति वर्षसम्म गोप्य रहने भन्ने स्पष्ट व्यवस्था गरेको नदेखिएको हुँदा वर्गिकरणले परीक्षा सम्बन्धी सबै प्रकारका अभिलेख कानुनले तोकेको अवधिसम्म गोप्य रहनेछन् भन्नुको तात्पर्य परीक्षा सम्पन्न भएपछि प्रकाशित गरिने प्राप्ताङ्क पनि गोप्य राख्नु पर्ने भनी अर्थ लगाउन मिल्दैन' भनी विश्लेषण एवं विवेचना भएको छ । साथै आयोगको उक्त आदेशमा 'लोक सेवा आयोग सार्वजनिक निकाय भएको र परीक्षा लिनु, परीक्षाफल प्रकाशित गर्नु र योग्य कर्मचारी (उम्मेदवार) को सिफारिश गर्नु उक्त आयोगको नियमित र मुख्य दायित्व हो । विना प्राप्ताङ्क परीक्षाफल प्रकाशित गर्दा परीक्षामा सहभागीहरु महत्वपूर्ण सूचनाबाट वंचित हुने हुँदा यस्ता सूचना आफैले प्रकाशित गर्नु लोक सेवा आयोगको दायित्व भित्र पर्छ' भनी सत्य र तथ्यको विवेचना भएको देखिन्छ ।

(७) माथिको प्रकरण नं. (६) बमोजिमको आयोगको आदेश पश्चात ६० दिन वित्दा समेत सूचना नपाएकोले 'सूचना उपलब्ध नगराउने सरोकार व्यक्तिलाई कानुन बमोजिम कारवाही गरी पाउँ भनी' पुन: मिति २०६८।७।२३ मा निवेदक केशव प्रसाईले उजूरी गरेको ।

(८) माथिको प्रकरण नं. (७) बमोजिम निवेदकको आयोगमा निवेदन परेपछि आयोगबाट मिति २०६८।८।९ गते 'निवेदकको माग बमोजिम तपाईलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ वमोजिम कारवाही किन गर्न नपर्ने हो सोको लिखित जवाफ सहित पत्र प्राप्त भएको मितिले ७ (सात) दिनभित्र यस आयोगमा उपस्थित हुन लोक सेवा आयोगको सचिवको नाउँमा आदेश जारी' भै गएको ।

(९) माथिको प्रकरण नं. (८) मा उल्लेखित भए अनुसार आयोगबाट आदेश भै गएपछि लोक सेवा आयोगका सचिव श्री श्यामप्रसाद मैनालीले मिति २०६८।८।१८ मा आयोगमा लिखित जवाफ पेश गरेको । सो जवाफमा 'लोक सेवा आयोग ऐन, २०६६ को दफा ४५ को उपदफा (१) मा आयोगको परीक्षासँग सम्बन्धित लिखत र कागजात गोप्य रहने व्यवस्था रहेको र उपदफा (२) मा उपदफा (१) मा जुनसकै कुरा लेखिएको भए तापनि आयोगले तोके बमोजिमका परीक्षा सम्बन्धी कागजात वा विवरण सम्बन्धित व्यक्तिलाई दिन वा सार्वजनिक गर्न सकिने व्यवस्था रहेको छ । तहाँ आयोगबाट उपलब्ध गराउन आदेश भए बमोजिमको सूचना सोही दफा बमोजिम गोप्य रहने सूचना भएको र त्यस प्रकारको सूचना व्यक्तिलाई दिन वा सार्वजनिक गर्न आयोगबाट निर्णय भएको अवस्था नरहेकोले तहाँ आयोगको मिति २०६८।५।१५ को आदेश कार्यान्वयन सम्बन्धमा आयोग समक्ष पेश गरेकोमा आयोगबाट भएको निर्देशन बमोजिम आयोगबाट प्रवाह गर्न सकिने तथा नसकिने सूचनाहरुको विवरण लगायतको विषयमा प्रतिवेदन पेश गर्न कार्यदल गठन भई कार्यदलको तर्फबाट पेश भएको प्रतिवेदन आयोगमा छलफलको क्रममा रहेकोले तत्काल सो विषयक कार्यान्वयन गर्न नसकिएको हो । यस आयोगको सचिवको हैसियलते तहाँ आयोगबाट भएको निर्देशन कार्यान्वयन गर्ने सन्दर्भमा ऐन बमोजिम गोप्य रहने सूचना लोक सेवा आयोग ऐन, २०६६ को दफा ४५ को विपरित सचिव आफैले निर्णय गरी उपलब्ध गराउन सक्ने अवस्था नरहेको र आयोगमा पेश भई छलफलको क्रममा रहेकोले आयोगबाट निकासा भए बमोजिम कार्यान्वयन गर्ने नै भएको हुँदा तहाँ आयोगको उक्त आदेश बमोजिम सचिवलाई कारवाही हुनुपर्ने होईन । प्रस्तुत विषयमा यस आयोगबाट हुने निर्णयको जानकारी तहाँ आयोगमा शीघ्र उपलब्ध गराउने व्यहोरा समेत अनुरोध गर्दछु' भन्ने व्यहोरा उल्लेख भै आएको । साथै आयोगमा पत्र लिई आउने लोक सेवा आयोगका प्रतिनिधि सहसचिव श्री लोकहरि पाण्डे २०६८।८।१८ गतेको आयोगको छलफलमा सहभागी समेत भएको देखिन्छ ।

(१०) माथिको प्रकरण नं. (९) मा लोक सेवा आयोगका सचिवले आयोगमा प्रेषित गरेको पत्रमा 'प्रस्तुत विषयमा यस आयोगबाट हुने निर्णयको जानकारी तहाँ आयोगमा शीघ्र उपलब्ध गराउने व्यहोरा समेत अनुरोध गर्दछु' भनी लेखी पठाएको प्रतिवबद्धता अनुसार पुन: सचिव श्री श्यामप्रसाद मैनालीले २०६८।९।२० मा आयोगलाई पत्राचार गरेको देखिन्छ । सो पत्रमा निज सचिवले लोक सेवा आयोगबाट मिति २०६८।९।१८ को बैठकबाट पारित भएका निम्न २ वटा निर्णय लेखी पठाएको देखिन्छ ।

"(क) आयोगको परीक्षासँग सम्बन्धित कागजातहरुको गोपनीयता आयोगबाट उम्मेदवार छनौटको निश्पक्षतासँग घनिष्ठ रुपमा जोडिएको हुँदा लोक सेवा आयोग ऐन, २०६६ को दफा ४५ ले यस आयोगलाई प्रदान गरेको अधिकार बमोजिम आयोगको परीक्षासँग सम्बन्धित देहायका लिखत र कागाजतहरु देहाय बमोजिम गोप्य रहने गरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७ बमोजिमको समिति समक्ष वर्गीकरणको लागि लेखी पठाउन सचिवालयलाई निर्देशन दिने ।

| क्र.सं | लिखत कागजातको विवरण | गोप्य रहने अवधि |
|---|---|---|
| १ | प्रश्नपत्र | प्रयोग नभएसम्म |
| २ | प्रश्नपत्र निर्माण, परिमार्जन, उत्तरपुस्तिका, परीक्षणमा संलग्न दक्ष/विज्ञको नाम | ३० वर्ष |
| ३ | उत्तरपुस्तिकाहरु | ३० वर्ष |
| ४ | उम्मेदवारले परीक्षामा प्राप्त गरेको अंक | ३० वर्ष |

(ख) राष्ट्रिय सूचना आयोगको मिति २०६८।५।१५ को यस आयोगका सचिवको नाममा श्री केशव प्रसाईलाई आयोगको वि.नं. ९७२-०६२/०६३ को कृषि सेवा, वाली संरक्षण समूहको रा.प.तृतीय श्रेणी, बाली संरक्षण आधिकृतको पदमा अन्तर्वार्ताको लागि उपस्थित सर्म्पूण सात जना उम्मेदवारको जम्मा प्राप्ताङ्क उपलब्ध गराउने गरी आदेश जारी गरेको र निज प्रसाईले मिति २०६७५।२१ मा सो बमोजिम सूचना पाउनको लागि निवेदन पेश गरेको सम्बन्धमा उक्त सूचना प्रकरण (क) को निर्णय बमोजिम गोप्य रहने सूचना अन्तर्गत पर्ने भएकोले सो सूचना उपलब्ध गराउन सकिने अवस्था नरहेकोले राष्ट्रिय सूचना आयोगलाई उक्त आयोगबाट मिति २०६८।५।१५ को यस आयोगका सचिवको नाममा भएको सो आदेश माथि पुनर्विचारको लागि अनुरोध गरी पठाउन यस आयोगका सचिवलाई निर्देशन दिने ।"

(११) माथि प्रकरण नं.(१०) बमोजिम लोक सेवा आयोगका सचिवले आयोगमा पत्राचार गरेपछि मिति २०६८।१०।१८ गते आयोगले 'यस आयोगको मिति २०६८।५।१५ को आदेश पुन: विचार गरी दिनुपर्ने भनी त्यस आयोगको उक्त पत्रमा खुलाईएका आधार कारणहरु समेत अध्ययन गरी यस आयोगबाट भएको आदेशमा पुनर्विचार हुनुपर्ने हो/होईन भन्ने सम्बन्धमा हेर्दा-आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ अन्तर्गत परेको निवेदनको कारवाही र किनारा गरेको आदेश उपर पुन: सोही आयोगबाट पुनर्विचार हुन सक्ने व्यवस्था उक्त ऐन तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ ले गरेको पाईएन । अत: लोक सेवा आयोगको मिति २०६८।९।२० को निवेदन उपर यस आयोगले पुनर्विचार गरिरहनु परेन । मिति २०६८।५।१५ को आदेश पत्र प्राप्त भएको मितिले १५ दिन भित्र कार्यान्वयन गरी यस आयोगलाई जानकारी गराउन लोक सेवा आयोगका सचिव श्याम प्रसाद मैनालीलाई जानकारी दिने आदेश गरिन्छ' भनी निर्णय गरेको छ ।

(१२) माथि प्रकरण नं. (११) बमोजिम आयोगबाट आदेश जारी भएपछि लोक सेवा आयोगका सचिवले मिति २०६८।१०।२७ मा आयोगलाई पत्राचार गरी 'आयोगबाट भएको उक्त आदेश कार्यान्वयन गर्ने सम्बन्धमा लोक सेवा आयोग ऐन, २०६६ को दफा ४५ मा भएको प्रावधान अनुसार सचिव आफैले निर्णय गरी उपलब्ध गराउन सक्ने व्यवस्था नरहेको हुँदा अनुमतिको लागि लोक सेवा आयोगमा प्रस्ताव पेश भएकोमा आयोगबाट मिति २०६८।१०।२३ मा देहाय बमोजिम निर्णय भएको व्यहोरा अनुरोध गर्दछु । तसर्थ तहाँ आयोगबाट यस आयोगका सचिवको नाममा आदेश जारी नहुने व्यवस्थाको लागि अनुरोध गर्दछु' भनी लेखापढी भएको देखिन्छ । सोही पत्र मार्फत लोक सेवा आयोगका सचिवले लोक सेवा आयोगको २०६८।१०।२३ को निर्णय 'राष्ट्रिय सूचना आयोगबाट मिति २०६८।५।१५ मा यस आयोगका सचिवको नाममा जारी भएको आदेश कार्यान्वयनका सम्बन्धमा यस आयोगको मिति २०६८।९।१८ को बैंठकबाट भएको निर्णय अनुसार नै लोक सेवा आयोग ऐन, २०६६ को दफा ४५ मा भएको प्रावधान बमोजिम सूचना उपलब्ध गराउन सकिने अवस्था नरहेको हुँदा सोही व्यहोरा राष्ट्रिय सूचना आयोगमा लेखी पठाउन सचिवलाई निर्देशन दिने' भन्ने भएको व्यहोरा समेत लेखी पठाएको देखिन्छ ।

(१३) माथि प्रकरण नं. (१२) बमोजिमको पत्र आयोगमा प्राप्त भएपछि मिति २०६८।११।५ मा आयोगको ३३ सौं बैठक बसी 'कुनैपनि नागरिकले निवेदन दिई सूचना लिन पाउने र त्यस्तो निवेदन परेपछि सूचना सरल र सुलभ किसिमले उपलब्ध गराउनुपर्ने दायित्व सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले सार्वजनिक निकायहरुलाई स्पष्ट रुपमा तोकेको देखिन्छ । साथै सूचना उपलब्ध गराउने विषयमा सूचनाको हकसम्बन्धी ऐन नै मान्य हुन्छ । यिनै व्यवस्थालाई मध्यनजर गर्दै आयोगले मिति २०६८।५।१५ मा लोक सेवा आयोगका सचिवको नाममा आदेश जारी गरी मिति २०६८।१०।१८ मा उक्त आदेश कार्यान्वयनको लागि लेखी पठाएको हो । "लोक सेवा आयोग ऐन, २०६६ को दफा ४५ मा भएको प्रावधान बमोजिम सूचना उपलब्ध गराउन सकिने अवस्था नरहेको" भन्ने लोक सेवा आयोगको मिति २०६८।१०।२३ को निर्णयले सूचनाको हकसम्बन्धी ऐनको मर्म, आशय र उद्देश्यलाई आत्मसात गरेको नदेखिएको र यस राष्ट्रिय सूचना आयोगको निर्णय बमोजिम सूचना उपलब्ध गराउनु पर्ने हुँदा सोही व्यहोरा लोक सेवा आयोगमा जानकारी गराउने' निर्णय भएको देखिन्छ ।

(१४) प्रकरण नं (१३) बमोजिमको निर्णय कार्यान्वयनका लागि आयोगबाट मिति २०६८।११।९ मा लेखी गएको र मिति २०६९।२।३२ मा र २०६९।७।१६ मा ताकेता पत्र प्रेषित भएको देखिन्छ ।

(१५) यसै बीच निवेदक केशव प्रसाईले पुन: मिति २०६९।९।२९ मा हालसम्म मैले सूचना पाईन 'सूचनाको हक बमोजिम प्राप्त गर्नुपर्ने सूचना नदिने र लुकाउने नियत गर्ने लोक सेवा आयोगका पदाधिकारी माथि कारवाहीको माग गर्दै पुन: आयोगमा उजूरी गर्न आएको देखिन्छ ।

(१६) निज निवेदकको निवेदन माथि छलफल गर्न आयोगबाट पुन: मिति २०६९।१०।५ को निर्णयद्वारा लोक सेवा आयोगका सचिवलाई छलफलका लागि आयोगमा बोलाउने निर्णय भएको देखिन्छ ।

(१७) तत् पश्चात लोक सेवा आयोगका सचिव नाथुप्रसाद चौधरी मिति २०६९।१०।१० गते आयोगमा आई छलफल गरेको देखिन्छ ।

(१८) त्यसपछि करिब डेढवर्ष पछि आयोगबाट मिति २०७१।२।५ मा लोक सेवा आयोगमा ताकेता पत्र पठाएको देखिन्छ । यस अवधिमा आयोग पदाधिकारी विहिन भएको अवस्था छ ।

(१९) यसरी आयोगले ताकेता पत्र पठाएपछि लोक सेवा आयोगबाट करिब साढे दुई वर्षपछि मिति२०७१।३।५ मा २०६८।१०।२७ कै पत्रबाट लेखी पठाई सकिएकोले 'यस सम्बन्धमा थप कुनै कारवाही नभएको' व्यहोरा लेखी आएको देखिन्छ ।

(२०) पुन: आयोगबाट मिति २०७१।४।४ मा लोक सेवा आयोगमा ताकेता पत्र पठाएको देखिन्छ ।

(२१) यसै बीच २०७१।९।३० गते आयोगमा नयाँ पदाधिकारीहरु नियुक्ति भै पदवहाली गरेको तेश्रो दिन अर्थात् २०७१।१०।२ गते निवेदक केशव प्रसाईले ४ वर्ष वितीसक्दा पनि माग गरेको सूचना पाईन भनी पुन: उजूरी गरेको देखिन्छ ।

(२२) निवेदकको पुन: उजूरी प्राप्त भएपछि आयोगबाट मिति २०७१।११।२८ र मिति २०७१।१२।१६ मा पुन: लोक सेवा आयोगका सचिवलाई छलफलका निमित्त पत्राचार गरिएकोमा लोक सेवा आयोगका सचिव विष्णुप्रसाद लम्साल आयोगमा आई मिति २०७१।१२।१८ गते छलफल भएको देखिन्छ ।

(२३) माथिको प्रकरण नं.(२२) बमोजिम छलफल पश्चात आयोगबाट मिति २०७१।१२।२९ मा 'वर्तमान अवस्थामा राष्ट्रिय सूचना आयोग र लोक सेवा आयोग दुवै आयोगमा पदाधिकारी परिवर्तन भएको परिप्रेक्षमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले व्यवस्था गरे बमोजिम नागरिकले माग गरेको सूचना के कसरी प्रवाह गर्ने र राष्ट्रिय सूचना आयोगबाट भएको आदेशको कार्यान्वयन के कसरी गर्ने ? भन्ने सम्बन्धमा यस आयोगको पूर्व आदेश बमोजिम निवेदकले माग गरेको सूचना उपलब्ध गराउने सम्बन्धमा तहाँ आयोगको धारणा सहित लिखित जवाफ प्रस्तुत पत्र प्राप्त भएका मितिले ७ (सात) दिन भित्र यस आयोगमा पठाउनु' भनी लेखी आएको छ ।

(२४) माथि प्रकरण नं.(२३) बमोजिम आयोगबाट लोक सेवा आयोगमा पत्राचार भएपछि तहाँबाट मिति २०७२।२।७ को निर्णयद्वारा निम्न व्यहोरा आयोगमा लेखी आएको छ :

"सूचनाको हकलाई नेपालको अन्तरिम संविधान, २०६३ ले निरपेक्ष मौलिक अधिकारको रुपमा व्यवस्था गरेको देखिदैन । आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक प्रत्याभूत गरेपनि कानूनद्वारा गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन भन्ने बचाउको प्रावधान छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भए पश्चात लोक सेवा आयोग ऐन, २०६६ ले परीक्षासँग सम्बन्धित लिखत र कागजातहरु गोप्य रहनेछन् भन्ने दफा ४५ को उपदफा (१) ले व्यवस्था गरेबाट पनि परीक्षाको संवेदनशीलतालाई विधायिकाले गंभिर रुपमा स्वीकारेको देखिन्छ ।

यस आयोग लोकतन्त्रमा पारदर्शिताको महत्व र यसले सुशासनमा पार्ने प्रभाव बारे सचेत छ । त्यसैले लोक सेवा आयोग ऐन, २०६६ को दफा ४५ को उपदफा (२) अनुसार आयोगले तोके बमोजिमका परीक्षा सम्बन्धी कागजात वा विवरण सम्बन्धित व्यक्तिलाई दिन वा सार्वजनिक गर्न सकिने व्यवस्था रहेकोले क्रमश: पारदर्शि बनाउँदै लैजाने प्रयासमा छ । तर पद्दति कै रुपमा स्थापित भइसकेका परीक्षासँग सम्बन्धित प्रक्रियाहरु एक्कासी भत्काउँदा परीक्षाको स्वच्छता, निश्पक्षता र विश्वसनियतामा ह्रास आउन सक्नेमा संवेदनशील पनि छ । यसै क्रममा यस आयोगबाट मिति २०६८।९।१८ मा निर्णय भै मिति २०६८।९।२० मा तहाँ जानकारी गराएको छ । आफ्नो संवैधानिक भूमिका निर्वाह गर्दा आर्जन गरेको जनविश्वास र संस्थाको पवित्रता (Sanctity) मा कमी ल्याउने गरी कुन हदसम्मको सूचना सम्बन्धित व्यक्तिलाई वा सर्वसाधारण सबैलाई उपलब्ध गराउने भन्नेमा समयानुकूल निर्णय गर्न आयोग आफै समक्ष भएको व्यहोरा जानकारी गराउने ।'

(२५) प्रकरण नं. (२४) बमोजिम लोक सेवा आयोगको पत्र आयोगमा प्राप्त भएपछि मिति २०७२।०४।२५ गते लोक सेवा आयोगका सचिवको नाममा निम्न आदेश भएको छ :

प्रस्तुत विषयमा 'लोक सेवा आयोग ऐन, २०६६ को दफा ४५(१) बमोजिम परीक्षासँग सम्बन्धित कागजात गोप्य रहन्छ। सूचनाको हकलाई नेपालको अन्तरिम संविधान, २०६३ ले निरपेक्ष मौलिक अधिकारको रुपमा व्यवस्था गरेको देखिदैंन । कानुनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन भन्ने संविधानमा बचाउको प्रावधान छ । आफ्नो संवैधानिक भूमिका निर्वाह गर्दा आर्जन गरेको जनविश्वास र संस्थाको पवित्रतामा कमी नआउने गरी कुन हदसम्मको सूचना सम्बन्धित व्यक्तिलाई वा सर्वसाधारण सबैलाई उपलब्ध गराउने भन्नेमा समयानुकूल निर्णय गर्न आयोग आफै सक्षम छ' भन्ने लोक सेवा आयोगको जवाफप्रति यस आयोगको गंभिर ध्यानाकर्षण भएको छ ।

प्रस्तुत विषयमा संक्षिप्त रुपमा विश्लेषण गर्दा निवेदक सूचनाको हकसम्बन्धी ऐन, २०६४ अन्तर्गत सूचना माग गर्न आएको देखिँदा यस स्थितिमा लोक सेवा आयोग ऐन, २०६६ आकर्षित हुने देखिँदैन । संविधानमा 'तर, कानुनद्वारा गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन' भन्नाले सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले सूचना प्रवाहमा बाध्य नगरेका प्राबधानलाई इंगित गरेको प्रष्ट हुन्छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३(३) ले कुन सूचना संरक्षण गरी राख्ने भन्ने प्रष्ट व्यवस्था गरेको सन्दर्भमा निवेदकले माग गरेको उक्त सूचना ऐनको ३(३) अन्तर्गत प्रवाह नगरिने सूचना भित्र नपर्ने पनि प्रष्ट छ। जहाँसम्म कुन सूचना सार्वजनिक गर्ने र कुन सूचना संरक्षण गर्ने भन्ने विषयमा अन्तिम निर्णय गर्ने अधिकार क्षेत्र राष्ट्रिय सूचना आयोगमा रहने ऐनको उद्देश्य समेत रहेको हुँदा विपक्षी लोक सेवा आयोगले निवेदकले माग गरेअनुसार सूचना दिन सकिदैन भन्ने जवाफसँग यो आयोग सहमत हुन सकेन ।

नागरिकको सूचना माग्ने र पाउने संवैधानिक हकको प्रचलन गराउन यस आयोग दृढ छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सार्वजनिक निकायमा रहेको सूचनामा नागरिकको पहुँच सुनिश्चित गरिएको सन्दर्भमा निवेदकको माग बमोजिम सूचना दिनु भनी संविधान, कानुन, प्रचलन, पूर्व फैसला, स्थापित मान्यता, तर्क र कारणका आधारमा यो आयोग लोक सेवा आयोगका उपयुक्त पदाधिकारीको नाममा अतिरिक्त आदेश जारी गर्ने अवस्थामा पुगेको छ। तर, लोक सेवा आयोगका सचिवले आफूले निर्णय गर्न सक्ने पदीय हैसियतमा नरहेको जवाफ पठाउनु भएकाले लोक सेवा आयोगसंग माग गरिएको सूचनाको सम्बन्धमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ९ को उपदफा (१) बमोजिम सूचना उपलब्ध नगराउने सूचना अधिकारी उपर उजुरी गर्ने 'प्रमुख' लोक सेवा आयोगको हकमा कुन पदाधिकारीलाई बुझाउँछ ? सो को जवाफ सात (७) दिन भित्र यस आयोगमा पठाउनू भनी लोक सेवा आयोगको सचिवको नाममा यो आदेश गरिएको छ । यस आदेशको प्रतिलिपि लोक सेवा आयोगका सचिवलाई पठाउनू ।

(२६) प्रकरण नं. (२५) बमोजिमको आदेश लोक सेवा आयोगमा पुगेपछि त्यहाँका सचिवले मिति २०७२।०५।०७ को पत्रद्वारा निम्न ३ बूँदे जवाफ पेश गरेको देखिन्छ :

(१) लोक सेवा आयोग ऐन, २०६६ को दफा ४ को उपदफा (१) बमोजिम "संविधान, यो ऐन र अन्य प्रचलित कानुन बमोजिम आयोगले गर्नुपर्ने सबै काम आयोगको बैठकबाट निर्णय भए बमोजिम हुनेछ" र सोही दफाको उपदफा (५) बमोजिम "आयोगको निर्णय आयोगको सचिवले प्रमाणित गर्नेछ" भन्ने कानुनी व्यवस्था रहेको छ। उक्त कानुनी व्यवस्था अनुसार आयोगबाट भएका निर्णय र कामकारवाहीको सूचनाको जानकारी समेत आयोगको निर्णय अनुसार नै दिनुपर्ने हुन्छ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ तथा लोक सेवा आयोग ऐन, २०६६ को दफा ४५(२) बमोजिम लोक सेवा आयोगको परीक्षा सम्बन्धी लिखत र कागजातको सार्वजनिक गर्ने वा नगर्ने अधिकार आयोगसँग नै रहेको हुँदा उक्त संवैधानिक र कानुनी व्यवस्था समेतका आधारमा आयोगबाट मिति २०७२।२।७ गते भएको निर्णयको व्यहोरा यस आयोगको च.नं. ९१ मिति २०७२।२।१० को पत्रबाट तहाँ पठाईएको व्यहोरा निवेदन गर्दछु ।

(२) सूचनाको हकसम्बन्धी ऐन, २०६३ को दफा ९ को उपदफा (१) बमोजिम सूचना उपलब्ध गराउने सूचना अधिकारी उपर उजुरी गर्ने "प्रमुख" लोक सेवा आयोगको हकमा आयोगले सूचना उपलब्ध नगराउने गरी निर्णय गरेको विषयहरु बाहेको हकमा "आयोगको सचिव" लाई नै मान्नु पर्दछ र आयोगले त्यसरी सूचना उपलब्ध नगराउने गरी निर्णय गरेको वाहेकका विषयहरुका सम्बन्धमा प्रभावकारीढंगले सूचना प्रवाह भएको पनि छ र उपलब्ध गराएको पनि छ । तर निज उजुरीकर्ताले माग गरेको विषयका सूचनाहरु प्रदान गर्ने र प्रदान गर्न आदेश दिने अधिकार लोक सेवा आयोग ऐन र आयोगको विभिन्न मितिका निर्णयका आधारमा आयोगका सचिवलाई नभएको हुँदा "प्रमुख" को हैसियतले सचिवले निवेदकले माग गरेको सूचना उपलब्ध गराउन आदेश दिन सक्ने अवस्था नभएको व्यहोरा सादर अनुरोध छ ।

(३) साथै उक्त आदेशमा माग भए अनुसार नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२५ को उपधारा (१) को व्यवस्था बमोजिम लोक सेवा आयोगमा अध्यक्ष र आवश्यकता अनुसार सदस्यहरु रहने संवैधानिक व्यवस्थालाई आधार मान्दा आयोगको प्रमुख पदाधिकारी अध्यक्ष हुने देखिन्छ तापनि आयोगको कामकारवाही तथा निर्णय अध्यक्ष तथा सदस्यहरुको सामूहिक निर्णयबाट हुने देखिन्छ । लोक सेवा आयोगको ऐन, नियम, निर्देशिका र स्थापित पद्धति अनुसार निवेदकको माग अनुसारका 'अन्तरवार्तामा उपस्थित सम्पूर्ण उम्मेदवारहरुको जम्मा प्राप्ताङ्क सम्बन्धी सूचनाहरु' परीक्षाफल प्रकाशित भएपछि गोप्य शिलबन्दी गरी राखिने र सो सिलबन्दी कागजात खोल्न पनि आयोगकै निर्णय आवश्यक हुने हुँदा परीक्षा सम्बन्धी कागजात वा विवरण सम्बन्धित व्यक्तिलाई दिन वा सार्वजनिक गर्न आयोगले नै तोक्नु पर्ने/निर्णय गर्नु पर्ने ऐनको दफा ४५(२) को व्यवस्था र लोक सेवा आयोगको मिति २०६८।९।१८ र मिति २०७२।२।७ को "सूचना उपलब्ध गराउन सकिने अवस्था नरहेको" भन्ने निर्णय समेतका आधारमा हेर्दा प्रकारान्तरले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ९ को उपदफा (१) बमोजिम सम्बन्धित निवेदकलाई सूचना उपलब्ध गराउन आदेश लोक सेवा आयोगले मात्र दिन सक्ने हुँदा सूचना उपलब्ध गराउने आदेश दिने कुनै पदाधिकारीको रुपमा नभै 'आयोग' नै रहेको तथ्य समेत निवेदन गर्दछु ।

**<u>आयोगको ठहर/निर्णय</u>**

उपरोक्त बमोजिम तथ्यहरु भएको प्रस्तुत विवादमा निम्न प्रश्नहरु निरुपण हुनुपर्ने देखिन्छ :-

(क) आफ्नो संवैधानिक भूमिका निर्वाह गर्दा आर्जन गरेको जनविश्वास र संस्थाको पवित्रता (Sanctity) मा कमी नआउने गरी कुन हदसम्मको सूचना सम्बन्धित व्यक्ति वा सर्वसाधारण सबैलाई उपलब्ध गराउने भन्नेमा समयानुकूल निर्णय गर्न आयोग आफै सक्षम छ भन्ने लोक सेवा आयोगको भनाइ प्रति सहमत हुने र नहुने आधारहरु के के हुन् ?

(ख) सूचनाको हकलाई नेपालको अन्तरिम संविधान, २०६३ ले निरपेक्ष मौलिक अधिकारको रुपमा व्यवस्था गरेको देखिदैन । कानूनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन भन्ने बचाउको प्रावधान छ । यसर्थ लोक सेवा आयोग ऐन, २०६६ को दफा ४५ को उपदफा (१) बमोजिम परीक्षा सम्बन्धी कागजात गोप्य रहने हुँदा सूचना मागकर्तालाई दिन सकिन्न भन्ने लोक सेवा आयोगको जिकीर संविधान र कानुनको मनसाय र भावना अनुकूल हो होईन ?

(ग) सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भए पश्चात लोक सेवा ऐन, २०६६ जारी भएको र सो ऐनमा गोपनीय दफा राखिनुलाई विधायिकाले सूचनाको हकसम्बन्धी ऐनको सट्टा लोक सेवा आयोग ऐन अनुशरण गर भनी गंभीर रुपमा स्वीकार गरेको भन्ने लोक सेवा आयोगको भनाईलाई सर्वसाधारणको नजरबाट हेर्दा कस्तो अनुभूति होला ?

(घ) लोक सेवा आयोग लोकतन्त्रमा पारदर्शिताको महत्व र यसले सुशासनमा पार्ने प्रभाव बारे सचेत छ । यसर्थ लोक सेवा आयोग ऐन, २०६६ को दफा ४५ को उपदफा (२) बमोजिम परीक्षा सम्बन्धी कागजात क्रमश: पारदर्शि बनाउँदै लैजाने प्रयासमा छ भन्ने भनाई र परीक्षासँग सम्बन्धित सबै कागजात सूचनाको हकसम्बन्धी ऐनमा प्रावधान रहेको अधिकतम् ३० वर्षसम्म नै गोप्य रहनु पर्छ भनी सूचना वर्गिकरण गर्न आयोगबाट सिफारिश भएको निर्णय बीच तारतम्य छ छैन ? आयोगको मनसाय स्वच्छ वा दुषित के छ ?

(ङ) पद्धति कै रुपमा स्थापित भइसकेको परीक्षासँग सम्बन्धित प्रक्रियाहरु एक्कासी भत्काउँदा परीक्षाको स्वच्छता, निश्पक्षता र विश्वसनीयतामा ह्रास आउँन सक्नेमा लोक सेवा आयोग संवेदनशील छ भनिएको छ । सूचना मागकर्ताले आफू सहित अन्तर्वार्तामा उपस्थित सम्पूर्ण सात जना उम्मेदवारको जम्मा प्राप्ताङ्क माग गरेको अवस्थामा आयोगको भनाई तर्क संगत छ छैन ?

(च) निवेदकले मिति २०६७।११।५ मा आफू सहभागी भएको अन्तर्वार्तामा संलग्न सबै सात जना उम्मेदवारको प्राप्ताङ्कको सूचना माग गरेको कुरा स्वयं लोक सेवा आयोगले लिखित रुपमा स्वीकार गरेको छ । त्यसको करिब १ वर्षपछि मिति २०६८।९।१८ गते लोक सेवा आयोगको बैठक बसी निज निवेदकले माग गरेको विवरण सूचनाको वर्गिकरण अन्तर्गत ३० वर्षलाई गोप्य राख्ने गरी सिफारिश गरी पठाएका छौं । यसर्थ ती सूचना गोप्यताको वर्गिकरण भित्र स्वत: परेकाले सूचना उपलब्ध गराउन सकिदैन भन्ने विपक्षीको जिकिर कानुनी शासन, प्राकृतिक न्यायको सिद्धान्त र प्रचलित व्यवस्था अनुसार मिल्ने विषय हो होईन ?

(छ) लोक सेवा आयोगले माग गरेको सूचना दिन लोक सेवा आयोग ऐन, २०६६ बमोजिम नमिल्ने भन्ने पटक पटक जिकीर लिईएको छ । साथै सूचनाको हकसम्बन्धी ऐन २०६४ भन्दा आफ्नो ऐन पछाडि निर्माण भै कान्छो ऐनका प्रावधान लागू हुनेछ भनी एकातिर अडान दिन खोजिएको छ भने अर्कोतिर सूचनाको हकसम्बन्धी ऐन,

२०६४ कै सहारा लिएर सूचना वर्गिकरणमा समावेश गर्न सिफारिश गरेको कुरा सिद्धान्त र व्यवहारसँग मिल्छ मिल्दैन ?

(ज) निवेदकले माग गरेको सूचना लोक सेवा आयोगका सचिव आफैले निर्णय गरी उपलब्ध गराउन सक्ने अवस्था नरहेको, सचिव आफैले निर्णय गरी उपलब्ध गराउन सक्ने व्यवस्था नरहेको हुँदा अनुमतिका लागि लोक सेवा आयोगमा प्रस्ताव पेश भएकोमा लोक सेवा आयोगको बैठकले सूचना उपलब्ध गराउन नसकिने निर्णय गरेको, लोक सेवा आयोगबाट निर्णय/निकासा भए बमोजिम काम गर्ने सचिवलाई सूचनाको हकसम्बन्धी ऐन बमोजिम कारवाही हुनु नपर्ने भन्ने लोक सेवा आयोगका सचिवको लिखित जवाफ र लोक सेवा आयोगको बैठकले पनि निज सचिव उपर आयोगले सूचनाका हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारवाही किन गर्न नपर्ने हो भन्ने सम्बन्धमा आयोगको निर्णय पुनर्विचार गरिदिन अनुरोध गरेको तथा निवेदकले कानुन बमोजिम दिनुपर्ने सूचना नदिने र लुकाउने नियत गर्ने लोकसेवा आयोगका पदाधिकारी माथि कारवाही माग गरी उजूरी समेत गरेको आधारमा प्रस्तुत केशमा कार्यालय प्रमुख अर्थात सूचना दिनु नदिनु भनी निर्णय गर्ने पदाधिकारी लोक सेवा आयोगका सचिव होईनन् भने को हुन ? भनी पहिचान गर्नुपर्ने स्थितिमा आयोगबाट भएको आदेशमा लोक सेवा आयोगका सचिवले 'लोक सेवा आयोग' लाई नै 'प्रमुख' मान्नु पर्छ भन्ने भनाई कसरी लिने ?

(झ) कुन हदसम्मको सूचना सम्बन्धित व्यक्तिलाई वा सर्वसाधारण सबैलाई उपलब्ध गराउने भन्नेमा समयानुकूल निर्णय गर्न आयोग आफै सक्षम छ भन्ने लोक सेवा आयोगको कथनी उपर शक्ति सन्तुलन र नियन्त्रणको सिद्धान्त, छुट्टा-छुट्टै स्वतन्त्र आयोगहरुको भूमिका र कानुन एवं अधिकार क्षेत्रको व्याख्या कसरी गर्ने ?

माथि प्रकरण (क) मा आयोगले आफू संवैधानिक निकाय भएकाले सोही बमोजिम जनविश्वास र संस्थाको पवित्रतामा कमी आउन नदिने गरी काम गर्ने प्रतिवद्धता व्यक्त गरेको प्रति उच्च सम्मान प्रकट गर्नुपर्दछ । लोक सेवा आयोग तत्कालिन नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२५ र वर्तमान नेपालको संविधान, २०७२ को धारा २४२ बाट स्थापित एक संवैधानिक संस्था हो । संविधानको यस धाराबाट उत्पत्ती भएको लोक सेवा आयोगले आफू संवैधानिक भएकाले मेरा विषयमा निर्णय गर्न म स्वयं सक्षम छु भन्नु स्वयंमा प्रश्न वाचक विषय नहुन पनि सक्ला । तर तिनै संविधानहरुको धारा २७ मा नागरिकलाई प्रदान गरिएको 'आफ्नो वा सार्वजनिक सरोकारको कुनैपनि विषयको सूचना 'माग्ने र पाउने हक' का आधारमा नागरिकले पनि म संवैधानिक हकको उपयोगमा खरो उत्रिन्छु भन्न नपाउने कुरै भएन । निवेदक सोही धाराको हक लिएर सूचना माग्न आएको छ । यस स्थितिमा वर्तमान संविधानको धारा २४२ प्रभावशाली धारा भए झै, धारा २७ पनि प्रभावशाली नै धारा रहेको भनी व्याख्या गर्नुपर्ने देखिन्छ । यसर्थ यी दुवै धारा बीच सन्तुलन खोजिनुपर्छ । जहाँसम्म धारा २७ को व्यवस्था छ, यो नागरिकको मौलिक हक हो, जसको निर्वाध प्रचलन हुने विश्वव्यापी मान्यता छ । जहाँसम्म लोक सेवा आयोगको विषय संविधानमा उल्लेखित छ, धारा १२६ ले लोक सेवा आयोगको काम, कर्तव्य र अधिकार निर्धारण गरेको छ । यसरी कर्तव्य पालना गर्नुपर्ने आयोगले आफूलाई नागरिकको मौलिक हक भन्दा माथिल्लो श्रेणीको संवैधानिक अधिकार क्षेत्र प्राप्त छ भनी परोक्ष रुपमा व्याख्या गर्न मिल्ने ठाँउ दिएको पाईन्न । यस आधारमा नागरिकको हक स्थापित हुने ठहर्छ र लोक सेवा आयोगले संविधानको धारा २७ मा वर्णित नागरिकको सूचनाको हक बमोजिम सूचना मागकर्तालाई माग बमोजिम सूचना दिनुपर्ने वाध्यात्मक अवस्था श्रृजना भएको प्रष्टै छ ।

माथि प्रकरण (ख) मा सूचनाको हकलाई नेपालको संविधानले निरपेक्ष मौलिक अधिकारको रुपमा व्यवस्था गरेको देखिन्न भन्ने लोक सेवा आयोगको जिकीरतर्फ विश्लेषण गर्दा संविधानको भावना र उद्देश्य तर्फ गहिरिनु जरुरी छ । संविधानको धारा २७ सूचनाको हकको लागि निर्मित धारा हो । गोपनीयतको हक संविधानको धारा २८ मा वर्णित छ । जहाँसम्म धारा २७ को दोश्रो वाक्यमा 'तर, कानुनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन' भन्नाले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले सूचना प्रवाहमा रोक लगाएको विषय बुझिन्छ भनी आयोगले स्थापना कालदेखि व्याख्या गर्दै आएको छ । आयोगले लोक सेवा आयोगलाई मिति २०७१।२।५ मा प्रेषित पत्रमा सर्वोच्च अदालतको मिति २०६८।२।४ को रिट नं. ०६६-wo-०७२२ को मुद्दामा परमादेश जारी भएको जानकारी गराई सकेको छ । उक्त केशमा त्रिभुवन विश्व विद्यालयले आफ्नो परीक्षा सम्बन्धी कार्य गोप्य रहने गरी त्रिभुवन विश्वविद्यालय ऐनमा व्यवस्था भएकोले माग अनुसारको उत्तर पुस्तिका दिन नमिल्ने जिकिर लिएकोमा सर्वोच्च अदातलबाट सूचनाको हकसम्बन्धी ऐनमा प्रवेश गरी सूचना माग गरेको र सो ऐनमा उत्तरपुस्तिकालाई सूचना प्रवाह नगरिने सूचीभित्र समावेश नगरेकाले उत्तरपुस्तिका दिनु भन्ने फैसला भएको छ । जसको आधारमा हाल सबै विश्वविद्यालयमा परीक्षा दिने विद्यार्थीले उत्तर पुस्तिका पाउने प्रावधान व्यवहारमै स्थापित भैसकेको छ । जहाँसम्म लोक सेवा आयोगले मिति २०६८।९।१८ मा बैठक बसी

विभिन्न ४ वटा शीर्षकमा लिखत र कागजातहरुको विवरण समावेश गरी प्रश्न पत्र बाहेकलाई ३० वर्षसम्म गोप्य राख्ने गरी वर्गिकरण समितिमा लेखी पठाएको छ । सो वर्गिकरण समितिको बैंठक बसी समितिबाट आयोगको सिफारिश अनुसार निर्णय भएको अवस्था छैन । यत्तीकै आधारमा आयोगले मैले गोप्य राख्ने गरी सिफारिश गरी पठाई सकेकोले ती विवरण स्वत: गोप्य भए, सुचना दिन सकिन भनेको व्यहोरा मिल्न आएको देखिँदैन । यर्थाथमा यस आयोग स्थापना भएदेखि नै सबै केशमा आयोगले दिएको अडान र व्याख्या अनुसार नै लोक सेवा आयोगमा यस आयोगबाट सूचना माग भएको सम्बन्धमा लोक सेवा आयोग ऐन, २०६६ को सट्टा सूचनाको हकसम्बन्धी ऐन, २०६४ नै आकर्षित हुने हुँदा माग अनुसारको सूचना उपलब्ध गराउन आदेश भै गएको हो । विगतमा ५१८ वटा नक्कली मूल्य अभिवृद्धि करको विल-विजक सम्बन्धमा तयार भएको अध्ययन अनुसन्धानको प्रतिवेदन पनि यही आधारमा मागकर्तालाई आयोगबाट आंशिक रुपमा उपलब्ध गराउन आदेश भई कार्यान्वयन गराएको थियो । जबकि आयकर ऐन र मूल्य अभिवृद्धिकर सम्बन्धी ऐनमा गोपनीयताका प्रावधान नभएको होइनन् । यसर्थ सूचना मागेको प्रस्तुत विषयमा लोक सेवा आयोग ऐनको सट्टा सूचनाको हकसम्बन्धी ऐन आकर्षित हुने र संविधानको धारा २७ मा रहेको दोश्रो बाक्यले पनि सूचनाको हकसम्बन्धी ऐन नै भन्ने बुझाउने हुँदा माग बमोजिमको सूचना दिनु लोक सेवा आयोगको कर्तव्य हुन आउँछ ।

माथि प्रकरण (ग) मा लोकसेवा आयोग ऐन, २०६६ मा निर्माण भएकोले २०६४ मा निर्मित सूचनाको हक भन्दा बढी प्रभावकारी हुन्छ भन्ने लोक सेवा आयोगको तर्कतर्फ विचार गर्दा पुन: नेपालको संविधान, तिरै फर्किनु पर्ने हुन्छ । यस संविधानको धारा १ मा 'यो संविधान नेपालको मूल कानुन हो । यस संविधानसँग बाझिने कानुन बाझिएको हदसम्म अमान्य हुनेछ' भन्ने व्यवस्था छ । सोही संविधानको धारा २७ मा 'प्रत्येक नेपाली नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै विषयको सूचना माग्ने र पाउने हक हुनेछ' भन्ने व्यवस्था छ । यस संवैधानिक मौलिक हकको सहारा लिएर सूचना मागकर्ता आफू समेत सम्मिलित अन्तर्वार्तामा सहभागी भएको प्राप्ताङ्क माग गर्न आएकोले संविधान अनुसार निजले सूचना नपाउने भन्ने व्यवस्था गर्न मिल्ने ठाँउ नै देखिन्न । यदी लोक सेवा आयोग ऐनको दफा ४५ को उपदफा (१) ले उक्त नागरिकको हक निस्तेज गरेको ठान्ने हो भने संविधान अनुसार सो दफा स्वत: अमान्य हुन पुग्छ । यसरी नागरिकको मौलिक हकको प्रचलनका विषयलाई गौढ बनाई कुन ऐन जेठो र कान्छो भनी विवाद गर्न मिल्ने विषय नै भएन । यसर्थ सूचना मागकर्ताले माग गरेको सूचना दिनै पर्ने बाध्यात्मक स्थिति प्रष्ट हुन्छ ।

माथि प्रकरण (घ) मा उल्लेखित लोक सेवा आयोगले लोक सेवा आयोग ऐन, २०६६ को उपदफा (२) बमोजिम परीक्षा सम्बन्धी कागजात क्रमश: पारदर्शि बनाउँदै लैजाने प्रतिबद्धता सह्राहनीय रहेको छ । तर, आयोगले परीक्षा सम्बन्धी सबै सूचनालाई ३० वर्षे वर्गिकरण भित्र समावेश गर्न खोजेबाट भनाई र गराई बीच तालमेल खाएको देखिन्न । सूचनाको हकसम्बन्धी ऐनले मुलुकको सार्वभौमसत्तामै गंभीर खलल पर्ने विषयलाई अधिकतम् ३० वर्षसम्म सूचना प्रवाह गर्नु नपर्ने गरी वर्गिकरण गर्न सक्ने ठाँउ दिएकोमा लोक सेवा आयोगले एकजना अन्तर्वार्तामा सहभागीले प्राप्ताङ्कसम्म माग गरेको विषयलाई ३० वर्षसम्म गोप्य राख्ने मनसायले निर्णय गर्नुलाई आयोग पारदर्शिता तर्फ क्रमश: उन्मुख छ भन्ने भनाइलाई स्वत: असत्य सावित गरिदिएको छ । यसबाट आयोग कसरी पारिदर्शिता तर्फ उन्मुख हुने भन्दा पनि कसरी थप गोपनीयता तर्फ उन्मुख हुने भन्ने चाजोपाचोमा लागेको आभाष हुन्छ । जसलाई कुनै पनि हालतमा स्वास्थ्य कार्य मान्न सकिन्न । आफूले गरेका काम कारवाही गोप्य गरेर भन्दा पारदर्शिता गरेर थप जनविश्वास प्राप्त हुन्छ भन्ने हेक्का लोक सेवा आयोगले राख्नुपर्छ । लोकतन्त्रको मापक नै सूचनाको हक हो । सूचनाको हक भनेकै पारदर्शिता हो । पारदर्शिता नै सुशासनको एउटा मजबूत खम्बा हो । एकातिर सूचना लुकाउन उद्यत रहने तर अर्कोतिर लोकतन्त्र, पारदर्शिता र सुशासनको वकालत गरेर पत्राचार गर्नुको सार्न्दभिकता रहँदैन । यसर्थ लोक सेवा आयोगले विगतदेखि अवलम्बन गरी आएको आफ्नो प्रणालीबाट यथेष्ट जनविश्वास हासिल गरिसकेको छ । अब यो जनविश्वासलाई दीगोपना दिने सूत्र नै पारदर्शिता हो भन्ने भुल्नु हुँदैन । यसर्थ लोकसेवा आयोगले आफूलाई लोक सेवा आयोग ऐन, २०६६ को दफा ४५ को उपदफा (१) भित्र खुम्चाएर नराखी उपदफा (२) बमोजिम 'आयोगले तोके बमोजिमका परीक्षा सम्बन्धी कागजात वा विवरण सम्बन्धित व्यक्तिलाई दिन वा सार्वजनिक गर्न सकिनेछ' भन्ने कानूनमा केन्द्रीत गरी विशेष कार्ययोजना सहित पारदर्शिता अपनाउनुपर्छ । यसै कुरालाई मनन गरी आयोगको मिति २०६८।५।१५ गतेको निर्णयमा 'लोक सेवा आयोग सार्वजनिक निकाय भएकाले र परीक्षा दिनु परीक्षाफल प्रकाशित गर्नु र योग्य कर्मचारी (उम्मेदवार) को सिफारिश गर्नु उक्त आयोगको नियमित र मुख्य दायित्व हो । विना प्राप्ताङ्क परीक्षाफल प्रकाशित गर्दा परीक्षामा सहभागीहरु महत्वपूर्ण सूचनाबाट बंचित हुने हुँदा त्यस्ता सूचना आफैले प्रकाशित गर्नु लोक सेवा आयोगको दायित्व भित्र पर्छ' भनी फैसलामा प्रष्ट पारिएको हो । यसैगरी प्राप्ताङ्क दिने प्रचलन अन्य देशमा पनि रहेको छ । यी सबै पक्षको

विश्लेषण गर्दा प्रस्तुत विषयमा निवेदकले माग गरेको प्राप्ताङ्कको सूचना प्रवाह गर्दा लोक सेवा आयोग ऐनको दफा ४५ को उपदफा (१) विपरीत नै हुने पनि देखिँदैन । बरु उपदफा (२) बमोजिम लोक सेवा आयोगले आफ्नो कर्तव्यपालना गरेको संझिने हुँदा विधायिकाले दिएको आफ्नो कर्तव्य पूरा गर्न लोक सेवा आयोग लागी पर्नुको विकल्प नदेखिदा निज निवेदकको माग अनुसार सूचना दिनु पर्ने प्रष्टै हुन्छ ।

माथि प्रकरण (ङ) मा उल्लेखित सूचना मागकर्ताको निवेदन बमोजिम प्राप्ताङ्क दिँदा स्थापित भइसकेको प्रक्रियाहरु एक्कासी भत्कन पुग्छ भन्ने लोक सेवा आयोगको तर्कसँग सहमत हुन सकिएन । लोक सेवा आयोगको परीक्षाको स्वच्छता, निश्पक्षता र विश्वसनीयताका लागि नेपालको संविधानको भाग १३, धारा १२५,१२६ र १२७ को व्यवस्था गरिएको छ । यसैगरी लोक सेवा आयोग ऐन, २०६६, लोक सेवा आयोग नियमावली, २०६७, लोक सेवा आयोग (कार्य संचालन) निर्देशिका, २०६७ र लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरुको आचार संहिता, २०६९ जस्ता कानूनी संयन्त्रद्वारा लोक सेवा आयोगका काम कारवहीलाई पूर्णत: भरपर्दो र गुणस्तरीय तुल्याएको छ । कस्तुरीले आफूसँग रहेको विनाको सुगन्ध र महत्व नबुझे झैं लोक सेवा आयोगले आफूले तयार गरेका परीक्षाका स्वच्छता सम्बन्धी सबै प्रावधान गोप्य छैनन्, खुल्ला छन् । माथि उल्लेखित ऐन, कानुन र कार्यविधिमा सबै कुरा खुला गरिएका छन् । यस स्थितिमा कि त लोक सेवा आयोगले नबुझेर माग अनुसारको सूचना दिन हिचकिचाई रहेको छ , कि त मैले एक पटक दिन्न भनेकोले दिन्छु भन्न सकिन भनी अनावश्यक अड्डी कसेको महशुस हुन्छ । यी दुवै कुरा ठीक होईनन् । यसर्थ निवेदकको माग अनुसारको सूचना प्रवाह गर्दा लोक सेवा आयोगको भैरहेको प्रक्रियाहरु एक्कासी भत्किने र परीक्षाको स्वच्छता, निश्पक्षता एवं विश्वासनियता गुम्ने कुरामा रत्तीभर सत्यता छैन । यो तर्क सूचना दिन नचाहेको मनासायबाट प्रेरित भै काल्पनिक रुपमा तयार गरिएको तर्क सिवाय केही होईन । यदी लोक सेवा आयोगले भनेको तर्कलाई स्वीकार गर्ने हो भने लोक सेवा आयोगले कस्तो कच्चा वा तासको घर झैं प्रक्रिया र नीति बसाएको रहेछ, जो अति सामान्य हावाको झोकाबाट पनि गल्यामगुर्लुम हुन्छ भनी निष्कर्ष निकाल्नु पर्ने हुन्छ । यर्थाथमा लोक सेवा आयोगले अनुशरण गरेको प्रक्रिया निकै मजबूत र पक्का रहेको जगजाहेर छ । यसर्थ माग अनुसार प्राप्ताङ्क दिँदा आयोगको विश्वासनीयता अझ झाङ्गिएर जाने कुरामा यो आयोग विस्वस्त रहेकाले सूचना प्रवाह गर्न निर्देश गर्दछ ।

माथि प्रकरण (च) मा उल्लेखित भए अनुसार कसैले सूचना माग गरेको एक वर्षपछि निर्णय गरेर एक वर्ष पूर्व नै परेको निवेदनलाई निश्प्रभावित पार्नुलाई प्राकृतिक न्यायको सिद्धान्त अनुकूल मान्न सकिन्न । यसलाई लोक सेवा आयोगले नबुझी झुक्किएर गरेको निर्णय हो भनी टिप्पणी गर्नु सत्यताको नजिक हुनेछ । यसर्थ स्वयं लोक सेवा आयोगले यस कुराको मनन गरी आफ्नो गल्तीबाट आफै सिक्ने सिद्धान्त अनुसार सूचना मागकर्तालाई सूचना दिनुपर्ने प्रष्ट हुन्छ

माथि प्रकरण (छ) मा उल्लेखित सूचनाको हक बमोजिम लोक सेवा आयोगले सूचना वर्गिकरणका लागि सिफरिश गरेकै आधारमा सूचना वर्गिकरण समितिबाट निर्णय भए सरहको व्यवहार गरेको कुरा सरासरै मिल्न आएन । जहाँसम्म सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना वर्गिकरण गर्ने विषय छ, यसमा समितिले वर्गिकरणको निर्णय गरेपछि चित्त नबुझ्नेले आयोगमा पुनरावेदनका लागि निवेदन गर्न सक्छ । यस्तो निवेदनको पुनरावलोकन गर्दा सूचनाको वर्गिकरणमा गोप्य राख्नुपर्ने नदेखिएकाले सार्वजनिक गर्नु भनी आदेश दिन सक्ने कानुनी व्यवस्था प्रष्टै छ । सोही पुनरावलोकन हेर्न सक्षम आयोगले नै यस विषयको चिरफार गरिरहेको अवस्था छ । यसर्थ संविधान र कानुन बमोजिम प्राप्ताङ्कको सूचना माग गरेको विषयलाई तिललाई पहाड बनाई सूचना नदिने तर्फ जान मिल्ने नदेखिँदा लोक सेवा आयोगले सूचना दिनै पर्ने देखिन्छ ।

माथि प्रकरण (ज) मा उल्लेखित प्रस्तुत केशमा सूचना दिने नदिने निर्णय गर्ने लोक सेवा आयोगका सचिव होईनन, लोक सेवा आयोग हो भन्ने विषयमा लोक सेवा आयोगका सचिव र लोक सेवा आयोगको मुख मिलेको देखिन्छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २ को परिभाषा (छ) मा 'प्रमुख' भन्नाले सार्वजनिक निकायको प्रमुख सम्झनुपर्छ भनिएको छ । सामान्य अर्थमा पनि प्रमुख भन्नाले सम्बन्धित निकायमा अन्तिम निर्णय गर्ने पदाधिकारी भन्ने संझनु पर्छ । प्रस्तुत केशमा निवेदकले माग गरेको सूचना दिने नदिने निर्णय लोक सेवा आयोगका सचिवले कानुनत: गर्न नसक्ने प्रष्ट भयो । त्यसो भए लोक सेवा आयोगका अध्यक्षले गर्ने हो कि, निज नै सो निकायका प्रमुख हुन कि भनी लोक सेवा आयोग ऐन, २०६६ को अध्ययन गर्दा आयोगमा अध्यक्ष र सदस्यहरु बसी निर्णय गर्ने प्रावधान भएको देखिन्छ । यही कुरा लोक सेवा आयोगका सचिवले पनि लेखी पठाउनु भएको छ । यसर्थ प्रस्तुत प्रयोजनका लागि 'प्रमुख' को जिम्मेवारी र जवाफदेहिता लोक सेवा आयोग नै रहेको देखिँदा प्रस्तुत आदेश पनि लोक सेवा आयोगक कै नाउँमा जारी गरिएको छ । अब उप्रान्त: प्रस्तुत विषयमा सूचनाको हक

बमोजिम श्रृजना हुने दायित्व पनि लोक सेवा आयोगकै मा. अध्यक्ष र मा.सदस्यहरुले सामूहिक रुपमा वहन गर्नुपर्ने देखिँदा उहाँहरुले माग अनुसारको सूचना दिने तर्फ जानुको विकल्प देखिन्न ।

माथिको प्रकरण (झ) मा उल्लेखित कुन हदसम्मको सूचना प्रवाह गर्ने भन्ने विषयमा लोक सेवा आयोग स्वयं सक्षम छ भन्ने भनाईलाई गंभिर रुपमा लिई विवेचना गर्नुपर्ने स्थिति आएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ११ को उपदफा (१) मा 'सूचनाको हक संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने' व्यवस्था छ । साथै सोही ऐनको दफा १९ मा आयोगका ७ वटा काम, कर्तव्य र अधिकार तोकिएका छन् । २०६५ सालमा राष्ट्रिय सूचना आयोग गठन भए उप्रान्त कुन हदसम्मको सूचना कुन कुन निकायले कुन कुन बखत संरक्षित गर्ने वा सार्वजनिक गर्ने वा मागकर्तालाई दिने भन्ने निर्णय गर्ने अधिकार क्षेत्र आयोगले प्रयोग गरी आएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले कुनै पनि सार्वजनिक निकायलाई आफूसँग सम्बन्धित सूचना स्वयंले कुन हदसम्म सार्वजनिक गर्ने र कुन हदसम्म गोप्य गर्ने भनी निर्णय गर्न सक्ने स्वविवेकी अधिकार प्रदान गरेका छैन । नेपाल जस्तो लोकतान्त्रिक मुलुकमा यस्तो अधिकार कुनै अमूक निकायले पाउने कल्पनासम्म पनि गर्न सकिन्न । यसर्थ शक्ति सन्तुलन र नियन्त्रणको सिद्धान्त अनुसार राज्यका सबै अंगहरु विभिन्न काम र प्रयोजनका लागि विभिन्न निकायसँग जिम्मेवार र जवाफदेही हुनुपर्छ । यही सन्दर्भमा जसरी राष्ट्रिय सूचना आयोगको सचिव, सहसचिव, उपसचिव र शाखा अधिकृत जस्ता पदमा आयोग आफैले योग्य व्यक्ति छनौट गरी भर्ना सक्तैन, यसका लागि लोकसेवा आयोगकै सिफारिश र संलग्नता चाहिन्छ, ठीक त्यसैगरी लोकसेवा आयोगले के के सूचना सार्वजनिक गर्ने र के के सूचना संरक्षण गर्ने भनी अन्तिम निर्णय राष्ट्रिय सूचना आयोगबाट हुनेछ । यसर्थ प्रस्तुत विषयमा लोक सेवा आयोगले कुन सूचना सार्वजनिक गर्ने र नगर्ने भन्ने विषयमा म नै सक्षम छु भन्ने भ्रमबाट माथि उठी राष्ट्रिय सूचना आयोगको आदेश अनुसार सूचना प्रवाह गर्नु नै कानुनसम्मत् हुनेछ ।

अत: माथि गरिएका विश्लेषण र विवेचनाका आधारमा निवेदकको माग बमोजिमका तपसीलको सूचना उपलब्ध गराउन लोक सेवा आयोगको नाममा यो आदेश जारी गरिएको छ । सो बमोजिम गर्न/गराउन यो आदेशको प्रतिलिपि लोक सेवा आयोगमा पठाउने र निवेदकलाई सो को जानकारी गराउने ।

**तपसिल**

विज्ञापन नं ९७२-०६२ कृषि सेवा, वाली संरक्षण समूहको वाली संरक्षण अधिकृत पदमा अन्तर्वार्तामा उपस्थित सम्पूर्ण सात जना उम्मेदवारको जम्मा प्राप्ताङ्क ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्बत् २०७२ पुष ९ गते रोज ५ शुभम ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**<u>आदेश</u>**
**निर्णय नं. ३३७-५१६**

१. श्री अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्क्सवादी–लेनिनवादी)
२. श्री अध्यक्ष, एककिृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)
३. श्री अध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल
४. श्री सभापति, नेपाली कांग्रेस
५. श्री प्रमुख, नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी लिननवादी)
६. श्री प्रमुख, तराई मधेश लोकतान्त्रिक पार्टी
७. श्री प्रमुख, सद्भावना पार्टी
८. श्री प्रमुख, राष्ट्रिय प्रजातन्त्र पार्टी
९. श्री प्रमुख, मधेशी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक)
१०. श्री प्रमुख, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरुहट)
११. श्री प्रमुख, नेपाल परिवार दल
१२. श्री प्रमुख, राष्ट्रिय जनमुक्ति पार्टी
१३. श्री प्रमुख, समाजवादी जन पार्टी
१४ श्री प्रमुख, मधेशी जनअधिकार फोरम, नेपाल
१५. श्री प्रमुख, राष्ट्रिय जनमोर्चा
१६. श्री प्रमुख, नेपाल कम्युनिष्ट पार्टी (संयुक्त)
१७. श्री प्रमुख, नेपाली जनता दल
१८. श्री प्रमुख, नेपाल मजदुर किसान पार्टी
१९. श्री प्रमुख, नेपाल लोकतान्त्रिक समाजवादी दल
२० श्री प्रमुख, चुरेभावर राष्ट्रिय एकता पार्टी, नेपाल
२१. श्री प्रमुख, जनता दल युनाईटेड
२२. श्री प्रमुख, नव नेपाल निर्माण पार्टी
२३. श्री प्रमुख, बहुजन शक्ति पार्टी
२४ श्री प्रमुख, तराई मधेश सद्भावना पार्टी, नेपाल
२५. श्री प्रमुख, मेधशी जन अधिकार फोरम (गणतान्त्रिक)
२६. श्री प्रमुख, नेपाः राष्ट्रिय पार्टी
२७. श्री प्रमुख, नेपाल नागरिक पार्टी
२८. श्री प्रमुख, जन प्रजातान्त्रिक पार्टी
२९. श्री प्रमुख, राष्ट्रिय मधेश समाजवादी पार्टी
३०. श्री प्रमुख, खम्वुवान राष्ट्रिय मोर्चा नेपाल
३१. श्री प्रमुख, राष्ट्रिय स्वाभिमान पार्टी नेपाल
३२. श्री प्रमुख, जनयुनिटी को–अपरेटिभ पार्टी नेपाल
३३ श्री प्रमुख, खस समावेशी राष्ट्रिय पार्टी
३४. श्री प्रमुख, नेपाल राष्ट्रिय विकास पार्टी
३५. श्री प्रमुख, अखण्ड नेपाल पार्टी
३६. श्री प्रमुख, नेपाल कम्युनिष्ट पार्टी

३७. श्री प्रमुख लिवरल डेमोक्रेटिभ पार्टी
३८. श्री प्रमुख, मधेश तराई फोरम
३९. श्री प्रमुख, नेपाल न्यायिक दल
४०. श्री प्रमुख, जनता पार्टी, नेपाल
४१ श्री प्रमुख, चुरेभावर लोकतान्कि पार्टी
४२ श्री प्रमुख, संयुक्त राष्ट्रवादी मोर्चा नेपाल
४३ श्री प्रमुख, राष्ट्रिय मधेश बहुजन समाजवादी पार्टी
४४. श्री प्रमुख, मंगोल नेशनल अर्गनाईजेशन
४५. श्री प्रमुख, नेपाल गौरवशाली पार्टी
४६. श्री प्रमुख, थरुहट तराई पार्टी नेपाल
४७. श्री प्रमुख, राष्ट्रिय नागरिक पार्टी
४८. श्री प्रमुख, राष्ट्रिय शिवसेना पार्टी
४९. श्री प्रमुख, अखण्ड सुदुर पश्चिम पार्टी नेपाल
५० श्री प्रमुख, संघीय गणतान्त्रिक समाजवादी पार्टी नेपाल
५१. श्री प्रमुख, राष्ट्रिय यर्थाथवादी पार्टी नेपाल
५२. श्री प्रमुख, सङ्घीय समाजवादी पार्टी नेपाल
५३. श्री प्रमुख तराई मधेश पहाड हिमाल एकता पार्टी
५४. श्री प्रमुख, जनतान्त्रिक तराई मुक्ति टाईगर्स
५५. श्री प्रमुख, लिम्बुवान मुक्ति मोर्चा
५६. श्री प्रमुख, शान्ति पार्टी नेपाल
५७. श्री प्रमुख, राष्ट्रिय विकास पार्टी
५८. श्री प्रमुख, जनजागरण पार्टी नेपाल
५९. श्री प्रमुख, लोकतान्त्रिक जनता पार्टी नेपाल
६०. श्री प्रमुख, नेपाल समावेशी पार्टी
६१. श्री प्रमुख, संघीय समावेशी समाजवादी पार्टी नेपाल
६२. श्री प्रमुख, नेपाल प्रजातान्त्रिक प्रगतिशिल पार्टी
६३. श्री प्रमुख, सोसल रिपब्लकन पार्टी
६४. श्री प्रमुख, पिछडावर्ग निषाद दलित जनजाति पार्टी
६५. श्री प्रमुख, जनमोर्चा नेपाल
६६. श्री प्रमुख, नेपाल जनसमावेशी एकता पार्टी
६७. श्री प्रमुख, राष्ट्रिय जनता दल नेपाल
६८. श्री प्रमुख, विश्व सत्यवादी पार्टी
६९. श्री प्रमुख, हरियाली नेपाल पार्टी
७०. श्री प्रमुख, गरिव जनताको क्रान्ति पार्टी
७१. श्री प्रमुख, मधेश समता पार्टी नेपाल
७२. श्री प्रमुख, गरिव एकता समता पार्टी नेपाल
७३. श्री प्रमुख, लिम्बुवान मुक्ति मोर्चा नेपाल
७४. श्री प्रमुख, मातृभूमि नेपाल दल
७५ श्री प्रमुख, नेपाल गणतान्त्रिक एकता पार्टी
७६ श्री प्रमुख, नेपाल जनता पार्टी
७७. श्री प्रमुख, राष्ट्रिय मधेश एकता पार्टी
७८. श्री प्रमुख, नेपाल राष्ट्रिय यातायात विकास दल
७९. श्री प्रमुख, देशभक्त पर्यावरणीय समाजिक (देपसा) मोर्चा
८० श्री प्रमुख, राष्ट्रिय जन विकास पार्टी
८१. श्री प्रमुख, मधेशी जनअधिकार फोरम मधेश
८२. श्री प्रमुख, संयुक्त रीष्ट्रिय जनपरिषद् नेपाल

८३. श्री प्रमुख, संयुक्त जन मोर्चा
८४. श्री प्रमुख, नेपाल सदभावना पार्टी (गजेन्द्रवादी)
८५. श्री प्रमुख, नेपाल आमा पार्टी
८६. श्री प्रमुख, नेपाली जनता पार्टी
८७. श्री प्रमुख, नेपाल जनहित पार्टी
८८. श्री प्रमुख, संघीय लिम्बुवान राष्ट्रिय परिषद्
८९. श्री प्रमुख, नेपाल राष्ट्रसेवा दल
९०. श्री प्रमुख, सहकारी पार्टी नेपाल
९१. श्री प्रमुख, नेपाल युवा किसान पार्टी
९२. श्री प्रमुख, श्रमिक जनता पार्टी नेपाल
९३. श्री प्रमुख, लिग नेपाल शान्ति एकता पार्टी
९४. श्री प्रमुख, राष्ट्रिय थारु समाज एकता पार्टी
९५. श्री प्रमुख, नेपाल जनभावना एकता पार्टी
९६. श्री प्रमुख, नेपाल समाजवादी पार्टी (लोहियावादी)
९७. श्री प्रमुख, जनता दल नेपाल
९८. श्री प्रमुख, नेपाल मधेशी जनता दल (समाजवादी)
९९. श्री प्रमुख, ॐ सेना नेपाल
१००. श्री प्रमुख, बहुजन समाज पार्टी नेपाल
१०१. श्री प्रमुख, तराई पहाड हिमाल समाज पार्टी
१०२. श्री प्रमुख, शिवसेना नेपाल
१०३. श्री प्रमुख, युव शक्ति नेपाल पार्टी
१०४. श्री प्रमुख, राष्ट्रवादी एकता पार्टी
१०५. श्री प्रमुख, तामाङसालिङ राष्ट्रिय जनएकता पार्टी
१०६ श्री प्रमुख, राष्ट्रिय मुक्ति आन्दोलन, नेपाल
१०७. श्री प्रमुख, राष्ट्रिय पुनर्जागरण पार्टी
१०८ श्री प्रमुख, लोक दल
१०९. श्री प्रमुख, राष्ट्रवादी जनता पार्टी
११० श्री प्रमुख, नेपाल लेवर पार्टी
१११. श्री प्रमुख, नयाँ नेपाल राष्ट्रिय पार्टी
११२. श्री प्रमुख, संघीय विकासवादी पार्टी नेपाल
११३. श्री प्रमुख, चुरेभावर राष्ट्रिय पार्टी
११४. श्री प्रमुख, नेपाल कम्युनिष्ट पार्टी (मालेमा) साम्यवादी
११५. श्री प्रमुख, राष्ट्रिय लोकतान्त्रिक युवा पार्टी
११६ श्री प्रमुख, राष्ट्रिय एकता मञ्च
११७. श्री प्रमुख, नेपाल शान्ति क्षेत्र परिषद्
११८. श्री प्रमुख, जनता दल लोकतान्त्रिक पार्टी
११९. श्री प्रमुख, लोकतान्त्रिक पार्टी –नेपाल
१२० श्री प्रमुख, देशभक्त समाज
१२१ श्री प्रमुख, नयाँ संघीयता जनधारणा पार्टी
१२२. श्री प्रमुख, हिन्दु प्रजातान्त्रिक पार्टी, नेपाल
१२३. श्री प्रमुख, राष्ट्रिय एकता पार्टी
१२४. श्री प्रमुख, नेपाल श्रमजिवी दल
१२५. श्री प्रमुख, युनाईटेड ग्रिन अर्गनाईजेशन
१२६. श्री प्रमुख, राष्ट्रिय चुरेभावर पार्टी
१२७. श्री प्रमुख, नेपाल कम्युनिष्ट पार्टी (माले–समाजवादी)
१२८. श्री प्रमुख, नेपाल सद्भावना पार्टी (युनाईटेड)

१२९. श्री प्रमुख, दलित जनजाति पार्टी नेपाल
१३०. श्री प्रमुख, नेपाल सद्भावना पार्टी
१३१. श्री प्रमुख, नेपाल समता पार्टी
१३२ श्री प्रमुख, नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी)
१३३. श्री प्रमुख, नव जनवादी मोर्चा
१३४ श्री प्रमुख, नेपाल कम्युनिष्ट पार्टी (संयुक्त मार्क्सवादी)
१३५. श्री प्रमुख, स–शक्ति नेपाल
१३६. श्री प्रमुख, नेपाल राष्ट्रिय लोकतान्त्रिक दल
१३७. श्री प्रमुख, नेपाल प्रजातान्त्रिक युवा पार्टी
१३८ श्री प्रमुख, नेपाल राष्ट्रिय जनकल्याण पार्टी
१३९. श्री प्रमुख, नेपाल जन संघ पार्टी
१४०. श्री प्रमुख, मुस्कान सेना नेपाल
१४१. श्री प्रमुख, नेपाली काग्रेस (राष्ट्रवादी)
१४२ श्री प्रमुख, जनमुक्ति पार्टी नेपाल
१४३. श्री प्रमुख, शिव सेना
१४४ श्री प्रमुख, लोक कल्याणकारी जनता पार्टी ,नेपाल
१४५. श्री प्रमुख, लिवरल समाजवादी पार्टी
१४६. श्री प्रमुख, नेपाल साम्यवादी दल
१४७. श्री प्रमुख, नेपाल सुकुम्वासी पार्टी (लोकतान्त्रिक)
१४८. श्री प्रमुख, नेपाल दलित श्रमिक मोर्चा
१४९. श्री प्रमुख, नव नेपाल प्रजातान्त्रिक दल
१५०. श्री प्रमुख, संघीय लोकतान्त्रिक राष्ट्रिय पार्टी
१५१ श्री प्रमुख, समाजवादी पार्टी
१५२. श्री प्रमुख, नेपाल राष्ट्रवादी पार्टी
१५३. श्री प्रमुख, युवा नेपाल पार्टी
१५४ श्री प्रमुख, नेपाल दलित पार्टी
१५५. श्री प्रमुख, नेपाल कम्युनिष्ट पार्टी (माओवादी)
१५६ श्री प्रमुख, नेपाल जन लोकतन्त्र पार्टी
१५७ श्री प्रमुख, नेपाल रिपब्लिक पार्टी.
१५८ श्री प्रमुख, डेमोक्रेटिक नेपाल रिपब्लिकन पार्टी
१५९. श्री प्रमुख, युनाईटेड नेपाल रिपब्लिकन पिपल्स पार्टी
१६०. श्री प्रमुख, नेपाल गणतान्त्रिक जनता पार्टी
१६१. श्री प्रमुख, हाम्रो नेपाल पार्टी
१६२. श्री प्रमुख, जनमोर्चा नेपाल
१६३. श्री प्रमुख, नेपाल जन एकता पार्टी
१६४ श्री प्रमुख, समाजवादी जन एकता पार्टी
१६५. श्री प्रमुख, नेपाल पिपुल्स पार्टी
१६६. श्री प्रमुख, नेपाल ग्रिन्स पार्टी
१६७ श्री प्रमुख, नेपाल वाद
१६८ श्री प्रमुख, नेपाल कम्युनिष्ट पार्टी राष्ट्रवादी
१६९. श्री प्रमुख, नेपाल लोकतान्त्रिक नागरिक पार्टी
१७० श्री प्रमुख, नेपाल नौलो जनवादी पार्टी
१७१. श्री प्रमुख, राष्ट्रिय लोकतान्त्रिक गान्धिवादी पार्टी
१७२ श्री प्रमुख, राष्ट्रिय एकता पार्टी प्रजातान्त्रवादी
१७३. श्री प्रमुख, बहुजातिय समावेशी पार्टी
१७४ श्री प्रमुख, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च

१७५  श्री प्रमुख, नेपाल कम्युनिष्ट पार्टी (एकिकृत)
१७६  श्री प्रमुख, विवेकशिल नेपाली पार्टी
१७७.  श्री प्रमुख, नेपाल समाजवादी कांग्रेस
१७८  श्री प्रमुख, नेपाल लोकतान्त्रिक जनता कांग्रेस पार्टी
१७९.  श्री प्रमुख, नेपाल कम्युनिष्ट पार्टी (माले–जनसमाजवादी)
१८०  श्री प्रमुख, राष्ट्रवादी युवा मोर्चा

**विषय: सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम नियमितरुपमा त्यस निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी नियमितरुपमा प्रकाशन गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ बमोजिम सूचना अधिकारीको व्यवस्था गर्न र त्यस निकाय एवं मातहत निकायमा सूचना मागका लागि परेका निवेदन उपर भएको कारवाहीको विवरण छुट्टै अभिलेखमा अद्यावधिक गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९(ग), (छ) र (ख) बमोजिम जारी भएको आदेश ।**

नेपालको संविधानमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको प्रत्याभूति गरिएको छ । यसैगरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच रहने सुनिश्चितता प्रदान गरेको छ । ऐनमा सार्वजनिक निकाय भन्नाले सरकारी निकाय, राजनैतिक दल, गैर सरकारी संस्था, निजी क्षेत्र तथा कानूनद्वारा स्थापित संगठित संस्थालाई समेटिएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ ले सार्वजनिक निकायका विभिन्न जिम्मेवारीहरू तोकेको छ । यीमध्ये महत्वपूर्ण दायित्वमा आफ्ना काम-कारवाही लोकतान्त्रिक पद्धति अनुरुप खुल्ला र पारदर्शि तुल्याउनु, नागरिकप्रति जवाफदेही र जिम्मेवारी वहन गर्नु, आफ्नो निकायमा रहेका सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज तुल्याउनु तथा नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न सूचनाको वर्गिकरण गर्नुपर्ने विषयहरू पर्दछन् । यसैगरी नागरिकले माग गरेको सूचनाप्रति उच्च सम्मान प्रकट गर्नु, सूचना प्रवाहमा सक्षम तुल्याउन आफ्ना कर्मचारीलाई तालीम दिनु, आफ्नो निकायसम्बन्धी कम्तीमा बीस वर्षसम्मका सूचना अद्यावधिक गरी राख्नु, प्रत्येक ३/३ महिनामा आफ्नो निकायसम्बन्धी विवरण सार्वजनिक गर्नु (Pro–Active Disclosure), यस बाहेक नागरिकबाट अतिरिक्त माग गरिने सूचना प्रवाह गर्न अधिकार र सूचना सम्पन्न सूचना अधिकारी तोक्नु, नागरिकबाट माग भएका सूचनामध्ये जीउ ज्यानको सुरक्षासँग सम्बन्धित भए चौबिस घण्टाभित्र र अन्य अवस्थामा अधिकतम् १५ दिनभित्र नागरिकले माग गरेकै स्वरुपमा सूचना उपलब्ध गराउनु सार्वजनिक निकायको कर्तव्य हो । यस अतिरिक्त सूचनाको हकसम्बन्धी ऐन र नियमावलीमा व्यवस्था भए बमोजिम सार्वजनिक निकायले सूचना प्रवाह गर्दा लाग्ने दस्तुर तोक्नु पर्ने, सो दस्तुर प्रत्येक २/२ वर्षमा पुनरावलोकन गर्नुपर्ने, नागरिकबाट राष्ट्रिय सूचना आयोगमा सूचना पाउन पुनरावेदन गरेमा आयोगको आदेश पालना गरी सूचना उपलब्ध गराउनु, आफुसँग रहेका व्यक्तिगत प्रकृतिका सूचनाहरु अनधिकृत प्रकाशन र प्रशारण नहुने गरी संरक्षण गर्नु, सूचनादाताको संरक्षण गर्नु र आफ्नो निकायमा रहेको कुनै सूचना गलत छ भन्ने लागेमा त्यस्तो सूचना सच्चाई दुरुस्त गर्नु पनि सार्वजनिक निकायको दायित्व, जिम्मेवारी र कर्तव्य हो । संविधान र कानुनद्वारा निर्दिष्ट यी सबै जिम्मेवारी पूर्ण रुपले पालना गर्नु सार्वजनिक निकायको कर्तव्य हो, यसमा आफ्नो अनुकूल केही दायित्व पूरा गर्ने र केही दायित्व पूरा नगर्ने गरी कानुनले कुनै पनि सार्वजनिक निकायलाई फुर्सद दिएको स्थिति छैन । साथै यी कानुनले निर्दिष्ट गरेका आफ्ना कर्तव्य पालना गर्न राष्ट्रिय सूचना आयोगले सार्वजनिक निकायलाई छुट्टै आदेश जारी गरिरहनु पर्ने अवस्था पनि होईन । तथापी यस विषयमा अनुभूत गरिएको जानकारीको अभाव लगायतका विविध पक्षलाई मनन गरी यो आदेश जारी गरिएको हो ।

नेपालको संविधानले आम जनतालाई मौलिक हक अन्तर्गत वाक तथा प्रकाशन स्वतन्त्रता प्रदान गरेको छ । आम नागरिकलाई सशक्तिकरण गर्ने, उत्तरदायी र जिम्मेवारपूर्ण शासन पद्धति संचालन गर्ने र सुशासनको माध्यमद्वारा आर्थिक सम्बृद्धि हासिल गर्ने राज्यको एकमात्र ध्येय हो । यी सबै पक्षको सबलीकरणबाट मुलुकमा लोकतन्त्र मजबूत हुँदै जान्छ । विश्वव्यापीरुपमा सूचनाको हकलाई लोकतन्त्रको प्राणवायुका रुपमा स्वीकार गरिएको छ । जसअनुसार सूचनाको हकको अधिकतम् प्रचलनले लोकतन्त्र स्थायी र मजबुत हुने, भ्रष्टाचार घट्ने, विधिको शासन लागू हुने, समानताको हकको पालनामा अभिवृद्धि हुने, मानव अधिकारको बढोत्तरी हुने र मुलुकमा असल अभ्यासले प्रोत्साहन पाउने हुन्छ । यस्तो अपेक्षित महत्वपूर्ण उपलब्धी हासिल गर्न सूचनाको हकसम्बन्धी ऐनले

सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोगको व्यवस्था गरेको छ । यस्तो महत्वपूर्ण एवं गंम्भिर जिम्मेवारी आफ्नो काँधमा रहेको आयोग यो आदेश जारी गर्न विविध कारणले बाध्यात्मक स्थितिमा आई पुगेको छ ।

लोकतन्त्रको संवाहकका रुपमा रहेका राजनैतिक दलहरूले नागरिकको सूचनाको हकका पक्षमा प्रत्यक्ष र अप्रत्यक्षरुपमा सक्रिय भूमिका निर्वाह गरिआएको कुरा कसैको नजरबाट छिपेको छैन । यसर्थ यी दलहरुले आफ्ना विविध कार्यक्रममा सूचनाको हकको जानकारी गराउने विषयलाई पनि समेट्नु लोकतान्त्रिक पद्धति अनुरुप नै हुनेछ । यसका लागि राजनैतिक दलहरुले प्रथमत: आफ्ना दलको कार्यालयमा सूचनाको हकको पालना गरी असल अभ्यासको नमूना प्रस्तुत गर्दा अन्य सबै सार्वजनिक निकायमा तत्कालै अनुकूल प्रभाव पर्ने प्रष्टै छ । राजनैतिक दलहरू जनताकै पक्षमा वकालत गर्न, जनताकै हितमा विकास-निर्माणका कार्यलाई सघाउन र जनतालाई नै सशक्तिकरण गर्न संगठित हुने हुँदा यिनका काम-कारवाही स्वत: पारदर्शि रही आएको छ । तथापी आयोगले आयोजना गर्ने विभिन्न कार्यक्रममा, संचार माध्यममा र सूचनाको हकका अभियान्ताहरूको टिप्पणी लगायतमा राजनैतिक दलहरुले पनि देखिने र अनुभूति हुने गरी सूचनाको हकसम्बन्धी ऐन र नियमावलीको पालना गर्नुपर्ने सुझाव प्राप्त भएका छन् । यसर्थ विभिन्न अवसरमा राजनैतिक दलका शीर्ष नेताहरुलाई यस विषयमा ध्यानाकर्षण गराउँदा उहाँहरुले कानुनले निर्दिष्ट गरेको दायित्व पालना गर्न उच्च प्रतिवद्धता प्रकट गर्नु भएको छ । यसै सन्दर्भमा २०७२।४।२८ गते व्यवस्थापिका संसद्को विकास समितिमा राजनैतिक दलहरुसँग आयोग समेतको सहभागितामा छलफल भएको थियो । छलफल पश्चात् समितिबाट निर्देशन पनि जारी भएको थियो भने राजनैतिक दलका नेताहरुले उदारतापूर्वक यस कानुनको पालना गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो । दलहरूबाट यस्तो प्रतिबद्धता प्राप्त भएपछि आयोगका पदाधिकरीहरूले केहि राजनीतिक दलको कार्यालयमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को कार्यान्वयनको अवस्थाबारे बुझ्ने कार्य हुँदा अझै पनि कार्यान्वयन हुन नसकि रहेको सन्दर्भमा ती राजनीतिक दलका नेताहरुसँग पटक-पटक परामर्श गरी सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनका लागि थप स्पष्ट पार्नुपर्ने महशुस गरिएको छ ।

शासन प्रणालीमा जनताको सहभागिता बढाई नागरिकको सशक्तिकरण गर्दै खुला तथा पारदर्शीता, सु-शासन र जवाफदेही शासन प्रणालीमार्फत लोकतन्त्रप्रति जनताको आस्था र भरोसा अझ दरिलो गर्न तथा लोकतन्त्रलाई दिगो बनाउन संविधानको धारा २७ मा सूचनाको हकलाई मौलिक हककारूपमा व्यवस्था गरी त्यसको प्रभावकारी कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ लागू गरिएको हो । जनताले अनुभूत गर्ने दिगो लोकतन्त्र निर्माणका सबैभन्दा महत्वपूर्ण 'स्टेक होल्डर' राजनीतिक दलहरू नै भएको र राजनीतिक दलको गतिविधि, क्रियाकलाप, आचरण र व्यवहारले नै शासन प्रणाली र समग्रमा लोकतन्त्र प्रतिविम्बित हुने भएकाले विकास समितिमा भएको छलफलमा आयोगबाट राजनैतिकदलहरूले पालना गर्नुपर्ने मुख्य-मुख्य दायित्व र जिम्मेवारीलाई लेखी पठाएमा सबै राजनैतिक दल बीच कानुनको कार्यान्वयनमा न्यूनतम् रुपमा भएपनि समानताको स्थिति पैदा हुने भन्ने प्राप्त सुझावलाई समेत आत्मसात् गरी राजनैतिक दलहरूले प्रस्तुत कानुन बमोजिम सम्पादन गर्नुपर्ने काम/जिम्मेवारीको पालनामा जानकारीको सुगमताका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ (ग) मा उल्लेखित 'नागरिकको जानकारीका लागि सूचना सार्वजनिक गर्न सार्वजनिक निकायलाई आदेश दिने' आयोगको कानुनी दायित्व अनुसार तीन/तीन महिनामा आफ्नो दलसँग सम्बन्धित विवरण, नियमितरूपमा सार्वजनिक गर्न, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९(छ) मा उल्लेखित 'सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नका लागि आवश्यक अन्य उपयुक्त आदेश दिने' प्रावधान बमोजिम आफ्नो दलको सूचना प्रवाह गर्न सूचना अधिकारी तोक्न र सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ (ख) मा रहेको 'त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामाग्री सम्बन्धी सूचना सूचिकृत गरी मिलाई राख्न आदेश दिने' आयोगको काम, कर्तव्य र अधिकारको दायराभित्र रही सूचना माग र सो उपर भएको कारवाहीको विवरणको छुट्टै अभिलेख राख्न देहाय बमोजिमको आदेश जारी गरिएको छ ।

## १. प्रत्येक तीन/तीन महिनामा स्वत:प्रकाशन (Pro-Active Discloure) गर्ने

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ मा प्रत्येक सार्वजनिक निकायले आफ्नो निकाय सम्बन्धी सूचना अद्यावधिक गरी राख्नु पर्ने र तीन/तीन महिनामा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । साथै सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ काम पनि सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था छ । यसरी ऐन नियमले निर्दिष्ट गरेको विभिन्न २० वटा शीर्षकमा तपसिलको ढाँचामा नियमितरुपमा सूचना प्रकाशन गर्ने ।

## २. सूचना अधिकारी तोक्ने

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ को उपदफा(१) मा सार्वजनिक निकायले आफ्नो निकायमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनका लागि सूचना अधिकारी तोक्नु पर्ने व्यवस्था छ । कानून बमोजिम नागरिकले सूचना अधिकारी समक्ष सूचना माग गर्नुपर्ने र निजले सूचना उपलब्ध गराउनु पर्ने कानूनी व्यवस्था रहेकाले त्यस निकायमा सूचना अधिकारी तोक्न बाँकी भए तुरुन्त सूचना अधिकारी तोकी तपसिलको ढाँचामा निजको विवरण सार्वजनिक गर्ने ।

## ३. सूचना माग गरेको र सूचना प्रवाह गरेको छुट्टै अभिलेख राख्ने

सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम आम नागरिकले सूचना मागको आग्रह गर्दा वा निवेदन दिई सूचना माग गर्न आउँदा त्यसलाई छुट्टै रजिष्ट्रमा जनाई निस्सा दिनुपर्छ । तत् पश्चात माग अनुसारको सूचना दिई सोही व्यहोरा छुट्टै अभिलेखमा अद्यावधिक गरी राख्नु पर्छ । यदि सूचना दिन इन्कार गर्नु परेमा सो को कारण खुलाई सूचना मागकर्तालाई सो को जानकारी दिनुपर्छ । यी विषयलाई पनि तीन/तीन महिनामा सूचना सार्वजनिक गर्दा समेट्नु पर्ने कानूनी व्यवस्था छ । यी कानूनी व्यवस्थाको पालना र प्रभावकारी कार्यान्वयनका लागि तपसिलको ढाँचामा अभिलेख राख्ने व्यवस्था मिलाउने ।

### तपसिल

१ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

.......................(राजनीतिक दलको नाम)

विवरण सार्वजनिक गरेको अवधि............देखि...............सम्म

१ निकायको स्वरुप र प्रकृति
२ निकायको काम, कर्तव्य र अधिकार
३ निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण
४ निकायबाट प्रदान गरिने सेवा
५ सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी
६ सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि
७ निर्णय गर्ने प्रक्रिया र अधिकारी
८ निर्णय उपर उजूरी सुन्ने अधिकारी
९ सम्पादन गरेको कामको विवरण
१० सूचना अधिकारी र प्रमुखको नाम र पद
११ ऐन, नियम, विनिमय वा निर्देशिकाको सूची
१२ आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण
१३ तोकिए बमोजिमका अन्य विवरण
१४ अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण
१५ सार्वजनिक निकायको वेभसाईट भए सो को विवरण
१६ सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र संझौता सम्बन्धी विवरण
१७ सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन
१८ सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि
१९ सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण
२० सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण ।

**२ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ बमोजिम र नियमावली, २०६५ को नियम २४(क) बमोजिम सूचना अधिकारी तोकी निजको विवरण सार्वजनिक गर्ने फ्लेक्स वोर्डमा उल्लेख हुनुपर्ने व्यहोरा**

........................(राजनीतिक दलको नाम)

<u>सूचना अधिकारी तोकिएको विवरण</u>

**नाम -**

**फोटो-**

**सम्पर्क नम्बर-**

**३ सूचनाको हक अन्तर्गत सूचना माग भएको र सूचना प्रवाह गरिएको अभिलेख**

**राजनीतिक दलको नाम :-**

**प्रतिवेदनको अवधि :-**

| क्र.सं. | सूचना माग गर्नेको नाम, ठेगाना र सूचना माग गरेको मिति | माग गरिएको सूचनाको संक्षिप्त विवरण | सूचना दिए नदिएको र सो निर्णयको मिति | कार्यालय प्रमुख वा सूचना अधिकारी मध्ये कुन तहबाट सूचना दिएको | सूचना नदिएको भए सो को कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(यशोदादेवी तिम्सिना)
सुचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ पुष १९ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ५८४/२०७२/०७३**

**निर्णय नं. ५१७**

दोलखा जिल्ला सुन्द्रावती- हाल श्री नेपाल वेदविद्याश्रम संस्कृत माध्यमिक विद्यालय, वनकाली, गौशालाका गोविन्दप्रसाद दाहाल ..............................................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, कृषि विकास बैंक लिमिटेड, रामशाहपथ, काठमाडौं .................................१ विपक्षी

सूचना अधिकारी, कृषि विकास बैंक लिमिटेड, रामशाहपथ, काठमाडौं ................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

दोलखा जिल्ला सुन्द्रावती- हाल श्री नेपाल वेदविद्याश्रम संस्कृत माध्यमिक विद्यालय, वनकाली, गौशालाका गोविन्दप्रसाद दाहालले कृषि विकास बैंक लिमिटेड, रामशाहपथ, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०८।०८ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई उपलब्ध गराउनु । यदि उपलब्ध गराउन नमिल्ने भए उचित र पर्याप्त कारण सहित ७ (सात) दिन भित्र यस आयोग र पुनरावेदकलाई समेत जानकारी गराउनू भनी उपलब्ध गराउनू भनी कृषि विकास बैंक लिमिटेड, रामशाहपथ, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. लिखित परीक्षामा सामेल परीक्षार्थीहरुको कूल संख्या ।
२. लिखित परीक्षाको प्राप्ताङ्क अनुसार प्रतिस्पर्धीहरु बीच आफ्नो योग्यताक्रम संख्या ।
३. लिखित परीक्षाका प्रथमपत्र र द्वितीयपत्रका प्रमाणित प्रतिलिपि र प्राप्ताङ्कहरु ।
४. प्रतियोगितात्मक लिखित परीक्षाबाट अन्तर्वार्तामा छनौट हुन आवश्यक परेको न्यूनतम कुल प्राप्ताङ्क ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल माघ ३ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ५८७/२०७२/०७३**
**निर्णय नं.५१९-५२१**

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत .........................................२ पुनरावेदक

**विरूद्ध**

स्थानीय विकास अधिकारी (कार्यालय प्रमुख), जिल्ला विकास समितिको कार्यालय .......................१ विपक्षी
सूचना अधिकारी, जिल्ला विकास समितिको कार्यालय .....................................................१
रसुवा, तेह्रथुम, सोलुखुम्बु

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले जिल्ला विकास समितिको कार्यालय, रसुवा समेत समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०८।१८ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला विकास समितिको कार्यालय, रसुवा समेतका स्थानीय विकास अधिकारी (कार्यालय प्रमुख) र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. त्यस जिल्लाका संविधानसभा तथा व्यवस्थापिका संसदमा प्रतिनिधित्व गर्ने माननीय सभासद्ज्यूहरूले गत आर्थिक वर्ष २०७१/७२ का लागि निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत प्राप्त गर्नुभएको रु. १५ लाखको बजेट कसरी बिनियोजन भयो ? सो रकम विनियोजन गर्ने सम्बन्धी निर्णय प्रक्रियामा को को सहभागी भए वा कुन प्रतिनिधि मार्फत यस्तो विनियोजन सम्वन्धी निर्णय भयो ? बिनियोजन गर्ने सो निर्णय सम्बन्धी कागजात तथा हरेक सभासद्ले प्राप्त गरेको बजेटको कार्यक्रमगत विनियोजनको बेग्लाबेग्लै विवरण ।

२. गत आर्थिक वर्षका लागि हरेक निर्वाचन क्षेत्रमा माननीय सभासद्ज्यूहरुको सिफरिसमा कार्यान्वयन हुने गरी पुर्वाधार विकासका लागि विनियोजित रु. १ करोडको बजेटको विनियोजन सन्दर्भमा योजना छनोट र कार्यान्वयनका लागि यस जिल्लाका कुन कुन निर्वाचन क्षेत्रमा कहिले-कहिले कस-कसको उपस्थितिमा बैठक सम्पन्न भयो ? सो सम्बन्धी जानकारी विवरण, बैठकको माईन्यूटको प्रमाणित प्रतिलिपि एवं सो कार्यक्रम अन्तर्गत निर्वाचन क्षेत्रगत आधारमा छनोट गरिएको कार्यक्रम र विनियोजित बजेट रकमको बेग्लाबेग्लै विवरणको प्रमाणित प्रतिलिपि ।

३. निर्वाचन क्षेत्र विकास कार्यक्रम तथा निर्वाचन क्षेत्रको माननीय सभासद्हरुको सिफरिसमा सञ्चालन हुने योजनाहरु कुन कुन स्थानीय निकायको परिषद्बाट पारित गरी प्रस्तावित गरिएका थिए ? सोको जानकारी खुल्ने विवरणको सूची सम्बन्धी कागजातको प्रमाणित प्रतिलिपि ।

४. निर्वाचन क्षेत्र विकास कार्यक्रम तथा निर्वाचन क्षेत्रको माननीय सभासद्हरुको सिफरिसमा सञ्चालन हुने योजनाहरु कस कसले सञ्चालन गरेका थिए ? कार्यक्रम सञ्चालनको लागि गरिएको सम्झौता पत्र र कार्यक्रम सम्पन्न भएको प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल माघ ३ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त श्री किरणकुमार पोखरेल**
**सूचना आयुक्त श्री यशोदादेवी तिम्सिना**

**<u>आदेश</u>**

**निर्णय नं.५५३–६२७**

श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, ताप्लेजुङ्ग - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, पाँचथर - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, इलाम - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, झापा - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, संखुवासभा - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, तेह्रथुम - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, भोजपुर - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, धनकुटा - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, सुनसरी - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, मोरङ्ग - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, सोलुखुम्बु - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, ओखलढुंगा - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, खोटाङ - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, उदयपुर - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, सप्तरी - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, सिराहा - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, दोलखा - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, रामेछाप - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, सिन्धुली - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, धनुषा - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, महोत्तरी - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, सर्लाही - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, रसुवा - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, सिन्धुपाल्चोक - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, काभ्रेपलाञ्चोक - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, नुवाकोट - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, धादिङ्ग - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, ललितपुर - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, भक्तपुर - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, रौतहट - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, बारा - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, पर्सा - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, मकवानपुर - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, चितवन - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, गोरखा - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, मनाङ - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, लम्जुङ - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, कास्की - १

श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, तनहु - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, स्याङजा - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, नवलपरासी - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, रुपन्देही - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, कपिलवस्तु - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, पाल्पा - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, गुल्मी - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, अर्घाखाँची - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, मुस्ताङ - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, म्याग्दी - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, पर्वत - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, वाग्लुङ - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, दाङ - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, रुकुम - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, प्युठान - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, रोल्पा - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, सल्यान - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, वर्दिया - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, बाँके - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, सुर्खेत - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, दैलेख - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, जाजरकोट - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, हुम्ला - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, जुम्ला - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, मुगु - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, डोल्पा - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, कालिकोट - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, अछाम - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, बझाङ - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, बाजुरा - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, डोटी - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, कैलाली - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, दार्चुला - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, बैतडी - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, डडेल्धुरा - १
श्री स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, कञ्चनपुर - १

**विषय :- <u>जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिको वार्षिक कार्यक्रम र बजेट पारित भएको १५ दिन भित्र सार्वजनिक गर्ने गराउने ।</u>**

नेपालको संविधानको प्रस्तावनामा 'संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दीगो शान्ति, सुशासन, विकास र सम्वृद्धिको आकांक्षा पूरा गर्न' संविधान निर्माण भएको कुरा उल्लेखित छ । प्रस्तुत 'संविधान नेपालको मूल कानुन हो । यस संविधानसँग बाझिने कानुन बाझिएको हदसम्म अमान्य हुने' व्यहोरा संविधानको धारा-१ मा लेखिएको छ । संविधानको भावना र मर्म अनुसार हाम्रो मुख्य गन्तव्य सुशासन, विकास र सम्बृद्धि हुनु पर्दछ । यसरी संविधानले अपेक्षा गरेको सुशासन, विकास र सम्बृद्धिका लागि स्थानीय निकायहरू ( जिल्ला विकास समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँ विकास समिति) को महत्वपूर्ण

भूमिका रहने निश्चित छ । प्रस्तुत सन्दर्भमा शासन प्रणाली जनताप्रति जवाफदेही नभई तथा विकास निर्माणमा जनताको प्रत्यक्ष सहभागिताविना सु-शासन कायम हुने र सम्वृद्धि प्राप्त हुने कुरा कल्पना पनि गर्न सकिन्न । स्थानीय जनताको शासन प्रणाली र विकास-निर्माणमा सहभागिता, त्यसको असरले सृजना गर्ने जवाफदेहिता र पारदर्शीताले कायम हुने सु-शासनले नै मुलुकमा दिगो विकास संभव हुने प्रष्ट छ । यी नै कुराले नै जनतामा लोकतन्त्रप्रतिको भरोसा अभिबृद्धि गराई जनआस्था वृद्धि गर्न मद्दत पनि पुऱ्याउँछ । सम्वृद्धि र लोकतन्त्रको स्थायित्वका लागि उल्लेखित महत्वपूर्ण साधनहरु पारदर्शीता, सु-शासन, जवाफदेहीता र जनसहभागिताको अचुक औजार भनेको नै जनताको सुचनाको हक हो । स्थानीय निकायमा भएका प्रत्येक गतिविधि, नियम प्रक्रिया र निर्णयबारे जनतालाई जति-जति बढी ज्ञान हुन सक्यो, त्यति-त्यति बढी उनीहरुको सहभागिता सुनिश्चित हुँदै जाने र स्थानीय निकाय पनि जनताप्रति जवाफदेही हुन कर लाग्ने अवस्था सृजना हुन्छ । यस पद्दतिबाट आमजनता आफ्नो हक र अधिकारको प्रचलनप्रति सशक्त र जागरुक हुन पनि मद्दत पुग्नेछ । सूचनाको हकको प्रचलनसँगै अख्तियार गरिने पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वको भावनाले भ्रष्टाचार न्यूनीकरण गर्न, विधिको शासन संचालन गर्न र विकृति विसंगतिलाई नियन्त्रण गर्दै सम्वृद्धितर्फ अघि बढ्न सहज हुनेछ ।

प्रस्तुत सन्दर्भमा नेपालको संविधानको धारा २७ मा 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सारोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने' व्यवस्था छ । यसको संरक्षण, सम्बर्द्धन र प्रचलनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भएको छ । उक्त ऐनको दफा ३ को उपदफा (२) मा 'प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने' व्यवस्था गरिएको छ र सोही ऐनको दफा २ (क) अनुसार सबै स्थानीय निकायहरु पनि सार्वजनिक निकायको परिभाषा भित्र समेटिएका छन् । सूचनाको हकसम्बन्धी ऐन बमोजिम सार्वजनिक निकायहरुले आफूसँग रहेको सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउनु पर्ने, आफ्नो काम कारवाही खुला र पारदर्शी गर्नुपर्ने, आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी ३/३ महिनामा प्रकाशित गर्नुपर्ने, आफ्नो निकायमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनका लागि सूचना अधिकारीको व्यवस्था गर्नुपर्ने, नागरिकबाट माग भएको सूचना उपलब्ध गराउनु पर्ने लगायतको कानुनी दायित्व पूरा गर्नुपर्ने हुन्छ । यसै सन्दर्भमा सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ६ मा 'प्रशासनिक कार्य संचालनका आधारमा पारदर्शिता, वस्तुनिष्ठता, जवाफदेहिता तथा इमान्दारिता, आर्थिक अनुशासन, भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी प्रशासन, प्रशासनिक संयन्त्रमा र निर्णयमा सर्वसाधारणको पहुँच, जनसहभागिता तथा स्थानीय स्रोतको अधिकतम् उपयोग' जस्ता विषयलाई अनुशरण गरी कार्यसम्पादन गर्नुपर्ने कुरा उल्लेखित छ । साथै सोही ऐनको दफा १६ मा निर्णय गर्दा पारदर्शिता कायम गर्नुपर्ने, दफा २० मा सार्वजनिक चाँसोको विषय कार्यान्वयन गर्दा सरोकारवाला तथा नागरिक समाजसँग परामर्श गर्न सकिने, दफा २५ मा नागरिक वडापत्र राख्नु पर्ने, दफा ३० मा सार्वजनिक सुनुवाई गराउनु पर्ने, दफा ३७ मा सूचना प्रविधिलाई व्यवहारमा ल्याउन सकिने जस्ता विषयहरु समेटिएका छन् । यी सबै कानुनी प्रावधानहरुको पालना गर्नुपर्ने स्थानीय निकायहरुको पनि कर्तव्य हो ।

जनताको सहभागितामा अभिवृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्ने समेतको ध्येयले स्थानीय स्वायत्त शासन ऐन, २०५५ जारी भएको छ । यस ऐनको भाग २ को परिच्छेद- ६ मा गाउँ विकास समितिको योजना तर्जुमा र कार्यान्वयन प्रक्रिया, भाग- ३ को परिच्छेद ६ मा नगरपालिकाको योजना तर्जुमा र कार्यान्वयन प्रक्रिया तथा भाग- ४ को परिच्छेद ५ मा जिल्ला विकास समितिको योजना तर्जुमा र कार्यान्वयन प्रक्रिया उल्लेखित छ । साथै स्थानीय निकायका काम-कारवाहीको सम्पादनमा स्थानीय स्वायत्त शासन नियमावली, २०६५ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ ले पनि विविध व्यवस्था गरेको छ । यी सबैको अनुशरण गर्नु स्थानीय निकायहरुको कर्तव्य हो । यसरी स्थानीय निकायहरुले आफ्नो आम्दानी र नेपाल सरकारबाट प्राप्त हुने एकमुष्ठ अनुदान तथा समय-समयमा प्राप्त हुने कार्यक्रम र बजेट सहितको रकमको खर्च संचालन र व्यवस्थापन गर्नुपर्ने हुन्छ । यी काममा जति बढी पारदर्शिता अवलम्बन गर्न सक्यो, सोही हदमा नागरिकको सूचनाको हकको बढोत्तरी हुने स्वत: सिद्ध छ ।

तसर्थ जिल्ला विकास समितिको कार्यालयका प्रमुख, स्थानीय विकास अधिकारीको नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९(ग) र दफा १९ (घ) बमोजिम देहायको आदेश जारी गरिएको छ :

(क) तहाँ जिल्ला विकास समितिको वार्षिक बजेट र कार्यक्रम स्वीकृत भएको १५ दिनभित्र कार्यक्रमहरुको नाम र बजेट रकम झल्किने गरी आफ्नो कार्यालय परिसरभित्र फ्लेक्स वोर्ड मार्फत सूचना सार्वजनिक गर्नू ।

(ख) तहाँ जिल्ला भित्रका नगरपालिका (महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका) र गाउँ विकास समितिहरुको वार्षिक बजेट र कार्यक्रम स्वीकृत भएको १५ दिनभित्र कार्यक्रमहरुको नाम र बजेट रकम झल्किने गरी ती निकायको कार्यालय परिसरभित्र फ्लेक्स वोर्ड मार्फत सूचना सार्वजनिक गर्न लगाउनू ।

(ग) प्रत्येक आर्थिक वर्षमा बजेट र कार्यक्रम स्वीकृत भएपछि माथि (क) र (ख) मा उल्लेख भएबमोजिम सूचना सार्वजनिक गर्नुको अलावा आर्थिक वर्षको बीचमा कुनै कार्यक्रम संशोधन भै कार्यक्रम र बजेट रकममा हेरफेर भएमा, नयाँ कार्यक्रम र बजेट स्वीकृति भएमा, नेपाल सरकारबाट थप अनुदान र कार्यक्रम प्राप्त भएमा वा कुनै सरकारी निकायबाट कार्यक्रम र बजेट हस्तान्तरण भएमा वा अन्य कुनै पनि स्रोतबाट कार्यक्रम र बजेट रकम प्राप्त भएमा सो प्राप्त भएको १५ दिनभित्र अतिरिक्त फ्लेक्स वोर्डमार्फत ती सूचना आफूले सार्वजनिक गर्नु र आफ्नो जिल्लामा रहेका नगरपालिका र गाउँ विकास समितिलाई पनि यस बमोजिम सूचना सार्वजनिक गर्न लगाउनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्बत् २०७२ साल माघ २८ गते रोज ५ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ५९९/२०७२/०७३**

**निर्णय नं. ६५३-६५४**

फ्रिडम फोरम, थापाथली, काठमाडौंका नोदनाथ त्रिताल ............................................१ पुनरावेदक

**विरूद्ध**

गाविस सचिव एवं कार्यालय प्रमुख ...................................................................१ विपक्षी
मौनाबुधुक गाविसको कार्यालय, धनकुटा
बोधे गाविसको कार्यालय, धनकुटा

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

फ्रिडम फोरम, थापाथली, काठमाडौंका नोदनाथ त्रिताल समेतले मौनाबुधुक गाविसको कार्यालय, धनकुटा समेत समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०९।३० मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी मौनाबुधुक गाविसको कार्यालय समेतका, गाविस सचिव एवं कार्यालय प्रमुखको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१.त्यस गाविसका कार्यालय प्रमुख (गाविस सचिव) ले गत आर्थिक वर्ष २०७१/०७२ अवधिभरमा र चालु आ.व. २०७२/०७३ को श्रावण महिनादेखि मंसिर मसान्तसम्म (५ महिना) त्यस कार्यालयबाट बाहिर कुन कुन मितिमा कुन कुन स्थानमा के प्रयोजनको लागि काजमा भ्रमण गर्नुभएको छ ? सो भ्रमणबापत गाविसको कार्यालयबाट कति भ्रमण खर्च स्वीकृत भई भुक्तानी भएको छ ? भन्ने विवरण कार्यालयको हाजिरी खाताको अभिलेखका आधारमा निम्न अनुसार प्रमाणित प्रतिलिपि :

| भ्रमण गरेको अवधि (कुन मितिदेखि कुन मितिसम्म) | भ्रमण गरेको स्थान (जिल्ला र ठाऊँ) | भ्रमण गर्नुको मुख्य उद्देश्य | गाविसबाट स्वीकृत भई भुक्तानी भएको दैनिक भ्रमण भत्ता शीर्षकमा भएको खर्चकोकुल रकम | गाविसबाट स्वीकृत भई भुक्तानी भएको यातायात खर्चको कुल रकम | भ्रमण स्वीकृत गर्ने अधिकारी को हो ? |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

२.स्थानीय निकाय जनप्रतिनिधिविहिन रहेको वर्तमान अवस्थामा गाविस अध्यक्षले गर्नुपर्ने कार्य गरेवापत त्यस गाविसका सचिवले मासिक रुपमा कति रकम अध्यक्ष भत्ता शीर्षकमा बुझ्ने गरेको छ ? सो अध्यक्ष भत्तावापत पाउने रकम गाऊँ परिषद्बाट निर्णय गरिएको छ कि छैन ? यदि निर्णय गरिएको छ भने अध्यक्ष भत्ता दिने भनी गाऊँ परिषद्मा भएको निर्णयको बुँदाको प्रमाणित प्रतिलिपि ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल फागुन ९ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ५९५/२०७२/०७३**

**निर्णय नं. ६८४**

जिल्ला रौतहट औरया गा.वि.स. वडा नं. २ बस्ने जयप्रकाश साह समेत .............................२ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, गाँउ विकास समितिको कार्यालय, औरया, रौतहट ......................................१ विपक्षी

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला रौतहट औरया गा.वि.स. वडा नं. २ बस्ने जयप्रकाश साह र धमेन्द्र साह समेतले गाँउ विकास समितिको कार्यालय, औरया, रौतहट समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी जिल्ला प्रशासन कार्यालय, रौतहट मार्फत् यस आयोग समक्ष मिति २०७२।०८।२१ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी गाँउ विकास समितिको कार्यालय, औरया, रौतहटका कार्यालय प्रमुखको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. लेखापरीक्षण प्रतिवेदन, २०६४ देखि २०७१ सम्म ।

२. गाँउ परिषद्को बैठकको निर्णयको प्रतिलिपि २०६४ देखि २०७१ सम्म ।

३. सामाजिक सुरक्षा भत्ता वितरण २०६४ देखि २०७१ सम्म ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल चैत्र ०८ गते रोज २ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

## मु.नं. ६१९/२०७२/०७३

## निर्णय नं. ७२५

जिल्ला रौतहट, भलोहिया गा.वि.स वडा नं. ६ बस्ने प्रविण कुमार शर्मा..........................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, श्री महालेखा नियन्त्रक कार्यालय, काठमाडौं...........................................१ विपक्षी
सूचना अधिकारी, श्री महालेखा नियन्त्रक कार्यालय, काठमाडौं........................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला रौतहट, भलोहिया गा.वि.स वडा नं. ६ बस्ने प्रविण कुमार शमाले, श्री महालेखा नियन्त्रक कार्यालय काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारी समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।१२।०८ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी श्री महालेखा नियन्त्रक कार्यालय, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. जिल्ला विकास समिति रौतहटमा लेखा अधिकृतको दरबन्दी कहिले देखि रहेको छ ?

२. सो दरबन्दीमा कार्यरत लेखा अधिकृतहरुको नाम ।

३. लेखा अधिकृतको दरबन्दी कहिले देखि रिक्त रहेको छ ? सो दरबन्दी रिक्त रहनुको कारण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७२ साल चैत्र ११ गते रोज ५ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

## मु.नं. ६१७/२०७२/०७३

## निर्णय नं. ७४३

रौतहट जिल्ला पचरुखी गा.वि.स.वडा नं. ८ हाल गौर न.पा. वडा नं.४ बस्ने वर्ष ४४ शैलेन्द्र झा ..........................................................................................१ पुनरावेदक

**विरूद्ध**

प्र.अ., श्री नेमधारी बासुदेव उ.मा.वि.मुडवलवा रौतहट ...............................................१ विपक्षी

सूचना अधिकारी, श्री नेमधारी बासुदेव उ.मा.वि.मुडवलवा रौतहट ..........................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

रौतहट जिल्ला पचरुखी गा.वि.स.वडा नं. ८ हाल गौर न.पा. वडा नं.४ बस्ने वर्ष ४४ शैलेन्द्र झाले श्री नेमधारी बासुदेव उ.मा.वि.मुडवलवा रौतहट समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।११।३० मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी श्री नेमधारी बासुदेव उ.मा.वि.मुडवलवा रौतहटका प्रधान अध्यापक र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. श्री नेमधारी बासुदेव उ.मा.वि.मुडवलवको आ.व. २०७०/०७१ र २०७१/०७२ मा कुन कुन शीर्षकमा खर्च भएको योजनाको नाम र कुल खर्चको विवरण ।

२. श्री नेमधारी बासुदेव उ.मा.वि.मुडवलवको आ.व. २०७०/०७१ र २०७१/०७२ मा प्रशानिक खर्च कति हो, कुन कुन शीर्षकमा कति खर्च भएको विवरण ।

३. श्री नेमधारी बासुदेव उ.मा.वि.मुडवलवको सिभिल इन्जिनियरिङ्ग छात्रछात्राको लागि कुन कुन शुल्क निर्धारण गरिएको हो ।

४. श्री नेमधारी बासुदेव उ.मा.वि.मुडवलवको सामुदायिक तर्फ कुन कुन शुल्क निर्धारण गरिएको, सो को विवरण ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल चैत्र ११ गते रोज ५ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल

## आदेश

## मु.नं. ६१८/०७२/०७३
## निर्णय नं. ७४५

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल र नोदनाथ त्रिताल................२ उजुरीकर्ता

**विरूद्ध**

कार्यालय प्रमुख, वन विभाग, बबरमहल, काठमाडौं................................................१ प्रत्यर्थी
सूचना अधिकारी, वन विभाग, बबरमहल, काठमाडौं..............................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल र नोदनाथ त्रितालले वन विभाग, बबरमहल, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारी समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।१२।०८ मा पुनरावेदन गरेको ।
सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु वा सो सूचना उपलब्ध गराउन नसकिने/नमिल्ने भए सो को कारण खुलाई पठाउनु भनी वन विभाग, बबरमहल, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. आर्थिक वर्ष २०६८।६९, २०६९।७०, २०७०।७१, २०७१।७२ र चालु आ.व. २०७२।७३ को हालसम्ममा सडक, सिँचाइ, भवन, दुर सन्चार, विद्युत र अन्य पूर्वाधार निर्माणका आयोजनाहरुका लागि निर्माण कार्य गर्दा विभिन्न प्रकारका वन क्षेत्र अन्तरगतबाट के कति, कुन कुन आयोजनका लागि कुन कुन वन क्षेत्रको जग्गा हस्तान्तरण भयो, सो को आयोजनापिच्छेको छुट्टाछुट्टै विवरणहरुको प्रमाणित प्रतिलिपि ।

२. उपरोक्त वन क्षेत्र हस्तान्तरण गर्दा तथा वन क्षेत्रमा पूर्वाधार निर्माण आयोजनाका काम गर्दा के कति वनजन्य सम्पदा (खास गरी रुख संख्या र मापन समेत) हरु काटिए नासिए, सो को आयोजना पिच्छकै छुट्टाछुट्टै विवरणहरुको प्रमाणित प्रतिलिपि ।

३. उपरोक्त आ.व. हरुमा वन क्षेत्र हस्तान्तरण र वन सम्पदा विनासबाट भएको आम्दानीको विवरण ।

४. वन क्षेत्र हस्तान्तरण र वन सम्पदा हटाउने सम्बन्धमा कुन कुन मितिमा कुन कुन पदाधिकारी र कुन कुन तहबाट त्यस सम्बन्धी निर्णय भएका थिए, सो को विस्तृत जानकारीको विवरणको प्रमाणित प्रतिलिपि ।

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्वत् २०७२ साल चैत्र १५ गते रोज २ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६१६/२०७२/०७३**

**निर्णय नं. ८०६**

जिल्ला रौतहट गौर नगरपालिका वडा नं. ४ बस्ने राम एकवाल साह .........................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला जनस्वास्थ्य कार्यालय रौतहट...............................................१ प्रत्यर्थी
सूचना अधिकारी, जिल्ला जनस्वास्थ्य कार्यालय, रौतहट............................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला रौतहट गौर नगरपालिका वडा नं. ४ बस्ने राम एकवाल साहले जिल्ला जनस्वास्थ्य कार्यालय रौतहट समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।११।२१ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला जनस्वास्थ्य कार्यालय, रौतहटका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्देशन जारी गरे अनुसार यस निकायमा (अस्पताल) सर्वसाधारणले नि:शुल्क पाउने औषधीहरु छ कि छैन ? छ भने कुन कति परिमाणमा रहेको छ ? आ.व. २०७२।०७३ मा कति आयो र खर्च कति भयो त्यसको प्रमाणित प्रतिलिपि ।

२. आ.व. २०७२।०७३ मा मन्त्रालयले नि:शुल्क औषधी उपलब्ध गराएको बाहेक अन्य औषधी खरिद गर्न कति रकम आयो ? त्यस रकमबाट कतिको औषधी खरिद गरियो ? को कसलाई वितरण गरियो ? कुन प्रक्रियाबाट औषधी खरिद गरियो ? कुन कुन औषधी व्यवसायी वा सरोकारबालासँग खरिद गरियो उहाँहरुको नामसहितको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७३ साल बैशाख ५ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६२२/२०७२/०७३**

**निर्णय नं. ८०८**

जिल्ला धनुषा, गा.वि.स. हंसपुर कठपुल्ला–९ बस्ने राजन कुमार सिंह ......................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला प्रशासन कार्यालय, धुनषा....................................................१ प्रत्यर्थी
सूचना अधिकारी, जिल्ला प्रशासन कार्यालय, धुनषा....................................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला धनुषा, गा.वि.स. हंसपुर कठपुल्ला–९ बस्ने राजन कुमार सिंहले जिल्ला प्रशासन कार्यालय, धुनषा समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।१२।२१ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला प्रशासन कार्यालय, धुनषाका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. सार्वजनिक खरिद ऐन, २०६३ अन्तर्गत रहेर यस कार्यालयले गत आ.व. २०७१।७२ मा खरिद गरेको मसलन्द सामाग्रीहरुको विल भर्पाई सहितको प्रमाणित प्रतिलिपि ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७३ साल बैशाख ५ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६२३/२०७२/०७३**
**निर्णय नं. ८१०**

जिल्ला धनुषा, गा.वि.स. हंसपुर कठपुल्ला–९ बस्ने राजन कुमार सिंह ........................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला प्रहरी कार्यालय, धनुषा.....................................................१ प्रत्यर्थी
सूचना अधिकारी, जिल्ला प्रहरी कार्यालय, धनुषा.......................................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला धनुषा, गा.वि.स. हंसपुर कठपुल्ला–९ बस्ने राजन कुमार सिंहले जिल्ला प्रहरी कार्यालय, धनुषा समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।१२।२१ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला प्रहरी कार्यालय, धनुषाका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. यस जिल्ला प्रहरी कार्यालयको प्रयोजनका लागि भनी हाल कतिवटा सवारी साधनहरु छन् । ती सवारी साधनको प्रयोग, इन्धन खर्च सहितको विस्तृत विवरण ।

२. गत आ.व. २०७१।०७२ मा  र चालु आ.व. को पुष मसान्त सम्म कुन कुन शीर्षकमा कति उजुरी परे र उक्त उजुरीहरु उपर के के कारवाही भए नभएको जानकारी विवरण ।

३. सार्वजनिक खरिद ऐन, २०६३ अन्तर्गत रहेर यस कार्यालयले गत आ.व. २०७१।७२ मा खरिद गरेको मसलन्द सामाग्रीहरुको विल भर्पाई सहितको प्रमाणित प्रतिलिपि ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७३ साल बैशाख ५ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६१३/२०७२/०७३**

**निर्णय नं. ८१२**

गोदावरी नगरपालिका वडा नं. ८, ललितपुर बस्ने मुकुन्द पहरी समेत .........................२ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, पथ प्रदर्शक प्रस्तावित मा.वि., गोदावरी नगरपालिका वडा नं. ८ ललितपुर...१ विपक्षी
सूचना अधिकारी, पथ प्रदर्शक प्रस्तावित मा.वि., गोदावरी नगरपालिका वडा नं. ८ ललितपुर...१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

गोदावरी नगरपालिका वडा नं. ८, ललितपुर बस्ने मुकुन्द पहरी समेतले पथ प्रदर्शक प्रस्तावित मा.वि., गोदावरी नगरपालिका वडा नं. ८ ललितपुर समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।११।२१मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी पथ प्रदर्शक प्रस्तावित मा.वि., गोदावरी नगरपालिका वडा नं. ८ ललितपुरका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. त्यस विद्यालयको गत आ.व. २०७१।०७२ देखि चालु आ.व. को पौष मसान्तसम्म १८ महिनाको बैंकमा रहेको रकम ।

२. त्यस विद्यालयको स्वर्ण जयन्ती कार्यक्रम मनाउदा भएको सम्पूर्ण आम्दानी/सहयोगको विवरण र उद्घाटन तथा समापन सत्रमा भएको वास्तविक खर्चको स्वीकृत विल भर्पाई सहितको प्रमाणित प्रतिलिपि ।

३. महाभुकम्प २०७२ पश्चात त्यस विद्यालयमा कुन कुन सरकारी निकाय, संघसंस्था तथा व्यक्तिबाट कुन कुन प्रयोजनको लागि के के शीर्षकमा के कति सहयोग प्राप्त भएको हो ? सो सहयोग के के शीर्षकमा खर्च गरियो ? सो को स्वीकृत विल भर्पाईहरुको प्रमाणित प्रतिलिपि ।

४. त्यस विद्यालयमा गत शैक्षिक सत्र २०७१ र चालु शैक्षिक सत्र २०७२ मा के के शीर्षकमा कति छात्रबृत्ति रकम प्राप्त भएको छ ? सो छात्रबृत्ति बापतको रकम कुन कुन विद्यार्थीलाई प्रदान गरिएको छ ? सो छात्रबृत्ति रकम वितरण गरिएको भरपाईको प्रमाणित प्रतिलिपि ।

५. त्यस विद्यालयको परिसरबाट माटो विक्री गरेको र रुखहरु कटान गरी बेचेको भन्ने जानकारी आएकोले सो बापत कति रकम विद्यालयलाई आम्दानी भएको छ ? के प्रक्रियाले कुन दररेटमा कसलाई माटो तथा रुख बेच्ने भनी कसले निर्णय गरको हो ? माटो तथा रुख बेच्ने भनी विद्यालय व्यबस्थापन समितिले गरेको निर्णयको प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना)<br>सूचना आयुक्त | (किरणकुमार पोखरेल)<br>सूचना आयुक्त | (कृष्णहरि बाँस्कोटा)<br>प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७३ साल बैशाख ५ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६३५/२०७२/०७३**

**निर्णय नं. ८१३**

जिल्ला बारा स्थायी घर क.न.पा. ७ बस्ने इन्द्रदेव प्रसाद यादव ......................................१ पुनरावेदक

**विरूद्ध**

श्री प्रधानाध्यपक, श्री पन्नादेवी कन्या उ.मा.वि. कलैया, बारा ........................................१ विपक्षी
श्री सूचना अधिकारी, श्री पन्नादेवी कन्या उ.मा.वि. कलैया, बारा .......................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला बारा स्थायी घर क.न.पा. ७ बस्ने इन्द्रदेव प्रसाद यादवले श्री पन्नादेवी कन्या उ.मा.वि. कलैया, बारा समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।१।९ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी श्री पन्नादेवी कन्या उ.मा.वि. कलैया, बाराका प्रधानाध्यापक र सूचना अधिकारीको  नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. मिति २०६८ दखि २०७१ सम्मको आय व्ययको विवरण ।
२. मिति २०६८ देखि २०७१ सम्मको बैंक मौज्दात ।
३ मिति २०६८ देखि २०७१ सम्मको विद्यालयको निजी आम्दानीका विवरण ।
४ तहगत शिक्षक शिक्षिका र कर्मचारीहको विवरण ।
५ छात्रछात्राको कक्षा गत विवरण ।
६ मिति २०७२ मा निर्माण गरिएको शौचालयको आय व्यय तथा लागत इस्टिमेट विवरण ।
७ चार कोठे भवनको लागत स्टीमेट आय व्यय विवरण ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल बैशाख २२ गते रोज ४ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६४१/६४२/२०७२/०७३**
**निर्णय नं. ८२०**

तारानाथ दाहाल ........................................................................................१ निवेदक
प्रशान्त सिंह समेत ....................................................................................१ निवेदक

**विरूद्ध**

नेपाल सरकारका मुख्य सचिव...........................................................................१ विपक्षी
व्यबस्थापिका संसद सचिवालयका महासचिव ......................................................१ विपक्षी

**विषय :- सिंहदरवार भित्र रहेका कार्यालयका सूचनामा आम नागरिकको पहुँचको व्यबस्था मिलाउने ।**

निवेदक तारानाथ दाहालले मिति २०७२ चैत्र १४ गते यस आयोगमा सिंहदरवार परिसरको सूचनामा आम नागरिकको सहज पहुँच सम्बन्धमा निवेदन दिएको । निजले आफ्नो निवेदनमा सिंहदरवार परिसरभित्र आम नागरिकको प्रत्यक्ष सरोकार र सम्बन्ध रहेका सार्वजनिक निकाय रहेका छन्, ती निकायसँग सूचना माग गर्न र उनीहरुसँग रहेका सूचनाको अवलोकन एवं अध्ययन गर्न सहज पहुँचको प्रवन्धका लागि निवेदन गरेको । यसैगरी मिति २०७२।१।२३ मा प्रशान्त सिंह समेत २ सय १६ जनाले दस्तखत गरी आयोगमा सिंहदरवारभित्रको सूचनामा आम नागरिकको निर्वाध पहुँच सम्बन्धमा निवेदन दर्ता गरेको । उक्त निवेदनमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण पुगी आफ्नो कुरा राख्ने प्रयोजनका लागि सिंहदरवारको ढोका खोल्ने कार्यक्रम सम्पन्न गरिएको, कुशासनलाई प्रोत्साहन हुने गरी सूचनाको हक नै कुण्ठित भैरहेकोले सिंहदरवार परिसर भित्रका सार्वजनिक निकायका कार्यालय समयमा नागरिकलाई पनि निर्वाध पहुँचको व्यबस्था गर्न जिकिर गरेको ।

प्रस्तुत निवेदनहरुका सम्बन्धमा आयोगले विभिन्न चरणमा सम्बन्धित निकायका पदाधिकारीहरुसँग औपचारिक र अनौपचारिक रुपमा छलफल, विचार विर्मश गरेको । मिति २०७३।१।२८ र २९ गतेको आयोगको बैठकमा कानून विज्ञहरुलाई आमन्त्रण गरी छलफल गरेको । नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको व्यबस्था छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को प्रस्तावनामा राज्यका काम कारवाही खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन कानुनी व्यबस्था छ । सोही ऐनले सूचनाको हक भन्नाले सार्वजनिक निकायमा रहेका कुनै लिखत, सामग्री वा काम कारवाहीको अध्ययन वा अवलोकन गर्ने अधिकार समेतलाई जनाउने भनिएको छ । यस ऐनको दफा ३ को उपदफा (१) मा प्रत्येक नागरिकलाई यस ऐनको अधिनमा रही सूचनाको हक हुनेछ भनिएको छ भने उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँचको प्रत्याभुति प्रदान गरिएको छ । यसैगरी सूचनाको हकसम्बन्धी ऐनको दफा ४ को उपदफा (२) को खण्ड (ख) र (ग) मा क्रमश: सार्वजनिक निकायले सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउनु पर्छ तथा आफ्नो कारवाही खुला र पारदर्शी गर्नु पर्छ भनी सार्वजनिक निकायको दायित्व तोकिएको छ । यस अतिरिक्त ऐनको दफा ७ मा नागरिकले सूचना अधिकारीसँग सूचना माग गर्ने र प्राप्त गर्ने कार्यविधि तोकिएको छ । दफा ९ मा सूचना अधिकारीबाट सूचना हासिल गर्न नसके कार्यालय प्रमुखसमक्ष उजुरी दिने व्यबस्था छ र उजुरी गर्दा पनि सूचना प्राप्त हुन नसकेमा दफा १० बमोजिम राष्ट्रिय सूचना आयोगमा पुनरावेदन दिन सकिने कानुनी व्यबस्था छ । यस स्थितिमा नागरिकलाई संविधान र कानूनले प्रदान गरेको सूचनाको हकअनुसार सूचना माग्न र पाउन सूचना अधिकारीसम्म पुग्ने पहुँच नै नहुने वा कार्यालय प्रमुखसँग उजुरी गर्ने स्थिति नै सृजना नहुने र अन्तत:गत्वा राष्ट्रिय सूचना आयोगमा पुनरावेदन प्रस्तुत गरी नागरिकले सूचना पाउने वा आयोगले स्वतन्त्र रुपमा आफूलाई कानूनले सुम्पिएको काम, कर्तव्य र अधिकारको प्रयोग गर्न मै प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा बाधा वा अवरोध पुग्न जाने कुनै पनि स्थितिलाई उचित मान्न सकिन्न । यस्तो परिस्थितिमा नागरिकको सूचनाको हकको निर्वाध प्रचलनका लागि जे जस्तो प्रवन्ध

गर्नु उचित हुन्छ सो को व्यबस्था तत्काल गर्न सम्बन्धित निकाय र पदाधिकारीलाई आयोगका तर्फबाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ज) समेतका आधारमा आदेश जारी गर्नुको विकल्प छैन ।

सूचनाको हकसम्बन्धी ऐनको प्रस्तावनामा रहेको नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न ऐनको दफा ३ को उपदफा (३) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) अनुसार प्रवाह नगरिने सूचनाको हकमा दफा २७ अनुसार सूचनाको वर्गिकरण सम्बन्धी व्यबस्था अनुसार सार्वजनिक निकायले सूचनाको वर्गिकरण गर्नुपर्ने हुन्छ । यी सबै संबैधानिक कानुनी व्यबस्थाका आधारमा आयोगमा पर्न आएका २ वटा छुट्टा छुट्टै निवेदनको बोधार्थ तथा कार्यार्थ नेपाल सरकारका मुख्य सचिव र व्यबस्थापिका संसद सचिवालयका महासचिवलाई समेत दिईएको हुँदा संविधान र कानून बमोजिम सिंहदरवारभित्र रहेका सार्वजनिक निकायका सूचनामा नागरिकको पहुँचलाई सरल र सहज तुल्याउने यथोचित प्रवन्धका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम नागरिकलाई सिंहदरवारभित्र रहेका कार्यालयमा सूचना मागको निवेदन दर्ता गर्न, सूचना अधिकारीसँग सम्पर्क गर्न तथा कार्यालय प्रमुख समक्ष उजुरी गरी सूचना प्राप्त गर्ने व्यबस्था मिलाउन नेपाल सरकारका मुख्य सचिव तथा व्यबस्थापिका संसदका महासचिवका नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ज) बमोजिम यो आदेश जारी गरिएको छ ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना)<br>सूचना आयुक्त | (किरणकुमार पोखरेल)<br>सूचना आयुक्त | (कृष्णहरि बाँस्कोटा)<br>प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल बैशाख ३१ गते ६ रोज शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६३६/२०७२/०७३**

**निर्णय नं. ८२७**

जिल्ला महोत्तरी, खयरमारा ६ हाल काठमाण्डौ ३५ बस्ने राजु ढकाल .........................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, नेपाल नागरिक उडड्यन प्राधिकरण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल.......१ विपक्षी
सूचना अधिकारी, नेपाल नागरिक उडड्यन प्राधिकरण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल .....१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला महोत्तरी, खयरमारा ६ हाल काठमाण्डौ ३५ बस्ने राजु ढकालले नेपाल नागरिक उडड्यन प्राधिकरण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।१।१३ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी नेपाल नागरिक उडड्यन प्राधिकरण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. आर्थिक बर्ष २०७०।७१ र ०७१।०७२ मा भि.भि.आई.पी, भि.आई.पी को लागि विमानस्थलको कक्षमा खाजा, खाना तथा अन्य कार्यमा भएको खर्चको विल भर्पाईको प्रतिलिपि ।

२. आर्थिक वर्ष ०७०।०७१ र ०७१।०७२ मा विमानस्थल भित्र विभिन्न निर्माण कार्यमा भएका खर्चसँग सम्बन्धित विवरण ।

३. विमानस्थल परिसरमा रहेका विभिन्न पसलहरु भाडामा दिदां भएको सम्झौताको प्रतिलिपि ।

४. विमानस्थलको पार्किङ एरियामा रहेका होडिङ्गवोर्ड सम्बन्धी सम्झौता ।

५. भन्सारको कार्गोमा यस कार्यालयबाट सरकारी बाहेक क कसलाई प्रवेश पास दिईएको छ सो सम्बन्धी भएका टिप्पणी तथा निर्णय आदेशहरु र पास लिएकाहरुको विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७३ साल जेठ २ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६०९/२०७२/०७३**

**निर्णय नं. ८२८**

जिल्ला कभ्रेपलाञ्चोक, पाँचखाल न.पा.व.नं.७ बस्ने बद्रीप्रसाद ढुंगाना............................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला शिक्षा कार्यालय, काभ्रेपलाञ्चोक.................... ......................१ विपक्षी
सूचना अधिकारी, जिल्ला शिक्षा कार्यालय, काभ्रेपलाञ्चोक.................... ......................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला कभ्रेपलाञ्चोक, पाँचखाल न.पा.व.नं.७ बस्ने बद्रीप्रसाद ढुंगानाले जिल्ला शिक्षा कार्यालय, काभ्रेपलाञ्चोक समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।११।१४ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला शिक्षा कार्यालय, काभ्रेपलाञ्चोकका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. त्यस कार्यालयमा जनता उच्च मा.वि.ले पेश गरेको चलानी नं. १५/०६७ मिति २०६७ असोज ३ गतेको पत्रसाथ संलग्न २०६७ असोज ३ गतेको विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र सल्लाहाकार समिति सहितको संयुक्त बैठकको निर्णयको प्रतिलिपि सहितको छाँयाप्रति ।

२. त्यस कार्यालयमा जनता उच्च मा.वि., पाँचखालले पेश गरेको विद्यालय व्यबस्थापन समिति गठन सम्बन्धी कागजातमा समावेश मिति २०७० जेष्ठ २६ गतेको सो विद्यालय व्यबस्थापन समिति गठनको लागि भएको भेलाको उपस्थिति सहितको निर्णयको प्रतिलिपि ।

३. जनता उच्च मा.वि.मा २०७० साल जेष्ठ २६ गते विद्यालय व्यबस्थापन समितिको गठन गर्न त्यस कार्यालयबाट को प्रतिनिधि खटिनु भएको थियो ? सो दिन गठन भएको समतिको बैधानिकता सम्बन्धमा त्यस कार्यालयले छानविन गरेको भए सो को प्रतिवेदनको प्रतिलिपि ।

४. मैले मिति २०७० श्रावण १३ गते त्यस कार्यालयका सूचना अधिकारीसमक्ष सूचना पाँउ भनी दिएको निवेदन मिति २०७० श्रावण २० गते दर्ता नं. १३५ मा दर्ता भएकोमा सो उपर कार्यालयबाट के कारवाही भयो ? मैले अहिलेसम्म पनि किन सूचना प्राप्त सकेको छैन ? भन्ने विवरणको प्रतिलिपि ।

५. त्यस कार्यालयलाईसंग सम्बन्धित विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०७० मंसिर ११ गते च. नं. ६२०५ मार्फत् प्रेषित पत्र त्यस कार्यालयमा कहिले प्राप्त भई दर्ता भएको छ ? र सो पत्रबारे त्यस कार्यालयले के कारवाही गर्‍यो ? सो सम्बन्धी जानकारीको प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल जेठ २ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६२४/२०७२/०७३**

**निर्णय नं. ८२९**

जिल्ला धनुषा, गा.वि.स. हंसपुर कठपुल्ला–९ बस्ने राजन कुमार सिंह ........................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला कृषि विकास कार्यालय, धुनषा...............................................१ प्रत्यर्थी
सूचना अधिकारी, जिल्ला कृषि विकास कार्यालय, धुनषा.....................................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला धनुषा, गा.वि.स. हंसपुर कठपुल्ला–९ बस्ने राजन कुमार सिंहले जिल्ला कृषि विकास कार्यालय, धुनषा समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।१२।२१ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला कृषि विकास कार्यालय, धुनषाका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. आ.व. २०७१।०७२ मा त्यस कार्यालयबाट के कति विऊ विजन वितरण गरियो, विऊ विजन प्राप्त गर्ने किसानहरुको विवरण ।

२. सार्वजनिक खरिद ऐन, २०६३ अन्तर्गत रहेर यस कार्यालयले गत आ.व. २०७१।०७२ मा खरिद गरेको मसलन्द सामाग्रीहरुको विल भर्पाई सहितको विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७३ साल जेठ २ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६३४/२०७२/०७३**

**निर्णय नं. ८३०**

जिल्ला सप्तरी, हरिहरपुर ९ बस्ने हर्ष नारायण चौधरी............................................१ पुनरावेदक

**विरूद्ध**

श्री कार्यालय प्रमुख, श्री जनता निम्न मा.वि., हरिहरपुर ८, सप्तरी....................................१ विपक्षी
श्री सूचना अधिकारी, श्री जनता निम्न मा.वि., हरिहरपुर ८, सप्तरी ..................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला सप्तरी, हरिहरपुर ९ बस्ने हर्ष नारायण चौधरीले श्री जनता निम्न मा.वि., हरिहरपुर ८, सप्तरी समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।१।२ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी श्री जनता निम्न मा.वि., हरिहरपुर ८, सप्तरीका कार्यालय प्रमुख र सूचना अधिकारीसमेतको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. त्यस श्री जनता निम्न माध्यामिक विद्यालयको आर्थिक वर्ष २०६८।६९, २०६९।०७०, २०७०।०७१ र २०७१।०७२ को आय/व्यय विवरण ।

२. त्यस श्री जनता निम्न माध्यामिक विद्यालयको आर्थिक वर्ष २०७०।७१ को प्रगति विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना)<br>सूचना आयुक्त | (किरणकुमार पोखरेल)<br>सूचना आयुक्त | (कृष्णहरि बाँस्कोटा)<br>प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल जेठ २ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६२९/२०७२/०७३**
**निर्णय नं. ८३१**

जिल्ला रौतहट, पचरुखी गा.वि.स. व.नं.८ बस्ने शैलेन्द्र झा.......................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, गाँउ विकास समितिको कार्यालय, पिपरिया (परोहा)रौतहट.......................१ विपक्षी

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला रौतहट, पचरुखी गा.वि.स. व.नं.८ बस्ने शैलेन्द्र झाले गाँउ विकास समितिको कार्यालय, पिपरिया (परोहा)रौतहट समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।१२।३० मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिँदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी गाँउ विकास समितिको कार्यालय, पिपरिया (परोहा) रौतहट, गाविस सचिव एवं कार्यालय प्रमुखको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

क) आ.व. २०७०/०७१ र २०७१/०७२ विकास बजेट कुन कुन शिर्षकमा खर्च भएको छ, योजनाको नाम र कुल खर्च विवरणको ।

ख) गा.वि.स. पिपरिया (परोहा)को आ.व. २०७०/०७१ र २०७१/०७२ मा प्रशासनिक खर्च कति भयो, कुन कुन शीर्षकमा कति खर्च भएको हो, सो को विवरण ।

ग) गा.वि.स. पिपरिया (परोहा) को आ.व. २०७०/०७१ म सुनौलो हजार दिन कार्यक्रममा कति बजेट कुन कुन शीर्षकमा भएको छ, सो को विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल जेठ २ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

## मु.नं. ६२८/२०७२/०७३
## निर्णय नं. ८४६

जिल्ला मोरङ्ग, विराटनगर-१५ बस्ने पंचम देवी राजवंशी............................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, श्रम कार्यालय, कोशी अञ्चल, विराटनगर............................................१ विपक्षी

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला मोरङ्ग, विराटनगर-१५ बस्ने पंचम देवी राजवंशीले श्रम कार्यालय, कोशी अञ्चल, विराटनगर समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी जिल्ला प्रशासन कार्यालय, मोरङ्ग मार्फत यस आयोग समक्ष मिति २०७२।१२।३० मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिँदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी श्रम कार्यालय, कोशी अञ्चल, विराटनगरका कार्यालय प्रमुखको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. पूनरावेदकले मिति २०७२।०९।०१ मा पेश गरेको निवेदन माथि के कारवाही भयो ? कुन पदाधिकारीसँग सो निवेदन कति दिनसम्म रह्यो ? त्यस कार्यालयको नियम, निर्देशिका, बडापत्र अनुसार कति दिनभित्र उक्त निवेदनमा कारवाही हुनुपर्ने हो ?

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल जेठ ५ गते रोज ४ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६३०/२०७२/०७३**

**निर्णय नं. ८४७**

जिल्ला रौतहट, पचरुखी गा.वि.स. व.नं.८ बस्ने शैलेन्द्र झा.......................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, गाँउ विकास समितिको कार्यालय, रौतहट........................................१ विपक्षी

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला रौतहट, पचरुखी गा.वि.स. व.नं.८ बस्ने शैलेन्द्र झाले गाँउ विकास समितिको कार्यालय, रौतहट समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।१२।३० मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी गाँउ विकास समितिको कार्यालय, रौतहटका गा.वि.स. सचिव एवं कार्यालय प्रमुखको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

क) आ.व. २०७०/०७१ र २०७१/०७२ विकास बजेट कुन कुन शीर्षकमा खर्च भएको हो । योजनाको नाम र कुल खर्चको विवरण ।

ख) आ.व. २०७०/०७१ र २०७१/०७२ मा प्रशासनिक खर्च कति भयो, कुन कुन शीर्षकमा कति खर्च भएको विवरण छ, सो को विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल जेठ ५ गते रोज ४ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ५७८/०७२/०७३**

**निर्णय नं. ८५६**

पर्सा जिल्ला वीरगञ्ज उपमहानगरपालिका वडा नं. १४
स्थायी ठेगाना भएका वर्ष ३१ का विजय कुशवाहा........................................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, प्रेस काउन्सिल नेपाल, काठमाडौं ..................................................१ विपक्षी
सूचना अधिकारी, प्रेस काउन्सिल नेपाल, काठमाडौं ..................................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउन आदेश गरि पाउँ ।**

पर्सा जिल्ला वीरगञ्ज उपमहानगरपालिका वडा नं. १४ स्थायी ठेगाना भएका वर्ष ३१ का विजय कुशवाहाले प्रेस काउन्सिल नेपाल, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।२३ मा पुनरावेदन गरेको ।

यस आयोगको च.नं. ३६६, मिति २०७२।०८।०३ को पत्र मार्फत पुनरावेदनको सम्बन्धमा खुलाई पठाई दिन प्रेस काउन्सिल, नेपाललाई लेखी पठाएको । प्रेस काउन्सिल नेपालको च.नं. ५७३।०७२-०७३, मिति २०७२।०८।२५ को पत्र मार्फत बुँदा नं. १ मा माग भएको उजुरी प्रष्ट नभएको र वितरण संपरीक्षण समिति मार्फत गरिएको आ.व. ०६९।०७० र आ.व. ०७०।०७१ को पत्र पत्रिकाको वर्गिकरण नतिजामा उल्लेख भएका नामावली र वर्गीकरणको विवरण भएको ६६ पृष्ठको कागजपत्र निवेदकलाई बुझाइएको कुरा समेत उल्लेख छ । प्रेस काउन्सिल नेपालमा विविध विषयमा सयौं उजुरीहरु पर्ने तथा देशभरका हजारौं पत्रपत्रिकाको वर्गीकरण हुने हुँदा स्पष्ट रुपमा उल्लेख गरी सूचना माग गरेमा दिन सकिने व्यहोरा उल्लेख गरिएको ।पुनरावेदकले सूचना माग गरेकोमा अधुरो अपुरो सूचना पाएकोले माग गरे बमोजिम सूचना उपलब्ध गराउन आदेश गरिपाऊँ भनी मिति २०७२।०९।३० पुन: निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी प्रेस काउन्सिल नेपाल, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. प्रेस काउन्सिल नेपालमा आ.व. ०६८।०६९ देखि आ.व. ०७१।०७२ को समय अवधिमा परेका उजुरी तथा ती उजुरीहरु उपर भएका कारवाही र निणर्यको विवरण ।

२. प्रेस काउन्सिल नेपालद्वारा वार्षिक रुपमा वितरण संपरीक्षण समिति मार्फत गरिने पत्र-पत्रिका वर्गिकरणको आ.व. ०६९।०७० र आ.व. ०७०।०७१ को सार्वजनिक गरिएको नतिजामा उल्लेख भएका पत्र-पत्रिकाहरुको नामावली, वर्गिकरणमा परेको वर्ग र पत्र-पत्रिका वर्गिकरण मापदण्ड अनुसार ती पत्रिकाहरुले प्राप्त गरेको अङ्कको विवरण ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल जेठ ६ गते रोज ५ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६४६/२०७२/०७३**

**निर्णय नं. ८६२**

जिल्ला महोत्तरी, खयरमारा ६ घर भई हाल काठमाण्डौ ३५ बस्ने राजु ढकाल .................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, सडक डिभिजन कार्यालय नं. २, टेकु, काठमाडौं.................................१ प्रत्यर्थी
सूचना अधिकारी, सडक डिभिजन कार्यालय नं. २, टेकु, काठमाडा.......................... .....१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला महोत्तरी, खयरमारा ६ हाल काठमाण्डौ ३५ बस्ने राजु ढकालले सडक डिभिजन कार्यालय नं. २, टेकु, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।१।३० मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी सडक डिभिजन कार्यालय नं. २, टेकु, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. त्यस डिभिजन कार्यालय अन्तर्गत रातो किताबमा परी कार्य सम्पन्न भै भुक्तानी दिई सकेका १० लाख सम्म बजेट भएका सडक योजनाहरुको विवरण (सडकको नाम, विनियोजित रकम, ठेक्का लिनेको नाम, कार्यसम्पन्न भएको मिति, भुक्तानी दिएको मिति, साइड इन्चार्ज) ।

२. करारमा लिएका कर्मचारीहरुको विवरण (तह, पारिश्रमिक, शुरु मिति) ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७३ साल जेठ ९ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६४४/०७२/०७३**
**निर्णय नं. ८६३**

जिल्ला महोत्तरी, खयरमारा ६ घर भई हाल काठमाण्डौ ३५ बस्ने राजु ढकाल......................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, काठमाडौं महानगरपालिका बागदरबार................................................१ प्रत्यर्थी
सूचना अधिकारी, काठमाडौं महानगरपालिका बागदरबार................................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला महोत्तरी, खयरमारा ६ हाल काठमाण्डौ ३५ बस्ने राजु ढकालले काठमाडौं महानगरपालिका बागदरबार समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।१।३० मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी काठमाडौं महानगरपालिका बागदरबारका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

२०७२ वैशाख पश्चात् हालसम्म क-कसलाई घर निर्माण सम्पन्नको प्रमाणपत्र दिइएको छ सो को राजश्व तिरेको मिति समेतको विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७३ साल जेठ ९ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

**मु.नं. ६४५/२०७२/०७३**

**निर्णय नं. ८६४**

जिल्ला महोत्तरी, खयरमारा ६ घर भई हाल काठमाण्डौ ३५ बस्ने राजु ढकाल..................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, नेपाल नागरिक उड्डयन प्राधिकरण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल........१ प्रत्यर्थी
सूचना अधिकारी, नेपाल नागरिक उड्डयन प्राधिकरण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल.......१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला महोत्तरी, खयरमारा ६ हाल काठमाण्डौ ३५ बस्ने राजु ढकालले नेपाल नागरिक उड्डयन प्राधिकरण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसमक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।१।२१ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी नेपाल नागरिक उड्डयन प्राधिकरण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ। पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू। यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. त्यस कार्यालय अन्तर्गत भन्सारको कार्यालय तर्फ आउने भित्री बाटोमा हाल ट्रस्ट निर्माण भैरहेको सन्दर्भमा उक्त निर्माण कार्य कुन निर्णयको आधारमा भएको हो सो सम्बन्धी निर्णयको प्रतिलिपि ।

२. त्यस कार्यालयले विमानस्थल भित्र हाउसकिपिङ्ग सम्बन्धी कम्पनी वा व्यक्तिसँग सम्झौता गरेका सम्झौताको प्रतिलिपि ।

३. त्यस कार्यालयले विमानस्थल हाता भित्र दैनिक ज्यालादारीको रुपमा काम गर्ने कामदारहरु, करार, अस्थायी वा ज्यालादारी वा ठेक्काद्वारा लगाइएको हो सो निर्णयको प्रतिलिपि ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७३ साल जेठ ९ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग
## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना
## आदेश
**मु.नं. २३८/२०७०/०७१**
**निर्णय नं. ८६५**

धादिङ जिल्ला, खाल्टे गाविस वडा नं. ६, हाल काठमाडौं महानगरपालिका वडा नं. ९, कालिमाटी डोल, एयरपोर्ट वस्ने दिवस अगस्ती ..........................................................................१ पुनरावेदक

**विरूद्ध**

श्री कार्यकारी निर्देशक, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, ववरमहल काठमाण्डौं..................१ विपक्षी
श्री सूचना अधिकारी, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, ववरमहल काठमाण्डौं ......................१

**विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ अन्तर्गत यस आयोग समक्ष पर्न आएको पुनरावेदन र तत् सम्बन्धमा यस आयोगबाट भएको कार्वाहीको संक्षिप्त तथ्य निम्नानुसार छ :

१. सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना उपलब्ध नगराई गैह्र जिम्मेवारीपूर्वक जवाफ दिई उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि दिन इन्कार गर्ने नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्था, बबरमहल, काठमाण्डौंका कार्यकारी निर्देशक एवं सूचना अधिकारी उपर ऐजन ऐनको दफा ३२ बमोजिम कारबाही गरी माग गरिएको बिषयको उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि उपलब्ध गराई पाउँ भनी दिवस अगस्तीले मिति २०७०।१२।१२ मा यस आयोगसमक्ष दिएको पुनरावेदन पत्र ।

२. माथिको प्रकरण नं. (१) बमोजिमको पुनरावेदन प्राप्त भएपछि यस आयोगबाट उजुरीकर्तालि माग गरेको सूचना उजुरीकर्तालाई ७ (सात) दिन भित्र उपलब्ध गराई सोको जानकारी यस आयोगलाई दिनु भनी नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्था, बबरमहल, काठमाण्डौंका कार्यकारी निर्देशक र सूचना अधिकारीको नाममा मिति २०७१।०२।१३ गते आदेश जारी गरिएको ।

३. माथिको प्रकरण नं. (२) बमोजिमको आयोगको आदेश भए पश्चात नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्थाको च. नं. ८४१/०७०/०७१ मिति २०७१।०२।२६ को पत्र मार्फत परीक्षार्थीलाई उत्तरपुस्तिका के कसरी हेर्न दिने र प्रतिलिपि उपलब्ध गराउने भन्ने सम्बन्धमा आवश्यक शर्त सहितको कार्यबिधि मस्यौदाको क्रममा रहेको र परीक्षार्थीले उत्तरपुस्तिका अवलोकन गर्न पाउने सम्बन्धी कार्यबिधि परिषद्बाट पारित भएपछि यथाशिघ्र निजलाई उत्तरपुस्तिका हेर्न र त्यसको प्रतिलिपि उपलब्ध गराउन सकिने भएकाले उल्लेखित कार्यबिधि यथाशिघ्र बनाई पारित गरी आयोगको आदेश बमोजिम गर्ने व्यहोराको पत्र प्राप्त भएको ।

४. माथि प्रकरण नं. (३) बमोजिमको उक्त संस्थाको पत्र प्राप्त भएपश्चात निवेदकले आयोगको आदेश बमोजिम उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि उपलब्ध नगराई गैरजिम्मेवारी पूर्वक जवाफ दिई वेवास्ता गर्ने नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाका पदाधिकारीलाई कारवाही गरी उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि उपलब्ध गराई पाउँ भनी पुन: मिति २०७१।०२।२९ गते यस आयोग समक्ष पुन: उजूरी गरेको ।

५. माथि प्रकरण नं. (४) को निवेदन प्राप्त भए पश्चात यस आयोगको च. नं. ७४ मिति २०७१।०४।०६ को पत्रबाट नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्थाका नाउँमा परीक्षार्थीलाई उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध गराउने कार्यबिधि यथाशिघ्र बनाई कार्यान्वयनमा ल्याई आयोगलाई जानकारी दिन लेखी पठाएको ।

६. माथि प्रकरण नं. (५) बमोजिमको आयोगको आदेश कार्यान्वयन गर्न लेखी पठाएपछि निवेदकले आयोगको आदेश बमोजिम उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि उपलब्ध नगराई गैह्र जिम्मेवारी पूर्वक जवाफ दिई वेवास्ता गर्ने नेपाल चार्टड एकाउण्टेन्ट्स संस्थाका पदाधिकारीलाई कारवाही गरी उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि उपलब्ध गराई पाउँ भनी पुन: मिति २०७१।११।११ मा यस आयोग समक्ष उजूरी गरेको ।

७. माथि प्रकरण नं. (६) बमोजिम नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्थालाई पत्राचार गरिएकोमा आयोगको आदेश कार्यान्वयनका सम्बन्धमा लामो समयसम्म उदासिन रहेको देखिएकाले उक्त संस्थाका कार्यकारी निर्देशकलाई पुनरावेदक दिवस अगस्तीको पुनरावेदनको सम्बन्धमा छलफलकोलागि आयोगमा उपस्थित हुन यस आयोगको च. नं. १३५१ मिति २०७२।०२।२१ को पत्रबाट लेखी पठाएको ।

८. माथि प्रकरण नं. (७) बमोजिम पत्राचार भए पश्चात् यस आयोगका प्रमुख सूचना आयुक्तको कार्यकक्षमा यस आयोगका आयुक्त सहित नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्थाका कार्यकारी निर्देशक सहितका व्यक्तिहरुसँग मिति २०७२।०३।०१ मा

छलफल गरी कति समय भित्र उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि र प्राप्त गरेको अंक परीक्षार्थीले माग गरेको बखत हेर्न पाउने गरी नियम वा कार्यबिधि बनाई माग भएको सूचना उपलब्ध गराउन सकिन्छ, सात (७) दिन भित्र लिखित जवाफ गर्न पत्राचार गर्ने निर्णय भएको ।

९. माथि प्रकरण नं. (८) बमोजिम नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्थालाई पुनरावेदकले माग गरेको सूचना के कति कारणले उपलब्ध गराउन सकिएन, कति समयभित्र परीक्षार्थीले माग गरेको बखत हेर्न मिल्ने गरी नियम वा कार्यबिधि बनाई उपलब्ध गराउन सकिन्छ सो सम्बन्धमा सात (७) दिन भित्र सम्पूर्ण विवरण सहितको लिखित जवाफ पेश गर्न यस आयोगको च. नं. १४५९, मिति २०७२।०३।०७ पत्रबाट पत्राचार भएको । तत् पश्चात पनि उक्त संस्थाबाट कुनै पनि प्रतिक्रिया प्राप्त नभए पछि पुनः यस आयोगको च. नं. १४८, मिति २०७२।०५।३१ को पत्रबाट ताकेतापत्र पठाईएको ।

१०. माथि प्रकरण नं. (९) बमोजिम पत्राचार भए पश्चात पनि उक्त संस्थाको तर्फबाट कुनै प्रतिक्रिया प्राप्त नभएकोले यस आयोगको च. नं. ४८९, मिति २०७२।०८।२७ को पत्रबाट नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्थाका कार्यकारी निर्देशकलाई छलफलकालागि आयोगमा उपस्थित हुन पुनः पत्राचार गरिएको । तत् पश्चात पुनरावेदक दिवस अगस्तीले यस आयोगसमक्ष मिति २०७२।०८।२८ मा पुनः उजूरी गरेको ।

११. माथि प्रकरण नं. (१०) बमोजिम पत्राचार भए पश्चात यस आयोगका प्रमुख सूचना आयुक्तको अध्यक्षतामा आयोगका आयुक्तहरुसहित नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्थाका सह निर्देशक सहितका व्यक्तिहरुसँग मिति २०७२।०९।०५ गते छलफल भएको ।

१२. माथि प्रकरण नं. (११) बमोजिम छलफल भए पश्चात नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्थालाई यस आयोगको च. नं. ४९८, मिति २०७२।०९।०६ को पत्रबाट मिति २०७२।०९।०५ मा छलफल भए अनुसार पुनरावेदकलाई माग अनुसारको सूचना उपलब्ध गराउन र आदेश कार्यान्वयन तर्फ भएका प्रगति विवरण सात (७) दिन भित्र आयोग समक्ष उपलब्ध गराउनु लेखी पठाएको । तत् पश्चात पुनः यस आयोगको च. नं. १०८२, मिति २०७२।१२।०५ को पत्रबाट पुनरावेदकको माग बमोजिम हालसम्म किन सूचना उपलब्ध गराईएन सो सम्बन्धमा अनिवार्यरुपमा यस आयोगमा जानकारी गराउन लेखी पठाएको ।

**आयोगको ठहर**

प्रस्तुत पुनरावेदनको सम्बन्धमा पटक-पटक आदेश, पत्राचार र छलफल भएको छ । नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्थाले कुनै पनि पत्रको माध्यमद्वारा र छलफलमा उत्तरपुस्तिका दिने र प्राप्ताङ्क दिने बिषय इन्कार गरेको छैन । तर लामो समय देखि आयोगको आदेश पालना भएको पनि छैन ।

यसै बीच आयोगको मिति २०७२।०९।०९ को निर्णयानुसार लोक सेवा आयोगलाई प्राप्ताङ्क उपलब्ध गराउन आदेश भई गएकोमा हाल लोक सेवा आयोगको वेव साईट हेर्दा प्राप्ताङ्क हेर्न सकिने प्रणाली लागू भएको पाईन्छ । यसै गरी आयोगको मिति २०७२।०६।२८ को निर्णयानुसार नेपाल बैंक लि.ले लिएको प्रतियोगितात्मक परीक्षाको प्राप्ताङ्क सूचना मागकर्तालाई उपलब्ध गराएको पाईन्छ । यसरी आयोगमा पर्न आएका पुनारावेदनमा सो उपर भएका आदेशको कार्यान्वयन भई रहेको सन्दर्भमा नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्थाका कार्यकारी निर्देशक र सूचना अधिकारीले लामो अबधिसम्म पनि आयोगको आदेश पालना नगरेको देखिंदा निजहरुलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही तर्फ किन आयोग प्रवेश नगर्ने ? यस सम्बन्धमा निजहरुसँग लिखित जवाफ माग गर्ने ।

यस सम्बन्धमा माथि उल्लेखित घटनाक्रम, आदेश, छलफल र माग अनुसारको सूचना दिने प्रतिबद्धता लगायतलाई मनन गरी नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्थाका कार्यकारी निर्देशक र सूचना अधिकारीको नाममा दिवस अगस्तीले माग गरेको उत्तरपुस्तिका / प्राप्ताङ्क सम्बन्धी सूचना दिन यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदन र उजूरीको छायाँप्रति यसैसाथ संलग्न गरी पठाउनु, यसको जानकारी उजूरीकर्तालाई दिनु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना)<br>सूचना आयुक्त | (किरणकुमार पोखरेल)<br>सूचना आयुक्त | (कृष्णहरि बाँस्कोटा)<br>प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७३ साल जेठ १८ गते रोज ३ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बांस्कोटा**
**सूचना आयुक्त किरण कुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. १५७/२०७०/०७१**
**निर्णय नं. ८७२**

जिल्ला रौतहट, मिठुअवा गा.वि.स. वडा नं ३ बस्ने रीता कुमारी साह .......................... १ पुनरावेदक

**विरुद्ध**

शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुर ..................................................................१ प्रत्यर्थी

**विषय:- माग बमोजिमको सूचना उपलव्ध गराउनू ।**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ अन्तर्गत यस आयोग समक्ष पर्न आएको पुनरावेदन र तत्सम्बन्धि यस आयोगबाट भएको कारवाहीको संक्षिप्त तथ्य निम्नानुसार छ ।

१. सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम रौतहट जिल्ला बिज्ञापन नं.१०४१/०६९-७०,समुह खुला एवं विज्ञापन नं. १०४२।०६९।०७० समुह महिला, माध्यामिक तहको रोल नं. ३५१०४०००५० को विज्ञान विषयको उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि एवं उक्त विषयमा मैले प्राप्त गरेको अंकको प्रमाणित प्रतिलिपि पाउं भन्ने रीता कुमारी साहको मिति २०७०।१०।५ को पुनराबेदन ।

२. यस आयोगबाट मिति २०७०।१०।१५ मा माग बमोजिमको सूचना दिनु भनी आदेश/निर्णय गरी शिक्षक सेवा आयोगका सूचना अधिकारीका नाममा लेखी पठाएको ।

३. शिक्षक सेवा आयोगको मिति २०७०।११।८ को पत्रबाट "शिक्षक सेवा आयोगबाट शिक्षक पदमा स्थायी पदपुर्तिका लागि आ.व. २०६९।०७० मा गरिएको खुला प्रतियोगित्मक परीक्षाको बिज्ञापन सूचनाको हकसम्बन्धी ऐन जारी भए पछिको पहिलो बिज्ञापन भएको र सो खुला प्रतियोगितात्मक परीक्षाको उत्तरपुस्तिका परीक्षार्थीलाई उपलव्ध गराउने बिषयको कार्यविधि नबनीसकेको कारण हाल निबेदकले माग गरे बमोजिमको सूचना उपलव्ध गराउन नसकिएको हो । खुला प्रतियोगितात्मक परीक्षासंग सम्बन्धित कुन कुन सूचना के कसरी उपलव्ध गराउन सकिन्छ भन्ने बारेमा सोही प्रकृतिको काम गर्ने लोक सेवा आयोग समेतका अभ्यासहरुलाई अध्ययनगरी कार्यविधि निर्माण गर्ने कार्य भै रहेको र सो कार्यविधि निर्माण भई सकेपछि सोही अनुसार सूचना उपलव्ध गराइनेछ" भनी लेखी आएको ।

४. तत् पश्चात पुन: आयोगबाट मिति २०७०।१२।२६ मा आदेश भै गएको ।

५. यस आयोगबाट मिति २०७२।३।२७ मा आदेश कार्यान्वयनको निमित्त ताकेता गरिएको ।

६. शिक्षक सेवा आयोगको मिति २०७२।४।१८ को पत्रबाट "राष्ट्रिय सूचना आयोगको च.नं. १५४४ र १५४५ मिति २०७२।३।२७ को आदेश कार्यान्वयन सम्बन्धमा जिल्ला रौतहट मिठुअवा गा.वि.स. वडा नं ३ बस्ने रीताकुमारी साह र ऐ जिल्ला समनपुर गा.वि.स. वडा नं. १ बस्ने चन्द्रमोहन ठाकुर समेतले माग गरेको विज्ञान विषयको उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि दिनु भनी आदेश भएकोमा प्रचलित शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ तथा शिक्षक सेवा आयोग कार्यविधि, २०५९ मा उम्मेदवारले प्राप्त गरेको अंकको प्रमाणित प्रतिलिपि र उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि दिने सम्बन्धी कानुनी व्यबस्था नभएको कारणले गर्दा त्यस आयोगबाट दिईएको आदेश कार्यान्वयन गर्न कठिनाई भएको व्यहोरा राष्ट्रिय सूचना आयोगमा लेखी पठाउने" भन्ने निर्णय प्राप्त भएको ।

७. मिति २०७२ साल पुष ५ गते शिक्षक सेवा आयोगका प्रशासकिय प्रमुख लगायतसँग आयोगमा छलफल भएको ।

८. छलफल पश्चात आयोगबाट मिति २०७२।०९।०६ को पत्रबाट पुनरावेदक रीता कुमारी साहको माग बमोजिम सूचना उपलब्ध गराउनु तथा यस सम्बन्धमा आयोगबाट भएको आदेश कार्यान्वयन तर्फ भएका गतिविधि प्रष्ट हुने गरी ७(सात) दिन भित्र प्रगति विवरण यस आयोगमा पठाउनु भन्ने पत्र प्रेषित गरेको ।

९. शिक्षक सेवा आयोगको मिति २०७२।०९।२१ को पत्रबाट निम्न व्यहोरा लेखी आएको :

क) प्रचलित शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९, शिक्षक सेवा आयोग नियमावली, २०५७ र शिक्षक सेवा आयोग कार्यविधि, २०५९ मा कुनै पनि उम्मेदरवारले प्राप्त गरेको अंकको प्रमाणित प्रतिलिपि र उत्तरपुस्तिकाको प्रमाणित प्रतिलपि दिने कानुनी व्यबस्था नभएको कारणले गर्दा त्यस आयोगबाट दिएको आदेश कार्यान्वयन गर्न कठिनाई भएको भनी यस आयोगबाट २०७२।०४।१८ मा भएको निर्णय त्यहाँ प्रेषित गरिसकिएको छ ।

ख) तहाँ आयोगको मिति २०७२।०८।२७ को पत्रानुसार २०७२।९।५ मा छलफलको लागि त्यहाँ उपस्थित हुन यस आयोगका कार्यालय प्रमुखलाई आदेश गरिएकोमा उक्त दिन प्रशासकिय प्रमुख लक्ष्मीराम पौडेललाई पठाईएको थियो । छलफलका क्रममा प्रशासकिय प्रमुखबाट यस आयोगको कार्यविधि र लिखित परीक्षाको नतिजामा चित्त नबुझ्नेले पुर्नयोग गर्न सक्ने व्यबस्था र सो कार्यान्वयन बारे जानकारी गराईएको थियो ।

ग) लिखित परीक्षाको कपी पुर्नयोग गर्ने सम्बन्धमा निम्न व्यवस्था गरेको छ :

- लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा नतिजामा चित्त नबुझ्नेले ७ या १५ दिनभित्र निवेदन दिनु पर्ने ।
- पुर्नयोगका लागि परेका निवेदनहरुको छानविन र कारवाही गर्न सम्बन्धित विषयको विशेषज्ञ सहित ३ सदस्यीय विज्ञ टोली गठन गरिने ।
- उक्त टोलीले कपी पुरै परीक्षण भए नभएको, अंक दिए नदिएको, अंक चढाएको नचढाएको, जोडफल मिले नमिलेको आदि हेर्ने गरेको, कुनै कपी पुरा वा आंशिक रुपमा परीक्षण गर्न छुट भएको भए विषय विज्ञबाट परीक्षण गराउने व्यबस्था भएको ।
- तीन जना विज्ञ रहेको उक्त समूहबाट पुर्नयोग गराई अन्तर्वार्ता भन्दा अगाडि नै नतिजा प्रकाशन गर्ने गरिएको ।
- आ.व. २०७१।७२ को मा.वि. र नि.मा.वि.को विज्ञापनमा २३७ जना उम्मेदवारले पुर्नयोगका लागि निवेदन दिएकोमा नि.मा.वि. तहको विज्ञान विषयमा १ जनाको मात्र नतिजा परिवर्तन भएको र बाँकी यथावत रहेको व्यहोरा समेत अनुरोध छ ।

(घ) शिक्षक सेवा आयोगको नियमावली, २०५७ को (नवौं संशोधन) नियम ४ खण्ड ग(१) अनुसार उजुरी परेको अवस्थामा बाहेक नतिजा प्रकाशन भएको १ वर्ष पछि परीक्षा सम्बन्धी कागजात धुल्याउने व्यबस्था भएकोले २०७२ श्रावणमा १ वर्ष पुगेको कागजात नियमानुसार धुल्याई सकेको ।

(ङ) शिक्षक सेवा आयोग नियमावली २०५७ (संशोधन सहित) को नियम ४४ मा "आयोगले लिने परीक्षासँग सम्बन्धित सबै प्रकारका अभिलेखहरु गोप्य रहने छन् भन्ने उल्लेख भएको" ।

(च) प्रतिस्पर्धात्मक परीक्षाको सम्बेदनशीलता, गोपनीयता र मर्यादालाई कायम राख्दै सरोकारवालालाई निजले मागेको सूचना कुन हदसम्म कसरी उपलब्ध गराउनु उपयुक्त हुन्छ भन्ने सम्बन्धमा आयोगमा छलफल चलिरहेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**आयोगको ठहर/निर्णय :**

उपरोक्त बमोजिम तथ्यहरु भएको प्रस्तुत विवरणमा निम्न प्रश्नहरु निरुपण हुनुपर्ने देखिन्छ :–

(क) प्रतियोगितात्मक परीक्षाको उत्तरपुस्तिका परीक्षार्थीहरुलाई उपलब्ध गराउने विषयको कार्यविधि नबनिसकेको, यसै प्रकृतिको काम गर्ने लोक सेवा आयोग समेतका अभ्यासहरुलाई अध्ययन गरी कार्यविधि निर्माण भैरहेकोले सो कार्यविधि निर्माण भैसकेपछि सोही अनुसार सूचना उपलब्ध गराईनेछ भन्ने शिक्षा सेवा आयोगको भनाईलाई कसरी बुझ्ने ?

(ख) प्रचलित शिक्षा ऐन लगायतका शिक्षा क्षेत्रका कानूनमा उम्मेदवारले प्राप्त गरेको अकंको प्रमाणित प्रतिलिपि र उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि दिने सम्बन्धी कानूनी व्यवस्था नभएको भन्ने शिक्षा सेवा आयोगको भनाई सत्यतामा आधारित भए नभएको ?

(ग) पुर्नयोगको व्यबस्था भएको र प्रस्तुत सर्न्दभमा २३७ जनाको पुर्नयोग गर्दा एक जनाको मात्रै नतिजा परिवर्तन भएको यो प्रणाली नै उम्मेदवारका लागि पूर्णत: विश्वसनीय छ भन्ने मनसाय झल्किने शिक्षा सेवा आयोगको तर्कलाई कसरी स्वीकार गर्ने ?

(घ) यस सम्बन्धी परीक्षाका कागजात धुल्याई सकिएको भन्ने भनाईलाई प्रस्तुत केशमा कसरी लिने?

(ङ) परीक्षासँग सम्बन्धित सबै कागजात गोप्य रहन्छन्, तथापी कुन हदसम्म कसरी माँग अनुसारको सूचना उपलब्ध गराउन सकिन्छ भन्ने विषय शिक्षक सेवा आयोगमा छलफल चलिरहेको छ भन्ने भनाईमा कुन हदसम्म विश्वशत हुन सकिन्छ ?

माथि प्रकरण (क) मा परीक्षाको उत्तरपुस्तिका परीक्षार्थीलाई उपलब्ध गराउने विषयमा कार्यविधि नबनीसकेको र सो कार्यविधि निर्माण भैसकेपछि सोही अनुसार सूचना उपलब्ध गराईने कुरा शिक्षा सेवा आयोगको मिति २०७०।११।८ को पत्रमा उल्लेख भएको छ । हाल २०७३ साल व्यथित भैसकेको छ । तर शिक्षा सेवा आयोगले आफ्नो प्रतिवद्धता अनुसार यस्तो कार्यविधि निर्माण थालनी गरेको, यति काम सम्पन्न भयो, अब यस अवधि भित्र भनिए अनुसारको कार्यविधि निर्माण भैसक्छ भनी भरपर्दो र विश्वसनीय आधार यस आयोगमा पठाउन सकेको स्थिति छैन । यसबाट गोप्य कार्य संस्कृतिमा हुर्किएको अपारदर्शीय कार्य स्वभाव भित्र रुमलिएको शिक्षक सेवा आयोगले केवल अल्झाउने उद्देश्यले जवाफ पठाउने प्रयोजनका लागि कार्यविधि निर्माण गरिने कुरा गरे झैं शंका गर्नुपर्ने स्थिति सिर्जना भएको छ । साथै सो विषयमा यस्तै प्रकृतिको कार्य गर्ने लोक सेवा आयोगको कार्य प्रणालीलाई अनुशरण गर्ने आशय पनि व्यक्त भएको सन्दर्भमा यस आयोगबाट मिति २०७२ पुष ९ गते लोक सेवा आयोगको नाममा परीक्षार्थीको प्राप्ताङ्क उपलब्ध गराउन जारी भएको आदेश उक्त शिक्षक सेवा आयोगको हकमा पनि आकर्षित हुने देखिन्छ । हाल लोक सेवा आयोगले प्राप्ताङ्क उपलब्ध गराउने प्रणाली थालनी गरेको कुरा तहाँको वेबसाईटको अध्ययन/अवलोकन गर्दा प्रष्ट हुन्छ । यसैगरी यस आयोगले मिति २०७२ असोज २८ गते नेपाल बैंक लिमिटडको नाममा जारी गरेको आदेशमा प्रतियोगी परीक्षार्थीले माग गरे अनुसार प्राप्ताङ्क समेतको सूचना उपलब्ध गराउनु भन्ने आदेश अनुसार उक्त बैंकले प्राप्ताङ्क उपलब्ध गराएको छ । यी सबै तथ्याङ्कको विश्लेषण र विवेचना गर्दा शिक्षक सेवा आयोगले सञ्चालन गरेको परीक्षामा सम्मिलित परीक्षार्थीले माग गरेका सूचना दिनु नपर्ने कुनै कारण र आधार नदेखिदाँ माग अनुसारको सूचना दिनु भन्ने आदेश नै जारी गर्नुपर्ने स्थिति प्रष्ट हुन आउँछ ।

माथि प्रकरण (ख) मा शिक्षा ऐन लगायत शिक्षा सेवासँग सम्बधित ऐनमा उम्मेदवारले प्राप्त गरेको अंक दिने कानूनी व्यबस्था नभएकोले उपलब्ध गराउन कठिनाई पर्‍यो भन्ने शिक्षक सेवा आयोगको कथनी तर्फ विश्लेषण गर्दा शिक्षा सेवा ऐन, २०२८ विशुद्ध विद्यालयहरुको व्यवस्थापन सुधार र गुणस्तरीय शिक्षा विकासका लागि निर्मित ऐन भएकोले यस्मा शिक्षक सेवा आयोगले सञ्चालन गर्ने परीक्षाको कुनै सरोकार नरहेको स्थिति छ । जहाँसम्म शिक्षा नियमावली, २०५९ को प्रसंग छ, यो नियमावली शिक्षा ऐनको भावना कार्यान्वयन गर्न जारी भएकोले यसमा शिक्षक सेवा आयोगले सञ्चालन गर्ने परीक्षाका बारेमा कुनै पनि कुरा उल्लेखित छैन । यसरी शिक्षक सेवा आयोगले निवेदकले माग गरेको सूचना दिन शिक्षा ऐन र नियमावलीमा कुनै व्यबस्था छैन भनी अनावश्यक प्रसंग उल्लेख गरेको प्रष्ट हुन्छ । शिक्षक सेवा आयोगले सञ्चालन गर्ने परीक्षाका सम्बन्धमा केवल शिक्षक सेवा आयोग नियमावली, २०५७ मा मात्रै उल्लेख गरिएको छ । उक्त नियमावलीको परिच्छेद–१ प्रारम्भिक, परिच्छेद–२ आयोगको बैठक तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यबस्था, परिच्छेद–३ अध्ययन अनुमति पत्र तथा शिक्षक नियुक्तिको सिफारिश सम्बन्धी व्यबस्था, परिच्छेद–४ बढुवा सम्बन्धी व्यबस्था, परिच्छेद–५ आर्थिक कार्यविधि सम्बन्धी र परिच्छेद–६ विविधसँग सम्बन्धित छ । यसरी नियमावलीको अध्ययन गर्दा परिच्छेद–३ अध्ययन अनुमतिपत्र तथा शिक्षक नियुक्तिको सिफारिश सम्बन्धी व्यबस्था, तहाँ शिक्षक सेवा आयोगले सञ्चालन गर्ने परीक्षा सम्बन्धी विषय उल्लेखित छ, सो हेर्नुपर्ने हुन आउछ । उक्त परिच्छेदमा अध्ययन अनुमति पत्र सम्बन्धी व्यबस्था, बहालवाला शिक्षकलाई दिइने अध्यापन अनुमतिपत्र सम्बन्धी व्यबस्था, अध्यापन अनुमति पत्र सम्बन्धी विशेष व्यबस्था, अध्ययन अनुमति पत्र लिनको लागि उम्मेदवार हुन नसक्ने, अध्यापन अनुमति पत्र लिएको मानिने, दुर्गम क्षेत्रका विद्यालयमा पठनपाठन गर्न अस्थायी अध्यापन अनुमति पत्र दिन सक्ने, पदपूर्तिको माध्यम, विवरण उपलब्ध गराउनु पर्ने, योग्यता तथा तालिम सम्बन्धी व्यबस्था, उम्मेदवारको लागि अयोग्यता, पाठ्यक्रम, परीक्षा प्रणाली तथा मूल्याँकन प्रक्रिया, शिक्षक सेवालाई समावेशी बनाउनु पर्ने, पद संख्या निर्धारण गर्ने, प्रतियोगिताको लागि विज्ञापन गर्नुपर्ने, दरखास्त बुझाउन पर्ने, समावेशी पदमा दरखास्त बुझाउने आधार, दरखास्तको छानविन प्रवेश पत्र आदि सम्बन्धी व्यबस्था, स्वीकृत नामावलीको सूची टाँस गर्नु पर्ने, परीक्षा हुने मिति, समय र केन्द्र, परीक्षास्तर, परीक्षाको पूर्णाङ्ग र उत्तीर्णाङ्ग, प्रयोगात्मक परीक्षा, सफल उम्मेदवारको सूची प्रकाशन गरिने, अन्तर्वार्ता सम्बन्धी व्यबस्था, अन्तर्वार्ताको अकं, छुट अन्तर्वार्ता लिन सक्ने, योग्यताक्रम प्रकाशित गर्ने, बैकल्पिक उम्मेदरवारलाई नियुक्ति गर्न सक्ने र दरखास्त रद्द वा सिफारिश बदर हुन सक्ने कार्य व्यबस्था मात्रै उल्लेख भएको देखिन्छ । यस परिच्छेदमा कहि कतै पनि शिक्षक सेवा आयोगले भन्न खोज झैं परीक्षा सम्बन्धी काम कारवाही गोप्य हुन्छ वा परीक्षा सम्बन्धी सूचना सार्वजनिक गर्नु हुदैन भन्ने कानूनी व्यबस्था गरिएको छैन । बरु यस परिच्छेदका कानूनहरु अध्ययन

गर्दा परीक्षाको निष्पक्षता, स्वच्छता र पवित्रता कायम गर्न पारदर्शिता अवलम्बन गर्नु पर्ने भाव झल्किन्छ । लोक सेवा आयोग ऐन, २०६६ को दफा ४५ को उपदफा (१) मा आयोगको परीक्षासँग सम्बधित लिखत र कागजात गोप्य रहने व्यवस्था रहेकोमा समेत यस आयोगबाट सर्वोच्च अदालतको मिति २०६८।२।४ का रिट ०६६–wo-०७२२ को मुद्दामा परमादेश जारी भै त्रिभुवन विश्व विद्यालय ऐनमा परीक्षा सम्बन्धी कार्य गोप्य रहने व्यबस्था भएपनि सूचना मागकर्ता सूचनाको हकसम्बन्धी ऐन बमोजिम सूचना माग गर्न आएकोले उत्तरपुस्तिका दिनु भन्ने भए अनुसार हाल विश्वविद्यालयको परीक्षाको उत्तरपुस्तिका सबैले पाउने अवस्था रहेको नजिर प्रस्तुत भैसकेको छ । यसैगरी नेपाल बैंक लिमिटेडको हकमा पनि उक्त बैंकले प्राप्ताङ्क दिने आफ्नो विनियममा कुनै व्यबस्था नभएको भनी जिकिर लिएको र यस आयोगको आदेशबाट प्राप्ताङ्क दिइएको अवस्था छ । यस स्थितिमा शिक्षक सेवा आयोग नियमावलीले माग अनुसारको सूचना दिन प्रत्यक्ष र अप्रत्यक्ष रुपमा निषेध नगरेको, नेपालको संविधानमा सूचना माग्ने र पाउने नागरिकको मौलिक हक भएको, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ ले ५ प्रकारका सूचना प्रवाहमा रोक लगाएकोमा प्रस्तुत केशमा माग भएको सूचना सो भित्र नपरेको देखिँदा मागकर्ताले माग गरेको सूचना नपाउने र दिनु नपर्ने कुनै कारण र आधार देखिँदैन ।

माथि प्रकारण (ग) मा पुर्नयोगको व्यबस्था भएकोले परीक्षार्थीले उत्तरपुस्तिका वा प्राप्ताङ्क किन माग गरिरहनु पर्‍यो भन्ने जस्तो शिक्षक सेवा आयोगको तर्क तर्फ विश्लेषण गर्दा मुलुकको मूल कानून हेर्नु पर्ने हुन्छ । मुलुकको मूल कानूनका रुपमा रहेको संविधानले नागरिकलाई सार्वभौमसत्ता सम्पन्न मुलुकको मालिकका रुपमा स्वीकार गरेको छ । त्यस नागरिकलाई प्रष्ट भाषामा आफूलाई सरोकार परेको र सार्वजनिक सरोकारको सूचना माग्ने र पाउने हक प्रदान गरेको छ । यसरी नागरिकले संविधानद्धारा प्राप्त गरेको हकलाई अन्य सामान्य कुरा देखाई प्रभाव पार्न खोज्नु दुर्भाग्यपूर्ण देखिन्छ । यस्तो तर्क कुनै पनि बखत ग्राह्य हुन सक्दैन । साथै स्वंय शिक्षक सेवा आयोगकै कथनमा पनि पुर्नयोग गर्दा परीक्षण भएको उत्तरपुस्तिका त्रुटि फेला परको स्वीकार गरिएको छ । यस्तो स्थितिमा सूचना मागकर्ताको मौलिक हकका अगाडि अन्य प्रशासनिक प्रवन्धको खासै मूल्य नहुने कुरा स्वत: सिद्ध छ ।

माथि प्रकरण (घ) मा प्रस्तुत परीक्षा सम्बन्धी कागजात धुलाई सकेको छ भन्ने विषयलाई विश्लेषण गर्दा शिक्षक सेवा आयोगले शुरुमा उत्तरपुस्तिका दिने कार्यविधि निर्माण हुदैंछ भन्ने प्रसंगसँग भिडाएर हेर्दा पछिल्लो मितिको जवाफ कागजात धुलाई सके भन्नु सरासर गैर जिम्मेवार पूर्ण हो । आफ्नो संस्थाको प्रतिष्ठा र गरिमाको ख्याल गर्ने शिक्षक सेवा आयोगले अर्को स्वतन्त्र आयोगबाट लेखीपढी भैरहेको विषयको प्रमाण नै नष्ट गरे भन्नु र निर्णय गर्नु त्रुटिपूर्ण कार्य देखिन्छ । भविष्यमा यस्तो लापरवाहीपूर्ण कार्य नगर्न नगराउन शिक्षक सेवा आयोगको नाममा ध्यानाकर्षण गराउनुको विकल्प छैन । यदि उत्तरपुस्तिका धुलाई नै सकिएको भए यस आयोगबाट उत्तरपुस्तिका दिनु भन्ने आदेश जारी गर्नुको औचित्य रहेन । यस स्थितिमा अभिलेखबाट प्राप्ताङ्क दिनु भन्ने आदेश जारी गर्नु पर्ने परिस्थिति उत्पन्न भएको छ ।

माथि प्रकरण (ङ) मा शिक्षक सेवा आयोगले परीक्षा सम्बन्धी कामको पारदर्शिताका लागि छलफल गरिरहेको छ भन्ने विषयमा विश्लेषण गर्दा अब मागअनुसारको सूचना दिने तर्फ केन्द्रीत हुनुको विकल्प देखिदैन । लोक सेवा आयोग विरुद्धको पुनरावेदनमा यस आयोगबाट लोक सेवा आयोग सार्वजनिक निकाय भएको र परीक्षा लिनु, परीक्षाफल प्रकाशित गर्नु र योग्य कर्मचारी (उम्मेदवार) को सिफारिश गर्नु उक्त आयोगको नियमित र मुख्य दायित्व हो । बिना प्राप्ताङ्क परीक्षाफल प्रकाशित गर्दा परीक्षामा सहभागीहरु महत्वपूर्ण सूचनाबाट बञ्चित हुने ह‘‘दा यस्ता सूचना आफैले प्रकाशित गर्नु लोक सेवा आयोगको दायित्व भित्र पर्छ भनी सत्य र तथ्यको विवेचना भैसकेको छ । यही विवेचना शिक्षक सेवा आयोगका हकमा पनि हुवहु लागू हुन आउ‘छ ।

अत: माथि गरिएका विश्लेषण र विवेचनाका आधारमा सूचना मागकर्ताको माग अनुसार उत्तरपुस्तिका उपलब्ध गराउनु पर्ने नै देखिन्छ । यदि माग गरिएको उत्तरपुस्तिका धुलाई सकिएको भए भविष्यमा कुनै पनि आयोग लगायतमा विचाराधिन विषयको प्रमाण नष्ट नगर्न, तिनलाई संरक्षण गरी राख्ने प्रवन्ध मिलाउन शिक्षक सेवा आयोगलाई ध्यानाकर्षण गराउँदै अभिलेखबाट प्राप्ताङ्क दिनु पर्ने हुन्छ । यस सम्बन्धी आदेश यस पूर्व यस आदेशबाट शिक्षक सेवा आयोगका सूचना अधिकारीको नाममा जारी हुँदै आएकोमा मिसिलसाथ संलग्न कागजातका आधारमा स्वयं शिक्षक सेवा आयोग नै यस विषयमा अग्रसर भै आयोगको बैठक बसी यस आयोगको आदेश कार्यान्वयन गर्न कठिनाई भएको व्यहोरा सहित प्रस्तुत भएकोले अब शिक्षक सेवा आयोगकै नाममा आदेश जारी गर्नु पर्ने देखिन्छ । यसबाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले सार्वजनिक निकाय र त्यसको जिम्मेवार पदाधिकारीलाई सुम्पिएको दायित्वको भार स्वंय शिक्षक सेवा आयोगमाथि सरेको प्रष्ट हुन्छ ।

यसर्थ शिक्षक सेवा आयोगका नाममा निवेदकको माग अनुसार उत्तरपुस्तिका/प्राप्ताङ्क उपलब्ध गराउन सूचनाको हकसम्बन्धी ऐन, २०६४ का अधिनमा रही यो आदेश जारी गरिएको छ । यो बमोजिम गर्न गराउन यो आदेश शिक्षक सेवा आयोगमा पठाउने र निवेदकलाई सो को जानकारी गराउने ।

**आयोगको ठहर र निर्णय**

प्रस्तुत विषयमा शिक्षक सेवा आयोगको मिति २०७०।११।०८ को पत्रबाट खुला प्रतियोगितात्मक परिक्षाको उत्तरपुस्तिका परिक्षार्थीलाई उपलब्ध गराउने विषयमा कार्यविधि नबनिसकेको परिक्षा सँग सम्बन्धित सूचना के कसरी उपलब्ध गराउन सकिन्छ भन्ने कार्यविधि निर्माण गर्ने कार्य भईरहेको भन्ने पत्र प्रेषित गरेको तथा शिक्षक सेवा नियमावली २०५७ को (नवौं संशोधन) नियमा ४ खण्ड ग१ अनुसार उजुरी परको अवस्थामा बाहेक नतिजा प्रकाशन भएको १ वर्ष पछि परिक्षा सम्बन्धी कागजात नियमानुसार धुल्याई सकेको भन्ने शिक्षक सेवा आयोगको जवाफ प्रति यस आयोगको गम्भिर ध्यानाकर्षण भएको छ ।

प्रस्तुत विषयमा संक्षिप्त रुपमा विलेश्षण गर्दा पुनरावेदक रिता कुमार साहले ताहाँ आयोगका सूच्ना अधिकारी समक्ष मिति २०७०।८।१९ मा प्रकाशित भएको परिक्षफलको उत्तरपुस्तिका पाउँ भनी मिति २०७०।९।१२ मा नै निवेदन दिई सकेको देखिन्छ ।

यसरी २ वर्ष भन्दा बढी समय व्यथित भईसकेको र यसरी लामो समय सम्म पनि खाली कार्यविधि नबनेको भनी आलटाल गरी नागरिकलाई माग बमोजिम सूचना उपलब्ध नगराउनु भनेको नागरिकलाई संविधान प्रदत्त मौलिक हकलाई कुण्ठित गर्ने नियत प्रष्ट देखिन्छ । उक्त तर्क सँग यस आयोग सहमत हुन सकेन ।

साथै पुनरावेदकले आयोगको नियमानुसार नतिजा प्रकाशन भएको १ वर्षनपुग्दै उजुरी गरेको अवस्था हुदाहुदै २०७२ श्रावणमा १ वर्ष पुगेको भनी उक्त परिक्षा सम्बन्धी कागजात धुल्याईसकेको भन्ने जवाफ प्रति यस आयोगको गम्भिर ध्यानाकर्षण भएको छ र उक्त जवलाफ प्रति यस आयोग कुनै हालतमा पनि सहमत हुन सकिन्न ।

उत्तरपुस्तिका व्यक्तिलाई उपलब्ध गराउने सम्वन्धमा त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रार एवं त्रि.वि. केन्द्रीय परीक्षा संचालक समितिका अध्यक्ष प्रा.डा. भीमराज अधिकारी निवेदक र राष्ट्रिय सूचना आयोग तथा वोहरा गा.वि.स. वडा नं. ९ वाग्लुङ्ग घर भै हाल त्रि.वि.शंकरदेव क्याम्पस पुतलीसडकमा वि.वि.एस. तेस्रो वर्षमा अध्ययनरत शंकर पौडेल (रजिष्ट्रशन नं. ७-१-३७१-११-२००५) विपक्षी भएको उत्प्रेषणयुक्त प्रतिषेध समेत विषय भएको रिट नं. ०६६-wo-०७२२ को मिति २०६८।२।४ गतेको सम्मानित श्री सर्वोच्च अदालतको बमोजिम परमादेश जारी भइसकेको छ ।

नागरिकको सूचना माग्ने र पाउने संबैधानिक हकको प्रचलन गराउन यस आयोग दृढ छ । सूचनाको हकसम्बन्धी ऐन २०६४ बमोजिम सार्वजनिक निकायमा रहेको सूचनामा नागरिकको पहुंच सुनिश्चित गरिएको सन्दर्भमा पुनराबेदकको माग बमेजिमको उत्तरपुस्तिका दिनु भनी पुन यो आदेश जारी गरिएको छ । यो आदेश कार्यान्वयन नभएमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम सजाय समेत गर्ने तर्फ आयोग प्रवेश गर्नुपर्ने देखिदाँ ७ (सात) दिन भित्र पुनरावेदकलाई सूचना दिई यस आयोगलाई जानकारी दिनु भनी शिक्षक सेवा आयोगका नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनु यसको जानकारी पुनरावेदकलाई दिनु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल जेठ १८ गते ३ रोज शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६२५/२०७२/०७३**

**निर्णय नं. ८७३**

महोत्तरी जिल्ला, खयरमारा ६ घर भै हाल काठमाण्डौं-३५ बस्ने राजु ढकाल .....................१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख, काठमाण्डौं भक्तपुर सडक आयोजना, थापाथली, काठमाण्डौं .....................१ विपक्षी
सूचना अधिकारी, काठमाण्डौं भक्तपुर सडक आयोजना थापाथली काठमाण्डौं .....................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

महोत्तरी जिल्ला, खयरमारा ६ घर भै हाल काठमाण्डौं-३५ बस्ने राजु ढकालले काठमाण्डौं भक्तपुर सडक आयोजना थापाथली काठमाण्डौ समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।१२।१९ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी काठमाण्डौं भक्तपुर सडक आयोजना थापाथली काठमाण्डौका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. काठमाण्डौ सडक आयोजना अन्तर्गत पर्ने कोटेश्वर–सूर्यविनायक खण्डमा रहेको आकाशेपुलमा विज्ञापन बोर्ड राख्न दिँदाको निर्णयको प्रमाणित प्रतिलिपि ।
२. के कति शुल्कमा उक्त बोर्डहरु राख्न दिएको हो ? उक्त बोर्ड राख्नको लागि टेन्डर भएको थियो वा थिएन ? सो को विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल २३ जेठ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६५१/२०७२/०७३**
**निर्णय नं. ८७४**

फ्रिडम फोरम, थापाथली, काठमाण्डौंका तारानाथ दाहाल समेत ..................................२ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, निर्वाचन आयोगको कार्यालय, कान्तिपथ, काठमाण्डौं................................१ विपक्षी
सूचना अधिकारी, निर्वाचन आयोगको कार्यालय, कान्तिपथ, काठमाण्डौं

**विषय :- सूचना उपलब्ध गराउने सम्बन्धमा ।**

फ्रिडम फोरम, थापाथली, काठमाण्डौंका तारानाथ दाहाल समेतले निर्वाचन आयोगको कार्यालय, कान्तिपथ, काठमाण्डौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०१।२१ मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको सूचना दिन मिल्ने भए पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी निर्वाचन आयोगको कार्यालय, कान्तिपथ, काठमाण्डौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. भ्रष्टाचारजन्य अभियोगमा सम्मानित अदालतबाट सजाय पाएका व्यक्तिहरु कुनै राजनैतिक दलको सदस्य बन्न वा रहिरहन पाउँछ कि पाउँदैन ? वा कुनै राजनैतिक दलको कुनै तहको पदाधिकारी वा कार्यकारी सदस्यमा उम्मेद्वार हुन, निर्वाचित हुन वा पदमा रहिरहन पाउँछ कि पाउँदैन ? वा, कुनै राजनैतिक दल वा स्वतन्त्र रुपमा कुनै पनि तहको निर्वाचनमा उम्मेद्वार हुन वा कुनै राजनैतिक पदमा कायम रहन वा नियुक्त हुन पाउँछ कि पाउँदैन ? यस सम्बन्धी कानूनी व्यवस्था एवम् यस आयोगको प्रचलन र विचार के रहेको छ भन्ने सम्बन्धी दस्तावेजहरुको प्रमाणित प्रतिलिपि तथा जानकारी विवरण ।

२. यसैगरी अदालतको अवहेलनामा सजाय पाएका तर सो सजाय भुक्तान नगरेका व्यक्तिहरु नेपालको संसदको सदस्य, मन्त्री वा प्रधानमन्त्रीमा निर्वाचित हुन वा सो पदमा रहिरहन मिल्छ वा मिल्दैन भन्ने सम्बन्धी त्यस आयोगले नियमन गर्ने कानूनी व्यवस्था, प्रचलन र आयोगको धारणासम्बन्धी दस्तावेजहरुको प्रतिलिपि तथा तत् सम्बन्धी आयोगको धाराणाबारेको जानकारी विवरण ।

३. कनै राजनैतिक दल आयोगले खारेज गरेको अवस्थामा खारेज भएको दलका तर्फबाट कसैले संसदमा प्रतिनिधित्व गर्न पाउँछ कि पाउँदैन भन्ने सम्बन्धमा त्यस आयोगको धारणा तथा नियमनका आधारहरु सम्बन्धी दस्तावेजहरुको प्रमाणित प्रतिलिपि एवम् विवरण र जानकारी ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७३ साल जेठ २३ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६५०/२०७२/०७३**

**निर्णय नं. ८७५**

बाँके जिल्ला, नेपालगञ्ज, वडा नं. ८ बस्ने अधिवक्ता विश्वजीत तिवारी .........................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, आयोजना निर्देशनय(ए. डि. बी.), सवरिजनल ट्रान्सर्पोट ईन्हान्समेण्ट प्रोजेक्ट नेपालगञ्ज, कोहलपुर सडक योजना डिभिजन ३ नं. कार्यालय, नेपालगञ्ज, बाँके .................................१ विपक्षी
सूचना अधिकारी, आयोजना निर्देशनय (ए. डि. बी.), सवरिजनल ट्रान्सर्पोट ईन्हान्समेण्ट प्रोजेक्ट नेपालगञ्ज, कोहलपुर सडक योजना डिभिजन ३ नं. कार्यालय, नेपालगञ्ज, बाँके

**विषय :- सूचना उपलब्ध गराउने सम्बन्धमा ।**

बाँके जिल्ला, नेपालगञ्ज, वडा नं. ८ बस्ने अधिवक्त विश्वजीत तिवारीले आयोजना निर्देशनय(ए. डि. बी.), सवरिजनल ट्रान्सर्पोट ईन्हान्समेण्ट प्रोजेक्ट नेपालगञ्ज, कोहलपुर सडक योजना डिभिजन ३ नं. कार्यालय, नेपालगञ्ज, बाँके समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०२।०६ मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको सूचना दिन मिल्ने भए पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी आयोजना निर्देशनय(ए. डि. बी.), सवरिजनल ट्रान्सर्पोट ईन्हान्समेण्ट प्रोजेक्ट नेपालगञ्ज, कोहलपुर सडक योजना डिभिजन ३ नं. कार्यालय, नेपालगञ्ज, बाँकेका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. कोहलपुरदेखि राफा, राफादेखि जमुनाहासम्मको सडक निर्माण सम्बन्धी सम्फौतापत्र, इस्टिमेट, डिजाइन, भार क्षमता सोसम्बन्धी सम्पूर्ण विवरण ।
२. सडक निर्माण सम्बन्धी अनुगमन गर्ने निकाय छ वा छैन, छ भने को को छन् ? सो अनुगमन भएको छ वा छैन सो को प्रतिवेदन र निजहरुले कति भत्ता बुझेका छन् सो को पूर्ण विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७३ साल जेठ २३ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**निर्णय नं. ८८४-११२०**

श्री प्रमुख, नेपाल बैंक लि., धर्मपथ, काठमाण्डौं
श्री प्रमुख, राष्ट्रिय वाणिज्य बैंक, सिंहदरबारप्लाजा, काठमाण्डौं
श्री प्रमुख, कृषि विकास बैंक लि., रामशाहपथ, काठमाण्डौं
श्री प्रमुख, नबिल बैंक लि., विणामार्ग, काठमाण्डौं
श्री प्रमुख, नेपाल इन्भेष्टमेण्ट बैंक लि., दरबारमार्ग, काठमाण्डौं
श्री प्रमुख, स्टाण्डर्ड चार्टर्ड बैंक नेपाल लि., नयाँबानेश्वर, काठमाण्डौं
श्री प्रमुख, हिमालयन बैंक लि., कमलादी, काठमाण्डौं
श्री प्रमुख, नेपाल एस. बि. आई. बैंक लि., केशरमहल, काठमाण्डौं
श्री प्रमुख, नेपाल बंगलादेश बैंक लि., कमलादी, काठमाण्डौं
श्री प्रमुख, एभरेष्ट बैंक लि., लाजिम्पाट, काठमाण्डौं
श्री प्रमुख, बैंक अफ काठमाण्डु लि., कमलादी, काठमाण्डौं
श्री प्रमुख, नेपाल क्रेडिट  एण्ड कमर्स बैंक लि., सिद्धार्थनगर,
श्री प्रमुख, कुमारी बैंक लि., दरबारमार्ग, काठमाण्डौं
श्री प्रमुख, लक्ष्मी बैंक लि., आदर्शनगर, विरगञ्ज, पर्सा
श्री प्रमुख, सिद्धार्थ बैंक लि., हात्तीसार, काठमाण्डौं
श्री प्रमुख, सिटिजन्स बैंक इन्टरनेशनल लि., कमलादी, काठमाण्डौं
श्री प्रमुख, प्राइम कमर्सियल बैंक लि., नयाँसडक, काठमाण्डौं
श्री प्रमुख, सनराइज बैंक लि., गैरीधारा, काठमाण्डौं
श्री प्रमुख, जनता बैंक नेपाल लि., नयाँबानेश्वर, काठमाण्डौं
श्री प्रमुख, मेगा बैंक नेपाल लि., कान्तिपथ, काठमाण्डौं
श्री प्रमुख, सेन्चुरी कमर्सियल बैंक लि., पुतलीसडक, काठमाण्डौं
श्री प्रमुख, सानिमा बैंक लि., नागपोखरी, काठमाण्डौं
श्री प्रमुख, माछापुच्छ्रे बैंक लि., पृथ्वीचोक, पोखरा, कास्की
श्री प्रमुख, एन आई सी एशिया बैंक लि., थापाथली, काठमाण्डौं
श्री प्रमुख, ग्लोबल आइएमई बैंक लि., वीरगञ्ज, पर्सा
श्री प्रमुख, सिभिल बैंक लि., कमलादी, काठमाण्डौं
श्री प्रमुख, लुम्बिनी बैंक लि., नारायणगढ, चितवन
श्री प्रमुख, एनएमबी बैंक लि., बबरमहल, काठमाण्डौं
श्री प्रमुख, प्रभु बैंक लि., बबरमहल, काठमाण्डौं

श्री प्रमुख, एन. आई डि. सि. डेभलपमेन्ट बैंक लि., दरबारमार्ग
श्री प्रमुख, मालिक बिकास बैंक लि., धनगढी, कैलाली
श्री प्रमुख, सिद्धार्थ डेभलपमेन्ट बैंक लि. तीनकुने, काठमाण्डौं
श्री प्रमुख, नारायणी डेभलपमेन्ट बैंक लि., रत्ननगर, चितवन
श्री प्रमुख, पश्चिमाञ्चल डेभलपमेन्ट बैंक लि., बुटवल, रुपन्देही
श्री प्रमुख, सहयोगी बिकास बैंक लि., जनकपुरधाम, धनुषा
श्री प्रमुख, कर्णाली बिकास बैंक लि., नेपालगञ्ज, बाँके
श्री प्रमुख, शुभेच्छा बिकास बैंक लि., नारायणगढ, चितवन

श्री प्रमुख, गण्डकी डेभलपमेन्ट बैंक लि., पोखरा, कास्की
श्री प्रमुख, एक्सेल डेभलपमेन्ट बैंक लि., बिर्तामोड, झापा
श्री प्रमुख, वेस्टर्न डेभलपमेन्ट बैंक लि., घोराही, दाङ
श्री प्रमुख, मितेरी डेभलपमेन्ट बैंक लि., धरान, सुनसरी
श्री प्रमुख, तिनाउ बिकास बैंक लि., बुटवल, रुपन्देही
श्री प्रमुख,सेवा बिकास बैंक लि., बुटवल, रुपन्देही
श्री प्रमुख, मुक्तिनाथ बिकास बैंक लि., पोखरा, कास्की
श्री प्रमुख, कन्काई बिकास बैंक लि., दमक, झापा
श्री प्रमुख, एस डेभलपमेन्ट बैंक लि., नारायणचौर, नक्साल, काठमाण्डौं
श्री प्रमुख, महाकाली बिकास बैंक लि., महेन्द्रनगर कञ्चनपुर
श्री प्रमुख, भार्गव बिकास बैंक लि., नेपालगञ्ज, बाँके
श्री प्रमुख, कन्ट्री डेभलपमेन्ट बैक लि., बनेपा, काभ्रे
श्री प्रमुख, अल्पाइन डेभलपमेन्ट बैक लि., हेटौंडा, मकवानपुर
श्री प्रमुख, कामना बिकास बैंक लि., सृजनाचोक, पोखरा, कास्की
श्री प्रमुख, कर्पोरेट डेभलपमेन्ट बैक लि., बीरगञ्ज, पर्सा
श्री प्रमुख, काबेली बिकास बैंक लि., धनकुटाबजार, धनकुटा
श्री प्रमुख, पूर्णिमा बिकास बैंक लि., सिद्धार्थनगर, रुपन्देही
श्री प्रमुख, ज्योति बिकास बैंक लि., कमलादी, काठमाण्डौं
श्री प्रमुख, बागमती डेभलपमेन्ट बैक लि., हरिऔन, सर्लाही
श्री प्रमुख, हाम्रो बिकास बैंक लि., बट्टार, नुवाकोट
श्री प्रमुख, काँक्रेबिहार बिकास बैंक लि., बीरेन्द्रनगर, सुर्खेत
श्री प्रमुख, प्यासिफिक डेभलपमेन्ट बैक लि., बेसीशहर, लमजुङ्ग
श्री प्रमुख, इन्टरनेसनल डेभलपमेन्ट बैक लि., टेकु, काठमाण्डौं
श्री प्रमुख, कञ्चन डेभलपमेन्ट बैक लि., महेन्द्रनगर कञ्चनपुर
श्री प्रमुख, मातृभूमि बिकास बैंक लि., सिन्धुलीमाढी, सिन्धुली
श्री प्रमुख, इन्नोभेटिभ डेभलपमेन्ट बैक लि., सिद्धार्थनगर, रुपन्देही
श्री प्रमुख, झिमरुक बिकास बैंक लि., बाग्दुला, प्युठान
श्री प्रमुख, राप्तीभेरी बिकास बैंक लि., नेपालगञ्ज, बाँके
श्री प्रमुख, गौमुखी बिकास बैंक लि., बिजुवार, प्यूठान
श्री प्रमुख, टुरिज्म डेभलपमेन्ट बैक लि., नयाँबानेश्वर, काठमाण्डौं
श्री प्रमुख, मिसन डेभलपमेन्ट बैक लि., बुटवल, रुपन्देही
श्री प्रमुख, माउण्ट मकालु डेभलपमेन्ट बैक लि., बसन्तपुर, तेह्रथुम
श्री प्रमुख, सिन्धु बिकास बैंक लि., बाह्रबिसे, सिन्धुपाल्चोक
श्री प्रमुख, सहारा बिकास बैंक लि., मलंगवा, सर्लाही
श्री प्रमुख, नेपाल कम्युनिटी डेभलपमेन्ट बैक लि., बुटवल, रुपन्देही
श्री प्रमुख, कसमस डेभलपमेन्ट बैक लि., हरमटारी चोक, गोरखा
श्री प्रमुख, मनासलु बिकास बैंक लि., बसपार्क, गोरखा
श्री प्रमुख, सोसाइटी डेभलपमेन्ट बैक लि., कमलादी, काठमाण्डौं
श्री प्रमुख, एकता बिकास बैंक लि., बुटवल, रुपन्देही
श्री प्रमुख, कालिन्चोक डेभलपमेन्ट बैक लि., चरिकोट, दोलखा
श्री प्रमुख, बिजनेश युनिभर्सल डेभलपमेन्ट बैक लि., अनामनगर, काठमाण्डौं
श्री प्रमुख, काष्ठमण्डप डेभलपमेन्ट बैक लि., न्यूरोड, काठमाण्डौं
श्री प्रमुख, इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट बैक लि., घण्टाघर, काठमाण्डौं
श्री प्रमुख, सुप्रिम डेभलपमेन्ट बैक लि., तीनकुने, काठमाण्डौं
श्री प्रमुख, सालपा बिकास बैंक लि., दिक्तेल, खोटाङ
श्री प्रमुख, भिवोर बिकास बैंक लि., त्रिपुरेश्वर, काठमाण्डौं

श्री प्रमुख, सप्तकोशी डेभलपमेन्ट बैक लि., टंकिसिनवारी, मोरङ्ग
श्री प्रमुख, शाइन रेसुङ्गा डेभलपमेन्ट बैक लि., तम्घास, गुल्मी
श्री प्रमुख, साझा बिकास बैंक लि., धनगढी, कैलाली
श्री प्रमुख, प्रोफेसनल दियालो बिकास बैंक लि., बनेपा, काभ्रे
श्री प्रमुख, अरनिको डेभलपमेन्ट बैक लि., धुलिखेल, काभ्रे
श्री प्रमुख, यती डेभलपमेन्ट बैक लि., दरबारमार्ग, काठमाण्डौं
श्री प्रमुख, एपेक्स डेभलपमेन्ट बैक लि., हात्तीसार, काठमाण्डौं
श्री प्रमुख, ग्रीन डेभलपमेन्ट बैक लि., बाग्लुङ्ग बजार, बाग्लुङ्ग
श्री प्रमुख, रिलायन्स डेभलपमेन्ट बैक लि., ज्ञानेश्वर, काठमाण्डौं
श्री प्रमुख, बिराटलक्ष्मी बिकास बैंक लि., बिराटनगर, मोरङ्ग
श्री प्रमुख, सांग्रिला डेभलपमेन्ट बैक लि., बालुवाटार, काठमाण्डौं
श्री प्रमुख, त्रिवेणी बिकास बैंक लि., थापाथली, काठमाण्डौं
श्री प्रमुख, देव बिकास बैंक लि., लालदरबार, काठमाण्डौं
श्री प्रमुख, फेवा बिकास बैंक लि., पोखरा, कास्की
श्री प्रमुख, गरिमा बिकास बैंक लि., पोखरा, कास्की
श्री प्रमुख, ओम डेभलपमेन्ट बैक लि., पोखरा, कास्की
श्री प्रमुख, कैलास बिकास बैंक लि., पुतलीसडक, काठमाण्डौं

श्री प्रमुख, नेपाल आवास फाइनान्स लि., सुविधानगर, काठमाण्डौं
श्री प्रमुख, नेपाल फाइनान्स लि., कमलादी, काठमाण्डौं
श्री प्रमुख, एन. आइ. डि. सी. क्यापिटल मार्केट्स लि., कमलपोखरी, काठमाण्डौं
श्री प्रमुख, नारायणी नेशनल फाइनान्स लि., कालिकास्थान, काठमाण्डौं
श्री प्रमुख, नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स लि., रामशाहपथ, काठमाण्डौं
श्री प्रमुख, हिमालय फाइनान्स लि., सुन्धारा, काठमाण्डौं
श्री प्रमुख, युनियन फाइनान्स लि., नारायणचौर, नक्साल, काठमाण्डौं
श्री प्रमुख, पश्चिमाञ्चल फाइनान्स कम्पनी लि., बुटवल, काठमाण्डौं
श्री प्रमुख, सम्झना फाइनान्स कम्पनी लि., बनेपा, काभ्रे
श्री प्रमुख, गुडविल फाइनान्स लि., हात्तीसार, काठमाण्डौं
श्री प्रमुख, श्रीइन्भेष्टमेण्ट एण्ड फाइनान्स कम्पनी लि., डिल्लीबजार, काठमाण्डौं
श्री प्रमुख, लुम्बिनी फाइनान्स एण्ड लिजिङ कम्पनी लि., ठमेल, काठमाण्डौं
श्री प्रमुख, इण्टरनेशनल लिजिङ एण्ड फाइनान्स कम्पनी लि., नयाँबानेश्वर, काठमाण्डौं
श्री प्रमुख, महालक्ष्मी फाइनान्स लि., पुतलीसडक, काठमाण्डौं
श्री प्रमुख, ललितपुर फाइनान्स लि., लगनखेल, ललितपुर
श्री प्रमुख, युनाइटेड फाइनान्स लि., दरबारमार्ग, काठमाण्डौं
श्री प्रमुख, जनरल फाइनान्स लि., चाबहिल, काठमाण्डौं
श्री प्रमुख, प्रोग्रेसिभ फाइनान्स कम्पनी लि., न्यूरोड, काठमाण्डौं
श्री प्रमुख, जानकी फाइनान्स कम्पनी लि., जनकपुरधाम, धनुषा
श्री प्रमुख, पोखरा फाइनान्स लि., पोखरा, कास्की
श्री प्रमुख, सेन्ट्रल फाइनान्स लि., कुपण्डोल, ललितपुर
श्री प्रमुख, प्रिमियर फाइनान्स कम्पनी लि., कुमारीपाटी, ललितपुर
श्री प्रमुख, अरुण फाइनान्स लि., धरान, सुनसरी
श्री प्रमुख, मल्टीपर्पस फिनान्स कम्पनी लि., राजविराज, सप्तरी
श्री प्रमुख, सृजना फाइनान्स लि., बिराटनगर, मोरङ्ग
श्री प्रमुख, वर्ल्ड मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स कम्पनी लि., हेटौंडा, मकवानपुर
श्री प्रमुख, क्यापिटल मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि., बत्तिसपुतली, काठमाण्डौं
श्री प्रमुख, क्रिष्टल फाइनान्स लि., थापाथली, काठमाण्डौं

श्री प्रमुख, गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि., पुल्चोक, ललितपुर
श्री प्रमुख, एभरेष्ट फाइनान्स लि., सिद्धार्थनगर, रुपन्देही
श्री प्रमुख, आइ. सि. एफ. सि. फाइनान्स लि., भाटभटेनी, काठमाण्डौं
श्री प्रमुख, कुबेर मर्चेन्ट फाइनान्स लि., कमलपोखरी, काठमाण्डौं
श्री प्रमुख, सेती फाइनान्स लि., टिकापुर, कैलाली
श्री प्रमुख, हामा मर्चेण्ट एण्ड फाइनान्स लि., त्रिपुरेश्वर, काठमाण्डौं
श्री प्रमुख, नमस्ते बित्तीय संस्था लि., घोराही, दाङ
श्री प्रमुख, कास्की फाइनान्स लि., पोखरा, कास्की
श्री प्रमुख, युनिक फाइनान्सियल इन्ष्टिच्यूशन लि., पुतलीसडक, काठमाण्डौं
श्री प्रमुख, मञ्जुश्री फाइनान्सियल इन्ष्टिच्यूशन लि., नयाँबानेश्वर, काठमाण्डौं
श्री प्रमुख, जेबिल्स फाइनान्स लि., न्यूरोड, काठमाण्डौं
श्री प्रमुख, भक्तपुर फाइनान्स कम्पनी लि., च्याम्हासिंह, भक्तपुर
श्री प्रमुख, सिनर्जी फाइनान्स लि., बुटवल, रुपन्देही
श्री प्रमुख, सिद्धार्थ फाइनान्स लि., सिद्धार्थनगर, रुपन्देही
श्री प्रमुख, रिलायन्स लोटस फाइनान्स लि., प्रदर्शनीमार्ग, काठमाण्डौ
श्री प्रमुख, सगरमाथा फाइनान्स लि., मानभवन, ललितपुर
श्री प्रमुख, गोर्खाज फाइनान्स लि., डिल्लीबजार, काठमाण्डौं

श्री प्रमुख, निर्धन उत्थान बैंक लि., नक्साल, काठमाडौं
श्री प्रमुख,रुरल माइक्रो फाइनान्स डेभलपमेण्ट सेन्टर लि., पुतलीसडक, काठमाडौं
श्री प्रमुख, डिप्रोक्स लघु वित्त विकास बैंक लि. रत्ननगर, चितवन
श्री प्रमुख, छिकेक लघु वित्त विकास बैंक लि., पुरानोबानेश्वर, काठमाडौं
श्री प्रमुख,स्वावलम्वन लघु वित्त विकास बैंक लि., लालकोलनी, मार्ग, काठमाडौं
श्री प्रमुख,साना किसान विकास बैंक लि., सुविधानगर, काठमाडौं
श्री प्रमुख, नेरुडे लघु वित्त विकास बैंक लि., बिराटनगर, मोरङ्ग
श्री प्रमुख, नयाँ नेपाल लघु वित्त विकास बैंक लि., धुलिखेल, काभ्रे
श्री प्रमुख, मिथिला लघु वित्त विकास बैंक लि., ढल्केवर, धनुषा
श्री प्रमुख,समिट माइक्रो फाइनान्स डेभलपमेण्ट बैंक लि., विर्तामोड, झापा
श्री प्रमुख,स्वरोजगार लघु वित्त विकास बैंक लि., वनेपा, काभ्रे
श्री प्रमुख, फर्स्ट माइक्रोफाइनान्स डेभलपमेण्ट बैंक लि., ज्ञानेश्वर, काठमाडौं
श्री प्रमुख, नागवेली लघु वित्त विकास बैंक लि., बिर्तामोड, झापा
श्री प्रमुख, कालिका माइक्रोक्रेडिट डेभलपमेण्ट बैंक लि., वालिङ्ग, स्याङ्गजा
श्री प्रमुख, मिर्मिरे माइक्रोफाइनान्स डेभलपमेण्ट बैंक लि., बनेपा, काभ्रे
श्री प्रमुख, जनउत्थान सामुदायिक लघुवित्त विकास बैंक लि., बुटवल, रुपन्देही
श्री प्रमुख, वोमी माइक्रो फाइनान्स वित्तिय संस्था लि., खानीखोला, धादिङ
श्री प्रमुख, लक्ष्मी लघु वित्त वित्तिय संस्था लि., महाराजगंज, काठमाडौं
श्री प्रमुख, आइ एल एफ सि ओ लघुवित्त वित्तिय संस्था लि., चूच्चेपाटी, काठमाडौं
श्री प्रमुख, महिला सहयात्रा माइक्रौ फाइनान्स वित्तिय संस्था लि., चितलाङ, मकवानपुर
श्री प्रमुख, किसान माइक्रो फाइनान्स वित्तिय संस्था लि., लम्कीचुहा, कैलाली
श्री प्रमुख, विजय लधुवित्त वित्तिय संस्था लि., गैडाकोट, नवलपरासी
श्री प्रमुख, एन.एम.वि. माइक्रो फाइनान्स वित्तिय संस्था लि., पोखरा-हेम्जा, कास्की
श्री प्रमुख, फरवार्ड कम्युनिटी माइक्रो फाइनान्स वित्तिय संस्था लि., दुहवी-भलुवा, सुनसरी
श्री प्रमुख, रिलायवल माइक्रोफाइनान्स वित्तिय संस्था लि., बेशिसहर, लम्जुङ्ग
श्री प्रमुख, महिला सामुदायिम लघुवित्त वित्तीय संस्था लि., बगधुवा, सप्तरी
श्री प्रमुख,सूर्योदय लघुवित्त वित्तीय संस्था लि., पुतलीवजार, स्याङ्जा
श्री प्रमुख, मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि., बट्टार, नुवाकोट

श्री प्रमुख,समता माइक्रो फाइनान्स वित्तीय संस्था लि., पिप्रा, सिमरा
श्री प्रमुख, आरएसडिसी लघुवित्त वित्तीय संस्था लि., बुटवल, रुपन्देही
श्री प्रमुख,सामुदायिक लघुवित्त वित्तीय संस्था लि., पाँचखाल, काभ्रेपलाञ्चाक
श्री प्रमुख, नेशनल माइक्रोफाइनान्स वित्तिय संस्था लि., निलकण्ठ, धादिङ
श्री प्रमुख, नेपाल ग्रामिण विकास बैंक लि., बुटवल, रुपन्देही
श्री प्रमुख, नेपाल सेवा लघुवित्त वित्तीय संस्था लि., फटकसिला, सिन्धुपाल्चोक
श्री प्रमुख, उन्नती माइक्रोफाइनान्स वित्तीय संस्था लि., पडसरी, रुपन्देही
श्री प्रमुख,स्वदेशी लघुवित्त वित्तीय संस्था लि., इटहरी, सुनसरी
श्री प्रमुख, नाडेप लघुवित्त वित्तीय संस्था लि., गजुरी, धादिङ
श्री प्रमुख,सपोर्ट माइक्रोफाइनान्स बित्तीय संस्था लि., हाँसपोसा, इटहरी
श्री प्रमुख, आरम्भ माइक्रोफाइनान्स बित्तीय संस्था लि., मेलम्ची, सिन्धुपाल्चोक
श्री प्रमुख, जनसेवा लघुवित्त वित्तीय संस्था लि., कुश्मा, पर्वत
श्री प्रमुख, चौतारी लघुवित्त वित्तीय संस्था लि., बुटवल, रुपन्देही
श्री प्रमुख, घोडाघोडी लघुवत्त वित्तीय संस्था लि., श्रीपुर, कञ्चनपुर

श्री प्रमुख, श्री नवजीवन को-अपरेटिभ लिमिटेड, धनगडी, कैलाली
श्री प्रमुख,सगुन सहकारी संस्था लि., क्षेत्रपाटी, काठमाडौं
श्री प्रमुख, नेपाल सहकारी वित्तीय संस्था लि., नयाँबानेश्वर, काठमाडौं
श्री प्रमुख, द साहारा लोन सेविङ को-अपरेटिभ सोसाइटी लि., मलंगवा, सर्लाही
श्री प्रमुख, विन्दवासिनी बचत तथा ऋण सहकारी संस्था लि., खोपासी, काभ्रे
श्री प्रमुख, महिला सहकारी संस्था लि., कुलेश्वर,काठमाडौं
श्री प्रमुख, नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि., मेचीनगर झापा
श्री प्रमुख,सहकारी वित्तीय विकास संस्था लि., नेपालगञ्ज, बाँके
श्री प्रमुख, श्री मनकामना सहकारी संस्था लि., बनेपा, काभ्रे
श्री प्रमुख, भेरी सहकारी वित्तीय संस्था लि., नेपालगञ्ज, बाँके
श्री प्रमुख, विकु बचत तथा ऋण सहकारी संस्था लि., गैडाकोट, नवलपरासी
श्री प्रमुख, किसान बहुउद्देश्यीयसहकारी संस्था लि., लम्की, कैलाली
श्री प्रमुख,स्टार बहुउद्देश्यीय बचत तथा ऋण सहकारी संस्था लि., विराटनगर, मोरङ
श्री प्रमुख, हिमालय सहकारी संस्था लि., पुरानेबानेश्वर, काठमाडौं
श्री प्रमुख, उपकार वचत तथा ऋण सहकारी संस्था लि., वालिङ, स्याङजा

श्री प्रमुख, चारतारे युवा क्लव, तित्याङ्ग, वाग्लुङ
श्री प्रमुख, युनिक नेपाल, नयाँगाँउ, बर्दिया
श्री प्रमुख,सामुदायिक महिला विकास केन्द्र (स्वेडेक), राजविराज, सप्तरी
श्री प्रमुख, ग्रामिण जागरण मञ्च, महेन्द्रपथ बाग्लुङ
श्री प्रमुख, धौलागिरी सामुदायिक श्रोत विकास केन्द, बाग्लुङ
श्री प्रमुख, विकासका लागि स्थानिय स्वयं सेवकहरुको प्रयास, धनकुटा
श्री प्रमुख, महिला अधिकार तथा विकास केन्द्र, काठमाडौं पो.व.न. १०९५
श्री प्रमुख, मानुषी, काठमाडौं पो.व.न. ११३५
श्री प्रमुख, जीवन विकास समाज, वरीयाती, मोरङ
श्री प्रमुख, महिला आदर्श सेवा केन्द्र, नयाँवानेश्वर, काठमाडौं
श्री प्रमुख, पाटन विजनेस एण्ड प्रोफेसनल वीमेन, पुल्चोक, ललितपुर
श्री प्रमुख, महिला स्वावलम्वि समाज, भरतपुर चितवन
श्री प्रमुख, श्रृजनात्मक महिला वातावरण विकास संस्था, महाराजगंज, काठमाडौं
श्री प्रमुख,सृजना विकास केन्द्र, पोखरा, कास्की
श्री प्रमुख, घरेलु तथा साना उद्योग संघ, चावहिल, काठमाडौं

श्री प्रमुख, आदर्श युवा क्लव, ठिमी, भक्तपुर
श्री प्रमुख,सोसल अपग्रेड इन प्रोग्रेस अफ एजुकेशनल रिजन, तुलसीपुर दाङ्ग
श्री प्रमुख, नेपाल महिला सामुदायिक केन्द्र, त्रिभुवन न.पा., दाङ्ग
श्री प्रमुख, ग्रामिण महिला विकास केन्द्र, त्रिभुवन न.पा., दाङ्ग
श्री प्रमुख, ग्रामिण महिला उत्थान केन्द्र, त्रिभुवन न.पा.दाङ्ग
श्री प्रमुख, ग्रामिण सेवा नेपाल, भजनी, कैलाली
श्री प्रमुख, महिला उपकार मञ्च, कोहलपुर, बाँके
श्री प्रमुख, ग्रामिण स्वयं सेवक समाज, हरिऔन, सर्लाही
श्री प्रमुख, श्रृजना सामुदायिक विकास केन्द्र, चोहर्वा, सिरहा
श्री प्रमुख, राष्ट्रिय शैक्षिक तथा सामाजिक विकास संस्था, कुश्मा, पर्वत
श्री प्रमुख, नेपाल ग्रामिण विकास संस्था, हाँडीगाँउ, काठमाण्डौं
श्री प्रमुख, नेपाल महिला उद्यमी संघ, पुतलीसडक, काठमाडौं

श्री प्रमुख, राष्ट्रिय सहकारी बैंक लि., कुपण्डोल, ललितपुर
श्री प्रमुख, श्री मशरेक बैंक पि एस पि, दुबई, युएई
श्री प्रमुख, जलविद्युत लगानी तथा विकास कम्पनी लि., बबरमहल, काठमाडौं
श्री प्रमुख, ओम्नी प्रा. लि., आदर्शनगर, बीरगंज
श्री प्रमुख, हुलास इन्भेष्टमेण्ट प्रा. लि., गणबहाल, काठमाडौं
श्री प्रमुख, सिप्रदी हायर पर्चेज प्रा.लि., थापाथली, काठमाडौं
श्री प्रमुख, एम.ए.डब्लु. इन्भेष्टमेण्ट प्रा. लि., विराटनगर, मोरङ
श्री प्रमुख, बतास इन्भेष्टमेण्ट कम्पनी प्रा.लि., पोखरा, कास्की

**विषय: सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम नियमितरुपमा त्यस निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी नियमितरुपमा प्रकाशन गर्नह सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ बमोजिम सूचना अधिकारीको व्यवस्था गर्न र त्यस निकाय एवं मातहत निकायमा सूचना मागका लागि परेका निवेदन उपर भएको कारवाहीको विवरण छुट्टै अभिलेखमा अद्यावधिक गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९(ग), (छ) र (ख) बमोजिम जारी भएको आदेश ।**

नेपालको संविधानमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको प्रत्याभूति गरिएको छ । यसैगरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच रहने सुनिश्चितता प्रदान गरेको छ । ऐनमा सार्वजनिक निकाय भन्नाले सरकारी निकाय, राजनैतिक दल, गैर सरकारी संस्था, निजी क्षेत्र तथा कानूनद्वारा स्थापित सार्वजनिक सेवा प्रदायक संगठित संस्थालाई समेटिएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ ले सार्वजनिक निकायका विभिन्न जिम्मेवारीहरू तोकेको छ । यीमध्ये महत्वपूर्ण दायित्वमा आफ्ना काम-कारवाही लोकतान्त्रिक पद्धति अनुरुप खुल्ला र पारदर्शि तुल्याउनु, नागरिकप्रति जवाफदेही र जिम्मेवारी वहन गर्नु, आफ्नो निकायमा रहेका सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज तुल्याउनु तथा नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न सूचनाको वर्गिकरण गर्नुपर्ने विषयहरू पर्दछन् । यसैगरी नागरिकले माग गरेको सूचनाप्रति उच्च सम्मान प्रकट गर्नु, सूचना प्रवाहमा सक्षम तुल्याउन आफ्ना कर्मचारीलाई तालीम दिनु, आफ्नो निकायसम्बन्धी कम्तिमा बीस वर्षसम्मका सूचना अद्यावधिक गरी राख्नु, प्रत्येक ३/३ महिनामा आफ्नो निकायसम्बन्धी विवरण सार्वजनिक गर्नु (Pro–Active Disclosure), यस बाहेक नागरिकबाट अतिरिक्त माग गरिने सूचना प्रवाह गर्न अधिकार र सूचना सम्पन्न सूचना अधिकारी तोक्नु, नागरिकबाट माग भएका सूचनामध्ये जीउ ज्यानको सुरक्षासँग सम्बन्धित भए चौबिस घण्टाभित्र र अन्य अवस्थामा अधिकतम् १५ दिनभित्र नागरिकले माग गरेकै स्वरुपमा सूचना उपलब्ध गराउनु सार्वजनिक निकायको कर्तव्य हो । यस अतिरिक्त सूचनाको हकसम्बन्धी ऐन र नियमावलीमा व्यवस्था भए बमोजिम सार्वजनिक निकायले सूचना प्रवाह गर्दा लाग्ने दस्तुर तोक्नु पर्ने, सो दस्तुर प्रत्येक २/२ वर्षमा पुनरावलोकन गर्नुपर्ने, नागरिकबाट राष्ट्रिय

सूचना आयोगमा सूचना पाउन पुनरावेदन गरेमा आयोगको आदेश पालना गरी सूचना उपलब्ध गराउनु, आफुसँग रहेका व्यक्तिगत प्रकृतिका सूचनाहरु अनधिकृत प्रकाशन र प्रशारण नहुने गरी संरक्षण गर्नु, सूचनादाताको संरक्षण गर्नु र आफ्नो निकायमा रहेको कुनै सूचना गलत छ भन्ने लागेमा त्यस्तो सूचना सच्चाई दुरुस्त गर्नु पनि सार्वजनिक निकायको दायित्व, जिम्मेवारी र कर्तव्य हो । संविधान र कानुनद्वारा निर्दिष्ट यी सबै जिम्मेवारी पूर्ण रुपले पालना गर्नु सार्वजनिक निकायको कर्तव्य हो, यसमा आफ्नो अनुकूल केही दायित्व पूरा गर्ने र केही दायित्व पूरा नगर्ने गरी कानुनले कुनै पनि सार्वजनिक निकायलाई फुर्सद दिएको स्थिति छैन । साथै यी कानुनले निर्दिष्ट गरेका आफ्ना कर्तव्य पालना गर्न राष्ट्रिय सूचना आयोगले सार्वजनिक निकायलाई छुट्टै आदेश जारी गरिरहनु पर्ने अवस्था पनि होईन । तथापी यस विषयमा अनुभूत गरिएको जानकारीको अभाव लगायतका विविध पक्षलाई मनन गरी यो आदेश जारी गरिएको हो ।

नेपालको संविधानले आम जनतालाई मौलिक हक अन्तर्गत वाक तथा प्रकाशन स्वतन्त्रता प्रदान गरेको छ । आम नागरिकलाई सशक्तिकरण गर्ने, उत्तरदायी र जिम्मेवारपूर्ण शासन पद्धति संचालन गर्ने र सुशासनको माध्यमद्वारा आर्थिक सम्बृद्धि हासिल गर्ने राज्यको एकमात्र ध्येय हो । यी सबै पक्षको सबलीकरणबाट मुलुकमा लोकतन्त्र मजबूत हुँदै जान्छ । विश्वव्यापीरुपमा सूचनाको हकलाई लोकतन्त्रको प्राणवायुका रुपमा स्वीकार गरिएको छ । जसअनुसार सूचनाको हकको अधिकतम् प्रचलनले लोकतन्त्र स्थायी र मजबुत हुने, भ्रष्टाचार घट्ने, विधिको शासन लागू हुने, समानताको हकको पालनामा अभिवृद्धि हुने, मानव अधिकारको बढोत्तरी हुने र मुलुकमा असल अभ्यासले प्रोत्साहन पाउने हुन्छ । यस्तो अपेक्षित महत्वपूर्ण उपलब्धी हासिल गर्न सूचनाको हकसम्बन्धी ऐनले सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोगको व्यवस्था गरेको छ । यस्तो महत्वपूर्ण एवं गंम्भिर जिम्मेवारी आफ्नो काँधमा रहेको आयोग यो आदेश जारी गर्न विविध कारणले बाध्यात्मक स्थितिमा आई पुगेको छ ।

अर्थतन्त्रको मेरुदण्डका रुपमा रहेको बैंक तथा वित्तीय क्षेत्रले आम नागरिकमा अर्थोपार्जन गर्ने र बचत गर्ने बानीको विकास गर्दछ । यसैगरी आम जनताबाट संकलित निक्षेपलाई सुरक्षित र व्यवस्थित ढंगले उद्यमशीलता र व्यवसायिकताको क्षेत्रमा लगानी गरी मुलुकको आर्थिक क्रियाकलापलाई गतिशीलता प्रदान गर्न प्रत्यक्ष सघाउ पुऱ्याउदछ । यसरी बैंकिङ्ग तथा वित्तीय क्षेत्रको कार्यसम्पादन र उद्देश्य एवं लक्ष्यसंग आम नागरिक परिचित हुन सकेमा अर्थतन्त्र निर्माणमा सबैलाई समेटन सकिने हुन्छ । यही सत् बिचारबाट निर्देशित भई २०७३ साल जेठ ७ गते राष्ट्रिय सूचना आयोग र नेपाल राष्ट्र बैंकको सहकार्यमा नेपाल राष्ट्र बैंकद्वारा इजाजत प्राप्त गरी नेपालमा कार्यरत बैंक तथा वित्तीय संस्था र उक्त बैंकद्वारा अनुगमन गरिने निकायका कार्यकारी प्रमुख तथा प्रतिनिधिसँग बसी व्यापकरुपमा अन्तरक्रिया भएको थियो । सो अन्तरक्रियामा सबैले सूचनाको हकसम्बन्धी कानूनको प्रावधानलाई पालना गर्ने मौखिक प्रतिबद्धता व्यक्त गरिएता पनि आयोगमा प्राप्त भएका पुनरावेदन, सञ्चार माध्यममा प्रकाशित/प्रशारित बिषय र यस क्षेत्रका क्रियाकलापलाई सुक्ष्म रुपमा विश्लेषण गर्दा यस क्षेत्रको नियमनकारी निकाय नेपाल राष्ट्र बैंक र सो बैंकबाट ईजाजत प्राप्त गरी संचालनमा रहेका वाणिज्य बैंक ('क' वर्ग), विकास बैंक ('ख' वर्गको वित्तीय संस्था), वित्त कम्पनी ('ग' वर्गको वित्तीय संस्था), लघु वित्त वित्तीय संस्था ('घ' वर्गको वित्तीय संस्था), सहकारी संस्था (सिमित वैंकिङ्ग कारोवारमात्र), गैह्र सहकारी संस्था (लघुकर्जा कारोबार गर्ने) बीच सूचनाको हक सम्बन्धी कानुनको कार्यान्वयनमा न्यूनतम् रुपमा भएपनि समानताको स्थिति पैदा हुन वेश हुने भन्ने प्राप्त सुझावलाई समेत आत्मसात् गरी नेपाल राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाहरूले प्रस्तुत कानुन बमोजिम सम्पादन गर्नुपर्ने काम/जिम्मेवारीको पालनामा जानकारीको सुगमताका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ (ग) मा उल्लेखित 'नागरिकको जानकारीका लागि सूचना सार्वजनिक गर्न सार्वजनिक निकायलाई आदेश दिने' आयोगको कानुनी दायित्व अनुसार तीन/तीन महिनामा आफ्नो निकायसँग सम्बन्धित विवरण, नियमितरूपमा सार्वजनिक गर्न, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९(छ) मा उल्लेखित 'सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नका लागि आवश्यक अन्य उपयुक्त आदेश दिने' प्रावधान बमोजिम आफ्नो निकायको सूचना प्रवाह गर्न सूचना अधिकारी तोक्न र सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ (ख) मा रहेको 'त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामाग्री सम्बन्धी सूचना सूचिकृत गरी मिलाई राख्न आदेश दिने' आयोगको काम, कर्तव्य र अधिकारको दायराभित्र रही सूचना माग र सो उपर भएको कारवाहीको विवरणको छुट्टै अभिलेख राख्न देहाय बमोजिमको आदेश जारी गरिएको छ :

**१. प्रत्येक तीन/तीन महिनामा स्वत:प्रकाशन (Pro-Active Discloure) गर्ने**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ मा प्रत्येक सार्वजनिक निकायले आफ्नो निकाय सम्बन्धी सूचना अद्यावधिक गरी राख्नु पर्ने र तीन/तीन महिनामा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । साथै सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ मा पनि सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था छ । यसरी ऐन नियमले निर्दिष्ट गरेको विभिन्न २० वटा शीर्षकमा तपसिलको ढाँचामा नियमितरुपमा सूचना प्रकाशन गर्ने ।

**२. सूचना अधिकारी तोक्ने**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ को उपदफा (१) मा सार्वजनिक निकायले आफ्नो निकायमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनका लागि सूचना अधिकारी तोक्नु पर्ने व्यवस्था छ । कानून बमोजिम नागरिकले सूचना अधिकारी समक्ष सूचना माग गर्नुपर्ने र निजले सूचना उपलब्ध गराउनु पर्ने कानूनी व्यवस्था रहेकाले अविलम्ब सूचना अधिकारी तोकी तपसिलको ढाँचामा निजको विवरण सार्वजनिक गर्ने ।

**३. सूचना माग गरेको र सूचना प्रवाह गरेको छुट्टै अभिलेख राख्ने**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम आम नागरिकले सूचना मागको आग्रह गर्दा वा निवेदन दिई सूचना माग गर्न आउँदा त्यसलाई छुट्टै रजिष्ट्ररमा जनाई निस्सा दिनुपर्छ । तत् पश्चात माग अनुसारको सूचना दिई सोही व्यहोरा छुट्टै अभिलेखमा अद्यावधिक गरी राख्नु पर्छ । यदि सूचना दिन इन्कार गर्नु परेमा सो को कारण खुलाई सूचना मागकर्तालाई सो को जानकारी दिनुपर्छ । यी विषयलाई पनि तीन/तीन महिनामा सूचना सार्वजनिक गर्दा समेट्नु पर्ने कानूनी व्यवस्था छ । यी कानूनी व्यवस्थाको पालना र प्रभावकारी कार्यान्वयनका लागि तपसिलको ढाँचामा अभिलेख राख्ने व्यवस्था मिलाउने ।

**तपसिल**

१ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

......................................(बैंक तथा वित्तीय संस्थाको नाम)

विवरण सार्वजनिक गरेको अवधि............देखि................सम्म

१. निकायको स्वरुप र प्रकृति
२. निकायको काम, कर्तव्य र अधिकार
३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण
४. निकायबाट प्रदान गरिने सेवा
५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी
६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि
७. निर्णय गर्ने प्रक्रिया र अधिकारी
८. निर्णय उपर उजूरी सुन्ने अधिकारी
९. सम्पादन गरेको कामको विवरण
१०. सूचना अधिकारी र प्रमुखको नाम र पद
११. ऐन, नियम, विनिमय वा निर्देशिकाको सूची
१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण
१३. तोकिए बमोजिमका अन्य विवरण
१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण
१५. सार्वजनिक निकायको वेवसाईट भए सो को विवरण
१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र संझौता सम्बन्धी विवरण
१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन

१८.सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

१९.सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण

२०.सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण ।

२ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ बमोजिम र नियमावली, २०६५ को नियम २४(क) बमोजिम सूचना अधिकारी तोकी निजको विवरण सार्वजनिक गर्ने फ्लेक्स वोर्ड वा अन्य उपयुक्त माध्यममा उल्लेख हुनुपर्ने व्यहोरा

...................................... (बैंक तथा वित्तीय संस्थाको नाम)

सूचना अधिकारी तोकिएको विवरण

**नाम -**

**फोटो-**

**सम्पर्क नम्बर-**

३ सूचनाको हक अन्तर्गत सूचना माग भएको र सूचना प्रवाह गरिएको अभिलेख

बैंक तथा वित्तीय संस्थाको नाम :-

**प्रतिवेदनको अवधि :-**

| क.सं. | सूचना माग गर्नेको नाम, ठेगाना र सूचना माग गरेको मिति | माग गरिएको सूचनाको संक्षिप्त विवरण | सूचना दिए नदिएको र सो निर्णयको मिति | कार्यालय प्रमुख वा सूचना अधिकारी मध्ये कुन तहबाट सूचना दिएको | सूचना नदिएको भए सो को कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(यशोदादेवी तिम्सिना)
सुचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ जेठ २५ रोज ३ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**निर्णय नं. ११२१**

**श्री गभर्नर, नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाण्डौं ।**

**विषय: सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम नियमितरुपमा त्यस निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी नियमितरुपमा प्रकाशन गर्नह सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ बमोजिम सूचना अधिकारीको व्यवस्था गर्न र त्यस निकाय एवं मातहत निकायमा सूचना मागका लागि परेका निवेदन उपर भएको कारवाहीको विवरण छुट्टै अभिलेखमा अद्यावधिक गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९(ग), (छ) र (ख) बमोजिम जारी भएको आदेश ।**

नेपालको संविधानमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको प्रत्याभूति गरिएको छ । यसैगरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच रहने सुनिश्चितता प्रदान गरेको छ । ऐनमा सार्वजनिक निकाय भन्नाले सरकारी निकाय, राजनैतिक दल, गैर सरकारी संस्था, निजी क्षेत्र तथा कानूनद्वारा स्थापित सार्वजनिक सेवा प्रदायक संगठित संस्थालाई समेटिएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ ले सार्वजनिक निकायका विभिन्न जिम्मेवारीहरू तोकेको छ । यीमध्ये महत्वपूर्ण दायित्वमा आफ्ना काम-कारवाही लोकतान्त्रिक पद्धति अनुरुप खुल्ला र पारदर्शि तुल्याउनु, नागरिकप्रति जवाफदेही र जिम्मेवारी वहन गर्नु, आफ्नो निकायमा रहेका सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज तुल्याउनु तथा नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न सूचनाको वर्गिकरण गर्नुपर्ने विषयहरू पर्दछन् । यसैगरी नागरिकले माग गरेको सूचनाप्रति उच्च सम्मान प्रकट गर्नु, सूचना प्रवाहमा सक्षम तुल्याउन आफ्ना कर्मचारीलाई तालीम दिनु, आफ्नो निकायसम्बन्धी कम्तिमा बीस वर्षसम्मका सूचना अद्यावधिक गरी राख्नु, प्रत्येक ३/३ महिनामा आफ्नो निकायसम्बन्धी विवरण सार्वजनिक गर्नु (Pro–Active Disclosure), यस बाहेक नागरिकबाट अतिरिक्त माग गरिने सूचना प्रवाह गर्न अधिकार र सूचना सम्पन्न सूचना अधिकारी तोक्नु, नागरिकबाट माग भएका सूचनामध्ये जीउ ज्यानको सुरक्षासँग सम्बन्धित भए चौबिस घण्टाभित्र र अन्य अवस्थामा अधिकतम् १५ दिनभित्र नागरिकले माग गरेकै स्वरुपमा सूचना उपलब्ध गराउनु सार्वजनिक निकायको कर्तव्य हो । यस अतिरिक्त सूचनाको हकसम्बन्धी ऐन र नियमावलीमा व्यवस्था भए बमोजिम सार्वजनिक निकायले सूचना प्रवाह गर्दा लाग्ने दस्तुर तोक्नु पर्ने, सो दस्तुर प्रत्येक २/२ वर्षमा पुनरावलोकन गर्नुपर्ने, नागरिकबाट राष्ट्रिय सूचना आयोगमा सूचना पाउन पुनरावेदन गरेमा आयोगको आदेश पालना गरी सूचना उपलब्ध गराउनु, आफुसँग रहेका व्यक्तिगत प्रकृतिका सूचनाहरु अनधिकृत प्रकाशन र प्रशारण नहुने गरी संरक्षण गर्नु, सूचनादाताको संरक्षण गर्नु र आफ्नो निकायमा रहेको कुनै सूचना गलत छ भन्ने लागेमा त्यस्तो सूचना सच्चाई दुरुस्त गर्नु पनि सार्वजनिक निकायको दायित्व, जिम्मेवारी र कर्तव्य हो । संविधान र कानुनद्वारा निर्दिष्ट यी सबै जिम्मेवारी पूर्ण रुपले पालना गर्नु सार्वजनिक निकायको कर्तव्य हो, यसमा आफ्नो अनुकूल केही दायित्व पूरा गर्ने र केही दायित्व पूरा नगर्ने गरी कानुनले कुनै पनि सार्वजनिक निकायलाई फुर्सद दिएको स्थिति छैन । साथै यी कानुनले निर्दिष्ट गरेका आफ्ना कर्तव्य पालना गर्न राष्ट्रिय सूचना आयोगले सार्वजनिक निकायलाई छुट्टै आदेश जारी गरिरहनु पर्ने अवस्था पनि होईन । तथापी यस विषयमा अनुभूत गरिएको जानकारीको अभाव लगायतका विविध पक्षलाई मनन गरी यो आदेश जारी गरिएको हो ।

नेपालको संविधानले आम जनतालाई मौलिक हक अन्तर्गत वाक तथा प्रकाशन स्वतन्त्रता प्रदान गरेको छ । आम नागरिकलाई सशक्तिकरण गर्ने, उत्तरदायी र जिम्मेवारपूर्ण शासन पद्धति संचालन गर्ने र सुशासनको माध्यमद्वारा आर्थिक सम्बृद्धि हासिल गर्ने राज्यको एकमात्र ध्येय हो । यी सबै पक्षको सबलीकरणबाट मुलुकमा लोकतन्त्र मजबूत हुँदै जान्छ । विश्वव्यापीरुपमा सूचनाको हकलाई लोकतन्त्रको प्राणवायुका रुपमा स्वीकार गरिएको

छ । जसअनुसार सूचनाको हकको अधिकतम् प्रचलनले लोकतन्त्र स्थायी र मजबुत हुने, भ्रष्टाचार घट्ने, विधिको शासन लागू हुने, समानताको हकको पालनामा अभिवृद्धि हुने, मानव अधिकारको बढोत्तरी हुने र मुलुकमा असल अभ्यासले प्रोत्साहन पाउने हुन्छ । यस्तो अपेक्षित महत्वपूर्ण उपलब्धी हासिल गर्न सूचनाको हकसम्बन्धी ऐनले सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोगको व्यवस्था गरेको छ । यस्तो महत्वपूर्ण एवं गंम्भिर जिम्मेवारी आफ्नो काँधमा रहेको आयोग यो आदेश जारी गर्न विविध कारणले बाध्यात्मक स्थितिमा आई पुगेको छ ।

अर्थतन्त्रको मेरुदण्डका रुपमा रहेको बैंक तथा वित्तीय क्षेत्रले आम नागरिकमा अर्थोपार्जन गर्ने र बचत गर्ने बानीको विकास गर्दछ । यसैगरी आम जनताबाट संकलित निक्षेपलाई सुरक्षित र व्यवस्थित ढंगले उद्यमशीलता र व्यवसायिकताको क्षेत्रमा लगानी गरी मुलुकको आर्थिक क्रियाकलापलाई गतिशीलता प्रदान गर्न प्रत्यक्ष सघाउ पुऱ्याउँदछ । यसरी बैंकिङ्ग तथा वित्तीय क्षेत्रको कार्यसम्पादन र उद्देश्य एवं लक्ष्यसँग आम नागरिक परिचित हुन सकेमा अर्थतन्त्र निर्माणमा सबैलाई समेटन सकिने हुन्छ । यस्तो महत्वपूर्ण बैंकिङ्ग कारोबार गर्ने निकायहरुको नियमन र सुपरिवेक्षण गर्ने नेपाल राष्ट्र बैंकले आफू र आफ्नो मातहतका निकायमा सूचनाको हकसम्बन्धी कानूनले निर्दिष्ट गरेको दायित्व अनुकरणीय रुपमा सम्पादन गर्दा त्यसको सकारात्मक प्रभाव सबै बैंक तथा बित्तीय संस्थाहरुमा पर्ने स्वत: सिद्ध छ । यही सत्‌बिचारबाट निर्देशित भई २०७३ साल जेठ ७ गते राष्ट्रिय सूचना आयोग र नेपाल राष्ट्र बैंकको सहकार्यमा नेपाल राष्ट्र बैंकद्वारा इजाजत प्राप्त गरी नेपालमा कार्यरत बैंक तथा वित्तीय संस्था र उक्त बैंकद्वारा अनुगमन गरिने निकायका कार्यकारी प्रमुख तथा प्रतिनिधिसँग व्यापकरुपमा अन्तरक्रिया भएको थियो । सो अन्तरक्रियामा सबैले सूचनाको हकसम्बन्धी कानूनको प्रावधानलाई पालना गर्ने मौखिक प्रतिबद्धता व्यक्त गरे पनि आयोगमा प्राप्त भएका पुनरावेदन, सञ्चार माध्यममा प्रकाशित/प्रशारित बिषय र यस क्षेत्रका क्रियाकलापलाई सुक्ष्म रुपमा विश्लेषण गर्दा यस क्षेत्रको नियमनकारी निकाय नेपाल राष्ट्र बैंक र सो बैंकबाट ईजाजत प्राप्त गरी संचालनमा रहेका वाणिज्य बैंक ('क' वर्ग), विकास बैंक ('ख' वर्गको वित्तीय संस्था), वित्त कम्पनी ('ग' वर्गको वित्तीय संस्था), लघु वित्त वित्तीय संस्था ('घ' वर्गको वित्तीय संस्था), सहकारी संस्था (सिमित वैंकिङ्ग कारोवारमात्र), गैह्र सहकारी संस्था (लघुकर्जा कारोबार गर्ने) बीच सूचनाको हक सम्बन्धी कानुनको कार्यान्वयनमा न्यूनतम् रुपमा भएपनि समानताको स्थिति पैदा हुन वेश हुने भन्ने प्राप्त सुझावलाई समेत आत्मसात् गरी नेपाल राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाहरूले प्रस्तुत कानुन बमोजिम सम्पादन गर्नुपर्ने काम/जिम्मेवारीको पालनामा जानकारीको सुगमताका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ (ग) मा उल्लेखित 'नागरिकको जानकारीका लागि सूचना सार्वजनिक गर्न सार्वजनिक निकायलाई आदेश दिने' आयोगको कानुनी दायित्व अनुसार तीन/तीन महिनामा आफ्नो निकायसँग सम्बन्धित विवरण, नियमितरूपमा सार्वजनिक गर्न, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९(छ) मा उल्लेखित 'सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नका लागि आवश्यक अन्य उपयुक्त आदेश दिने' प्रावधान बमोजिम आफ्नो निकायको सूचना प्रवाह गर्न सूचना अधिकारी तोक्न र सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ (ख) मा रहेको 'त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामाग्री सम्बन्धी सूचना सूचिकृत गरी मिलाई राख्न आदेश दिने' आयोगको काम, कर्तव्य र अधिकारको दायराभित्र रही सूचना माग र सो उपर भएको कारवाहीको विवरणको छुट्टै अभिलेख राख्न देहाय बमोजिमको आदेश जारी गरिएको छ :

### १. प्रत्येक तीन/तीन महिनामा स्वत:प्रकाशन (Pro-Active Discloure) गर्ने

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ मा प्रत्येक सार्वजनिक निकायले आफ्नो निकाय सम्बन्धी सूचना अद्यावधिक गरी राख्नु पर्ने र तीन/तीन महिनामा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । साथै सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ मा पनि सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था छ । यसरी ऐन नियमले निर्दिष्ट गरेको विभिन्न २० वटा शीर्षकमा तपसिलको ढाँचामा नियमितरुपमा सूचना प्रकाशन गर्ने ।

### २. सूचना अधिकारी तोक्ने

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ को उपदफा (१) मा सार्वजनिक निकायले आफ्नो निकायमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनका लागि सूचना अधिकारी तोक्नु पर्ने व्यवस्था छ । कानून बमोजिम नागरिकले सूचना अधिकारी समक्ष सूचना माग गर्नुपर्ने र निजले सूचना उपलब्ध गराउनु पर्ने कानूनी व्यवस्था रहेकाले अविलम्ब सूचना अधिकारी तोकी तपसिलको ढाँचामा निजको विवरण सार्वजनिक गर्ने ।

३. **<u>सूचना माग गरेको र सूचना प्रवाह गरेको छुट्टै अभिलेख राख्ने</u>**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम आम नागरिकले सूचना मागको आग्रह गर्दा वा निवेदन दिई सूचना माग गर्न आउँदा त्यसलाई छुट्टै रजिष्ट्ररमा जनाई निस्सा दिनुपर्छ । तत् पश्चात माग अनुसारको सूचना दिई सोही व्यहोरा छुट्टै अभिलेखमा अद्यावधिक गरी राख्नु पर्छ । यदि सूचना दिन इन्कार गर्नु परेमा सो को कारण खुलाई सूचना मागकर्तालाई सो को जानकारी दिनुपर्छ । यी विषयलाई पनि तीन/तीन महिनामा सूचना सार्वजनिक गर्दा समेट्नु पर्ने कानूनी व्यवस्था छ । यी कानूनी व्यवस्थाको पालना र प्रभावकारी कार्यान्वयनका लागि तपसिलको ढाँचामा अभिलेख राख्ने व्यवस्था मिलाउने ।

**पुनश्चः-** यी आदेशहरुको तत् नेपाल राष्ट्र बैंक र मातहत कार्यालयबाट पालना गरिनुका साथै तहाँ बैंकद्वारा इजाजत प्राप्त गरी वा उक्त निकायबाट अनुगमन र सुपरिवेक्षणको दायरा भित्र रही संचालनमा रहेका वाणिज्य बैंक, बिकास बैंक, बित्त कम्पनी, लघु बित्तीय संस्था, सहकारी संस्था र गैह्र सहकारी संस्थाको नियमित अनुगमन र सुपरिवेक्षण गर्दा यी आदेशको पालनाको पक्षलाई पनि हेरी दिने व्यवस्था हुन समेत अनुरोध गरिन्छ ।

**<u>तपसिल</u>**

१ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

......................................(बैंक तथा वित्तीय संस्थाको नाम)

<u>विवरण सार्वजनिक गरेको अवधि............देखि................सम्म</u>

१. निकायको स्वरुप र प्रकृति

२. निकायको काम, कर्तव्य र अधिकार

३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

४. निकायबाट प्रदान गरिने सेवा

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

८. निर्णय उपर उजूरी सुन्ने अधिकारी

९. सम्पादन गरेको कामको विवरण

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद

११. ऐन, नियम, विनिमय वा निर्देशिकाको सूची

१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

१३. तोकिए बमोजिमका अन्य विवरण

१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण

१५. सार्वजनिक निकायको वेवसाईट भए सो को विवरण

१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र संझौता सम्बन्धी विवरण

१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन

१८ सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण

२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण ।

२ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ बमोजिम र नियमावली, २०६५ को नियम २४(क) बमोजिम सूचना अधिकारी तोकी निजको विवरण सार्वजनिक गर्ने फ्लेक्स वोर्ड वा अन्य उपयुक्त माध्यममा उल्लेख हुनुपर्ने व्यहोरा

............................................................(बैंक तथा वित्तीय संस्थाको नाम)

सूचना अधिकारी तोकिएको विवरण

**नाम -**
**फोटो-**
**सम्पर्क नम्बर-**

३ सूचनाको हक अन्तर्गत सूचना माग भएको र सूचना प्रवाह गरिएको अभिलेख

बैंक तथा वित्तीय संस्थाको नाम :-
प्रतिवेदनको अवधि :-

| क्र.सं. | सूचना माग गर्नेको नाम, ठेगाना र सूचना माग गरेको मिति | माग गरिएको सूचनाको संक्षिप्त विवरण | सूचना दिए नदिएको र सो निर्णयको मिति | कार्यालय प्रमुख वा सूचना अधिकारी मध्ये कुन तहबाट सूचना दिएको | सूचना नदिएको भए सो को कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(यशोदादेवी तिम्सिना)
सुचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ जेठ २५ रोज ३ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**निर्णय नं. ११२२-११४८**

श्री प्रमुख, दि ओरिएण्टल ई. कं. लि., डिल्लीवजार
श्री प्रमुख, राष्ट्रिय बीमा संस्थान, रामशाहपथ
श्री प्रमुख, नेशनल ईन्स्योरेन्स कं. लि., त्रिपुरेश्वर
श्री प्रमुख, नेशनल लाईफ इ. कं., नारायणचौर, नक्साल
श्री प्रमुख, हिमालयन जनरल इ. कं., बबरमहल
श्री प्रमुख, यूनाईटेड ई. कं.(नेपाल) लि., थापाथली
श्री प्रमुख, प्रिमियर ई. कं.(नेपाल) लि., नक्साल
श्री प्रमुख, एभरेष्ट ईन्स्योरेन्स कं. लि., हात्तिसार
श्री प्रमुख, नेको इन्सुरेन्स लि., अनामनगर
श्री प्रमुख, सगरमाथा इन्स्योरेन्स कं.लि., नक्साल, भगवतीबहाल
श्री प्रमुख, प्रभु इन्स्योरेन्स लि., तिनकुने
श्री प्रमुख, एन. वि. इन्सुरेन्स कं. लि., कमलादी
श्री प्रमुख, नेपाल लाइफ ई. कं. लि., हेरिटेज प्लाजा
श्री प्रमुख, लाइफ ई. कर्पोरेशन (नेपाल), काठमाडौंप्लाजा
श्री प्रमुख, मेट लाइफ, पुल्चोक
श्री प्रमुख, प्रुडेन्सियल ई. कं. लि., पुतलिसडक
श्री प्रमुख, शिखर इन्स्योरेन्स कं. लि., थापाथली
श्री प्रमुख, लुम्बिनी जनरल ई. कं. लि., ज्ञानेश्वर
श्री प्रमुख, एन एल जी इन्स्योरेन्स कं. लि., पानीपोखरी
श्री प्रमुख, सिद्धार्थ इन्स्योरेन्स लि., त्रिपुरेश्वर
श्री प्रमुख, एशियन लाईफ इन्स्योरेन्स कं. लि., डिल्लीवजार
श्री प्रमुख, सूर्या लाइफ इन्स्योरेन्स कं. लि., गैह्रीधारा
श्री प्रमुख, गुराँस लाइफ इन्स्योरेन्स कं. लि., तिनकुने
श्री प्रमुख, प्राइम लाइफ इन्स्योरेन्स कं. लि., हात्तिसार
श्री प्रमुख, राष्ट्रिय बीमा कं. लि., रामशापथ
श्री प्रमुख, नेपाल पुनर्बीमा कम्पनी लि., गौशाला
श्री प्रमुख, नेपाल ई. कं. लि., कमलादी

**विषय: सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम नियमितरुपमा त्यस निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी नियमितरुपमा प्रकाशन गर्नह सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ बमोजिम सूचना अधिकारीको व्यवस्था गर्न र त्यस निकाय एवं मातहत निकायमा सूचना मागका लागि परेका निवेदन उपर भएको कारवाहीको विवरण छुट्टै अभिलेखमा अद्यावधिक गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९(ग), (छ) र (ख) बमोजिम जारी भएको आदेश ।**

नेपालको संविधानले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको प्रत्याभूत गरेको छ । यसैगरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच रहने सुनिश्चितता प्रदान गरेको छ । ऐनमा सार्वजनिक

निकाय भन्नाले सरकारी निकाय, राजनैतिक दल, गैर सरकारी संस्था, निजी क्षेत्र तथा कानूनद्वारा स्थापित सार्वजनिक सेवा प्रदायक संगठित संस्थालाई समेटिएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ ले सार्वजनिक निकायका विभिन्न जिम्मेवारीहरू तोकेको छ । यीमध्ये महत्वपूर्ण दायित्वमा आफ्ना काम-कारवाही लोकतान्त्रिक पद्धति अनुरुप खुल्ला र पारदर्शि तुल्याउनु, नागरिकप्रति जवाफदेही र जिम्मेवारी वहन गर्नु, आफ्नो निकायमा रहेका सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज तुल्याउनु तथा नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न सूचनाको वर्गिकरण गर्नुपर्ने विषयहरू पर्दछन् । यसैगरी नागरिकले माग गरेको सूचनाप्रति उच्च सम्मान प्रकट गर्नु, सूचना प्रवाहमा सक्षम तुल्याउन आफ्ना कर्मचारीलाई तालीम दिनु, आफ्नो निकायसम्बन्धी कम्तिमा बीस वर्षसम्मका सूचना अद्यावधिक गरी राख्नु, प्रत्येक ३/३ महिनामा आफ्नो निकायसम्बन्धी विवरण सार्वजनिक गर्नु (Pro–Active Disclosure), यस बाहेक नागरिकबाट अतिरिक्त माग गरिने सूचना प्रवाह गर्न अधिकार र सूचना सम्पन्न सूचना अधिकारी तोक्नु, नागरिकबाट माग भएका सूचनामध्ये जीउ ज्यानको सुरक्षासँग सम्बन्धित भए चौबिस घण्टाभित्र र अन्य अवस्थामा अधिकतम् १५ दिनभित्र नागरिकले माग गरेकै स्वरुपमा सूचना उपलब्ध गराउनु सार्वजनिक निकायको कर्तव्य हो । यस अतिरिक्त सूचनाको हकसम्बन्धी ऐन र नियमावलीमा व्यवस्था भएबमोजिम सार्वजनिक निकायले सूचना प्रवाह गर्दा लाग्ने दस्तुर तोक्नु पर्ने, सो दस्तुर प्रत्येक २/२ वर्षमा पुनरावलोकन गर्नुपर्ने, नागरिकबाट राष्ट्रिय सूचना आयोगमा सूचना पाउन पुनरावेदन गरेमा आयोगको आदेश पालना गरी सूचना उपलब्ध गराउनु, आफूसँग रहेका व्यक्तिगत प्रकृतिका सूचनाहरु अनधिकृत प्रकाशन र प्रशारण नहुने गरी संरक्षण गर्नु, सूचनादाताको संरक्षण गर्नु र आफ्नो निकायमा रहेको कुनै सूचना गलत छ भन्ने लागेमा त्यस्तो सूचना सच्चाई दुरुस्त गर्नु पनि सार्वजनिक निकायको दायित्व, जिम्मेवारी र कर्तव्य हो । संविधान र कानुनद्वारा निर्दिष्ट यी सबै जिम्मेवारी पूर्ण रुपले पालना गर्नु सार्वजनिक निकायको कर्तव्य हो, यसमा आ^नो अनुकूल केही दायित्व पूरा गर्ने र केही दायित्व पूरा नगर्ने गरी कानुनले कुनै पनि सार्वजनिक निकायलाई फुर्सद दिएको स्थिति छैन । साथै यी कानुनले निर्दिष्ट गरेका आ^ना कर्तव्य पालना गर्न राष्ट्रिय सूचना आयोगले सार्वजनिक निकायलाई छुट्टै आदेश जारी गरिरहनु पर्ने अवस्था पनि होईन । तथापी यस विषयमा अनुभूत गरिएको जानकारीको अभाव लगायतका विविध पक्षलाई मनन गरी यो आदेश जारी गरिएको हो ।

नेपालको संविधानले आम जनतालाई मौलिक हक अन्तर्गत वाक तथा प्रकाशन स्वतन्त्रता प्रदान गरेको छ । आम नागरिकलाई सशक्तिकरण गर्ने, उत्तरदायी र जिम्मेवारपूर्ण शासन पद्धति संचालन गर्ने र सुशासनको माध्यमद्वारा आर्थिक सम्बृद्धि हासिल गर्ने राज्यको एकमात्र ध्येय हो । यी सबै पक्षको सबलीकरणबाट मुलुकमा लोकतन्त्र मजबूत हुँदै जान्छ। विश्वव्यापीरुपमा सूचनाको हकलाई लोकतन्त्रको प्राणवायुका रुपमा स्वीकार गरिएको छ । जसअनुसार सूचनाको हकको अधिकतम् प्रचलनले लोकतन्त्र स्थायी र मजबुत हुने, भ्रष्टाचार घट्ने, विधिको शासन कायम हुने, समानताको हकको पालनामा अभिवृद्धि हुने, मानव अधिकारको बढोत्तरी हुने र मुलुकमा असल अभ्यासले प्रोत्साहन पाउने हुन्छ । यस्तो अपेक्षित महत्वपूर्ण उपलब्धी हासिल गर्न सूचनाको हकसम्बन्धी ऐनले सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोगको व्यवस्था गरेको छ । यस्तो महत्वपूर्ण एवं गंम्भिर जिम्मेवारी आफ्नो काँधमा रहेको आयोग यो आदेश जारी गर्न विविध कारणले बाध्यात्मक स्थितिमा आई पुगेको छ ।

अर्थतन्त्रको मेरुदण्डका रुपमा रहेको बीमा क्षेत्रको मूल उद्देश्य प्राकृतिक तथा सामाजिक जोखिमबिरुद्ध आर्थिक सुरक्षा प्रदान गर्नु हो । यस क्षेत्रको महत्वबारे आम जनतालाई जानकारी गराई बीमाको सुरक्षाभित्र सबै आर्थिक क्रियाकलाप र जीवन बीमा लगायतका विषय समेट्ने प्रयास गर्नुपर्छ । हाल नेपालमा बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकासीत तथा नियन्त्रित गर्न नियामक निकायको रुपमा बीमा समिति कार्यरत छ यसैगरी पुनर्बीमा, जीवन बीमा र निर्जीवन बीमा व्यवसाय गर्न कम्पनीहरु क्रियाशील रहेका छन् । यसै सन्दर्भमा अर्थतन्त्रको एउटा महत्वपूर्ण पक्षमा रहेको बीमा क्षेत्रको व्यापक कार्यान्वयनका साथ मुलुकको संतुलित र दिगो आर्थिक विकास संभव छ । यही सद्बिचारबाट निर्देशित भई २०७२ माघ १५ गते राष्ट्रिय सूचना आयोग र बीमा समितिको सहकार्यमा बीमा समितिद्वारा इजाजत प्राप्त गरी नेपालमा कार्यरत पुनर्बीमा, जीवन बीमा र निर्जीवन बीमा कम्पनीका कार्यकारी प्रमुख तथा प्रतिनिधिहरुसँग बसी व्यापक रुपमा अन्तरक्रिया भएको थियो । सो अन्तरक्रियामा सबैबाट सूचनाको हकसम्बन्धी कानूनको प्राबधानलाई पालना गर्न मौखिक प्रतिबद्धता व्यक्त गरिए पनि आयोगमा प्राप्त भएका जानकारी, संचारमाध्यममा प्रकाशित/प्रशारित बिषय र यस क्षेत्रका क्रियाकलापलाई सुक्ष्मरुपमा बिश्लेषण गर्दा यस क्षेत्रको नियमनकारी निकाय बीमा समितिबाट इजाजत प्राप्त गरी संचालनमा रहेका पुनर्बीमा, जीवन बीमा र निर्जीबन बीमा कम्पनीबीच सूचनाको हकसम्बन्धी कानूनको कार्यन्वयनमा न्यूनतमरुपमा भए पनि

समानताको स्थिति पैदा गर्न उपयुक्त हुने भन्ने प्राप्त सुझावलाई समेत आत्मसात गरी बीमा समिति र बीमा कम्पनीहरुले प्रस्तुत कानून बमोजिम जिम्मेवारीको पालनामा जानकारीको सुगमताका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ (ग) मा उल्लेखित 'नागरिकको जानकारीका लागि सूचना सार्वजनिक गर्न सार्वजनिक निकायलाई आदेश दिने' आयोगको कानुनी दायित्व अनुसार तीन/तीन महिनामा आफ्नो निकायसँग सम्बन्धित विवरण, नियमितरूपमा सार्वजनिक गर्न, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९(छ) मा उल्लेखित 'सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नका लागि आवश्यक अन्य उपयुक्त आदेश दिने' प्रावधान बमोजिम आफ्नो निकायको सूचना प्रवाह गर्न सूचना अधिकारी तोक्न र सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ (ख) मा रहेको 'त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामाग्री सम्बन्धी सूचना सूचिकृत गरी मिलाई राख्न आदेश दिने' आयोगको काम, कर्तव्य र अधिकारको दायराभित्र रही सूचना माग र सो उपर भएको कारवाहीको विवरणको छुट्टै अभिलेख राख्न देहाय बमोजिमको आदेश जारी गरिएको छ ।

## १. प्रत्येक तीन/तीन महिनामा स्वत:प्रकाशन (Pro-Active Discloure) गर्ने

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ मा प्रत्येक सार्वजनिक निकायले आ˜नो निकाय सम्बन्धी सूचना अद्यावधिक गरी राख्नु पर्ने र तीन/तीन महिनामा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । साथै सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ मा पनि सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था छ । यसरी ऐन नियमले निर्दिष्ट गरेको विभिन्न २० वटा शीर्षकमा तपसिलको ढाँचामा नियमितरुपमा सूचना प्रकाशन गर्ने ।

## २. सूचना अधिकारी तोक्ने

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ को उपदफा (१) मा सार्वजनिक निकायले आफ्नो निकायमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनका लागि सूचना अधिकारी तोक्नु पर्ने व्यवस्था छ । कानून बमोजिम नागरिकले सूचना अधिकारी समक्ष सूचना माग गर्नुपर्ने र निजले सूचना उपलब्ध गराउनु पर्ने कानूनी व्यवस्था रहेकाले अविलम्ब सूचना अधिकारी तोकी तपसिलको ढाँचामा निजको विवरण सार्वजनिक गर्ने ।

## ३. सूचना माग गरेको र सूचना प्रवाह गरेको छुट्टै अभिलेख राख्ने

सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम आम नागरिकले सूचना मागको आग्रह गर्दा वा निवेदन दिई सूचना माग गर्न आउँदा त्यसलाई छुट्टै रजिष्ट्ररमा जनाई निस्सा दिनुपर्छ । तत् पश्चात माग अनुसारको सूचना दिई सोही व्यहोरा छुट्टै अभिलेखमा अद्यावधिक गरी राख्नु पर्छ । यदि सूचना दिन इन्कार गर्नु परेमा सो को कारण खुलाई सूचना मागकर्तालाई सो को जानकारी दिनुपर्छ । यी विषयलाई पनि तीन/तीन महिनामा सूचना सार्वजनिक गर्दा समेट्नु पर्ने कानूनी व्यवस्था छ । यी कानूनी व्यवस्थाको पालना र प्रभावकारी कार्यान्वयनका लागि तपसिलको ढाँचामा अभिलेख राख्ने व्यवस्था मिलाउने ।

### तपसिल

१ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

..................................(पुर्नबीमा, जीवन बीमा, निर्जीवन बीमा कम्पनीको नाम)

विवरण सार्वजनिक गरेको अवधि............देखि................सम्म

१. निकायको स्वरुप र प्रकृति
२. निकायको काम, कर्तव्य र अधिकार
३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण
४. निकायबाट प्रदान गरिने सेवा
५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी
६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि
७. निर्णय गर्ने प्रक्रिया र अधिकारी
८. निर्णय उपर उजुरी सुन्ने अधिकारी
९. सम्पादन गरेको कामको विवरण
१०. सूचना अधिकारी र प्रमुखको नाम र पद

११. ऐन, नियम, विनिमय वा निर्देशिकाको सूची
१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण
१३. तोकिए बमोजिमका अन्य विवरण
१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण
१५. सार्वजनिक निकायको वेवसाईट भए सो को विवरण
१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र संझौता सम्बन्धी विवरण
१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन
१८. सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि
१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण
२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण ।

२ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ बमोजिम र नियमावली, २०६५ को नियम २४(क) बमोजिम सूचना अधिकारी तोकी निजको विवरण सार्वजनिक गर्ने ^लेक्स वोर्ड वा अन्य उपयुक्त माध्यममा उल्लेख हुनुपर्ने व्यहोरा

.................................................... ( पुनर्बीमा, जीवन बीमा, निर्जीवन बीमा कम्पनीको नाम )

<u>सूचना अधिकारी तोकिएको विवरण</u>

**नाम -**
**फोटो-**
**सम्पर्क नम्बर-**

३ सूचनाको हक अन्तर्गत सूचना माग भएको र सूचना प्रवाह गरिएको अभिलेख

................................(पुनर्बीमा, जीवन बीमा, निर्जीवन बीमा कम्पनीको नाम)

**प्रतिवेदनको अवधि :-**

| क.सं. | सूचना माग गर्नेको नाम, ठेगाना र सूचना माग गरेको मिति | माग गरिएको सूचनाको संक्षिप्त विवरण | सूचना दिए नदिएको र सो निर्णयको मिति | कार्यालय प्रमुख वा सूचना अधिकारी मध्ये कुन तहबाट सूचना दिएको | सूचना नदिएको भए सो को कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(यशोदादेवी तिम्सिना)
सुचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ जेठ ३१ रोज २ शुभम् ।

# राष्ट्रिय सूचना आयोग
## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

**निर्णय नं. ११४९**

**श्री अध्यक्ष, बीमा समिति, कुपण्डोल, ललितपुर ।**

**विषय: सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम नियमितरुपमा त्यस निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी नियमितरुपमा प्रकाशन गर्नह सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ बमोजिम सूचना अधिकारीको व्यवस्था गर्न र त्यस निकाय एवं मातहत निकायमा सूचना मागका लागि परेका निवेदन उपर भएको कारवाहीको विवरण छुट्टै अभिलेखमा अद्यावधिक गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९(ग), (छ) र (ख) बमोजिम जारी भएको आदेश ।**

नेपालको संविधानले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको प्रत्याभूत गरेको छ । यसैगरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच रहने सुनिश्चितता प्रदान गरेको छ । ऐनमा सार्वजनिक निकाय भन्नाले सरकारी निकाय, राजनैतिक दल, गैर सरकारी संस्था, निजी क्षेत्र तथा कानूनद्वारा स्थापित सार्वजनिक सेवा प्रदायक संगठित संस्थालाई समेटिएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ ले सार्वजनिक निकायका विभिन्न जिम्मेवारीहरू तोकेको छ । यीमध्ये महत्वपूर्ण दायित्वमा आफ्ना काम-कारवाही लोकतान्त्रिक पद्धति अनुरुप खुल्ला र पारदर्शि तुल्याउनु, नागरिकप्रति जवाफदेही र जिम्मेवारी वहन गर्नु, आफ्नो निकायमा रहेका सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज तुल्याउनु तथा नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न सूचनाको वर्गिकरण गर्नुपर्ने विषयहरू पर्दछन् । यसैगरी नागरिकले माग गरेको सूचनाप्रति उच्च सम्मान प्रकट गर्नु, सूचना प्रवाहमा सक्षम तुल्याउन आफ्ना कर्मचारीलाई तालीम दिनु, आफ्नो निकायसम्बन्धी कम्तिमा बीस वर्षसम्मका सूचना अद्यावधिक गरी राख्नु, प्रत्येक ३/३ महिनामा आफ्नो निकायसम्बन्धी विवरण सार्वजनिक गर्नु (Pro–Active Disclosure), यस बाहेक नागरिकबाट अतिरिक्त माग गरिने सूचना प्रवाह गर्न अधिकार र सूचना सम्पन्न सूचना अधिकारी तोक्नु, नागरिकबाट माग भएका सूचनामध्ये जीउ ज्यानको सुरक्षासँग सम्बन्धित भए चौबिस घण्टाभित्र र अन्य अवस्थामा अधिकतम् १५ दिनभित्र नागरिकले माग गरेकै स्वरुपमा सूचना उपलब्ध गराउनु सार्वजनिक निकायको कर्तव्य हो । यस अतिरिक्त सूचनाको हकसम्बन्धी ऐन र नियमावलीमा व्यवस्था भएबमोजिम सार्वजनिक निकायले सूचना प्रवाह गर्दा लाग्ने दस्तुर तोक्नु पर्ने, सो दस्तुर प्रत्येक २/२ वर्षमा पुनरावलोकन गर्नुपर्ने, नागरिकबाट राष्ट्रिय सूचना आयोगमा सूचना पाउन पुनरावेदन गरेमा आयोगको आदेश पालना गरी सूचना उपलब्ध गराउनु, आफूसँग रहेका व्यक्तिगत प्रकृतिका सूचनाहरु अनधिकृत प्रकाशन र प्रशारण नहुने गरी संरक्षण गर्नु, सूचनादाताको संरक्षण गर्नु र आफ्नो निकायमा रहेको कुनै सूचना गलत छ भन्ने लागेमा त्यस्तो सूचना सच्चाई दुरुस्त गर्नु पनि सार्वजनिक निकायको दायित्व, जिम्मेवारी र कर्तव्य हो । संविधान र कानुनद्वारा निर्दिष्ट यी सबै जिम्मेवारी पूर्ण रुपले पालना गर्नु सार्वजनिक निकायको कर्तव्य हो, यसमा आफ्नो अनुकूल केही दायित्व पूरा गर्ने र केही दायित्व पूरा नगर्ने गरी कानुनले कुनै पनि सार्वजनिक निकायलाई फुर्सद दिएको स्थिति छैन । साथै यी कानुनले निर्दिष्ट गरेका आफ्ना कर्तव्य पालना गर्न राष्ट्रिय सूचना आयोगले सार्वजनिक निकायलाई छुट्टै आदेश जारी गरिरहनु पर्ने अवस्था पनि होईन । तथापी यस विषयमा अनुभूत गरिएको जानकारीको अभाव लगायतका विविध पक्षलाई मनन गरी यो आदेश जारी गरिएको हो ।

नेपालको संविधानले आम जनतालाई मौलिक हक अन्तर्गत वाक तथा प्रकाशन स्वतन्त्रता प्रदान गरेको छ । आम नागरिकलाई सशक्तिकरण गर्ने, उत्तरदायी र जिम्मेवारपूर्ण शासन पद्धति संचालन गर्ने र सुशासनको माध्यमद्वारा आर्थिक सम्बृद्धि हासिल गर्ने राज्यको एकमात्र ध्येय हो । यी सबै पक्षको सबलीकरणबाट मुलुकमा लोकतन्त्र मजबूत हुँदै जान्छ । विश्वव्यापीरुपमा सूचनाको हकलाई लोकतन्त्रको प्राणवायुका रुपमा स्वीकार गरिएको

छ । जसअनुसार सूचनाको हकको अधिकतम् प्रचलनले लोकतन्त्र स्थायी र मजबुत हुने, भ्रष्टाचार घट्ने, विधिको शासन कायम हुने, समानताको हकको पालनामा अभिवृद्धि हुने, मानव अधिकारको बढोत्तरी हुने र मुलुकमा असल अभ्यासले प्रोत्साहन पाउने हुन्छ । यस्तो अपेक्षित महत्वपूर्ण उपलब्धी हासिल गर्न सूचनाको हकसम्बन्धी ऐनले सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोगको व्यवस्था गरेको छ । यस्तो महत्वपूर्ण एवं गंम्भिर जिम्मेवारी आफ्नो काँधमा रहेको आयोग यो आदेश जारी गर्न विविध कारणले बाध्यात्मक स्थितिमा आई पुगेको छ ।

अर्थतन्त्रको मेरुदण्डका रुपमा रहेको बीमा क्षेत्रको मूल उद्देश्य प्राकृतिक तथा सामाजिक जोखिमबिरुद्ध आर्थिक सुरक्षा प्रदान गर्नु हो । यस क्षेत्रको महत्वबारे आम जनतालाई जानकारी गराई बीमाको सुरक्षाभित्र सबै आर्थिक कियाकलाप र जीवन बीमा लगायतका विषय समेट्ने प्रयास गर्नुपर्छ । हाल नेपालमा बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकासीत तथा नियन्त्रित गर्न नियामक निकायको रुपमा बीमा समिति कार्यरत छ । यसैगरी पुनर्बीमा, जीवन बीमा र निर्जीवन बीमा व्यवसाय गर्न कम्पनीहरु कियाशील रहेका छन् । यसै सन्दर्भमा अर्थतन्त्रको एउटा महत्वपूर्ण पक्षमा रहेको बीमा क्षेत्रको व्यापक कार्यान्वयनका साथ मुलुकको संतुलित र दिगो आर्थिक विकास संभव छ । यस्तो महत्वपूर्ण प्राकृतिक तथा सामाजिक जोखिमबिरुद्ध आर्थिक सुरक्षा प्रदान गर्ने निकायहरुको नियमन र सुपरिवेक्षण गर्ने बीमा समितिले आफू र आफ्नो मातहतका निकायमा सूचनाको हकसम्बन्धी कानूनले निर्दिष्ट गरेको दायित्व अनुकरणीयरुपमा सम्पादन गर्दा त्यसको सकारात्मक प्रभाव सबै बीमा कम्पनीहरुमा पर्ने स्वत: सिद्ध छ । यही सद्बिचारबाट निर्देशित भई २०७२ माघ १५ गते राष्ट्रिय सूचना आयोग र बीमा समितिको सहकार्यमा बीमा समितिद्वारा इजाजत प्राप्त गरी नेपालमा कार्यरत पुनर्बीमा, जीवन बीमा र निर्जीवन बीमा कम्पनीका कार्यकारी प्रमुख तथा प्रतिनिधिहरुसँग बसी व्यापक रुपमा अन्तरकिया भएको थियो । सो अन्तरकियामा सबैबाट सूचनाको हकसम्बन्धी कानूनको प्राबधानलाई पालना गर्न मौखिक प्रतिबद्धता व्यक्त गरिए पनि आयोगमा प्राप्त भएका जानकारी, संचारमाध्यममा प्रकाशित/प्रशारित बिषय र यस क्षेत्रका कियाकलापलाई सुक्ष्मरुपमा बिश्लेषण गर्दा यस क्षेत्रको नियमनकारी निकाय बीमा समिति र उक्त समितिबाट इजाजत प्राप्त गरी संचालनमा रहेका पुनर्बीमा, जीवन बीमा र निर्जीबन बीमा कम्पनीबीच सूचनाको हकसम्बन्धी कानूनको कार्यन्वयनमा न्यूनतमरुपमा भए पनि समानताको स्थिति पैदा गर्न उपयुक्त हुने भन्ने प्राप्त सुझावलाई समेत आत्मसात गरी बीमा समिति र बीमा कम्पनीहरुले प्रस्तुत कानून बमोजिम जिम्मेवारीको पालनामा जानकारीको सुगमताका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ (ग) मा उल्लेखित 'नागरिकको जानकारीका लागि सूचना सार्वजनिक गर्न सार्वजनिक निकायलाई आदेश दिने' आयोगको कानुनी दायित्व अनुसार तीन/तीन महिनामा आफ्नो निकायसँग सम्बन्धित विवरण, नियमितरूपमा सार्वजनिक गर्न, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९(छ) मा उल्लेखित 'सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नका लागि आवश्यक अन्य उपयुक्त आदेश दिने' प्रावधान बमोजिम आफ्नो निकायको सूचना प्रवाह गर्न सूचना अधिकारी तोक्न र सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ (ख) मा रहेको 'त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामाग्री सम्बन्धी सूचना सूचिकृत गरी मिलाई राख्न आदेश दिने' आयोगको काम, कर्तव्य र अधिकारको दायराभित्र रही सूचना माग र सो उपर भएको कारवाहीको विवरणको छुट्टै अभिलेख राख्न देहाय बमोजिमको आदेश जारी गरिएको छ ।

## १. प्रत्येक तीन/तीन महिनामा स्वत:प्रकाशन (Pro-Active Discloure) गर्ने

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ मा प्रत्येक सार्वजनिक निकायले आफ्नो निकाय सम्बन्धी सूचना अद्यावधिक गरी राख्नु पर्ने र तीन/तीन महिनामा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । साथै सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ मा पनि सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था छ । यसरी ऐन नियमले निर्दिष्ट गरेको विभिन्न २० वटा शीर्षकमा तपसिलको ढाँचामा नियमितरुपमा सूचना प्रकाशन गर्ने ।

## २. सूचना अधिकारी तोक्ने

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ को उपदफा (१) मा सार्वजनिक निकायले आफ्नो निकायमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनका लागि सूचना अधिकारी तोक्नु पर्ने व्यवस्था छ । कानून बमोजिम नागरिकले सूचना अधिकारी समक्ष सूचना माग गर्नुपर्ने र निजले सूचना उपलब्ध गराउनु पर्ने कानूनी व्यवस्था रहेकाले अविलम्ब सूचना अधिकारी तोकी तपसिलको ढाँचामा निजको विवरण सार्वजनिक गर्ने ।

३. **<u>सूचना माग गरेको र सूचना प्रवाह गरेको छुट्टै अभिलेख राख्ने</u>**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम आम नागरिकले सूचना मागको आग्रह गर्दा वा निवेदन दिई सूचना माग गर्न आउँदा त्यसलाई छुट्टै रजिष्ट्ररमा जनाई निस्सा दिनुपर्छ । तत् पश्चात माग अनुसारको सूचना दिई सोही व्यहोरा छुट्टै अभिलेखमा अद्यावधिक गरी राख्नु पर्छ । यदि सूचना दिन इन्कार गर्नु परेमा सो को कारण खुलाई सूचना मागकर्तालाई सो को जानकारी दिनुपर्छ । यी विषयलाई पनि तीन/तीन महिनामा सूचना सार्वजनिक गर्दा समेट्नु पर्ने कानूनी व्यवस्था छ । यी कानूनी व्यवस्थाको पालना र प्रभावकारी कार्यान्वयनका लागि तपसिलको ढाँचामा अभिलेख राख्ने व्यवस्था मिलाउने ।

**पुनश्चः-** यी आदेशहरुको तत् निकायबाट अनुगमन र सुपरिवेक्षणको दायरा भित्र रही संचालनमा रहेका पुनर्बीमा, जीवन बीमा र निर्जीवन बीमा कम्पनीको नियमित अनुगमन र सुपरिवेक्षण गर्दा यी आदेशको पालनाको पक्षलाई पनि हेरी दिने व्यवस्था हुन समेत अनुरोध गरिन्छ ।

**<u>तपसिल</u>**

१ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

..................................(पुर्नबीमा, जीवन बीमा, निर्जीवन बीमा कम्पनीको नाम)

<u>विवरण सार्वजनिक गरेको अवधि.............देखि................सम्म</u>

१. निकायको स्वरुप र प्रकृति
२. निकायको काम, कर्तव्य र अधिकार
३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण
४. निकायबाट प्रदान गरिने सेवा
५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी
६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि
७. निर्णय गर्ने प्रक्रिया र अधिकारी
८. निर्णय उपर उजूरी सुन्ने अधिकारी
९. सम्पादन गरेको कामको विवरण
१०. सूचना अधिकारी र प्रमुखको नाम र पद
११. ऐन, नियम, विनिमय वा निर्देशिकाको सूची
१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण
१३. तोकिए बमोजिमका अन्य विवरण
१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण
१५. सार्वजनिक निकायको वेवसाईट भए सो को विवरण
१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र संझौता सम्बन्धी विवरण
१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन
१८. सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि
१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण
२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण ।

२. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ बमोजिम र नियमावली, २०६५ को नियम २४(क) बमोजिम सूचना अधिकारी तोकी निजको विवरण सार्वजनिक गर्ने फ्लेक्स वोर्ड वा अन्य उपयुक्त माध्यममा उल्लेख हुनुपर्ने व्यहोरा

.................................................. ( पुनर्बीमा, जीवन बीमा, निर्जीवन बीमा कम्पनीको नाम )

सूचना अधिकारी तोकिएको विवरण

**नाम -**

**फोटो-**

**सम्पर्क नम्बर-**

३. सूचनाको हक अन्तर्गत सूचना माग भएको र सूचना प्रवाह गरिएको अभिलेख

.........................................................(पुनर्बीमा, जीवन बीमा, निर्जीवन बीमा कम्पनीको नाम)

**प्रतिवेदनको अवधि :-**

| क.सं. | सूचना माग गर्नेको नाम, ठेगाना र सूचना माग गरेको मिति | माग गरिएको सूचनाको संक्षिप्त विवरण | सूचना दिए नदिएको र सो निर्णयको मिति | कार्यालय प्रमुख वा सूचना अधिकारी मध्ये कुन तहबाट सूचना दिएको | सूचना नदिएको भए सो को कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(यशोदादेवी तिम्सिना)
सुचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ जेठ ३१ रोज २ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६६४/२०७२/०७३**
**निर्णय नं.:- ११७०**

जिल्ला चितवन, खैरहनी २, बिकास पौडेल ............................................................१ पुनरावेदक

**विरूद्ध**

कार्यकारी अधिकृत, खैरहनी नगरपालिका कार्यालय, चितवन .......................................... १ विपक्षी
सूचना अधिकारी, खैरहनी नगरपालिका कार्यालय, चितवन .................................................. १

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला चितवन, खैरहनी २, बिकास पौडेलल खैरहनी नगरपालिका कार्यालय, चितवन समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०३।०५ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिँदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी खैरहनी नगरपालिका कार्यालय, चितवनको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. खैरहनी नगरपालिकाद्वारा पारित आगामी आर्थिक बर्ष २०७३/७४ को नीति, योजना तथा कार्यक्रमको विवरण ।
२. चालु आर्थिक बर्ष २०७२/०७३ अन्तर्गत हालसम्म सम्पन्न भएको योजनाहरुको विवरण ।
३. खैरहनी नगरपालिका वडा नं. २ को वडा नागरिक मञ्च गठन गर्दाको माइन्यूटको प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल असार १२ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ५९५/२०७२/०७३**

**निर्णय नं.:- ११७१**

जिल्ला रौतहट औरया गा.वि.स. वडा नं. ५ बस्ने जयप्रकाश साह समेत .........................२ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, गाउँ विकास समितिको कार्यालय, औरया, रौतहट ....................................१ विपक्षी

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला रौतहट औरया गा.वि.स. वडा नं. २ बस्ने जयप्रकाश साह र धमेन्द्र साह समेतले गाउँ विकास समितिको कार्यालय, औरया, रौतहट समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी जिल्ला प्रशासन कार्यालय, रौतहट मार्फत् यस आयोग समक्ष मिति २०७३।०२।२० मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी गाउँ विकास समितिको कार्यालय, औरया, रौतहटका कार्यालय प्रमुखको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. गाउँ विकास समितिको लेखापरीक्षण प्रतिवेदन, २०६४ देखि २०७१ सम्मको विवरण ।

२. गाउँ परिषद्को २०६४ देखि २०७१ सम्मको निर्णयको विवरण ।

३. गाउँ विकास समितिबाट वितरित सामाजिक सुरक्षा भत्तासम्बन्धी २०६४ देखि २०७१ सम्मको विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल असार १२ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६५६/२०७२/०७३**

**निर्णय नं.:- ११७२**

जिल्ला सर्लाही गा. वि. स. गोडैता व. नं. ४ घर भई
हाल जिल्ला सर्लाही न. पा. मलंगवा ८ बस्ने उग्रकान्त झा ..........................................१ पुनरावेदक

**विरूद्ध**

जिल्ला शिक्षा अधिकारी, जिल्ला शिक्षा कार्यालय, सर्लाही मलंगवा ......................................१ विपक्षी
सूचना अधिकारी, जि. शि. का. सर्लाही मलंगवा ......................................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला सर्लाही गा. वि. स. गोडैता व. नं. ४ घर भई हाल जिल्ला सर्लाही न. पा. मलंगवा ८ बस्ने उग्रकान्त झाले जिल्ला शिक्षा कार्यालय, सर्लाही मलंगवा समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०२।२३ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला शिक्षा कार्यालय, सर्लाही मलंगवाको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. २०७२ पौष मसान्तसम्म (कम्तिमा) कायम रहेका विद्यालय व्यवस्थापन समिति र विद्यालयहरुको नामावली ।
२. आ. ब. २०७१।०७२ र सो आ. ब. भन्दा अघिल्लो आ. ब. हरुको बाँकी अबधिको लागि लेखा परीक्षण गर्न त्यहाँबाट सूचना प्रकाशित भएकोमा सो सूचनाको प्रतिलिपि र सूचना प्रकाशित भएको माध्यमसम्बन्धी विवरण ।
३. बुँदा नं. २ को आधारमा परेको निवेदन (फर्म वा लेखापरीक्षक) सम्बन्धी विवरण ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल असार १२ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६५५/२०७२/०७३**
**निर्णय नं. १२१५**

बाँके जिल्ला कटकुइया वार्ड नं.-०२ बस्ने अरुण कुमार तिवारी ....................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, हुलाकी राजमार्ग योजना कार्यालय, नेपालगंज, बाँके ..................................१ विपक्षी

सूचना अधिकारी, हुलाकी राजमार्ग योजना कार्यालय, नेपालगंज, बाँके ....................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

बाँके जिल्ला कटकुइया वार्ड नं.-०२ बस्ने अरुण कुमार तिवारीले हुलाकी राजमार्ग योजना कार्यालय, नेपालगंज, बाँके समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०२।१७ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी हुलाकी राजमार्ग योजना कार्यालय, नेपालगंज, बाँकेको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

१. हुलाकी राजमार्ग कटकुइयादेखि नेपालगंजसम्म कति कि. मि.को सडक बनाउने योजना छ ? सो योजनाको डिजाइन स्टिमेट र बजेट समेतको पुर्ण विवरण र उक्त योजना कहिले शुरु हुने हो र कहिले सम्पन्न हुने हो सोसम्बन्धी विवरण ।
२. उक्त योजना शुरु हुनु भन्दा पुर्व सरोकारवाला र स्थानिय जनतालाई सोको जानकारी गराउने मिति र प्रक्रियासम्बन्धी विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल असार १९ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

## मु.नं. ६५९/२०७२/०७३

## निर्णय नं. १२१६

जिल्ला धनकुटा, धनकुटा नगरपालिका वडा नं. ३ कचिँडे घर भई हाल धनकुटा बहुमुखी क्याम्पस, धनकुटामा कार्यरत ठाकुरप्रसाद बराल ............................ ............................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, धनकुटा बहुमुखी क्याम्पस, धनकुटा ..............................................१ विपक्षी
सूचना अधिकारी, धनकुटा बहुमुखी क्याम्पस, धनकुटा

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला धनकुटा, धनकुटा नगरपालिका वडा नं. ३ कचिँडे घर भई हाल धनकुटा बहुमुखी क्याम्पस, धनकुटामा कार्यरत ठाकुरप्रसाद बरालले धनकुटा बहुमुखी क्याम्पस, धनकुटा समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०२।३२ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी धनकुटा बहुमुखी क्याम्पस, धनकुटाको प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. धनकुटा बहुमुखी क्याम्पस कम्पाउण्ड भित्र रहेका करीब ५०० रुद्राक्षको यस बर्षको फल बिक्री गर्न क्याम्पस कार्य समितिले गरेका निर्णयहरु र बिक्री गर्दा अपनाइएका प्रक्रिया, टेण्डर कोटेशन तथा लिलाम बढाबढ भएका कागजातहरुका विवरण ।
२. त्रि वि बाट आ ब २०७१/७२ को लेखा परीक्षण पश्चात् दिएका निर्देशनहरुका विवरण ।
३. क्याम्पसका नाममा झापा वैगुन्धुरामा रहेका जग्गाबाट २०७२ सालको बाली उठाउँदाको प्रक्रिया, वालीबाट उठेको रकम र गौरादह एवं दमक उद्योग वाणिज्य संघले उपलब्ध गराएको दरसम्बन्धी विवरणहरु ।
४. क्याम्पसका नाममा रहेको बैंक मौज्दात रकमको विवरण ।
५. क्याम्पसको १५ नम्बर हलमा पुस्तकालय सार्ने निर्णयको विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल असार १९ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६५३/२०७२/०७३**

**निर्णय नं. १२१७**

रौतहट जिल्ला, गा. वि. स. पचरुखी वडा नं. ८, हाल गौर न. पा. ४ बस्ने शैलेन्द्र झा .......१ पुनरावेदक

**विरूद्ध**

कार्यकारी अधिकारी, गरुडा न. पा., रौतहट ..........................................................१ विपक्षी
सूचना अधिकारी, गरुडा न. पा., रौतहट ..................................................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

रौतहट जिल्ला, गा. वि. स. पचरुखी वडा नं. ८, हाल गौर न. पा. ४ बस्ने शैलेन्द्र झाले गरुडा न. पा. रौतहट समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०२।२० मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी गरुडा न. पा., रौतहटको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. गरुडा नगरपालिकाको आ. ब. २०७०/७१ र २०७१/७२ को बजेट र खर्चको विवरण ।

२. गरुडा नगरपालिकाको आ. ब. २०७०/७१ र २०७१/७२ मा प्रशासनिक खर्चको विवरण ।

३. गरुडा नगरपालिकाको दरबन्दी विवरण र कार्यरत स्थायी कर्मचारीको नाम अस्थायी, करार कर्मचारीको नामावली र ती पदमा नियुक्तिको प्रक्रियासम्बन्धी बिवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल असार १९ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ५८४/२०७२/०७३**
**निर्णय नं. १२५०**

दोलखा जिल्ला सुन्द्रावती- हाल श्री नेपाल वेदविद्याश्रम संस्कृत माध्यमिक विद्यालय, वनकाली, गौशालाका गोविन्दप्रसाद दाहाल ......................................................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, कृषि विकास बैंक लिमिटेड, रामशाहपथ, काठमाडौं ..............................१ विपक्षी
सूचना अधिकारी, कृषि विकास बैंक लिमिटेड, रामशाहपथ, काठमाडौं ..............................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

दोलखा जिल्ला सुन्द्रावती- हाल श्री नेपाल वेदविद्याश्रम संस्कृत माध्यमिक विद्यालय, वनकाली, गौशालाका गोविन्दप्रसाद दाहालले कृषि विकास बैंक लिमिटेड, रामशाहपथ, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०८।०८ मा पुनरावेदन गरेको । प्रस्तुत सम्बन्धमा राष्ट्रिय सूचना आयोगको मिति २०७२।१०।०३ को आदेश बमोजिम माग भएको सूचना उपलब्ध गराउन कृषि बिकास बैंकका कार्यालयका प्रमुख र सूचना अधिकारीको नाममा मिति २०७२।१०।०८ मा पत्र लेखी गएको ।

तत् पश्चात कृषि विकास बैंक लि. को च. नं. ४८४ मिति २०७२।१२।१२ को पत्रबाट आयोगको आदेश कार्यान्वयन सम्बन्धमा सूचना उपलब्ध गराउन सकिने वा नसकिने सम्बन्धमा बैंकको प्रचलनमा रहेको कर्मचारी सेवा विनियमावली र पदपूर्ति सम्बन्धी कार्यविधिले व्यवस्था नगरेको हुँदा सूचना उपलब्ध गराउन मिल्ने वा नमिल्ने सम्बन्धमा लोकसेवा आयोगसँग निर्देशन सहितको सहयोग माग गरी यस आयोगलाई बोधार्थ दिएको पत्र प्राप्त हुन आएको ।

हाल लोक सेवा आयोगले परीक्षार्थीले प्राप्त गरेको प्राप्ताङ्क सम्बन्धित उम्मेदवारले हेर्न मिल्ने गरी व्यवस्था गरेको व्यहोरा लोक सेवा आयोगको वेव साइटबाट जानकारी भएको । नेपाल बैंक लिमिटेडले यस्तै प्रकृतिको मुद्धामा परीक्षार्थीले प्राप्त गरेको अङ्कसहित नतिजा उपलब्ध गराएको छ । प्रस्तुत सन्दर्भमा वस्तुस्थितिको बिश्लेषण गर्दा कृषि विकास बैंक लि.ले माग गरेको सूचना उपलब्ध गराउन नपर्ने कुनै कारण र तर्क देखिँदैन । यस आयोगको आदेश जारी भएको लामो समयसम्म पनि पुनरावेदकलाई सूचना उपलब्ध गराएको जानकारी हुन नआएकोले के कति कारणले सूचना उपलब्ध गराउन आनाकानी गरेको हो ? सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को सजाय तर्फ आयोगले विचार गर्नु पर्ने हो कि ? यसर्थ यत्ती लामो अवधिसम्म सूचना उपलब्ध नगराउनुको स्पष्ट कारण यस आयोगमा पठाउन र यस आयोगको मिति २०७२।१०।०३ को आदेश अनुसार ७ दिन भित्र सूचना उपलब्ध गराउनू भनी कृषि विकास बैंक लिमिटेड, रामशाहपथ, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल असार २० गते रोज २ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**

**सूचना आयुक्त किरणकुमार पोखरेल**

**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६६३/२०७२/०७३**

**निर्णय नं. १२९१**

जिल्ला सप्तरी, तिलाठी गा. वि. स. वडा नं. ४, राम लखन यादव ...............................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जल उत्पन्न व्यवस्थापन विभाग, पुल्चोक, ललितपुर ................................१ विपक्षी

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला सप्तरी, तिलाठी गा. वि. स. वडा नं. ४, राम लखन यादवले जल उत्पन्न व्यवस्थापन विभाग, पुल्चोक, ललितपुर समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०२।२५ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिँदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जल उत्पन्न व्यवस्थापन विभाग, पुल्चोक, ललितपुरको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. तिलाठी गा. वि. स. मा अवस्थित खाँडो खोलाको तटबन्ध सम्बन्धमा मिति ज्ञण ब्उचर्ष द्दण्ज्ञट मा टेण्डर आव्हान गरिएको सम्बन्धी सम्पूर्ण कागजातहरुको प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल असार २१ गते रोज ३ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

## मु.नं. ६६२/२०७२/०७३
## निर्णय नं. १२९२

जिल्ला दोलखा, चारिकोट, सुनखानी -६, तारा शिवाकोटी ..........................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, राष्ट्रिय सहकारी बैंक लिमिटेड .......................................................१ विपक्षी

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला दोलखा, चारिकोट, सुनखानी -६ का तारा शिवाकोटीले राष्ट्रिय सहकारी बैंक लिमिटेड समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०२।२३ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिँदैन ।

अत: निवेदकले माग गरेको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी राष्ट्रिय सहकारी बैंक लिमिटेडको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. तारा शिवाकोटी सहितले २०६६ चैत्र ४ गते धितो बन्धक लेखी दिए पश्चात उल्लेखित कर्जाको साँवा ब्याज के कति बुझाउन बाँकी छ ?

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल असार २१ गते रोज ३ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

## मु.नं. ६४३/०७२/०७३
## निर्णय नं.१२९३

जिल्ला महोत्तरी, खयरमारा ६ घर भई हाल काठमाण्डौ ३५ बस्ने राजु ढकाल ................ १ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार .......................१ विपक्षी

सूचना अधिकारी, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार ......................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १ बमोजिम यस आयोगमा दायर भएको प्रस्तुत पुनरावेदनको तथ्य तथा यस आयोगको ठहर/निर्णय यस प्रकार छ ।

१. पुनरावेदक राजु ढकालले नेपाल बायुसेवा निगमले खरिद तथा अनुदानमा ल्याउन लागेको चाईनिज जहाज सम्बन्धी दुई देश बीच भएका सम्झौताहरु समेत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सूचना अधिकारीसँग मिति २०७२।१२।११ मा माग गरेको ।

२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपाल सरकार र चीन सरकार बीच भएको अनुदान तथा खरिद सम्झौतामा दुबै पक्षको लिखित सहमति बिना तेश्रो पक्षलाई सम्झौताका बिषयहरु सार्वजनिक गर्न नमिल्ने भएको र दुवै पक्षको सहमति बिना सूचना सार्वजनिक हुँदा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ अनुरुप दुई देश बीचको सम्बन्धमा खलल पर्न सक्ने देखिएकोले उक्त सूचना उपलब्ध गराउन नसकिने भन्ने जवाफ मिति २०७२।१२।२४ मा पुनरावेदकलाई दिइएको ।

३. पुनरावेदक राजु ढकालले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ अनुसार माग गरेको सूचना उपलब्ध गराउन नमिल्ने भनी तहाँ मन्त्रालयको च. नं. १०२४, मिति २०७२।१२।२४ मा दिएको जवाफ सम्मानीत सर्वोच्च अदालत र राष्ट्रिय सूचना आयोगबाट भएका फैसलाका नजिरका विपरित रहेको भनी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सूचना अधिकारी समक्ष पून: मिति २०७२।१२।२८ मा निवेदन गरेको ।

४. पुनरावेदक राजु ढकालको मिति २०७२।१२।२८ को निवेदनका सम्बन्धमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको च. नं. १०६१, मिति २०७३।०१।०५ को पत्रबाट यस सम्बन्धमा च. नं. १०२४ मिति २०७२।१२।२४ गते कै पत्रबाट जानकारी गराई सकिएको भन्ने जवाफ दिएको ।

५. तत् जवाफ पश्चात पुनरावेदक राजु ढकालले मिति २०७३।०१।१२ मा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव समक्ष सूचनाको हकसम्बन्धी ऐन को दफा ९ बमोजिम उजूरी गरेको ।

६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवलाई दिएको निवेदनको सुनुवाई नभए पछि पुनरावेदकले "सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना उपलब्ध नगराउने उक्त कार्यालयका सूचना अधिकारी तथा कार्यालय प्रमुख उपर कानून बमोजिम कारबाही गरी माग गरिएका सूचनाहरुको प्रमाणित प्रतिलिपि उपलब्ध गराई पाउँ" भनी मिति २०७३।०१।२१ मा आयोगमा पुनरावेदन गरेको ।

७. तत् पश्चात संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको च. नं. ११४८, मिति २०७३।०१।२६ को पत्रबाट नेपाल सरकार र चीन सरकार बीच २९ नोभेम्बर २०१२ मा भएको अनुदान तथा खरिद सम्झौताको Article 24 को Confidentiality शीर्षकमा दुबै पक्षको लिखित सहमति बिना तेश्रो पक्षलाई सम्झौताको बिषयहरु सार्वजनिक गर्न नमिल्ने व्यहोरा उल्लेख भएको तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) मा उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि सार्वजनिक निकायमा रहेको देहायको बिषय सम्बन्धी सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था अन्तर्गत खण्ड (क) मा नेपालको सार्वभौम सत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति, सूव्यवस्था वा अन्तरराष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने भन्ने व्यवस्था उल्लेख देखिन्छ । सो बमोजिम निवेदकलाई उपरोक्त बमोजिमको सम्झौतामा उल्लेखित व्यवस्थाको विपरित सूचना उपलब्ध गराउँदा दुई देशको सम्बन्धमा खलल पर्न सक्ने हुँदा त्यस्तो सूचना उपलब्ध गराउन नसकिने नेपाल सरकार (सचिवस्तर) मिति २०७३।०१।२२ को निर्णय भएको जानकारी पत्र पुनरावेदकलाई प्रेषित गरी आयोगलाई बोधार्थको माध्यमबाट जानकारी गराएको ।

८. उक्त पत्र आयोगमा प्राप्त भए पछि आयोगबाट पुनरावेदक राजु ढकालले माग गरेको सूचना दुई देश बीचको अन्तराष्ट्रिय सम्बन्धमा खलल पर्न सक्ने देखिएको भनी मिति २०७२।१२।२४ र २०७३।०१।२२ को निर्णय अनुसार उपलब्ध गराउन नसकिने भन्ने सम्बन्धमा उक्त निर्णयमा संलग्न रहनु भएका पदाधिकारी/अधिकृतलाई आयोगमा छलफलको निमित्त मिति २०७३।०२।२३ र २०७३।०२।३१ मा बोलाइएको ।

९. प्रस्तुत सन्दर्भमा पून: आयोगमा मिति २०७३।०३।१९ मा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव सहितको टोलीलाई बोलाई छलफल हुँदा मन्त्रालयका सचिवले प्रस्तुत विषय हाल मन्त्रिपरिषद्मा निर्णयार्थ प्रस्तुत गरिएको र बीचाराधिन अवस्थामा रहेको तथा नागरिकको सूचनाको हक प्रति मन्त्रालय प्रतिबद्ध रहेको र आयोगबाट जारी हुने आदेशको पालना गर्ने कुरा बताउनु भएको छ ।

**<u>आयोगको ठहर/निर्णय</u>**

प्रस्तुत पुनरावेदन माथि निम्न बिषयहरु निरुपण हुनुपर्ने देखिन्छ :

क) यस संझौताको Artical 24 को Confidentiality शीर्षकमा दुबै पक्षको सहमति बिना तेश्रो पक्षलाई संझौताका बिषयहरु सार्वजनिक गर्न नमिल्ने संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको भनाईलाई प्रचलित संविधान र कानून प्रद्धत्त नागरिकको हकका सन्दर्भमा कसरी परिभाषित र व्याख्या गर्ने ?

ख) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) को खण्ड (क) मा नेपालको सार्वभौम सत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति, सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने सूचना प्रवाह गरिने छैन भन्ने कानूनी व्यवस्था विपरीत निवेदकलाई सूचना उपलब्ध गराउँदा दुई देशको सम्बन्धमा खलल पर्न सक्ने संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको जिकीरलाई कसरी हेर्ने ?

माथि प्रकरण (क) मा प्रस्तुत संझौता दुवै पक्षको सहमति बिना सार्वजनिक गर्न सकिन्न भन्ने बिषयमा सम्बन्धमा बीचार गर्दा प्रचलित संविधान र कानूनको व्यवस्था हेर्नु पर्ने हुन्छ । नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको विषयमा सूचना माग्ने र पाउने हकको व्यवस्था गरिएको छ । यो नारिकको मौलिक हक हो । यस्तै संविधानको धारा २७९ मा सन्धि वा संझौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन नेपाल राज्य वा नेपाल सरकार पक्ष हुने सन्धि वा संझौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन संघीय कानून बमोजिम हुने व्यवस्था छ । साथै यस्ता सन्धि वा संझौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन संघीय संसदबाट गर्नु पर्ने हुन्छ । यसरी संसदबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गर्ने विषय गोप्य रहन्छ भन्न मिल्दैन । साथै संसदबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन नभएसम्म कुनै पनि सन्धि वा संझौता नेपाल सरकार वा नेपालको हकमा लागू नहुने कुरा प्रष्ट भाषामा संविधानमा लेखीएको छ । संविधान मुलुकको मूल कानून हो र यससँग बाझिएका कानून वा सन्धी वा संझौता स्वत: बाझिने हदसम्म अमान्य हुने कुरा संविधानमै लेखीएको छ । यसैगरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने व्यवस्था छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नेपाल वायुसेवा निगम सूचनाको हकसम्बन्धी कानून बमोजिम सार्वजनिक निकाय भएकोले तिनले सूचनाको हकसम्बन्धी कानूनले निर्धारण गरेको दायित्व पालना गर्नु पर्ने हुन्छ । यसरी सार्वजनिक निकायले नागरिकलाई सूचना प्रवाह नगर्ने गरी सन्धि वा संझौता गर्न कुनै कानूनी आधार कहिँ कतैबाट प्राप्त गरको पाईन्न । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले आधार लिएको संझौताको Artical 24 को Confidentiality शीर्षक नेपालको संविधानको कुन धारा वा संन्धि ऐनको कुन दफा वा अन्य प्रचलित कुन कानूनमा आधारित भई सो प्रावधान संन्धिमा समावेश गरिएको हो ? सो खुलाउन सकेको अवस्था छैन । यसर्थ पुनरावेदकले माग गरेको सूचना विपक्षी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले उपलब्ध गराउनु पर्ने नै देखिन्छ ।

माथि प्रकरण (ख) मा उल्लेखित सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को प्रकरण (क) बमोजिम नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गंभिर खलल पार्ने सूचना प्रवाह गरिने छैन भन्ने कानूनी व्यवस्था बमोजिम सूचना उपलब्ध गराउन नसकिने संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको जिकीरलाई विश्लेषण गर्नु पर्ने देखिन्छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) को प्रकरण (क), (ख), (ग) (घ) र (ङ) पछि 'तर यसरी सूचना प्रवाह नगर्नु पर्ने उचित र पर्याप्त कारण भएकोमा बाहेक त्यस्तो सूचना प्रवाह गर्ने दायित्वबाट सार्वजनिक निकाय पन्छिन पाउने छैन' भन्ने कानूनी व्यवस्थालाई पनि मनन गर्नु पर्ने हुन्छ । अर्को कुरा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (४) मा सार्वजनिक निकायको अभिलेखमा यस ऐन बमोजिम प्रवाह गर्न मिल्ने र नमिल्ने सूचना भए सूचना अधिकारीले प्रवाह गर्न मिल्ने सूचना छुट्टयाएर निवेदकलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ । साथै यस ऐन को दफा २७ मा सार्वजनिक निकायमा रहेको दफा ३ को उपदफा (३) सँग सम्बन्धित सूचनाको संरक्षण गर्न सूचना बर्गीकरण समिति रहेको र उक्त समितिले कुनै पनि सूचना कति बर्षसम्म गोप्य राख्नु पर्ने हो ? सोको अबधि र संरक्षण गर्ने तरिका समेतका बारेमा निश्चित मापदण्ड निर्धारण गरी सूचना बर्गीकरण गर्नु पर्ने व्यवस्था छ । प्रस्तुत मिसिल संलग्न कागजात र विपक्षी कार्यालयका प्रमुख लगायतका उच्च पदाधिकारीहरुसँग आयोगले छलफल गर्दा यी कुनै पनि बिषयमा विपक्षी कार्यालयले कानूनी प्रक्रियाको अनुसरण गरेको देखिँदैन । यसर्थ बिना कुनै आधार सूचनाको हकसम्बन्धी ऐनको दफा ३ को उपदफा (३) को प्रकरण (क) लाई टेकेर

नागरिकले माग गरेको सूचना दिन इन्कार गर्न सकिने कानूनी सुविधा विपक्षीलाई नहुँदा माग अनुसारको सूचना दिनु पर्ने देखिन्छ । जहाँसम्म विपक्षी मन्त्रालयले कानूनले प्रवाह नगर्नु भनेको सूचना कानून विपरित उपलब्ध गराउँदा दुई देशको सम्बन्धमा खलल पर्न सक्ने प्रश्न उठाएको छ । यसको पनि निरुपण हुनु पर्ने देखिन्छ । आयोगमा भएको छलफलमा विपक्षी मन्त्रालयका सचिव, कानून सेवाका सह सचिव, प्रशासन सेवाका सह सचिव, नेपाल वायूसेवा निगमका कार्यकारी प्रमुख लगायतसँग प्रस्तुत विषयमा नेपालको कानून बमोजिम नागरिकले सूचना माग्ने र पाउने हक राख्ने हुँदा प्रस्तुत संझौता उपलब्ध गराउन अर्को पक्षसँग लिखित वा मौखिक पहल भएको छ वा छैन ? यस बिषयमा दुई देश बीच को सम्बन्धमा कुनै पनि प्रकारको खलल पैदा हुन नदिन परराष्ट्र वा अर्थ मन्त्रालय मार्फत पहल भएको छ छैन ? लगायतका जिज्ञासा राख्दा यी बिषयमा कुनै पनि पहल भएको पाईएन र मिसिलमा पनि यस सम्बन्धी कागजात संलग्न छैनन् । सबैभन्दा महत्वपूर्ण कुरा, हाल माग भएको सूचनालाई विपक्षी मन्त्रालयले दुई देश बीचको अनुदान र खरिद संझौता भनी स्वीकार गरेको छ । एकातिर यस्तो अनुदान संझौतामा अर्थ मन्त्रालयले खुला र पारदर्शी ढंगले दुई पक्ष बीच समारोह आयोजना गरी सहयोग आदान प्रदानमा हस्ताक्षर गर्ने गरेको प्रचलन देखिन्छ भने अर्कोकुरा खरिद संझौतामा नेपालको प्रचलित कानूनले खुला प्रतिस्पर्धाद्वारा वस्तु वा सेवा खरिद गर्नु पर्ने सामान्य सिद्धान्त प्रतिपादन गरेको छ र नेपालका सबै सार्वजनिक निकायले यहि सिद्धान्तको अनुसरण गरी आएका छन् । सुरक्षा निकायको खरिदमा केही अपबादको व्यवस्था भए पनि नागरिकको सूचना माग्ने र पाउने संबैधानिक र कानूनी हकलाई निस्तेज गर्न सकिने स्थिति छैन । तथापि नेपाल वायुसेवा निगम कुनै सुरक्षा निकाय पनि नभएकोले यसले प्राप्त गर्ने अनुदान र यसले गर्ने खरिदसम्बन्धी व्यवस्था पूर्णत: खुला र पारदर्शी हुनु पर्ने कुरामा किन्चित दुविधा छैन । यसर्थ यी सबै विश्लेषण र विवेचनाको आधारमा विपक्षी मंन्त्रालयले सूचना मागकर्तालाई सूचना उपलब्ध गराउनुको कुनै विकल्प छैन ।

माथि प्रकरण (क) र (ख) मा निरुपण गरिनु पर्ने बिषय उपरको बिश्लेषण, विवेचना र प्रचलित कानून, बिपक्षी मन्त्रालयको जिकिर, मिसिल संलग्न कागजात र विपक्षी मन्त्रालयका पदाधिकारीहरुसँग भएको छलफलका आधारमा सर्वप्रथम विपक्षी मन्त्रालयले दुई देशको सम्बन्धमा खलल पर्ने कुनै पनि कार्य गर्नु हुँदैन । यसर्थ दुई देश बीचको सुमधुर सम्बन्ध कायम राखी राख्न आवश्यक पर्ने सबै विधि, प्रक्रिया र विकल्प तर्फ तत् मन्त्रालयले निरन्तर पहल गर्नु पर्ने कर्तव्य बोध गर्न आयोग ध्यानाकर्षण गराउन चाहन्छ । तथापी संविधान र कानूनले नेपाली नागरिकलाई प्रदान गरेको सूचना माग्ने र पाउने हकको प्रचलन गराउने कार्यक्षेत्र यस आयोगको भएकोले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (३) को खण्ड (क) तथा दफा १० को उपदफा (१) समेतलाई विचार गरी नागरिकले माग गरेको सूचना दिलाउने निष्कर्षमा पुगेको छ । अत: माथि विश्लेषण गरिएको आधार र कारण समेतबाट नेपालको संविधानले नागरिकलाई प्रदान गरेको मौलिक हक अन्तर्गत पुनरावेदकले माग गरेको विषय सार्वजनिक सरोकारको बिषय भई प्रत्येक नेपाली नागरिकको मौलिक अधिकार भित्रको बिषय भएकोले नेपाल सरकार वा कुनै सार्वजनिक निकाय पक्ष भएको कुनै सन्धि वा संझौताको बिषय सार्वजनिक चासो र सरोकारको बिषय भई उक्त सार्वजनिक सरोकारको बिषयमा नागरिकको सूचनाको पहुँचको सुनिश्चितता संविधानको धारा २७ ले गरेको र उक्त सुनिश्चितता प्राप्तिको प्रक्रिया र प्रत्याभूति सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (३) को खण्ड (क) ले यस आयोगलाई प्रचलन गराउने अधिकार क्षेत्र प्रदान गरेको हुँदा पुनरावेदकले माग गरे बमोजिम नेपाल वायूसेवा निगमले खरिद तथा अनुदानमा ल्याउने/ल्याएको चिनिया हवाई जहाजसम्बन्धी दुई देश/पक्ष बीच भएका संझौताहरु, यस सम्बन्धमा भएका पत्राचार र यी जहाजहरु नेपालको लागि अनुकुल भए नभएको सम्बन्धमा सुझाव दिन गठित प्राविधिक समितिले पेस गरेको प्रतिवेदनका प्रतिलिपिहरु आवश्यक प्रक्रिया पूरा गर्नुपर्ने भए पूरा गरी पुनरावेदकलाई दिनु भनी विपक्षी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका कार्यालय प्रमुख (सचिव) र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ। आदेश र पुनरावेदनको प्रतिलिपि साथै राखी आदेश कार्यान्वयनका लागि पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल असार २४ गते रोज ६ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ४४४/२०७१/०७२**

**निर्णय नं. १३४४**

रौतहट जिल्ला भलोहिया रौतहट ६ बस्ने प्रविण कुमार शर्मा ....................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला विकास समितिको कार्यालय, रौतहट, गौर ....................................१ विपक्षी
सूचना अधिकारी, जिल्ला विकास समितिको कार्यालय, रौतहट, गौर

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

रौतहट जिल्ला भलोहिया रौतहट ६ बस्ने प्रविण कुमार शर्माले जिल्ला विकास समितिको कार्यालय, रौतहट, गौर समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०३।१३ मा निवेदन गरेको ।

प्रस्तुत सम्बन्धमा राष्ट्रिय सूचना आयोगको मिति २०७२।०३।२३ को आदेश बमोजिम माग भएको सूचना उपलब्ध गराउन जिल्ला विकास समितिको कार्यालय रौतहटको नाममा च. नं. १४ मिति २०७२।०३।२७ मा पत्र लेखी गएको ।

तत् पश्चात पुनरावेदकले मिति २०७२।०५।०९ मा आयोगको आदेश बमोजिम सूचना उपलब्ध नगराउने जिल्ला विकास समिति, रौतहटका कार्यालय प्रमुख र सूचना अधिकारीलाई दफा ३२ बमोजिम कारबाही गरी माग बमोजिमको सूचना उपलब्ध गराई पाउँ भनी पुन: उजुरी/निवेदन गरेको । उक्त उजुरी/निवेदन प्राप्त भए पछि आयोगबाट जिल्ला विकास समिति रौतहटका कार्यालय प्रमुख र सूचना अधिकारीका नाममा मिति २०७२।०५।१५ को पत्रबाट आदेश कार्यान्वयनको ताकेता पत्र लेखी गएको ।

आयोगबाट प्रेषित मिति २०७२।०५।१५ को ताकेता पश्चात पनि जिल्ला विकास समितिको कार्यालय रौतहटले माग बमोजिमको सूचना उपलब्ध नगराएकोले दफा ३२ बमोजिम कारबाही गरी माग बमोजिम सूचना उपलब्ध गराई पाउँ भनी पुन: उजुरी/निवेदन गरेको । पुनरावेदकको उक्त उजुरी/निवेदन प्राप्त भए पछि आयोगबाट जिल्ला विकास समितिको कार्यालय रौतहटलाई मिति २०७३।०२।०२ मा आयोगको आदेश कार्यान्वयन नहुनुको कारण सहित ७ दिन भित्र आयोगमा जानकारी उपलब्ध गराउन लेखी गएको ।

प्रस्तुत सन्दर्भमा वस्तुस्थितिको विश्लेषण गर्दा जिल्ला विकास समितिको कार्यालय रौतहटले पुनरावेदकले माग गरेको सूचना उपलब्ध गराउन नपर्ने कुनै कारण र तर्क देखिँदैन । साथै यस आयोगको आदेश जारी भएको एक बर्षसम्म पनि पुनरावेदकलाई सूचना उपलब्ध गराएको जानकारी प्राप्त हुन नआएकोले के कति कारणले सूचना उपलब्ध गराउन आनाकानी गरेको हो ? सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को सजाय तर्फ आयोगले प्रक्रिया अघि किन नबढाउने ? यसरी यत्ती लामो अबधिसम्म सूचना उपलब्ध नगराउनुको स्पष्ट कारण यस आयोगमा उठाउन र यस आयोगको मिति २०७२।०३।२३ को आदेश अनुसार ७ दिन भित्र सूचना उपलब्ध गराउनु भनी जिल्ला विकास समितिको कार्यालय रौतहटको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल असार २६ गते रोज १ शुभम्

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना
## आदेश

## मु.नं. ४४५/२०७१/०७२

## निर्णय नं. १३४५

रौतहट जिल्ला भलोहिया रौतहट ६ बस्ने प्रविण कुमार शर्मा ....................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला विकास समितिको कार्यालय, रौतहट, गौर ....................................१ विपक्षी
सूचना अधिकारी, जिल्ला विकास समितिको कार्यालय, रौतहट, गौर

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

रौतहट जिल्ला भलोहिया रौतहट ६ बस्ने प्रविण कुमार शर्माले जिल्ला विकास समितिको कार्यालय, रौतहट, गौर समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०३।१३ मा निवेदन गरेको ।

प्रस्तुत सम्बन्धमा राष्ट्रिय सूचना आयोगको मिति २०७२।०३।२३ को आदेश बमोजिम माग भएको सूचना उपलब्ध गराउन जिल्ला विकास समितिको कार्यालय रौतहटको नाममा च. नं. १३ मिति २०७२।०३।२७ मा पत्र लेखी गएको ।

तत् पश्चात पुनरावेदकले मिति २०७२।०५।०९ मा आयोगको आदेश बमोजिम सूचना उपलब्ध नगराउने जिल्ला विकास समिति, रौतहटका कार्यालय प्रमुख र सूचना अधिकारीलाई दफा ३२ बमोजिम कारबाही गरी माग बमोजिमको सूचना उपलब्ध गराई पाउँ भनी पुन: उजुरी गरेको । उक्त उजुरी प्राप्त भए पछि आयोगबाट जिल्ला विकास समिति रौतहटका कार्यालय प्रमुख र सूचना अधिकारीका नाममा मिति २०७२।०५।१५ को पत्रबाट आदेश कार्यान्वयनको ताकेता पत्र लेखी गएको ।

आयोगबाट प्रेषित मिति २०७२।०५।१५ को ताकेता पश्चात पनि जिल्ला विकास समितिको कार्यालय रौतहटले माग बमोजिमको सूचना उपलब्ध नगराएकोले दफा ३२ बमोजिम कारबाही गरी माग बमोजिम सूचना उपलब्ध गराई पाउँ भनी पुन: मिति २०७२।१२।२३ मा उजुरी गरेको । पुनरावेदकको उक्त उजुरी प्राप्त भए पछि आयोगबाट जिल्ला विकास समितिको कार्यालय रौतहटलाई मिति २०७३।०२।०२ मा आयोगको आदेश कार्यान्वयन नहुनुको कारण सहित ७ दिन भित्र आयोगमा जानकारी उपलब्ध गराउन लेखी गएको ।

प्रस्तुत सन्दर्भमा वस्तुस्थितिको विश्लेषण गर्दा जिल्ला विकास समितिको कार्यालय रौतहटले पुनरावेदकले माग गरेको सूचना उपलब्ध गराउन नपर्ने कुनै कारण र तर्क देखिँदैन । साथै यस आयोगको आदेश जारी भएको एक बर्षसम्म पनि पुनरावेदकलाई सूचना उपलब्ध गराएको जानकारी प्राप्त हुन नआएकोले के कति कारणले सूचना उपलब्ध गराउन आनाकानी गरेको हो ? सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को सजाय तर्फ आयोगले प्रक्रिया अघि किन नबढाउने ? यसरी यत्ती लामो अबधिसम्म सूचना उपलब्ध नगराउनुको स्पष्ट कारण यस आयोगमा पठाउन र यस आयोगको मिति २०७२।०३।२३ को आदेश अनुसार ७ दिन भित्र सूचना उपलब्ध गराउनु भनी जिल्ला विकास समितिको कार्यालय रौतहटको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल असार २६ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ४४६/२०७१/०७२**
**निर्णय नं. १३४६**

रौतहट जिल्ला भलोहिया रौतहट ६ बस्ने प्रविण कुमार शर्मा .....................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला विकास समितिको कार्यालय, रौतहट, गौर .....................................१ विपक्षी
सूचना अधिकारी, जिल्ला विकास समितिको कार्यालय, रौतहट, गौर

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

रौतहट जिल्ला भलोहिया रौतहट ६ बस्ने प्रविण कुमार शर्माले जिल्ला विकास समितिको कार्यालय, रौतहट, गौर समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०३।१३ मा निवेदन गरेको ।

प्रस्तुत सम्बन्धमा राष्ट्रिय सूचना आयोगको मिति २०७२।०३।२३ को आदेश बमोजिम माग भएको सूचना उपलब्ध गराउन जिल्ला विकास समितिको कार्यालय रौतहटको नाममा च. नं. ३५, मिति २०७२।०३।२७ मा पत्र लेखी गएको ।

तत् पश्चात पुनरावेदकले मिति २०७२।०५।०९ मा आयोगको आदेश बमोजिम सूचना उपलब्ध नगराउने जिल्ला विकास समिति, रौतहटका कार्यालय प्रमुख र सूचना अधिकारीलाई दफा ३२ बमोजिम कारबाही गरी माग बमोजिमको सूचना उपलब्ध गराई पाउँ भनी पुन: उजुरी/निवेदन गरेको । उक्त उजुरी/निवेदन प्राप्त भए पछि आयोगबाट जिल्ला विकास समिति रौतहटका कार्यालय प्रमुख र सूचना अधिकारीका नाममा मिति २०७२।०५।१५ को पत्रबाट आदेश कार्यान्वयनको ताकेता पत्र लेखी गएको ।

आयोगबाट प्रेषित मिति २०७२।०५।१५ को ताकेता पश्चात पनि जिल्ला विकास समितिको कार्यालय रौतहटले माग बमोजिमको सूचना उपलब्ध नगराएकोले दफा ३२ बमोजिम कारबाही गरी माग बमोजिम सूचना उपलब्ध गराई पाउँ भनी पुन: मिति २०७२।१२।२३ मा उजुरी गरेको । पुनरावेदकको उक्त उजुरी प्राप्त भए पछि आयोगबाट जिल्ला विकास समितिको कार्यालय रौतहटलाई मिति २०७३।०२।०२ मा आयोगको आदेश कार्यान्वयन नहुनुको कारण सहित ७ दिन भित्र आयोगमा जानकारी उपलब्ध गराउन लेखी गएको ।

प्रस्तुत सन्दर्भमा वस्तुस्थितिको विश्लेषण गर्दा जिल्ला विकास समितिको कार्यालय रौतहटले पुनरावेदकले माग गरेको सूचना उपलब्ध गराउन नपर्ने कुनै कारण र तर्क देखिँदैन । साथै यस आयोगको आदेश जारी भएको एक बर्षसम्म पनि पुनरावेदकलाई सूचना उपलब्ध गराएको जानकारी प्राप्त हुन नआएकोले के कति कारणले सूचना उपलब्ध गराउन आनाकानी गरेको हो ? सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को सजाय तर्फ आयोगले प्रक्रिया अघि किन नबढाउने ? यसरी यत्ती लामो अबधिसम्म सूचना उपलब्ध नगराउनुको स्पष्ट कारण यस आयोगमा पठाउन र यस आयोगको मिति २०७२।०३।२३ को आदेश अनुसार ७ दिन भित्र सूचना उपलब्ध गराउनु भनी जिल्ला विकास समितिको कार्यालय रौतहटको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल असार २६ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६६८/२०७२/०७३**
**निर्णय नं. १३४७**

जिल्ला पर्सा, गा. वि. स. गम्हरिया ५, बर्ष २२ को लक्ष्मण प्रसाद सराफ ........................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, गा. वि. स. गम्हरिया, पर्सा ............................................................१ विपक्षी

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला पर्सा, गा. वि. स. गम्हरिया ५ स्थायी घर भएको बर्ष २२ को लक्ष्मण प्रसाद सराफले गा. वि. स. गम्हरिया, पर्सा समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०२।०५ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिँदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी गा. वि. स. गम्हरिया, पर्साको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. आर्थिक बर्ष २०७१/७२ मा गा. वि. स. गम्हरियामा नेपाल सरकारबाट कूल बजेट कति आएको थियो ? यस गा. वि. स.मा रहेको पोखरीबाट कति आम्दानी आयो ? गा. वि. स.को आम्दानी रसिदबाट कति कति रकम संकलन भएको छ ? यी तीन वटै शीर्षकबाट यस गा. वि. स.मा कूल बजेट कति कति भयो र आयो ? उक्त बजेट कुन कुन शीर्षक अन्तर्गत कति कति रकम खर्च गरियो ? र उक्त खर्च गर्नको लागि कसलाई जिम्मा लगाइएको थियो ?

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल असार २६ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६६७/२०७२/०७३**

**निर्णय नं. १३४८**

जिल्ला भक्तपुर, मध्यपुर थिमी न. पा. १२, इनाएटोल बस्ने शेयर सदस्य नं. ३० को अम्बिर काजी श्रेष्ठ ..........................................................................................१ पुनरावेदक

**विरूद्ध**

मध्यपुर बचत तथा ऋण सहकारी संस्था लि., गङ्गाघर ..................................................१ विपक्षी

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला भक्तपुर, मध्यपुर थिमी न. पा. १२, इनाएटोल बस्ने शेयर सदस्य नं. ३० को अम्बिर काजी श्रेष्ठले मध्यपुर बचत तथा ऋण सहकारी संस्था लि., गङ्गाघर समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०३।१२ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी मध्यपुर बचत तथा ऋण सहकारी संस्था लि., गङ्गाघरको नाममा यो आदेश गरिएको छ। पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. २०६२ साल देखिको प्रत्येक साधारण सभा र संचालक समितिको बैठकको निर्णयहरुको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल असार २६ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६६६/२०७२/०७३**
**निर्णय नं. १३४९**

जिल्ला मोरङ, उर्लाबारी गा. वि. स.-८ स्थायी ठेगाना भई हाल महेन्द्ररत्न बहुमुखी क्याम्पस ताहाचल, काठमाडौंमा अध्ययनरत रीता भट्टराई ..............................................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, त्रि. वि. परीक्षा नियन्त्रकको कार्यालय, बल्खु, काठमाडौं ........................१ विपक्षी
सूचना अधिकारी, त्रि. वि. परीक्षा नियन्त्रकको कार्यालय, बल्खु, काठमाडौं .......................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला मोरङ, उर्लाबारी गा. वि. स.-८ स्थायी ठेगाना भई हाल महेन्द्ररत्न बहुमुखी क्याम्पस ताहाचल, काठमाडौंमा अध्ययनरत रीता भट्टराईले त्रि. वि. परीक्षा नियन्त्रकको कार्यालय, बल्खु, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०३।०३ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी त्रि. वि. परीक्षा नियन्त्रकको कार्यालय, बल्खु, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. त्रि. वि. परीक्षा नियन्त्रकको कार्यालय, बल्खुद्वारा २०७२।११।०२ गते प्रकाशित परीक्षाफलमा चित्त नबुझी पुनर्योगको लागि निवेदन गरेकोमा त्यसको नतिजा कहिले प्रकाशन भयो ? सो नतिजाको प्रमाणित प्रतिलिपि । यदि सो नतिजा प्रकाशन भइसकेको छैन भने के कति कारणले नतिजा प्रकाशन नभएको हो ? र कहिलेसम्ममा सो नतिजा प्रकाशित हुन्छ ? भन्ने व्यहोराको प्रमाणित प्रतिलिपि ।
२. बि. एड. दोश्रो बर्ष २०७२ सालको सि. नं. २९१२०२ भएको पाठ्यक्रम तथा मूल्याङ्कन (कोड नं. ED. ३१४) बिषयको उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल असार २६ गते रोज १ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६७९/२०७२/०७३**

**निर्णय नं. १३५१**

जिल्ला मकवानपुर, हेटौंडा-४ निवासी गिरिजा अधिकारी .........................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला बिकास समितिको कार्यालय, मकवानपुर .......................................१ विपक्षी

सूचना अधिकारी, जिल्ला बिकास समितिको कार्यालय, मकवानपुर .......................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ अन्तर्गत यस आयोग समक्ष पर्न आएको पुनरावेदन र तत् सम्बन्धमा यस आयोगबाट भएको कारबाहीको संक्षिप्त तथ्य निम्नानुसार छ ।

१. जिल्ला मकवानपुर, हेटौंडा-४ निवासी गिरिजा अधिकारीले जिल्ला विकास समितिको कार्यालय, मकवानपुरका सूचना अधिकारी समक्ष मिति २०७३।०२।२३ मा सूचना माग गरेको ।
२. प्रकरण (१) बमोजिमको निवेदन परेपछि जि. वि. स. मकवानपुरले यस आयोगसँग सूचना दिन द्विविधा भएको भनी मिति २०७३।०२।३२ को पत्रद्वारा निर्देशन माग गरेको ।
३. प्रकरण (२) बमोजिमको पत्र प्राप्त भएपछि यस आयोगबाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले रोक लगाएको सूचना बाहेक अन्य सूचना प्रवाह गर्नु पर्ने व्यहोराको पत्र २०७३।०३।०७ मा लेखी पठाएको ।
४. तत् पश्चात "मैले माग गरेको सूचना पाईन" भनी पुनरावेदक गिरिजा अधिकारीले मिति २०७३।०३।२२ मा यस आयोगमा पुनरावेदन दर्ता गराएको । निज पुनरावेदकले यस पूर्व मिति २०७३।०३।०५ मा पनि आयोगमा पुनरावेदन गरेको ।
५. निज पुनरावेदकले दिएको पुनरावेदन अध्ययन गर्दा जि. वि. स. मकवानपुरले मिति २०७३।०३।१२ मा दिइएको आंशिक सूचना उपर चित्त नबुझी पूर्ण सूचना माग गरी स्थानीय विकास अधिकारी समक्ष मिति २०७३।०३।१२ मा सूचना माग गरेकोमा जि. वि. स. मकवानपुरको मिति २०७३।०३।१६ को ४ बुँदे पत्रद्वारा मलाई सूचना दिन नमिल्ने भनिएकाले आयोगमा पुनरावेदन गर्न आएको छु भन्ने व्यहोराको पुनरावेदन गरेको । जि. वि. स. ले जारी गरेको मिति २०७३।०३।१२ गतेको बोधार्थ यस आयोगलाई पनि दिईएको ।
६. जि. वि. स. को कार्यालयले मिति २०७३।०३।१२ मा पुन: पुनरावेदकलाई ४ बूँदे पत्रद्वारा सूचना दिन इन्कार गरेपछि पुनरावेदक आयोगमा पुनरावेदन गर्न आएको देखिन्छ ।

**आयोगको ठहर/निर्णय**

प्रस्तुत पुनरावेदनमा जि. वि. स. को कार्यालय, मकवानपुरको कार्यालयले २०७३।०३।१६ को निर्णयानुसार देहायका ४ वटा कारणले सूचना दिन नमिल्ने गरी निर्णय भएको निम्न बिषयमा निरुपण हुनु पर्ने देखिन्छ :–

(क) पुनरावेदककै सरोकारका सूचना हुन भन्ने प्रमाण संलग्न नभएको र सार्वजनिक सरोकारका सूचना हुन भन्ने विषयमा जि. वि. स. आश्वस्त हुन नसकेको तथा सम्बन्धित निकायबाट प्रमाणित नभएकाले सूचना दिन सकिएन भन्ने भनाईलाई कसरी लिने ?

(ख) माग गरेको सूचना सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) को खण्ड (ग) बमोजिम प्रवाह नगरिने सूचना भित्र पर्छ भन्ने जि. वि. स. मकवानपुरको जिकिरमा आश्वस्त हुन सकिने/नसकिने ?

(ग) सूचनाको हकसम्बन्धी कानून बमोजिम सूचना माग गर्नुको स्पष्ट कारण नखुलेकाले दिन नसकिने भन्ने भनाईमा सत्यता रहे/नरहेको ?

(घ) माग गरेको सूचना कुन प्रयोजनका लागि उपयोग गर्ने हो ? भन्ने स्पष्ट रुपमा उल्लेख हुन पर्नेमा सो नदेखिएकाले सूचना दिन नमिल्ने भन्ने जि. वि. स. को तर्कलाई कसरी बुझ्ने ?

माथि प्रकरण (क) मा उल्लेखित बिषयलाई केलाउँदा मकवानपुर जिल्लामा रहेका नदी/खोलाबाट संकलन उत्खनन् गरिएका नदीजन्य वस्तुहरुको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन, ठेक्का-पट्टा लागेको सन्दर्भ, बिशेषत: ढुङ्गा, गिट्टी, बालुवा जस्ता वस्तुको कारोबार र यसको आर्थिक र प्रशासनिक व्यवस्था सम्बन्धी सूचना माग गरेको देखिन्छ । मिसिल संलग्न कागजात हेर्दा पुनरावेदक यी कारोबारसँग प्रत्यक्ष सम्बन्धित देखिँदैन । तर यो बिषय सार्वजनिक सरोकारको हो हैन भन्ने विषयमा जि. वि. स. को कार्यालय मकवानपुरले आफू आश्वस्त हुन नसकेको र सम्बन्धित निकायबाट प्रमाणित पनि नभएको जिकिर लिएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २ को खण्ड (ग) मा 'सार्वजनिक महत्व' भन्नाले सार्वजनिक सरोकारको बिषय संझनु पर्छ भनिएको छ । सार्वजनिक सरोकार भनेको के हो ? यसको प्रमाणित कसले गर्छ ? भनी ऐनमा उल्लेख भएको अवस्था छैन । यसर्थ प्रस्तुत विषयलाई ऐनको भावनासँग गाँसेर हेर्नुपर्ने हुन्छ । सूचनाको हकसम्बन्धी ऐनको प्रस्तावनामा राज्यका काम कारबाही लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शि बनाई नागरिक प्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहूँचलाई सरल र सहज बनाउन सूचनाको हकसम्बन्धी ऐन जारी भएको हो । यो कानून नागरिकले सूचना माग गरेपछि सूचना दिन इन्कार गर्न सुविधा पुगोस भनी तर्जुमा भएको कानून होईन । राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्ने कानूनी व्यवस्था छ । तर सामान्य भन्दा सामान्य सूचना नागरिकलाई दिनबाट बञ्चित गर्ने छुट कानूनले कुनै सार्वजनिक निकायको पदाधिकारीलाई दिएको छैन । सार्वजनिक निकायमा रहेको सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) मा उल्लेखित सूचनाको संरक्षण गर्न सूचना बर्गिकरण समिति रहेको छ र सो समितिले बर्गिकरण भित्र पारेको सूचना निश्चित अबधिका लागि संरक्षित हुने कानूनी व्यवस्था छ । यसरी बर्गिकरण गरिएको सूचनाको जानकारी उक्त समितिले यस आयोगलाई पठाउनु पर्ने व्यवस्था सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७ को उपदफा (२) मा प्रबन्ध गरिएको छ । सो समिति बाहेक अन्य निकायले आफू खुसी सूचनाको बर्गिकरण गरी नागरिकले माग गरेको सूचना दिन इन्कार गर्न सकिने कानूनी आधार छैन । साथै प्रस्तुत केसमा जिल्ला विकास समितिको कार्यालय, मकवानपुरले यो बिषय सूचनाको बर्गिकरण समितिमा पठाएको व्यहोरा व्यक्त गर्न सकेको पनि छैन । जहाँसम्म कुन निकायले कुन सूचना सार्वजनिक सरोकारको हो/होईन भनी प्रमाणित गर्छ भनी जि. वि. स. मकवानपुरले उठाएको प्रश्न छ, यसमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७ को उपदफा (२) बमोजिम सूचना बर्गिकरण समितिले सूचनाको बर्गिकरण गर्ने, ऐ. को उपदफा (३) बमोजिम सो बर्गिकरण उपर चित्त नबुझ्नेले यस आयोग समक्ष पुनरावेदनका लागि निवेदन दिन सक्ने र ऐ. को उपदफा (४) बमोजिम उक्त पुनरावदेनको निवेदन उपर आयोगले पुनरावलोकन गर्दा सो सूचना गोप्य राख्नु पर्ने नदेखिएमा सार्वजनिक गर्न आदेश दिन सक्नेछ भन्ने कानूनी व्यवस्थाको सहारा लिनु पर्ने हुन्छ । यसर्थ जिल्ला विकास समिति गठन सम्बन्धी कानून, जिल्ला विकास समितिको भूमिका, यस निकाय प्रतिको स्थानीय जनताको प्रत्यक्ष सम्बन्ध, सरोकार लगायतका पक्षलाई विश्लेषण गर्दा जिल्ला विकास समितिबाट सम्पादित काम-कारबाहीलाई सार्वजनिक सरोकारको बिषय भित्र पर्दैन भनी व्याख्या गर्न सकिने स्थिति छैन । यी सबै बिश्लेषण र विवेचनाका आधारमा पुनरावेदकले माग गरेको सूचना सार्वजनिक महत्व/सरोकारका हुन भन्ने देखिँदा पुनरावेदकलाई उपलब्ध गराउन पर्ने देखिन्छ ।

माथि प्रकरण (ख) मा उल्लेखित सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) को खण्ड (ग) मा 'आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तीको संरक्षण वा बैकिङ्ग वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने सूचना प्रवाह गरिने छैन' भन्ने कानूनी व्यवस्था छ । यस खण्ड बमोजिम संरक्षण गर्नु पर्ने सूचना ऐ. ऐनको दफा २७ बमोजिम बर्गिकरण गर्नु पर्ने बिषयमा माथि प्रकरण (क) मा विस्तृत विवेचना भई सकेकोले पुनरावृत्ति गर्नु परेन । प्रस्तुत केसमा अगाडि आएको बिषय नदीजन्य वस्तुको उत्खनन लगायतको कामको वातावरणीय प्रभाव विश्लेषण, ठेक्का-पट्टा, ढुङ्गा, गिट्टी-बालुवाको व्यवस्थित उपयोग, जि. वि. स. को राजस्व प्राप्तिसँग सम्बन्धित देखिन्छ । यस्तो प्रकृतिको काम मुलुकमा प्राय: सबै जि. वि. स. बाट भई आएका छन् । स्थानीय निकायको रुपमा कार्यरत जि. वि. स. का यस्ता काम-कारबाहीले प्रत्यक्ष रुपमा जनतालाई सकारात्मक र नकारात्मक दुबै प्रभाव पार्ने हुन्छ । यसर्थ यी बिषयका सूचना नागरिकले माग गरेपछि दिन आनकानी गर्ने बिषय

नभएर सर्वसाधारणको जानकारीका लागि प्रकाशित/प्रशारित गर्ने सूचना हुन । यी र यस्ता बिषयमा स्थानीय निकायले नियमित रुपमा सार्वजनिक सुनुवाई गर्ने, नागरिकबाट प्राप्त सुझाव ग्रहण गर्ने र जसो गर्दा आम जनताको हित हुन्छ, त्यसै गर्नु पर्ने हो । यसर्थ हल्का ढंगले, मनोगत रुपमा कुनै सार्वजनिक पद धारण गरेको पदाधिकारीलाई नागरिकले माग गरेको सूचना दिन इन्कार गर्न मन लागेका बखत सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) अन्तर्गतको खण्ड (क), (ख), (ग), (घ) र (ङ) को सहारा लिन सकिने बिषय नै होईन । यसर्थ जि. वि. स. मकवानपुरले पुनरावेदकले माग गरेको सूचना दिनुको विकल्प देखिन्न ।

माथि प्रकरण (ग) मा उल्लेखित सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम सूचना प्राप्त गर्नु पर्ने कारण खुलाई सूचना माग गर्नु पर्नेमा कारण नखुलाईएकाले सूचना दिन सकिएन भन्ने जि. वि. स. मकवानपुरको भनाई उपयुक्त छ । यस अवस्थामा तत् निकायले निवेदक नागरिकलाई कारण खुलाउन लगाई अर्को निवेदन प्राप्त गरी सूचना दिने तर्फ उन्मुख हुनु पर्छ । नागरिकलाई सहजीकरण गर्नु प्रत्येक सार्वजनिक निकायको कर्तव्य हो । नागरिकबाट भएको कमी-कमजोरीलाई बहाना बनाएर सार्वजनिक निकायहरु आफ्नो कानूनी दायित्वबाट पन्छिन पाउँदैनन् । तथापी प्रस्तुत केसमा जि. वि. स. मकवानपुरले मिति २०७३।०२।१२ मा द्विविधा परेकाले निर्देशन पाउँ भनी लेखेको पत्रमा 'कारण' नखुलाएकोले सूचना दिन मिल्ने/नमिल्ने भनी सोधनी गरेको देखिँदैन । यसैगरी उक्त बिपक्षी जि. वि. स. को कार्यालय, मकवानपुरले मिति २०७३।०३।१२ मा ७ बूँदे सूचना प्रवाह गरेको छ । यसरी हेर्दा उक्त मिति २०७३।०३।१२ को पत्रद्वारा सूचना प्रवाह गर्दासम्म तत् कार्यालयलाई सूचना मागकर्ताले निवेदनमा 'कारण' नखोलाईएको बिषय हेक्कामा नरहने, निजले यी आंशिक सूचनामा मेरो सहमति छैन, पूर्ण सूचना पाउँ भनी पुन: उजूरी गरेपछि 'कारण' नखुलेको निवेदन देखाई सूचना प्रवाह गर्नबाट पन्छिन बहाना खोज्ने प्रवृत्ति उचित होईन । यसर्थ कानून बमोजिम जि. वि. स. को कार्यालय मकवानपुरलाई निवेदनमा 'कारण' खुलाए पछि मात्र माग अनुसारको सूचना दिन सकिने भन्ने लागेमा तुरुन्त सूचना मागकर्ता नागरिकलाई यस कुराको लिखित जानकारी गराई, निजले कारण खुलेको निवेदन दिएमा सूचना दिनु भन्ने आदेश जारी गर्नुको विकल्प यस आयोगसँग छैन । बिना कारण नागरिकले माग गरेको सूचना दिन इन्कार भएको अवस्थामा आयोगमा पुनरावेदन पर्ने र नागरिकको हकको प्रचलन गराउने कार्य क्षेत्र यस आयोगको काँधमा रहेको प्रष्टै छ ।

माथि प्रकरण (घ) मा उल्लेखित माग गरिएको सूचना कुन प्रयोजनका लागि उपयोग गर्ने हो भन्ने स्पष्ट रुपमा उल्लेख नभएकोले सूचना दिन सकिएन भन्ने बिषयमा माथि प्रकरण (ग) मा उल्लेखित 'कारण' ले नै सूचना कुन प्रयोजनमा उपयोग हुन्छ भन्ने कुराको जवाफ सार्वजनिक निकायलाई हुने गर्दछ । यस आयोगले यस पूर्व जारी गरेको आदेशमा नागरिकले सूचना माग गर्दा कारण खुलाउनु पर्ने व्यवस्था छ, तर नागरिकले खुलाउने कारण जानकारीका लागि, अध्ययनका लागि, समाचार प्रशारित/प्रकाशित गर्नका लागि भनिएको आधारमा सार्वजनिक निकायले सूचना दिने वा नदिने निर्णय गर्न नमिल्ने तर्फ ध्यानाकर्षण गराई सकेको छ । यी सबै तथ्य र विश्लेषणका आधारमा सूचना दिने पदाधिकारीले 'कारण' जान्न पाउँछन्, तर त्यसपछिको सूचना उपयोग गर्ने प्रयोजनको नालिबेली जानकारीमा लिई विश्वस्त भएपछि मात्रै सूचना प्रवाह गर्ने कानूनी फुर्सद सार्वजनिक निकायका पदाधिकारीलाई छैन । तिनले नागरिकले माग गरेको सूचना कानून सम्मत ढंगले उपलब्ध गराउनु पर्छ । जहाँसम्म विपक्षी जि. वि. स. को कार्यालय, मकवानपुरले आफूले दिने सूचना भविष्यमा दुरुपयोग हुन्छ कि भन्ने आशंका लिएको भए पहिला नागरिकलाई सूचना दिने कर्तव्य पूरा गर्नु पर्छ । यसमा दुरुपयोग हुन्छ कि भन्ने आशंका गर्ने सुविधा कानूनले सार्वजनिक निकायका पदाधिकारीलाई दिएको छैन । तर आफूले दिएको सूचना दुरुपयोग भएमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३१ को उपदफा (२) बमोजिम जि. वि. स. को कार्यालयले यस आयोगमा उजुरी दिन सक्ने कानूनी व्यवस्था छ । तर, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३१ को उपदफा (१) ले कुनै पनि व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनको लागि प्राप्त गरेको हो सोही प्रयोजनको लागि प्रयोग नगरी दुरुपयोग गर्नु हुँदैन भन्ने कानूनी व्यवस्था गरेको छ । यस कानूनको सूचना मागकर्ताले अनिवार्य रुपमा पालना गर्नु पर्ने हुन्छ । यसर्थ प्रस्तुत प्रकरणमा गरिएको विश्लेषणका आधारमा विपक्षी जि. वि. स. को कार्यालय, मकवानपुरले सूचना मागकर्तालाई सूचना उपलब्ध गराउनु पर्ने देखिन्छ ।

यसरी पुनरावेदक गिरिजा अधिकारीले जि. वि. स. को कार्यालय, मकवानपुरसँग माग गरेको सूचना दिने/नदिने विषयमा मिसिल संलग्न कागजातको विस्तृत विश्लेषण र विवेचना गर्दा आयोग विपक्षी जि. वि. स. को कार्यालय, मकवानपुरलाई सूचना दिनू भन्ने आदेश जारी गर्ने स्थितिमा पुगेको छ । यसर्थ मकवानपुर जिल्लामा रहेका नदी-खोलामा गरिएको वातावरण प्रभाव मूल्याङ्कनको प्रतिवेदन, चुरे संरक्षण क्षेत्र सहितको नदी खोलाबाट संकलन र उत्खनन गरिएको वस्तुको संकलन/उत्खनन, प्रक्रिया/कार्यविधि, घाटगद्दी/निकासीको अभिलेख, मानव जोखिम हुने,

खोलाको सतह बढ्न गई क्षती हुने भनी यकिन भएका स्थानको विवरण, यससम्बन्धी ठेक्कापट्टा र ठेकेदार कम्पनीले सम्पादन गरेको कामको विवरण, लोथर खोलाको कर्मचारीलाई दिईएको संकलन पूर्जी र यस खोलाको उत्खननबाट भएको निकासीको राजस्व विवरण, यससम्बन्धी आ. ब. २०७२/७३ र २०७३/७४ को ठेक्का लगाउँदा प्रकाशित सूचना सहितको विवरण, नदीजन्य पदार्थको जिल्ला भित्र र बहिरका लागि कायम भएको दररेट, यस सम्बन्धमा दैवी प्रकोप उद्दार समितिबाट भएको निर्णय, यस सम्बन्धमा वन क्षेत्रबाट गरिने उत्खनन/संकलन सम्बन्धी विवरण, जि. वि. स. ले ठेक्का लगाए बापत ठेकेदार कम्पनीबाट प्राप्त गरेको राजस्व र असुली हुन बाँकी राजस्व लगायतको सूचनाहरु सूचना मागकर्तालाई ७ दिन भित्र उपलब्ध गराउन सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (३) को खण्ड (क) बमोजिम जिल्ला विकास समितिको कार्यालयका प्रमुख/स्थानीय विकास अधिकारी र सूचना अधिकारीका नाममा यो ओदश जारी गरिएको छ। यस आदेशको कार्यान्वयनका लागि आदेश र पुनरावेदनको प्रतिलिपि साथै राखी सम्बन्धित निकाय/पदाधिकारीलाई पठाउनू। यसको जानकारी पुनरावेदकलाई दिनू।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल असार २८ गते रोज ३ शुभम्।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६०२/२०७२/०७३**

**निर्णय नं. १३५२**

जिल्ला कञ्चनपुर, महेन्द्रनगर, बस्ने कमल सिंह ऐर ..............................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, सिद्धनाथ बहुमखी क्याम्पस, महेन्द्रनगर, कञ्चनपुर ...................................१ विपक्षी
सूचना अधिकारी, सिद्धनाथ बहुमखी क्याम्पस, महेन्द्रनगर, कञ्चनपुर ..................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला कञ्चनपुर, महेन्द्रनगर, बस्ने कमल सिंह ऐरले सिद्धनाथ बहुमखी क्याम्पस, महेन्द्रनगर, कञ्चनपुर समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।१०।२१ मा पुनरावेदन गरेको । सो पुनरावेदन उपर यस आयोगबाट मिति २०७२।१२।०७ मा सिद्धनाथ बहुमुखी क्याम्पस, महेन्द्रनगर, कञ्चनपुरका कार्यालय प्रमुख सूचना अधिकारीलाई पत्राचार गरेको । यसमा हालसम्म पनि सूचना पाईन भनी पुन: मिति २०७३।०३।२१ मा पुनरावेदकले उजुरी गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी सिद्धनाथ बहुमखी क्याम्पस, महेन्द्रनगर, कञ्चनपुरका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

**तपसिल**

१. मिति २०७१।०७।०१ देखि मिति २०७२।०५।३१ गते सम्म प्राध्यापनरत रही आएको अवधिभरको करार बमोजिम पाउने पर्ने सेवा सुविधा, पारिश्रमिक रकम नदिनु पर्नाको कारण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७३ साल असार २९ गते ४ रोज शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६७५/२०७२/०७३**

**निर्णय नं. १३५६**

जिल्ला महोत्तरी, खयरमारा ६ हाल काठमाण्डौ ३५ बस्ने राजु ढकाल ............................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, नेपाल आयल निगम, बबरमहल .......................................................१ विपक्षी
सूचना अधिकारी, नेपाल आयल निगम, बबरमहल

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला महोत्तरी, खयरमारा ६ हाल काठमाण्डौ ३५ बस्ने राजु ढकालले नेपाल आयल निगम, बबरमहल समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०३।२१ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी नेपाल आयल निगम, बबरमहलका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. नेपाल आयल निगम, बबरमहलमा हाल चालु अवस्थामा रहेका कार, जिप लगायतका सवारी साधनहरुको संख्या र उक्त साधनहरुको लागि छुट्याईएको इन्धनको विवरण ।

२. हाल कार्यालयमा गाडी सुविधा पाउनेहरुको तह र गाडी संख्या ।

३. करारमा लिईएका कर्मचारीहरुको विवरण (नाम, तह र तलब समेत) ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल असार २९ गते रोज ४ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६७४/२०७२/०७३**

**निर्णय नं. १३५७**

जिल्ला महोत्तरी, खयरमारा ६ हाल काठमाण्डौ ३५ बस्ने राजु ढकाल ................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, नेपाल नागरिक उडड्यन प्राधिकरण, बबरमहल ......................................१ विपक्षी
सूचना अधिकारी, नेपाल नागरिक उडड्यन प्राधिकरण, बबरमहल

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला महोत्तरी, खयरमारा ६ हाल काठमाण्डौ ३५ बस्ने राजु ढकालले नेपाल नागरिक उडड्यन प्राधिकरण, बबरमहल समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०३।२१ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी नेपाल नागरिक उडड्यन प्राधिकरण, बबरमहलका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. नेपाल नागरिक उडड्यन प्राधिकरण, बबरमहलमा हाल चालु अवस्थामा रहेका कार, जिप लगायतका सवारी साधनहरुको संख्या र उक्त साधनहरुको लागि छुट्याईएको इन्धनको विवरण ।

२. हाल कार्यालयमा गाडी सुविधा पाउनेहरुको तह र गाडी संख्या ।

३. करारमा लिईएका कर्मचारीहरुको विवरण (नाम, तह र तलब समेत) ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल असार २९ गते रोज ४ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ४५३/२०७१/०७२**
**निर्णय नं. १३६५**

बाँके जिल्ला गनापुर गा.वि.स. वार्ड नं. २ बस्ने नारायण पाल गडरिया ........................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, खनाल रोजिन एण्ड टरपिनटाईन उद्योग गनापुर, बाँके ............................१ विपक्षी

सूचना अधिकारी, रोजिन एण्ड टरपिनटाईन उद्योग, बाँके ..........................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

बाँके जिल्ला गनापुर गा.वि.स. वार्ड नं. २ बस्ने नारायण पाल गडरियाले रोजिन एण्ड टरपिनटाईन उद्योग , बाँके समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०३।२१ मा पुनरावेदन गरेको । प्रस्तुत सम्बन्धमा राष्ट्रिय सूचना आयोगको मिति २०७२।०४।२९ को आदेश बमोजिम माग भएको सूचना उपलब्ध गराउन रोजिन एण्ड टरपिनटाईन उद्योग गनापुर, बाँकेका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा मिति २०७२।०४।२९ मा पत्र लेखी गएको ।

तत् पश्चात पुनरावेदकले मिति २०७३।०३।२९ मा आयोगको आदेश बमोजिम सूचना उपलब्ध नगराउने खनाल रोजिन एण्ड टरपिनटाईन उद्योग गनापुर, बाँकेका कार्यालय प्रमुख र सूचना अधिकारीलाई दफा ३२ बमोजिम कारबाही गरी माग बमोजिमको सूचना उपलब्ध गराई पाउँ भनी पुन: उजुरी/निवेदन गरेको ।

प्रस्तुत सन्दर्भमा वस्तुस्थितिको विश्लेषण गर्दा खनाल रोजिन एण्ड टरपिनटाईन उद्योग गनापुर, बाँकेले पुनरावेदकले माग गरेको सूचना उपलब्ध गराउन नपर्ने कुनै कारण र तर्क देखिँदैन । साथै यस आयोगको आदेश जारी भएको झण्डै एक बर्षसम्म पनि पुनरावेदकलाई सूचना उपलब्ध गराएको जानकारी प्राप्त हुन नआएकोले के कति कारणले सूचना उपलब्ध गराउन आनाकानी गरेको हो ? सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को सजाय तर्फ आयोगले प्रक्रिया अघि किन नबढाउने ? यसरी यत्ती लामो अबधिसम्म सूचना उपलब्ध नगराउनुको स्पष्ट कारण यस आयोगमा पठाउन र यस आयोगको मिति २०७२।०४।२९ को आदेश अनुसार ७ दिन भित्र सूचना उपलब्ध गराउनू भनी खनाल रोजिन एण्ड टरपिनटाईन उद्योग गनापुर, बाँकेको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल असार ३० गते रोज ५ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ३२९/२०७२/०७३**
**निर्णय नं. १३६६**

जिल्ला काठमाडौं, का.म.न.पा-१ अनामनगर बस्ने वालकृष्ण भट्ट ..................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, नेपाली प्राविधिक सहयोग समुह, माइतीघर, काठमाडौं .............................१ विपक्षी
कार्यक्रम प्रबन्धक, नेपाली प्राविधिक सहयोग समुह, माइतीघर, काठमाडौं .............................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला काठमाडौं, का.म.न.पा-१ अनामनगर बस्ने वालकृष्ण भट्टले नेपाली प्राविधिक सहयोग समुह, माइतीघर, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०५।२९ मा पुनरावेदन गरेको । तत् पश्चात यस आयोगबाट नेपाली प्राविधिक सहयोग समुहलाई के कति कारणले पुनरावेदकलाई सूचना उपलब्ध गराउन भनि मिति २०७२/०३/१४, २०७२/१०/२८ र मिति २०७३/०२/१३ मा पत्राचार गरिएकोमा पुनरावेदकले हालसम्म पनि सूचना नपाइएको भनी पून उजुरी गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी नेपाली प्राविधिक सहयोग समुह, माइतीघर, काठमाडौंका अध्यक्ष र कार्यक्रम प्रबन्धकको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. ०७१।०७२ मा खरिद गरिएका मसलन्द सामग्रीको विवरण र खर्च भएको बिल भर्पाइहरुको प्रतिलिपि ।
२. ०७१।०७२ मा गाडी मर्मत, इन्धन सम्बन्धमा भएका खर्च र यसको बिल भर्पाइको विवरण ।
३. ०७१।०७२ मा भिटामिन ए कार्यक्रममा भएको सम्पूर्ण खर्चको विवरण ।
४. नेपाली प्राविधिक सहयोग समुहमा भएका सवारी, ल्यापटपको पूर्ण विवरण र प्रयोग गर्ने कर्मचारीको नाम, ठेगाना र दर्जा सहितको विवरण ।
५. एनट्यागले आ.व. ०७१।०७२ मा गरेका सम्पूर्ण कामको विवरण र ती कार्यमा भएको खर्चको विवरण ।
६. एनट्यागका पदाधिकारी र कर्मचारीले भ्रमण भत्ता वापत लिएको भुक्तानीको प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल असार ३१ गते रोज ६ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६८१/२०७२/०७३**
**निर्णय नं. १३९४**

जिल्ला नेपालगंज, नेपालगंज नगरपालिका वडा नं. ८ बस्ने विश्वजीत तिवारी ..................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख ICT Pvt Ltd नेपालगंज कार्यालय बाँके ...........................................१ विपक्षी

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला नेपालगंज, नेपालगंज न.पा ८, बस्ने विश्वजीत तिवारीले कार्यालय प्रमुख ICT pvt ltd नेपालगंज कार्यालय समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०२।१७ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी कार्यालय प्रमुख ICT pvt ltd नेपालगंज कार्यालयको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. कोहलपुरदेखि राझासम्म र राझादेखि जमुनहासम्मको रानी राजमार्गको लागत, डिजाइन स्टिमेट र ठेकेदारहरुसँग भएको सम्झौता पत्रको पूर्ण विववरणहरु उपलब्ध गराउने ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल असार ३१ गते रोज ६ शुभम् ।